परिच्छेद एक

शोध परिचय

१.१. विषय परिचय

प्रस्तुत शोधकार्य लक्ष्मीकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनसँग सम्बन्धित छ । लक्ष्मीकान्त पन्थीको जन्म वि.सं. २०१० साल मङ्सिरमा ८ गते गुल्मी जिल्लाको धुर्कोट - वाग्ला गा.वि.स. वडा नं ८, बडाचौरमा भएको हो । चारवटा विषयमा स्नातकोत्तर तह र विद्यावारिधि समेत पूरा गरेका पन्थी संस्कृत-नेपाली साहित्य र भाषानुवाद क्षेत्रमा कलम चलाउने अत्यन्त विद्वत् व्यक्तित्व हुन् ।

लक्ष्मीकान्त पन्थीले प्राध्यापन पेशामा क्रियाशील रहँदै साहित्यिक सांस्कृतिक तथा अध्यात्मिक चिन्तनमा लीन हुँदै संस्कृत तथा नेपाली भाषमा साहित्यिक रचनासमेत गर्दै आएका छन् । वि.सं. २०२५ सालदेखि साहित्य सिर्जनामा कलम चलाएका पन्थीले हालसम्ममा **नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान** (२०४१), **सजिलो कुण्डलीफल** (२०४१), **ऋतुविचार काव्य संस्कृतानुवाद** (२०६२), **प्राकृत-पोखरा काव्य संस्कृतानुवाद** (२०६७), **हठयोगप्रयोगप्रदीपिका नेपाली अनुवाद** (२०६७) कृतिहरू प्रकाशित गरिसकेका छन् । उनका थुप्रै लेख, फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइरहेका छन् । प्रस्तुत शोधकार्यमा लक्ष्मीकान्त पन्थीको जीवनी, उनका व्यक्तित्वका विविध आयामहरूको विवेचनाका साथै कृतित्वको विश्लेषण गरिएको छ ।

१.२ समस्याकथन

प्रस्तुत शोधकार्य निम्न लिखित समस्याहरूको समाधानसँग सम्बन्धित रहेको छ :

क) लक्ष्मीकान्त पन्थीको जीवनी के कस्तो रहेको छ ?

ख) लक्ष्मीकान्त पन्थीको व्यक्तित्व के कस्तो रहेको छ ?

ग) लक्ष्मीकान्त पन्थीको कृतित्व के कस्तो रहेको छ ?

१.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) लक्ष्मीकान्त पन्थीको जीवनीगत परिचय दिनु ,

ख) लक्ष्मीकान्त पन्थीको व्यक्तित्वको विश्लेषण गर्नु ,

ग) लक्ष्मीकान्त पन्थीको कृतित्वको विवेचना गर्नु ।

१.४ पूर्वकार्यको समीक्षा

लक्ष्मीकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा छिटफुट रूपमा विभिन्न पत्रपत्रिका, पुस्तक एवं उनकै कृतिको भूमिकामा सामान्य टिप्पणी एवं समीक्षा गरिएको पाइन्छ । उनका बारेमा गरिएका पूर्वकार्यहरूको कालक्रमिक समीक्षात्मक विवरण यस प्रकार रहेको छ ।

शशि पन्थीले 'गुल्मी परिचय'(२०६२) भन्ने शीर्षकको पुस्तकमा गुल्मी जिल्लाका कवि लेखकहरूको परिचय दिने सन्दर्भमा उनको नाम उल्लेख गरेका छन् । यसमा लक्ष्मीकान्त पन्थीको अति संक्षिप्त परिचय र कृतिहरूको नामाङ्कन मात्र गरिएको छ ।

रामप्रसाद न्यौपानेले 'अनौठो यात्रा (२०६७) बृहत् अन्तर्वार्ता' शीर्षकको पुस्तकमा लक्ष्मीकान्त पन्थीको विस्तृत अन्तर्वार्ता प्रकाशित गरेका छन् ।उक्त अन्तर्वार्ताको भूमिकामा लक्ष्मीकान्त पन्थीलाई पौरत्स्य वाङमयका अध्येता, धर्मशास्त्रका विद्वान, संस्कृत साहित्य एवं नेपाली साहित्यका ज्ञाताकारूपमा चित्रण गरेका छन् ।

दीनबन्धु अर्यालले 'हाम्रो पुरुषार्थ'( ) शीर्षकको साहित्यिक पत्रिकामा पन्थीको ऋतुविचारको समीक्षा गरेका छन् । उनले पन्थीलाई संस्कृत भाषा र साहित्यमा उच्च ज्ञान प्राप्त भएका साधककारूपमा चिनाएका छन् पौड्याल र अनुवादक लक्ष्मीकान्त पन्थी दुवै संस्कृत भाषा र साहित्यका पारखी, दुवैको आचरण संस्कारयुक्त रहेकोले दुबै मानवतावदी र दुवैमा कविका गुणहरू विद्यमान छन् भन्ने धारणा अर्यालको रहेको छ ।

जयराज आचार्यले **हाम्रो पुरुषार्थ** साहित्यिक पत्रिका ( ) मा रहेको 'प्राकृत पोखराको संस्कृत अनुवाद पढेपछि' शीर्षकको लेखमा लक्ष्मीकान्त पन्थीलाई सिद्धहस्त संस्कृत कवि मानेका छन् । उनले पन्थीका कृतिमा 'पिता भीमकान्त पन्थीका कृति र कालिदासका रघुवंश या कुमारसम्भवका पद्यहरूको मिठास, प्रौढता र शैलीगत सादृश्य पाइने विचार व्यक्त गरेका छन् ।

वासुदेव त्रिपाठीले 'नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान' (वि.सं १९५८ - १९९१ सम्म) भन्ने शोधकृतिको भूमिकामा लक्ष्मीकान्त पन्थीको शोधकृतिलाई स्नातकोत्तर शोधकार्यहरूमध्येको एक महत्वपूर्ण शोधपत्र भनी उल्लेख गरेका छन् ।

दयाराम श्रेष्ठले नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान (वि.सं १९५८-१९९१ सम्म) भन्ने शोधकृतिमा पन्थीको शोधकृतिलाई उत्तर माध्यमिककालीन नेपाली साहित्यको प्रवृत्तिबारे थाहा पाउन साहित्यिक इतिहासमा रूचि हुने पाठकहरूका लागि उपयोगी हुने भनी उल्लेख गरेका छन् ।

दुर्गाप्रसाद दवाडीले 'हठयोगप्रदीपिका' का सन्दर्भमा 'योग्य पिताका योग्य पुत्र' भन्दै पितृपरम्पराबाट प्राप्त संस्कृतको रक्षकका रूपमा रहिआएका डा. पन्थीले उक्त ग्रन्थको नेपाली अनुवाद गर्ने कार्यमा आफ्नो गहन पाण्डित्य देखाएको उल्लेख गरेका छन् ।

कवि मुकुन्दशरण उपाध्यायले **ऋतुविचारः सानुवादः** कृतिका कवि भनी उल्लेख गर्दै उनको अनुवादले अनुवाद जस्तो नभई नेपाली कवितालाई संस्कृतमा मौलिक कविता जस्तै मिठास प्राप्त गरेको उल्लेख गरेका छन् ।

टीकाराम पन्थीले ऋतुविचारः सानुवादः कृतिका सन्दर्भमा 'लक्ष्मीकान्त पन्थीको रूपान्तरण कृत्य सफल एवं श्लाघनीय छ र उहाँ सर्वथा साधुवादार्ह हुनुहुन्छ' भनी उल्लेख गरेका छन् ।

कवि मुकुन्दशरण उपाध्यायले प्राकृत पोखरा (वर्णनात्मक काव्यम्) को सन्दर्भमा कवि डा. पन्थीको अनुवाद क्षमता अभिनन्दनीय लाग्यो' भनी प्रत्युपन्नमतिका व्यक्तित्वका रूपमा समेत चित्रण गरेका छन् ।

टीकाराम पन्थीले 'प्राकृतपोखरा' (वर्णनात्मकं काव्यम्) कृतिका सन्दर्भमा डा. लक्ष्मीकान्त पन्थीको संस्कृत अनुवादले मौलिक कविता जस्तै मिठास प्राप्त गरेको छ र यसले प्राकृत पोखरा काव्य सुनमा सुगन्ध थपिए जस्तै अझ गौरवपूर्ण बनेको चर्चा गरेका छन् ।

माथिका पूर्वकार्यले लक्ष्मीकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वका सन्दर्भमा सामान्य चर्चासम्म गरेको देखिन्छ । पूर्वकार्यका रूपमा लक्ष्मीकान्त पन्थीकोबारेमा जे जति अध्ययन भएको छ त्यसबाट लक्ष्मीकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण गर्ने काम बाँकी नै छ भन्ने देखिन्छ तर पनि ती पूर्वकार्यहरूले सो काम पूरा गर्ने आधार भने बनाइदिएका छन् ।

१.५ शोधको औचित्य

लक्ष्मीकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा फाटफुट रूपमा चर्चा र अध्ययन भएको देखिए तापनि समग्ररूपमा त्यसको शोधपरक अध्ययन भएको पाइँदैन । पूर्वकार्यका रूपमा आएका सामग्रीको लेखनगत उद्देश्य पनि लक्ष्मीकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्नु थिएन । अतः पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण गर्ने काम अधुरो नै रहेको देखिन्छ । शोधपरक अध्ययनका अभावमा प्राज्ञिक जिज्ञासाकैरूपमा रहेको यस विषयकोविश्लेषण यस शोधमा गरिएको छ । यस्ता बौद्धिक साहित्यिक व्यक्तित्वको बारेमा गरिने यस अध्ययनले विषयानुकूल ज्ञानको नवप्रवर्तन गर्ने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

१.६ शोधविधि

१.६.१ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन पुस्तकालयबाट गरिएको छ । लक्ष्मीकान्त पन्थीका प्रकाशित पत्रिकामा प्रकाशित सामग्रीहरू नै यस शोधका आधार सामग्री हुन् । शोधनायकको जीवनी, र व्यक्तित्वका बारेमा आवश्यक पर्ने थप सामग्री स्वयं शोधनायक, शोधनायकसङ्ग सम्बन्धित अन्य व्यक्तिहरू सङ्गको प्रत्यक्ष भेटघाट, छलफल तथा अन्तर्वार्ताबाट सङ्कलन गरिएको छ । शोधकार्यमा पन्थीका अप्रकाशित रचनाहरूको पनि विवेचना गरिएको छ र

ती सामग्रीहरूलाई परिशिष्टमा राखिएको छ । कतिपय विद्वान्हरूका लिखित रायहरू पनि परिशिष्ट खण्डमा राखिएको छ ।

१.६.२ सामग्री विश्लेषण विधि

शोधकार्यमा लक्ष्मीकान्त पन्थीको जीवनीगत विवेचनामा जीवनीपरक समालोचनाको उपयोग गरिएको छ भने व्यक्तित्वको विश्लेषणमा विवरणात्मक पद्धति अवलम्बन गरिएको छ । कृतित्वको अध्ययनमा सङ्क्षिप्त विवरणात्मक र विश्लेषणात्मक पद्धतिलाई मूल आधार बनाइएको छ ।

१.७ शोधपत्रको रूपरेखा

यस शोधपत्रको स्वरूप र संरचनालाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई निम्नअनुसारका पाँच परिच्छेदहरूमा वर्गीकरण गरिएको छ ।

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : लक्ष्मीकान्त पन्थीको जीवनी

परिच्छेद तीन : लक्ष्मीकान्त पन्थीको व्यक्तित्व

परिच्छेद चार : लक्ष्मीकान्त पन्थीको कृतित्व

परिच्छेद पाँच : शोध निष्कर्ष

परिशिष्ट

सन्दर्भ सूची

परिच्छेद दुई

लक्ष्मीकान्त पन्थीको जीवनीको अध्ययन

२.१ वंशपरम्परा

लक्ष्मीकान्त पन्थीको जन्म गुल्मी जिल्लाको पश्चिमी भागमा पर्ने तात्कालिक धुर्कोट राज्यअन्तर्गत वाग्ला, बडाचौर गाउँमा भएको हो । लक्ष्मीकान्त पन्थीका पुर्खाहरू यहीका आदिवासी नभएर एक्काईस पुस्ता अगाडि नेपालको सुदूर पश्चिममा पर्ने गङ्गोली क्षेत्रबाट आएका हुन् ।[१] वेदको राम्रो ज्ञान भएका, भरद्वाज ऋषिको वंशपरम्परामा जन्मिएका गौतम उपाध्याय सुवेदी नै लक्ष्मीकान्त पन्थीका धुर्कोट वाग्लामा बसाइ सरी आउने पूर्वज हुन् ।[२]

पन्थी वंशको लामो ऐतिहसिक परम्परा छ । कलियुग लागेको ३०४४ वर्षदेखि भारतवर्षमा राजा विक्रमादित्यको शासन चलेको थियो । त्यस समयमा भारतवर्षको उज्जयिनी प्रदेशको मारवाड भन्ने ठाउँमा सिँगेरी मठको नजिकै क्षिप्रा नदीको तीरमा भारद्वाज गोत्रीय ब्राह्मणहरू बस्दथे । तिनै ब्राह्मणहरूको वंशमा कूटस्थ पुरुष प्रजापति ऋषिका छोरा पद्मनाभ ऋषिजन्मेका थिए । सन्तान कालान्तरमा भारतको उत्तरी खण्डमा पर्ने गढवाल क्षेत्रको गङ्गोल भन्ने ठाउँबाट सुदूरपश्चिम नेपालको बझाङ जिल्लाको सुबेदाबाडा भन्ने गाउँमा आई बसेको देखिन्छ । यिनै पद्मनाभका सन्तानहरू राम्रोसङ्ग वेद पढ्न सक्ने भएकोले सुवेदी थरले प्रसिद्ध भएकोदेखिन्छ । तिनै सुवेदी वंशका गौतम पाध्या नाम गरेका एकजना ब्राह्मण गुल्मी जिल्लाको धुर्कोट राज्य अन्तर्गत वाग्ला गाउँमा (हाल वाग्ला गा.वि.स.) आई बसेको पाइन्छ ।[३] तिनका चार छाराहरूमध्ये कान्छा पोम पाध्याका सन्तानहरू पन्थी थरले प्रसिद्ध भएको पाइन्छ । पोम पाध्याका पोम पाध्याको सत्रौं पुस्तामा भरत पन्थी पछिको वंशक्रमलाई आरेखमा यसरी देखाउन सकिन्छ ।

---

[१] लक्ष्मीकान्त पन्थी, **वंशदर्शन काव्य** (अ.प्र.), पृ. २०६ ।

[२] ऐजन, पृ. २०६ ।

[३] ऐजन, पृ. २०७ ।



देवीप्रसादकी कान्छी श्रीमतीतर्फका सन्तानमध्ये माहिला भीमकान्त पन्थी हुन् । उनी अत्यन्त कहलिएका पण्डित थिए । उनलाई चारैतिरका मानिसहरू माहिला पण्डितका नामले चिन्दथे । उनी सदाचारी नैतिक एवं आदर्शवादी व्यक्तिका रूपमा समाजमा प्रतिष्ठित थिए । यिनले औपचारिक शिक्षा लिनुपूर्व नै घरमा बसी आफ्ना पितासंग पन्ध्रवर्षको उमेर मै चण्डी, रुद्री, लघुकौमुदी, अमरकोश र रघुवंश पढिसकेका थिए । पछि औपचारिक शिक्षाका लागि उनी तौलिहवास्थित तौलेश्वर संस्कृत प्रधान पाठशालामा भर्णा भई अध्ययन गरे तर उनका गुरुहरूले भीमकान्त पन्थीको पढाइप्रतिको अभिरुचि र क्षमतालाई बुझेर रानीपोखरीस्थित संस्कृत प्रधान पाठशाला (काठमाडौँ) मा पढ्न दिएको सल्लाहबमोजिम उनी काठमाडौं गई अध्ययन गरे । उनले रानीपोखरीस्थित संस्कृत पाठशालामा वि सं १९९३-१९९७ सम्म अध्ययन गरी गाउँ फर्किए । त्यसपछि अर्घाखाँचीको खिदिममा गई हरिहर संस्कृत पाठशालामा पढेर उनले बनारसबाट वि सं २००१ सालमा सम्पूर्ण मध्यमा प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए ।

यसपछि केही समय धुर्कोट वाग्ला बडाचौरमै बसेका भीमकान्त पन्थीले संस्कृत भाषामा ज्ञान लिन चाहनेहरूलाई घरमै आलोकित पार्न थाले । उनको यो बसाइ संस्कृत अनुरागीहरूका लागि सुवर्ण अवसर भयो । उनको ख्याति बढ्न गएकोले विद्यार्थीहरूलाई पढाउनका लागि उनलाई प्युठान जिल्लाको लुङ भन्ने ठाउँमा बोलाइयो । यो अवधिमा समेत स्वाध्ययन गरेका भीमकान्त पन्थीले वि सं २०११ सालमा बनारस गई परीक्षा दिएर शास्त्री तह उत्तीर्ण गरे । अध्ययन नगरी बस्न नचाहने स्वभावका पन्थीलाई स्वअध्ययनबाट धर्मशास्त्र, ज्योतिष, वेदान्त र कर्मकाण्ड क्षेत्रको गहिरो ज्ञान प्राप्त थियो ।

१३ वर्षको उमेरमा वैवाहिक बन्धनमा बाँधिएका भीमकान्तकी जेठी पत्नी स्थानेश्वरीदेवीको अल्पायुमै असामायिक निधन भएकाले वि सं १९९७ सालमा गुल्मी धुर्कोट अरौँदीका गौरीशङ्कर उपाध्यायकी छोरी गंगादेवीसंग दोस्रो विवाह गर्नुपरेको थियो तर पनि लामो समयसम्म गंगादेवीबाट सन्तान लाभ नभएकोले पुनः तेस्रो विवाह वि सं २००४ सालमा गुल्मी

जिल्ला कै अमरभूम् निवासी पं. खेमराज अर्ज्यालकी छोरी नीलमाया देवीसंग गर्नुपरेको थियो । यसपछि नीलमाया देवीको कोखबाट भीमकान्तका पाँचभाइ छोरा र दुईबहिनी छोरीको जन्म भयो । गंगादेवीको कोखबाट समेत एक छोरीको जन्म भयो ।

पं. भीमकान्त पन्थी व्याकरण, वेदान्त, धर्मशास्त्र एवं पुराणहरूका ज्ञाता र कर्मकाण्ड सम्बन्धी ज्ञानभएका बहुमुखी विद्वान् थिए । साथसाथै उनी राम्रा कविता रचना गर्ने क्षमतावान सुयोग्य कवि पनि थिए । उनीद्वारा रचना गरिएका संस्कृत भाषामा **जगदम्बिकावैभवम्** र **जगदीश्वरवैभवम्** नामका दुईओटा महाकाव्य प्रकाशित छन् । फुटकर कविताको एउटा संग्रह **विविधपद्यावलि** पनि प्रकाशित छ । उनको काव्यप्रतिभाको मूल्याङ्कन गर्दै **जयतु संस्कृतम्** नामको संस्थाले साभिनन्दन पुरस्कार २०५७ प्रदान गरिसकेको छ । पाणिनि पुरस्कार २०५७ बाट पनि उनी सम्मानित भए । बृद्धावस्था भएको बेलामा उनलाई काठमाडौं गौरीघाटमा अवस्थित सोमसरला संस्कृतविद्यालयमा अध्यापनार्थ बोलाएर

राखिएको थियो । त्यस संस्थामा १२ बर्षसम्म पढाएका थिए । ७५ वर्षको उमेर हुँदासम्म त्यहाँ अध्यापन गरेर पछि छोडिदिए । केही वर्ष विरामीसमेत भई यही काठमाडौँमा बस्नुपरेको थियो । उपचार गर्दागर्दै ८१ बर्षको उमेरमा २०५८ साल असोजमा काठमाडौँमा लक्ष्मीकान्त पन्थी बसेको घरमा उनको देहावसान भएको हो ।

देवीप्रसादकी कान्छी श्रीमतीतर्फका सन्तानमध्ये भीमकान्तका साहिला भाइ फणाधर पन्थी हुन् । उनले सम्पूर्ण जीवन आफ्नो जन्मस्थल वाग्ला-बडाचौरमा नै बिताएका थिए । फणाधर पछिका अर्का भाइ देवकीनन्दन हुन् । उनको बसोबास कपिलवस्तुको तौलिहवामा छ । यिनी पछिका अर्का भाइ नीलाम्बर पन्थी हुन् । नीलाम्बरपछिका सबभन्दा कान्छा भाइ शेखरनाथ पन्थी हुन् ।

उपचर्चित पं. देवीप्रसाद पन्थीका आठभाइ छोराहरूमध्ये कान्छी श्रीमतीतर्फका माहिला छोरा पं भीमकान्त पन्थी हुन् । उनका पाँच भाइ छोराहरू एवं तीन बहिनी छोरीहरू छन् । भीमकान्त पन्थीका जेठा छोरा लक्ष्मीकान्त पन्थी (शोधनायक) हुन् । उनी पछिका माहिला भाइ सूर्यकान्त, साहिला भाइ चन्द्रकान्त, काहिँला भाइ विष्णुकान्त, कान्छा भाइ कृष्णकान्त पन्थी हुन् । भीमकान्त पन्थीका तीन छोरीहरू छन् । ती मध्येकी जेठी छोरी गेहलक्ष्मी, विजया र कान्छी बहिनी कमला हुन् ।

२.२ जन्म र जन्मस्थल

लक्ष्मीकान्त पन्थीका मातापिताको नाम नीलमाया देवी र पं. भीमकान्त पन्थी हो । उनी जेठा सुपुत्रका रूपमा जन्मेका हुन् । लक्ष्मीकान्त पन्थीको जन्मकुण्डलीअनुसार उनको जन्म मिति वि सं २००८ सालको जेठ महिना १८ गते शुक्रवारका दिन तदनुसार जेष्ठकृष्णत्रयोदशी तिथिमा भएको हो । उनको जन्मनक्षत्र अनुसार न्वारनको नाम लक्ष्मीकान्त पन्थी भन्ने राखिएको थियो । उनका पिता स्वयं धुरन्धर पण्डित भएकाले आफ्नो भलो चाहने जनले आफ्नो, गुरुको, अतिकृपण जनको, जेठा छोराको र विवाहिता पत्नीको पनि नाम लिनु हुँदैन भन्ने शास्त्र निर्देशन अनुसार

जेठा छोराको घरमा बोलाइने नाम 'भरत' राखिएको थियो ।[४] त्यसैले उनलाई घर गाउँमा अहिलेसम्म भरत भन्ने नामबाट चिन्नेहरू धेरै छन् । उनलाई उनका पिताले घरबाट पढ्नका लागि अर्घाखाँचीको वाङ्लामा अवस्थित जीवनोद्धार संस्कृत माध्यमिक विद्यालयमा सर्वप्रथम पठाएका हुन् । त्यसपछि कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा रहेको तौलेश्वर संस्कृत माध्यमिक विद्यालयमा भर्ना गर्न अर्थात् नाम लेखाउन भनी अह्राएर साथमा पठाएका मानिसले उनको नाम त लक्ष्मीकान्त पन्थी भनी लेखाइदिएको पाइन्छ । जन्ममिति भने भीमकान्त पन्थीले नबताई पठाएकाले त्यही संस्कृत माध्यमिक विद्यालयका प्रधानाध्यापकले नै जन्म महिनासम्म सोधेर वि सं २०१०/२/१६ लेखाइ दिएकाले उनका हालसम्मका सम्पूर्ण शैक्षिक प्रमाण पत्रहरूमा यही मिति हुन गएको छ ।

गुल्मी जिल्ला अन्तर्गतको तत्कालीन धुर्कोट राज्यको पश्चिमी सीमामा पर्ने बडाचौर गाउँ अत्यन्त सीमित क्षेत्र हो । यो गाउँको भू-बनोट त्यस ठाउँको प्रसिद्ध पर्वतमाला मालिका शिखरबाट बग्दै आएकी पन्नगा नदीको पूर्वी किनारमा रहेको दक्षिण पूर्व फर्किएको उपत्यका नै भन्न सकिने वरिपरि डाँडाहरूले घेरिएको विशेषतः वनजङ्गलको माझमा पर्ने क्षेत्र हो । यो भए तापनि ग्रामीण आवश्यकताअनुसार चाहिने बाटोघाटो, पानी, खेत, खर्यान, वनजङगल, दाउरा, घाँसपात आदि सबै सुविधाले पूर्ण छ । त्यसमा पनि त्यो गाउँको अगाडि ठूलो चौर भएको हुनाले त्यो गाउँ नै बडाचौर भनेर प्रसिद्ध छ । शोधनायक स्वयंले आफ्नो जन्मस्थलको वर्णन र आफ्ना जीवनका अन्य गतिविधिहरूलाई उल्लेख गर्दै संस्कृतभाषामा संरचना गरेको **स्वपरिचय** नामक कविताबाट पनि उनको जन्मस्थल र जीवनीका सबै कुरा थाहा पाउन सकिन्छ ।[५]

२.३ बाल्यवस्था

गुल्मी जिल्लाको धुर्कोट वाग्ला बडाचौरमै लक्ष्मीकान्त पन्थी हुर्के-बढेका हुन् । मध्यम वर्गीय शिक्षित तथा पण्डित परिवारमा जन्मेका हुनाले उनले अनुशासन, मर्यादा र शिष्टतालाई सानैदेखि व्यवहारमा उतारे । बडाचौर गाउँ ६/७ घरधुरी मात्र भएको गाउँ थियो । यहाँ सबै घरका ब्राह्मण, सुपठित थिए । सन्तानलाई शिक्षा-दीक्षा दिनुपर्छ भन्ने सोच सबै घर परिवारमा थियो । त्यसमा पनि पिताजीसङ्ग अध्ययनका लागि टाढाटाढाबाट विद्यार्थी आउने भएकाले लक्ष्मीकान्तले बाल्यावस्थामा उपद्रो र बिठ्याई केही देखेनन्, गरेनन् पनि । बरु उनी सानैमा विरामी परेर दुःख पाएको पाइन्छ । धेरै नै बिरामी परेका हुनाले बाल्यावस्थामा उनी कमजोरै थिए ।[६] कुलका जेठा छोरा भएका कारण पनि घर परिवारले बढी माया दिनु स्वभाविकै हो । उनले आमाहरू (आमा तथा जेठी आमा) काकाहरूको विशेष माया पाए भने पिताले बाल्यावस्थादेखि नै छोरो लगनशील बनोस् भनी उचित वातावरण प्रदान गर्दै गए । यस्तो सचेततापूर्ण माया पाएका हुनाले लक्ष्मीकान्तको कहिल्यै फुर्किएर उत्ताउलो बन्ने, उदण्ड काम गरेर परिवारलाई हैरान गर्ने काममा रुचि नै जान सकेन । उनले ५ बर्षको उमेरमा अक्षरारम्भ गरेका थिए । उनी अक्षर चिन्नु

---

[४] आत्मनाम गुरोर्नाम नामातिकृपणस्य च/श्रेयस्कामो न गृहणीयाज्जेष्ठा पत्यकलत्रयोः ॥

[५] लक्ष्मीकान्त पन्थी, **काव्यमालिका,** (अ.प्र.) पृ. १४८ ।

[६] शोधनायककी आमा नीलमाया पन्थीबाट प्राप्त जानकारी अनुसार ।

पूर्व नै संस्कृतका केही श्लोक गुनगुनाउन सक्दथे ।[७] उनका पिताजीले बनारस तीर्थबाट फर्किंदा नै ठूला एवं राता अक्षर भएको वर्णमालाको पुस्तक ल्याई दिएको अनि त्यसै पुस्तकमा उनले अक्षराम्भ गरेको पाइन्छ ।

२.४ किशोरावस्था

किशोरावस्था भन्नाले १० वर्षदेखि १५ वर्षसम्मको उमेरको अवस्थालाई बुझाउँछ । यही उमेरमा गरिएको निर्णयले नै किशोर वयको कुमारलाई सुदूर भविष्यसम्म प्रभावित पार्दछ । लक्ष्मीकान्तका पिताको घरमा पितामहकै पालादेखि चलिआएको आँगने पाठशाला (जसलाई अहिलेको भाषामा अनौपचारिक पाठशाला भनिन्छ) हुनाले त्यहाँ आउने पढ्ने विद्यार्थीहरूका साथसाथमा बसेर उनले पनि संस्कृत पढ्न थालेको पाइन्छ । यसै अवस्थामा उनका पिताले चण्डी,(सप्तशती) अमरकोष, हितोपदेश, संस्कृत अनुवाद चन्द्रिका र पञ्चतन्त्रको केही भागसम्म पढाएका हुन् । यही समयको शिक्षाले नै उनको जीवनमा संस्कृतको उच्चशिक्षा लिनसक्ने जगको काम गरेको हो । वि.सं २०१६ सालमा व्रतबन्ध संस्कार गरेपछि रुद्री तथा लघुसिद्धान्तकौमुदी पनि उनलाई पढाउन लागिएको देखिन्छ । लक्ष्मीकान्तका बुबाले पनि उनलाई पढाउँथे र यस्तो क्रम वि.सं २०१४/१५ सालदेखि २०२१ सालसम्म चलिरह्यो । त्यसपछि भने २०२१ सालको वर्षातिर पढ्नका लागि परदेश लागेको पाइन्छ ।[८]

२.५ चूडाकर्म तथा व्रतबन्ध संस्कार

लक्ष्मीकान्त पन्थीको कि उनको चूडाकर्म संस्कार ५ वर्षको उमेरमा भएको हो । त्योभन्दा अगाडि छोरी मान्छेको जस्तै उनको पनि दुईतिर कपाल बाटिएको हुन्थ्यो । यसपछि ८ वर्षको उमेरमा व्रतबन्ध गर्नुपर्ने थियो तापनि ग्रह नजुरेको हुनालेवि. सं. २०१६ सालमा ९ बर्षमा व्रतबन्ध भएको देखिन्छ । गायत्री मन्त्र उनले आफ्नै पिताबाट नै सुने । त्यसपछि मात्र लघुसिद्धान्तकौमुदी पढ्न लागे । उनको व्रतबन्ध घरैमा ठूलो यज्ञमण्डप बनाएर विधिपूर्वक भएको थियो । आफ्नो घरमा व्रतबन्ध गर्न असमर्थ गाउँ छिमेकका अन्य सातजना वटुकहरूले पनि उनको साथमा मिसिएर व्रतबन्ध गरेका थिए ।[९]

२.६ शिक्षादीक्षा

लक्ष्मीकान्त पन्थीको बाल्यावस्था अत्यन्तै सरल र स्वाभाविक स्थितिमा बित्यो । उनको घर शिक्षित एवं पण्डित भएको परिवारिक वातावरण हुँदा र त्यहाँ धेरै पहिलेदेखि नै अन्य गाउँका र टाढाटाढाका समेत विद्यार्थीहरू संस्कृत विद्याध्ययनका लागि आई डेरा गरेर बस्ने गर्दथे । यो सबै परिवेशले गर्दा उनले आफ्नो बाल्यजीवनको अधिक समय खेलेर वा डुलेर बिताउन पाएनन् । पाँच वर्षको उमेरदेखि नै अक्षरारम्भ गराएर आफ्नै पिता-पितृव्यबाट उनलाई घरैमा पढाउन लागिएको थियो । यसको फलस्वरूप उनले ७-८ वर्षको उमेर हुँदासम्म सामान्य पढ्ने लेख्ने

[७] ऐजन ।
[८] ऐजन ।
[९] ऐजन ।

गर्नुका साथै दुर्गाकवच, चण्डी र अमरकोष तथा हितोपदेश र पञ्चतन्त्रको केही अंश पनि पढिसकेका थिए । थोरै समय पढ्दा पनि उनलाई पाठ छिटै कण्ठस्थ हुन्थ्यो । वेद-वेदाङ्ग शास्त्र उपनयन (व्रतबन्ध) गरेपछि मात्र पढाउनुपर्छ भन्ने धारणा अनुसार २०१६ सालमा उनको व्रतबन्ध भएपछि बल्ल रुद्री पढाउन लागिएको थियो । पन्थीले वि.सं २०१८ साल असार महिनामा आफ्नै बुबासंग लघुसिद्धान्तकौमुदी पढ्न प्रारम्भ गरेका थिए ।

घरैमा आफ्ना पिताजीसङ्ग पढ्न आएका अन्य विद्यार्थीहरूका साथसाथै बसेर पढ्ने गरेका हुनाले अहिलेको प्राथमिक तहका कक्षाहरू उनले अनौपचारिक रूपमा आफ्नै घरमा पढेका थिए । वि.सं २०२० सालसम्म अरू ठाउँका विद्यार्थीहरू घरमा बसी पढेका हुँदा यस्तो वातावरण रहेको थियो । वि.सं २०२१ सालदेखि भने उनी एक्लै परे । त्यसैले एक्लै भएकाले सङ्गत भएन भन्ने कारणले पिताजीले उनलाई पढ्नका लागि परदेश (अर्घाखाँची जिल्लाको वाङ्ला) जीवनोद्धार संस्कृत माध्यामिक विद्यालयमा पठाएको पाइन्छ । त्यसपछि भने उनी औपचारिक रूपमा कक्षा-६ मा भर्ना भएर पढ्न लागेका हुन् । एक वर्ष त्यहाँ बसी कक्षा ६ उत्तीर्ण गरे पछि फर्केर घरै गएको देखिन्छ । वि.सं २०२२ सालको हिउँदमा विद्यालयमा पढाएर परीक्षा दिलाउन पर्छ भनी उनलाई कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा पठाइएको थियो । त्यहाँ स्थित श्री तौलेश्वरनाथ संस्कृतप्रधानपाठशालामा उनी कक्षा ८ मा भर्ना भएका थिए । त्यहाँ नियमित रूपमा पढ्दै परीक्षा दिँदै उनले कक्षा ८, ९, १० उत्तीर्ण गरे । त्यसै विद्यालयबाटै उनले वि.सं २०२५ सालमा प्रवेशिका परीक्षा अर्थात् पूर्वमध्यमा परीक्षा दिएको देखिन्छ ।

वि.सं २०२५ सालको फाल्गुनमा पूर्वमध्यमा परीक्षा दिएपछि घर फर्किएका लक्ष्मीकान्त पन्थीले तीन महिनाजति उनी बाग्लुङ जिल्लाको बुर्तिवाङ भन्ने गाउँको उत्तरगङ्गा माध्यमिक विद्यालयमा पुगेर पढाएका थिए ।[१०] पूर्वमध्यमाको परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण भएको थाहा पाएपछि उनले उच्च अध्ययनका लागि जाने सोँच बनाएको देखिन्छ । यसपछि उनी अध्यापनवृत्ति छाडेर घर फर्किएका थिए । घरमा एक हप्ता पनि नबसी पिताजीको सल्लाह एवं आज्ञाअनुसार उत्तरमध्यमा पढ्नका लागि उनी दाङ विजौरी अवस्थित जनता महाविद्यालयमा पुगेको देखिन्छ । यसपछि उनले वि.सं २०२६ र २०२७ सालभर नियमितरूपमा उत्तरमध्यमा तहको पाठ्यक्रम पढ्दै दाङ जनता महाविद्यालयमा बिताएका हुन् ।

दाङबाट उत्तरमध्यमा परीक्षा दिएर घर फर्किए पछि पन्थीले २०२८ सालका जेठ र असार गरी २ महिना घरैमा बिताएको पाइन्छ ।

उत्तरमध्यमा परीक्षा दिएको दुई महिना बितिसक्दा पनि परीक्षाफल नआए पनि शास्त्री पढ्नका लागि काठमाडौँ जानुपर्छ भन्ने उनको अठोट थियो । त्यसैले साउन महिना लागेपछि बुबासँग राम्रो दिन हेराएर काठमाडौँ आएको पाइन्छ । काठमाडौँ आएर पनि संस्कृत महाविद्यालयमा नाम लेखाएर शास्त्री कक्षामा पढ्न थालेपछि मात्र उत्तरमध्यमाको परीक्षाफल प्रकाशित भएको थियो । त्यस बेलाको पाठ्यक्रममा पञ्चायत शास्त्र पनि पढाउने गरिएको थियो ।

[१०] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

त्यही पञ्चायत शास्त्रमा उनको पूरक निस्किएछ तैपनि शास्त्री पढ्न मिल्ने भएकाले उनले पढ्दै गरे । पछि माघ महिनामा पूरक परीक्षा पनि दिए । त्यसपछि उनले शास्त्री प्रथम खण्ड दिएका हुन् । उनी दुबै परीक्षामा उत्तीर्ण भए । वि.सं २०२९ सालमा उनले शास्त्री द्वितीय खण्ड पूरा गरे । वि.सं २०३० सालको असारतिर उत्तीर्ण भई उनी तीनधारा संस्कृत छात्रबासमा भर्ना पनि भए । यता नयाँ शिक्षा पद्धति लागू भएकाले आचार्यमा वेदान्त विषय र कीर्तिपुर बहुमुखी क्याम्पसमा नेपाली विषय पढ्नका लागि उनले नाम लेखाएको पाइन्छ । दुवैतिर एकसाथ पढ्न अत्यन्त गाह्रो थियो । छात्रावासमा बसी पढ्न पाएकोले सुविधापूर्वक दुवैतर्फको पढाइ सञ्चालन भयो । आचार्य द्वितीयखण्ड पढे पछि उनी नेपाली एम. ए. पूरा गर्नपट्टि लागे । आचार्य तृतीयखण्ड पढ्नपट्टि लागेनन् । बरु उनले प्राइभेट परीक्षाका लागि फाराम भरेर जम्मा दुई महिनाको तयारीमा संस्कृत एम. ए. पूरा गरे ।[११] वि.सं २०४३ सालमा नेपालमा संस्कृत विश्वविद्यालयको स्थापना भएपछि उनले पढ्दापढ्दै छोडेको वेदान्त विषयमा आचार्य तहको परीक्षा पनि पूरा गरे । त्यसपछि पनि धर्मशास्त्र विषयमा नाम लेखाएर नियमित विद्यार्थी बनी धर्मशास्त्राचार्य पूरा गरेका हुन् । वि.सं २०४८ सालको संस्कृत विश्वविद्यालयको आचार्य परीक्षामा उनी नै सर्वप्रथम भएका देखिन्छ ।

२.७ पारिवारिक पृष्ठभूमि

लक्ष्मीकान्त पन्थीका परिवारको मुख्य पेशा कृषि नै थियो । यसो भए तापनि उनका पिताले अहिलेको जमानामा छोराहरूले राम्ररी पढ्न सके त योग्यताअनुसारको जागिर खान पाउँदा हुन् भन्ने सोंच थियो । यही सोँचबाट निर्देशित बनी लक्ष्मीकान्त पन्थी अध्ययनमा लागेको देखिन्छ । फलस्वरूप शोधनायक लक्ष्मीकान्त र उनका सबै भाइहरू पनि त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विद्यापीठहरूमा त्यस्तै सम्बन्धन प्राप्त विद्यापीठहरूमा वा मान्यता प्राप्त विद्यापीठमा एवं सरकारी सेवामा समेत संलग्न भएको पाइन्छ । पन्थीको पारिवारिक पृष्ठभूमि नै पढ्ने पढाउने वंशपरम्परागत प्रचलन भएकोले उनीहरूमा यस्तो चेतना आएकोले नै परिवारका सबै सदस्यहरू शिक्षित भएको देखिन्छ ।

२.८ विवाह र दाम्पत्य जीवन

परम्परागत सोँचाइअनुसार १० बर्ष नाघेको बालकलाई ११-१२ वर्षमा नै विवाहबन्धनमा बाँधिदिने प्रचलन भएपनि लक्ष्मीकान्त पन्थीले किशोरावस्थामा विवाह गर्न नमानेको देखिन्छ । उनी विद्याआर्जन गर्नमा नै संलग्न भइरहे । उनका पिताले पनि उनको यो सोचाइलाई समर्थन गरेको पाइन्छ । परिणामस्वरूप पन्थीले २ विषयमा एम. ए. उत्तीर्ण गरी आफू जागिरे जीवनमा प्रवेश गरेपछि मात्र विवाह बन्धनमा बाँधिने निश्चय गरेका थिए । फलस्वरूप वि.सं २०३८ सालको असार महिनामा रूपन्देही जिल्ला सेमलार गा.वि.स. चम्किपुर निवासी श्री मोहदत्त उपाध्याय काफ्लेकी छोरी मायादेवीसँग परम्परागत विधिविधान अनुरूप उनको विवाह भयो । यसपछि काठमाडौँ मै रहेर उनको दाम्पत्य जीवन चलिरहेको देखिन्छ । अहिलेसम्म उनका चार छोरीहरू (

[११] ऐजन ।

भक्ति, भावना, साधना र चेतना) छन् । काठमाडौँ महानगरपालिका अन्तर्गत वडा नं -६, बौद्धको रामनगर भन्ने ठाउँमा एउटा सानो आवास बनाएर उनले जीवननिर्वाह गरेका छन् ।

२.९ आर्थिक अवस्था

लक्ष्मीकान्त पन्थीको पारिवारिक आर्थिक पृष्ठभूमि मध्यम स्तरको देखिन्छ । पायक पर्ने ठाउँमा खेत र बारी थिए । उनलाई के खाउँ र के लगाउँ जस्ता प्रश्नले कहिल्यै सताएन । खेतबारीबाट उत्पादित अन्नले जीवन निर्वाह गर्न समस्या थिएन । पुरोहित्याइँबाट समेत खर्चपानीको लागि छ्यालफ्याल हुन्थ्यो । अध्ययनलाई प्राथमिकता दिने परिवार भएकाले लक्ष्मीकान्त पन्थी काठमाण्डौतिर लाग्छन् । अन्त्यमा जीवनवृत्तिको क्रममा दुखजिलो गरेर हाल बौद्ध रामहिटीमा आवाश बनाएर सहप्राध्यापकको हैसियतमा मध्यम वर्गीय जीवन जिएका छन् । यसप्रकार लक्ष्मीकान्त पन्थीले हाल सम्ममा त्यति सारो दुःख भोगेको देखिदैन ।

२.१० आजीविका

लक्ष्मीकान्त पन्थीले २०३५ साल वैशाखदेखि शिक्षा विकास तथा अनुसन्धान केन्द्रमा करार सेवा अन्तर्गत साढे २ वर्षसम्म अधिकृत स्तरको सुपरभाइजर पदमा रहेर काम गरेका भए पनि त्यसपछि औपचारिक प्राध्यापनतर्फ लाग्ने मन भएकोले उक्त जागिर छोडी वि.सं २०३७ मङ्सिर १ गतेदेखि काम गर्ने गरी अमृत क्याम्पसमा नेपाली विषय प्राध्यापन गर्नका लागि अस्थायी सहायक प्राध्यापक पदमा नियुक्त भएको देखिन्छ । त्यहाँ नेपाली विषय पढाउँदा पढाउँदै लगभग साढे पाँच वर्ष पछि वि.सं २०४३ साल असारमा उनले उपप्राध्यापक पदमा स्थायी नियुक्ति लिएका हुन् । उपप्राध्यापक भएपछि पनि उनले अमृत क्याम्पसमा नै प्राध्यापन गर्दै रहे ।[१२]

वि.सं २०४६-२०४७ सालमा नेपालमा राजनीतिक परिवर्तन भएकोले सोही मौकामा विद्यावारिधिका निम्ति प्रयास गर्दा वैतनिक विदा स्वीकृत भएको देखिन्छ । चारवर्ष लगाएर धर्मशास्त्र विषयमा नै उनले वि.सं २०५२ सालमा विद्यावारिधि पूरा गरेको देखिन्छ । यसपछि भने नाम लेखाएर परीक्षा दिनेकाम छोडेका भएपनि पुस्तकको झोला बोक्ने र लेख्ने पढ्ने कामसँगै आजीविकाको लागि प्राध्यापन गरिरहेका छन् । बीस वर्षसम्म उनले उपप्राध्यापक पदमा प्राध्यापन गरेपछि वि.सं २०६३ साल वैशाखमा बल्ल सहप्राध्यापकमा पदोन्नति भएको हो ।

२.११ साहित्य सिर्जना

लक्ष्मीकान्त पन्थीले अहिलेसम्म साहित्य सिर्जनाको क्षेत्रमा धेरै काम गरिसकेका छन् । उनका प्रकाशित र अप्रकाशित कृतिहरूको विवरण यस प्रकार छ ।

१. नेपाली साहित्यको विकासमा गोरखापत्रको योगदान (शोधग्रन्थ नेपालीमा) २०४१

२. सजिलो कुण्डली फल (प्रकाशित नेपालीमा)२०४१

३. ऋतुविचार खण्डकाव्य संस्कृतानुवाद (प्रकाशित संस्कृतमा)२०६२

---

[१२] ऐजन ।

४. प्राकृत पोखरा वर्णनात्मक खण्डकाव्य संस्कृतानुवाद (प्रकाशित संस्कृतमा)२०६७

५. हठयोग प्रदीपिका नेपाली अनुवाद(प्रकाशित नेपालीमा) २०६७

६. कृष्ण जीवन दर्शन (काव्य अप्रकाशित)

७. जननीवैभवम् काव्य अप्रकाशित संस्कृतमा)

८. जीवनदर्शनम् (फुटकर कविताहरूको एक सङ्ग्रह, अप्रकाशित, संस्कृतमा)

९. लक्ष्मीवैभवम् काव्य (काव्य, अप्रकाशित, संस्कृतमा)

१०. सारस्वतवैभवम् (काव्य, अप्रकाशित, संस्कृतमा)

११. वंशदर्शनम् (काव्य, अप्रकाशित, संस्कृतमा)

१२. नेपालमा संस्कृत साहित्यको इतिहास (अप्रकाशित, शोधग्रन्थ, नेपालीमा)

१३. सोढ्ढ संस्कार- परिचय र विमर्श (विद्यावारिधि शोधग्रन्थ अप्रकाशित)

१४. चन्दन-अक्षता-फूल (लेखहरूको सङ्ग्रह, अप्रकाशित)

यीबाहेक अन्य विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेख, समीक्षा, भूमिका, सम्मति र केही कविताहरू प्रकाशितै छन् ।

२.११.१ लेखनका लागि प्रेरणा र प्रभाव

लक्ष्मीकान्त पन्थीका पिताले संस्कृतमा कविता लेख्ने गर्थे । उनले अर्थ नबुझ्ने भएपनि उनका पिताले कहिले काही उनलाई पढेर सुनाउँथे र पढ्न लगाउँथ । त्यस्तै उनका कान्छोबुबा पं शेखरनाथले नेपालीमा केही फुटकर कविता रचना गर्थे र सुनाउँथे । यस्तो वातावरणले उनलाई सानै उमेरमा प्रभावित बनाएको देखिन्छ । एउटा सानो नेपाली साहित्यको पुस्तिका र त्यस्तै सानो कक्षामा पढाइने नेपालको इतिहासका पुस्तक पनि ल्याएर कान्छो बुबाले उनलाई पढ्न दिएका थिए । ती दुबै पुस्तकहरू पल्टाएर उनले पढ्न लाग्दा तिनमा कान्छा बुबाकै हस्ताक्षरमा क्रमशः यस्ता कविता लेखिएका थिए :-

पढ है बाबु ! कोशिष साथ नेपाली साहित्य / विश्वमा आज साहित्यको नै ठूलो छ महत्व ॥

इतिहास पढे नानी परिश्रम गरी गरी / पाउला रसिलो विश्वरसाऽऽस्वाद घरी घरी ।

यस्ता कविताले सानै उमेरदेखि उनलाई ध्यान दिएर पढ्न र कविता लेख्न पनि प्रेरणा प्राप्त भएको हो ।[१३] यसरी हेर्दा उनलाई आफ्नै घरको पारिवारिक शैक्षिक वातावरणले र पिता-पितृव्यको तदनुकूल कार्यव्यवहारले साहित्य सिर्जना गर्ने प्रभाव र प्रेरणा मिलेको देखिन्छ ।

[१३] ऐजन ।

२.११.२ लेखनको प्रारम्भ र प्रकाशन

लक्ष्मीकान्त पन्थीले वि.स. २०२५ सालमा तौलिहवास्थित संस्कृत माध्यमिक विद्यालयमा कक्षा १० मा पढ्दै गर्दा विद्यालयमा आयोजना गरिएको कविता सम्मेलनका लागिपहिलो पटक कविता रचेको देखिन्छ । उक्त कविता प्रतियोगितामा पुरस्कृत पनि भएका थिए । त्यो कविता त्यही विद्यालयबाट निस्किएको सिद्धार्थ पत्रिकामा प्रकाशित छ ।

२.११.३ लेखनका दुई धारा

लेखन कार्यतर्फ रुचि बढाउँदै गएका लक्ष्मीकान्त पन्थीले नेपाली भाषाका गद्य तथा पद्य दुवै विधामा कलम चलाएको देखिन्छ भने संस्कृत विद्याध्ययन उनको मूल विषय भएकोले उनले पनि संस्कृतमा समेत कविता लेख्न प्रयास गरेको र सफलसमेत भएको देखिन्छ । अहिलेसम्म उनको नेपालीमा र संस्कृतमा पनि कलम चलेको छ । अफ्न उनले नेपालीमा भन्दा संस्कृतमा कविता लेख्नमा बढी रुचि राखेको देखिन्छ ।

२.११.४ प्रकाशन

लक्ष्मीकान्त पन्थीको पहिलो कविता 'नयाँवर्ष' भन्ने शीर्षकमा तौलिहवास्थित संस्कृत माध्यमिक विद्यालयबाट निस्केको **सिद्धार्थ** पत्रिकामा २०२६ सालमा प्रकाशित भएको थियो । यसपछिका धेरै वर्षहरू अध्ययन कार्यमा नै बिताउनु परेकाले उनी यस्तो साहित्य लेख्ने र छपाउने काममा लागेनन् । वि. सं २०४१ सालमा नेपाली एम. ए. पूरा गर्दा लेखिएको शोधपत्रको पूर्वार्द्धमात्र नेपाली साहित्यको विकासमा गोरखापत्रको योगदान भन्ने नामबाट प्रकाशित छ । यसको प्रकाशन गोरखापत्र संस्थानले गरेको हो ।[१४] त्यसै वर्ष उनले आफूले जाने-बुझे अनुसारको ज्योतिष विद्या अध्ययन गर्न सुविधा पुग्ने किसिमको **'सजिलो कुण्डली फल'** नामको पुस्तिका पनि छपाएका थिए । पछि **ऋतुविचार** काव्यको संस्कृतानुवाद नेपाली पाठसहित समुन्द्रमन विद्याप्रतिष्ठान काठमाण्डौंबाट २०६२ सालमा प्रकाशित भयो । त्यस्तै **प्राकृतपोखरा** काव्यको संस्कृतानुवाद पनि 'जयतु संस्कृतम्' संस्थाबाट २०६७ सालमा प्रकाशित भएको देखिन्छ । अर्को उनले संस्कृतबाट नेपालीमा अनुवाद गरेको **हठयोगप्रदीपिका** नामक पुस्तक रत्नपुस्तक भण्डारबाट २०६७ सालमा प्रकाशित भएको छ । त्यसबाहेक उनका प्रकाशित फुटकर रचनाहरूको विवरण यसप्रकार छ ।

क्र.सं	शीर्षक	प्रकाशन मिति	प्रकाशित पत्रिकाको नाम	कैफियत
१	गोरखापत्रको प्रकाशन हुनभन्दा पहिले नेपाली कविताको परम्परा	२०३७	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ११ किरणपुस्तकालय	गुल्मी
२	गोरखापत्रको प्रकाशनका लागि भएको पहिलेको व्यवस्था	२०३८	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १३ किरणपुस्तकालय	गुल्मी

[१४] लक्ष्मीकान्त पन्थी, **नेपाली साहित्यको विकासमा गोरखापत्रको योगदान,** (अ.प्र. शोध ग्रन्थ, २०४१) ।

३	गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले नेपाली कथाको स्रोत र परम्परा	२०३८	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १४ किरणपुस्तकालय	गुल्मी
४	नेपाली साहित्यमा कथाकार विश्वेश्वरप्रसाद कोइराला	२०३९	अरुणोदय साहित्यकार विश्वेश्वरविशेषाङ्क	काठमाडौं
५	कथाकार भवानी भिक्षु र हारजीत कथा एक अध्ययन	२०३९	हाम्रो पुरुषार्थसम्पूर्णाङ्क १५ किरणपुस्तकालय	गुल्मी
६	माध्यमिक नेपाली साहित्यको नाट्य परम्परामा गोरखापत्रको योगदान	२०४०	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १८ किरणपुस्तकालय	गुल्मी
७	नेपाली साहित्यका विकासमा संवत १९९१ भन्दा पहिलेका पत्रपत्रिका	२०४०	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १९ किरणपुस्तकालय	गुल्मी
८	नेपालमा संगीत कलाको विकास र मास्टर रत्नदास प्रकाश	२०४१	एकव्यक्ति अनेक अभिव्यक्ति सम्पादक–प्रतापचन्द्र प्रधान	काठमाडौं
९	बसाइँ उपन्यासका आधारमा नेपाली समाजको चित्रण	२०४५	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क २९ किरणपुस्तकालय	गुल्मी
१०	विवाह संस्कार र यसको महत्व	२०४६	हाम्रो पुरूपार्थ सम्पूर्णाङ्क ३१ किरणपुस्तकालय	गुल्मी
११	धर्मशास्त्र र त्यसको प्रयोजन	२०५३	कान्तिपुर (२०५३/१०/२६)	काठमाडौं
१२	संस्कार के हो ?	२०५३	कान्तिपुर (२०५३/१२/९)	काठमाडौं
१३	हिन्दुधर्मसँग संस्कारको संबन्ध र क्षेत्र	२०५४	कान्तिपुर (२०५४/२/३२)	काठमाडौं
१४	संस्कारको उत्पति, संख्या र क्रम	२०५४	कान्तिपुर (२०५४/१०/१८)	काठमाडौं
१५	संस्कारको प्रचलन, परम्परा र प्रयोजन	२०५५	कान्तिपुर (२०५५/१/१९)	काठमाडौं
१६	संस्कारको आवश्यकता र वैज्ञानिकता	२०५५	कान्तिपुर (२०५५/४/९)	काठमाडौं
१७	प्राग्जन्म संस्कार	२०५५	कान्तिपुर (२०५५/७/१४)	काठमाडौं
१८	वि.पी. कोइरालाको व्यक्तित्व निर्माणका पृष्ठभूमि	२०५५	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ३६ किरणपुस्तकालय	गुल्मी
१९	ठूलो को छ ? (कथा)	२०५६	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ३८ किरणपुस्तकालय	गुल्मी
२०	बाल्यसंस्कार	२०५६	कान्तिपुर(२०५६/२/८)	काठमाडौं

२१	सोह्र संस्कारमध्ये एक व्रतबन्ध संस्कार	२०५७	कान्तिपुर(२०५७/१२/३०)	काठमाडौं
२२	पण्डित श्रुतधर (जीवनी)	२०५७	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४० किरणपुस्तकालय	गुल्मी
२३	भाषिक समस्या र समाधान	२०५८	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४२ किरणपुस्तकालय	गुल्मी
२४	व्रतबन्ध संस्कारको आवश्यकता र उपयोगिता	२०५८	कान्तिपुर(२०५८/३/२०)	काठमाडौं
२५	ऋषि पञ्चमी व्रत - प्रारम्भ र उद्यापन	२०५८	कान्तिपुर(२०५८/५/७)	काठमाडौं
२६	संस्कारमय जीवन - एक विचार	२०५९	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४५ किरणपुस्तकालय	गुल्मी
२७	कालको परिमाण	२०६०	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४६ किरणपुस्तकालय	गुल्मी
२८	रामभक्ति परम्परामा -रामायणचम्पू	२०६०	हाम्रो पुरूषार्थ सम्पूर्णाङ्क ४७ किरणपुस्तकालय	गुल्मी
२९	भक्तकवि श्रीदधिराम मरासिनी	२०६०	महापण्डित दधिराम मरासिनी स्मृतिग्रन्थ	काठमाडौं
३०	पन्नगा परिकथामा-विहङ्गावलोकन	२०६१	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४८ किरणपुस्तकालय	गुल्मी
३१	सन्देशकाव्यको परम्परामा लाटोसाथीको नयाँ मेघदूत	२०६१	डा. विष्णुराज आत्रेय स्रस्टा र सृजनाका विविधआयाम	काठमाडौं
३२	नेपाली कविताको परम्परामा कविशिरोमणि लेखनाथ पौड्याल र उनको नैतिक दृष्टान्त	२०६१	आँकुरा (पहिलो अङ्क ग्रीनल्याण्ड स्कूल)	काठमाडौं
३३	तम्घासतिर फर्केर हेर्दा	२०६२	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ५० किरणपुस्तकालय	गुल्मी
३४	गुल्मी जिल्लाका चार गाउँः चार थरीका मुख्य ठाउँ	२०६२	गुल्मी परिचय गुल्मी सेवा समाज	काठमाण्डौ
३५	वंशमूल र वंशशाखा	२०६२	वाग्ले बन्धु बंशावली	काठमाण्डौ
३६	सदाचार	२०६३	हाम्रो पुरूषार्थ सम्पूर्णाङ्क ५३ किरणपुस्तकालय	गुल्मी
३७	'श्री शिवकृपाभिलाषशतकम्'का सन्दर्भमा	२०६४	धनञ्जय मरासिनी स्मृति ग्रन्थ,	काठमाण्डौ

३८	विद्याशक्ति	२०६४	विद्या (रजतजयन्ती विशेषाङ्क)	गुल्मी
३९	काली गण्डकी	२०६४	दायित्व	काठमाण्डौ
४०	हिन्दु धर्म र धार्मिक संस्कारः एक वैशिष्ट्य	२०६५	अपर्णा (अङ्क-१वर्ष-१)	काठमाण्डौ
४१	राहिँलो बुबाको सम्झनामा	२०६५	नीलाम्बर पन्थी सम्झना र सिर्जना	काठमाण्डौ
४२	अनुवादकलाका धनी तीर्थराज आचार्य	२०६५	तीर्थराज आचार्य स्मृति ग्रन्थ	काठमाण्डौ
४३	हिन्दु संस्कृतिमा नारीको स्थान र कर्तव्य	२०६५	गुल्मेली आवाज (त्रिभुवनविश्वविद्यालय)	काठमाण्डौ
४४	अमरकोशको स्वयंबोधिनी टीका-एक सिंहावलोकन	२०६६	आन्वीक्षिकी वर्ष ३ अंक ३ मई-जुन (डा.मनीषा शुक्ला)	वाराणासी
४५	हरिश्चन्द्र गुरुको सम्झना	२०६६	प्रा. हरिश्चन्द्र न्यौपाने स्मृतिग्रन्थ	काठमाण्डौ
४६	नेपाली साहित्यका विकासमा बनारसको भूमिका र योगदान	२०६७	कार्यपत्र	वाराणासी
४७	गायत्री मन्त्र के हो ?	२०६७	अरुणोदय वर्ष ४१-४६ संयुक्ताङ्क-तीनधारा संस्कृत छात्रावास	काठमाण्डौ
४८	श्रीभगवती उच्च माध्यमिक विद्यालयको पृष्ठभूमिमाः-वाग्ला र अजिमिर गाउँ एक संस्मरण	२०६७	भगवती सन्देश स्वर्णमहोत्सव स्मारिका २०६७	गुल्मी
४९	अनौठो यात्रा	२०६७	वृहत अन्तर्वार्ता-रामप्रसाद न्यौपाने	काठमाण्डौ
५०	यज्ञ : एक परिचय	२०६७	पद्माक्षी वर्ष १ अंक १	कैलाली
५१	डा. टीकाराम पन्थी व्यक्तित्व र विचार	२०६७	हाम्रो पुरूषार्थ डा.टीकाराम पन्थी विशेषाङ्क	गुल्मी
५२	लोकनाथ दाजुको सम्झनामा	२०६९	लोकलीला स्मृति ग्रन्थ	बुटबल
५३	पं दामोदर कोइराला गुरुः मेरो जानकारीमा	२०६९	प्रा. दामोदर कोइराला स्मृति ग्रन्थ	ललितपुर
५४	पतिव्रता स्त्रीहरूको कर्तव्य एवं सदाचार	२०६९	विद्या वर्ष २५अंक २२महायज्ञ विशेषाङ्क	गुल्मी
५५	अनुसन्धानको फल ज्योतिष रत्नमाला	२०६९	हाम्रो पुरूषार्थ सम्पूर्णाङ्क ५८ किरणपुस्तकालय	गुल्मी

५६	मेरो स्मृतिमा रहेका पं.देवराज अर्याल र उनको आचार व्यवहार	२०६९	शतवार्षिक समारोहमा प्रस्तुत कार्यपत्र	काठमाण्डौ
५७	काफ्ले थर एक तर गोत्र भिन्न	२०६९	काफ्ले बंशावली	काठमाण्डौ
५८	गण्डकी क्षेत्रमा पाइने शालग्राम शिलाका प्रकार र तिनका विशेषता	२०६९	देववाणी	देवघाट
५९	छुटेको साथमा .... भएको याद	२०६९	छुटेको साथ	काठमाण्डौ
६०	तीर्थराज प्रयाग र प्रयाग तीर्थका अनेक रूप	२०६९	आदि प्रयाग एक अध्ययन	देवघाट

२.१२ रुचि र स्वभाव

लक्ष्मीकान्त पन्थीको रुचि अनौठो किसिमको देखिन्छ । झिलिमिली वा आँखालाई लोभ्याउने खालका कुनै पनि वस्तु विशेषमा उनको पटक्कै रुचि देखिँदैन । उनी समान्य लुगा लगाउँछन् ।सामान्य पथ्य भोजन खान्छन् । उनी सांसारिक विनाशशील पदार्थ वा वस्तुविशेषको चाहना गर्दैनन् । टेलिभिजन हेर्दा यथार्थ वस्तुस्थितिलाई प्रकाश गर्ने समाचार वा कुनै दृश्यावलोकनहरू उनी हेर्छन् तर टेलिशृङ्खला वा चलचित्र हेर्न रुचाउँदैनन् । उनका विचारमा त्यो त नाटक हो यथार्थ होइन ।[१५]

उनको जीवनशैली सादा जीवन उच्च विचारको छ । धेरै जसो शास्त्र, काव्य वा काव्य-शास्त्र पढ्न रुचाउँछन् । त्यस्तै लेख्ने बानी पनि उनको छ । विशेष किसिमले भौतिक रमझमतर्फ उनको कुनै चासो र चेष्टा छैन । शान्त एकान्त वातावरणमा रहेर लेख्न पढ्न तथा ऐतिहासिक जानकारी लिनमा पनि रुचि राख्छन् । अलिकति फुर्सद भयो कि कुनै पुस्तक लिएर पढ्न बस्छन् अथवा कुनै कागजको टुक्रामा २/४ पङ्क्ति भएपनि लेख्न थाल्छन् । विभिन्न आध्यात्मिक विषयका पुस्तकहरू वा पौराणिक ग्रन्थहरू पढ्नमा वा त्यस्तै विद्वान तथा साधुसन्तहरूसँग सङ्गत गर्न, प्रवचन सुन्न र सुनाउन एवं साहित्यक गोष्ठीहरूमा सहभागी हुन पनि उनी मन पराउँछन् । स्पष्ट बोल्नु र यथार्थ बताउनु उनको स्वभाव हो । कसैसङ्ग झुक्न वा चाप्लुसी गर्न उनी जान्दैनन् ।[१६]

२.१३ भ्रमण/देशदर्शन

लक्ष्मीकान्त पन्थीले नेपालका केही भूभाग र केही विदेशी भूमिमा समेत भ्रमण गरेका छन् । उनले २०३५ साल वैसाख महिनाको २९ गते नियुक्ति पाएको संस्था शिक्षा विकास तथा अनुसन्धान केन्द्रमा फिल्ड सुपरभाइजर पदमा रहेर काम गर्दाको समयमा (२०३५-२०३७) अनौपचारिक शिक्षा विदेशमा समेत के कसरी सञ्चालन भएको रहेछ भनी हेर्नका लागि भारत बङ्गलादेश र थाइल्याण्डमा समेत भ्रमण गर्ने अवसर पाएको देखिन्छ । त्यहाँको अनुभव संगालेर

[१५] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[१६] शोधनायककी श्रीमती मायादेवीबाट प्राप्त जानकारी अनुसार ।

आएपछि उनले देशभित्रका पनि भोजपुर, रसुवा, काभ्रेपलाञ्चोक, कपिलवस्तु, कास्की, वर्दिया, बैतडीलगायतका जिल्लाहरूमा अनौपचारिक शिक्षाका कक्षा सञ्चालन गराउने केन्द्रको स्थापना र निरीक्षण गर्ने क्रममा भ्रमण गरेका थिए । उनी त्रि वि को परीक्षाका लागि इलाम, पाँचथर, झापा, सिराहा, उदयपूर, जनकपुर, महोत्तरी, सप्तरी, धरान, पोखरा, पाल्पा, स्याङजा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रूपन्देही, नवलपरासी, नेपालगञ्जजस्ता ठाउँमा पुगेका छन् ।[१७]

२.१४ मान-सम्मान अभिनन्दन र पुरस्कार

लक्ष्मीकान्त पन्थीले प्रप्त गरेका मान-सम्मान, अभिनन्दन र पुरस्कारको विवरण यसप्रकार छ ।

१ कविता महोत्सव द्वितीय पुरस्कार २०३१

२ कविता महोत्सव तृतीय पुरस्कार २०४३

३ महेन्द्रविद्याभूषण (ख) २०४८

४ महेन्द्र विद्याभूषण 'क' २०५३

५ दीर्घसेवा पदक (अमृत साइन्स क्याम्पस)

६ दीर्घसेवा पदक (त्रिचन्द्र क्याम्पस)२०६९

७ अभिनन्दन, जयतु संस्कृतम्, २०६३

२.१५ जीवनदर्शन

लक्ष्मीकान्त पन्थीका विचारमा सास फेरिरहनु मात्रै जीवन होइन । मीठामीठा भोजन गरी आफ्नो पेट भर्नुलाई उनी जीवन मान्दैनन् । उनका दृष्टिमा सत्यरूप जलबग्ने शीलरूप किनारा भएको नदीले झैँ किनारमा रहेका अरु प्राणीहरूलाई पनि प्रेमले जलदान गर्न सक्नु नै जीवन हो । निर्लोभी बनी आध्यात्मिक जीवनभोग गर्नु नै उनको जीवनदर्शन देखिन्छ ।

२.१६ निष्कर्ष

लक्ष्मीकान्त पन्थीको जन्म वि सं २००८ सालको जेठ महिनाको १८ गतेका दिन गुल्मी जिल्लाको धुर्कोट- वाग्ला -८, बडाचौरमा भएको हो । उनी गुल्मी जिल्लाकै ख्यातिप्राप्त पण्डित तथा ज्योतिष परिवारमा जन्मिएका हुन् । अर्घाखाँचीको वाङ्लामा गएर अध्ययन गर्दा होस् कि तौलिहवामा गएर अध्ययन गर्दा नै किन नहोस् लक्ष्मीकान्त पन्थी लगनशील भएर विद्याध्ययन मै तल्लीन भए । साथीहरू र गुरुजनको विश्वासपात्र भएर उनको विद्यार्थी अवस्था बित्यो । बाल्यकाल र तरुणावस्थामा पनि उमेरजन्य छुकछुकेपन झैझगडा तथा रसरङ्गतिर उनको रुचि नै गएन । घर छाडेर अध्ययनका लागि परदेशतिर लाग्दासमेत उनलाई पारिवारिक संस्कारले पूर्णरूपमा निर्देशित गऱ्यो । फलस्वरूप उनले चारवटा विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेपछि पनि विद्यावारिधि उपाधि प्राप्त गरिछाडे ।

[१७] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

पन्थी जीवनवृत्तिका लागि हाल त्रिभुवनविश्वविद्यालयमा सहप्राध्यापकककारूपमा क्रियाशील छन् । उनले हालसम्ममा प्रकाशित र प्रकाशोन्मुख गरी १२ वटा कृतिको अधिकाँश लेखन सकिसकेबाट व्यस्त र लेखपढमा साधनारत जीवन बिताइरहेको स्पष्ट हुन्छ । बालककालमा घरपरिवारमा सङ्गै बसेर आफ्नै खेतबारीमा उब्जेको अनाजमा निर्भर रहेको पृष्ठभूमिका लक्ष्मीकान्त पन्थी अहिले आफ्नो सरकारी तलव भत्तामा आश्रित छन् । उनले गुल्मीको बसाइलाई काठमाडौँ-बौद्ध, रामनगरमा स्थापित गराउन सकेका छन् । मिलनसार, स्पष्टवादी र बहुमुखी प्रतिभाका धनी लक्ष्मीकान्त पन्थीको आफ्नै प्रकारको जीवन शैली छ । आफ्नै जीवनदर्शनबाट निर्देशित जीवन चलाइरहेका छन् । सात्विक भोजन खान्छन् , आध्यात्मिक चिन्तनमा दृढ छन् । वस्तुको कृत्रिमरूपलाई उनी पूरै बेवास्ता गर्छन्, जीवन केही पाउन होइन, केही दिनलाई हो भन्छन् । उनको जीवनशैली हेर्दा उनी सादाजीवन उच्च विचारयुक्त छन् । अर्थोपार्जन र भौतिक सुखसुविधाका पछाडि उनी दौडिएको देखिँदैन ।[१८]

[१८] शोधनायककी श्रीमती मायादेवीबाट प्राप्त जानकारी अनुसार ।

परिच्छेद तीन

लक्ष्मीकान्त पन्थीको व्यक्तित्व

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुणलाई व्यक्तित्व भनिन्छ । व्यक्तिको जीवनका विविधपक्षहरूले नै व्यक्तित्व निर्माण गर्दछन् । यस परिच्छेदमा लक्ष्मीकान्त पन्थीको आन्तरिक तथा वाह्य व्यक्तित्वको चर्चा गरिएको छ ।

३.१ व्यक्तित्व निर्माणका पक्षहरू

व्यक्तित्व भनेको एउटा व्यक्तिले समग्ररूपमा उसले गरेका क्रियाकलापहरू जस्तो : गुण, अवगुणबाट प्राप्त गरेका सामाजिक मान मर्यादा र व्यक्तिनिष्ठ आन्तरिक एवम् वाह्य यावत् पक्षको चिनारी हो । हरेक व्यक्तिको आफ्नै निजीपन भनेकै उसको व्यक्तित्व हो । जुन गुण वा दोषका आधारमा ऊ समाजमा सुपरिचित हुन्छ, त्यही परिचय नै उसको व्यक्तित्व हो । कुनै पनि व्यक्तिको व्यक्तित्वका पक्षहरूलाई निश्चित कसीमा मात्र सीमित गरेर हेर्न सकिँदैन तापनि व्यावहारिक सुविधाका लागि व्यक्तित्वलाई विभिन्न आधारहरूमा वर्गीकरण गरेर हेरिएको पाइन्छ । जुनसुकै व्यक्तिको आफ्नो व्यक्तित्वका लगनशीलता, क्षमता, बौद्धिकता र विचारका विभिन्न आधारहरू रहेका हुन्छन् । यी कुराहरूका अतिरिक्त व्यक्तित्व निर्माणमा वंशाणुगत गुण जैविक र सामाजिक तत्त्वको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जैविक निर्धारकहरूमा वंशाणुक्रम, शारीरिक गठन र स्वभावले प्रभाव पारिरहेको हुन्छ । मानवीय व्यक्तित्वको निर्माणमा पारिवारिक रहनसहन, भेषभूषा, विचार र व्यवहार जस्ता सामाजिक वा सांस्कृतिक विषयहरूको पनि विशेष भूमिका हुन्छ । कुनै पनि व्यक्तिले जीवनमा सामाजिक मूल्य, मान्यता र इच्छाशक्तिका आधारमा साहित्यकार, डाक्टर, समाजसेवी, खेलाडी, दार्शनिक राजनीतिज्ञ, कूटनीतिज्ञ, वैज्ञानिक आदि व्यक्तित्व हासिल गर्नसक्छ । व्यक्तित्व निर्माण गर्ने विधिचाहिँ व्यक्ति एवं उसको रुचिअनुसार फरकफरक हुने गर्दछन् ।

३.२ शारीरिक व्यक्तित्व

व्यक्तिको बाह्य व्यक्तित्व भनेकै शारीरिक व्यक्तित्व हो । मान्छेको बाहिरी व्यक्तित्व उसको शारीरिक सुगठन,रूपरङ्ग, आकारप्रकार, लवाइखवाइ, बोलचाल तथा आनुवंशिक आधारमा प्रकट हुन्छ । झट्ट हेर्दा बाहिरबाट स्पष्टरूपमा देखिने शारीरिक बनोट र बुनोट सम्बन्धी व्यक्तित्वलाई शारीरिक व्यक्तित्व मानेर अध्ययन गर्दा लक्ष्मीकान्त पन्थी अब्बल दर्जाका नै देखिन्छन् । उनको जीवनका ६० बसन्तहरू पार भइसकेका छन् । ५ फिट ४ इन्च अग्ला छन् । न धेरै मोटा छन् न दुब्ला पातला नै । वजन ६० किलो ग्राम, गहुँगोरो वर्ण, मिलेको शरीर, फराकिलो निधार, ठूला कान अनि गम्भीर मुखाकृति भएका लक्ष्मीकान्त बाक्लो जुङ्गाले झनै भद्र र खाइलाग्दा देखिन्छन् । भावुक तथा गम्भीर प्रकृतिका लक्ष्मीकान्त पन्थीका मिलेका दाँतलहर, हाँसेर बोल्ने हसिलो स्वभाव अनि उनको खुलेर बोल्ने स्वभावले गर्दा बाहिरी व्यक्तित्वलाई आकर्षक बनाएको छ ।

लक्ष्मीकान्त पन्थीमा बाह्य तडकभडक पटक्कै छैन । उनको पहिरनले नै उनलाई भीडभन्दा फरकरूपमा चिनाउँछ । उनले रङ्गिबिरङ्गी र उत्ताउला कपडा लगाउँदैनन् । सधैं सरल र सादा कपडाको पहिरनले नै उनको व्यक्तित्वको एउटा पाटोको प्रतिनिधित्व गर्दछ । चम्किला आँखा, श्यामश्वेत वर्णको कपाल, छरितो जिउ उनको पहिचान बनेका छन् । कडा मिजास सुस्पष्ट बोलीले उनको बाह्य व्यक्तित्वमा उचाइ थपेको छ ।

३.३ आन्तरिक व्यक्तित्व

व्यक्तिको व्यक्तित्वकै कारण हरेक व्यक्तिको शीलस्वभाव, चिन्तनमनन, आचरण जस्ता अभिलक्षणमा पृथकता पाइन्छ । आन्तरिक व्यक्तित्व भन्नु नै व्यक्तिमा निहित विशिष्ट गुण हुन् । आन्तरिक व्यक्तित्वलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक धरातल, पारिवारिक रहनसहन, पेशा, लिङ्ग, व्यवसाय र उनले पाएको शिक्षा जस्ता पक्षले प्रशस्त प्रभाव पारेको हुन्छ । लक्ष्मीकान्त पन्थीको आन्तरिक व्यक्तित्व भावुक तथा गम्भीर प्रकृतिको छ । सकारात्मक सोच, सफा मन, सरल व्यवहार, चिन्तनशील बानी लक्ष्मीकान्त पन्थीको आन्तरिक व्यक्तित्वका सूचक चिन्ह हुन् । व्यक्तिगत स्वार्थ र भौतिक श्रीसम्पत्तिलाई बेवास्ता गर्नसक्नु उनको आध्यात्मिक ज्ञानको उपज हो । सादा सामान्य पहिरनमा रमाउनु उनको सनातन संस्कृतिप्रति मोह वा कारण हो ।

३.४ साहित्यिक व्यक्तित्व

लक्ष्मीकान्त पन्थीको व्यक्तित्वको प्रमुख पाटो भनेको नै साहित्यिक व्यक्तित्व हो । उनी ४५ वर्ष पूर्वदेखि आजपर्यन्त निरन्तर अध्ययन र साहित्य सिर्जनामा नै तल्लीन देखिन्छन् । उनले गद्य र पद्य दुवै विधामा कलम चलाएको देखिए पनि उनी गद्य विधामा भन्दा पद्य विधामा बढी रमाउँछन् अनि नेपाली कविता-काव्यको रचनामा भन्दा संस्कृत कविता-काव्यमा बढी रुचि राख्दछन् । केही कोरिरहनु उनको परिचय नै हो । बाल्यकालमा घर परिवारमा देखेको वातावरण बौद्धिक भएका कारण पनि उनमा सानैदेखि साहित्यमा रुचि बढेको हो ।[१] उनमा जब साहित्यतर्फ अनुराग बढ्दै गयो, तव उनी संस्कृत काव्यरसको गहिराइतर्फ लम्केको देखिन्छ ।

३.४.१ कवि व्यक्तित्व

लक्ष्मीकान्त पन्थी मुख्यतः कवि व्यक्तित्व हुन् । उनले आफूलाई नेपाली कृतिलाई संस्कृतमा र संस्कृत कृतिलाई नेपालीमा कुशलतापूर्वक अनुवाद गर्नसक्ने अनुवादकका रूपमा समेत चिनाएका छन् । भूमिका लेखनमा र समालोचनात्मक लेखनमा पनि उनले कलम चलाएका छन् । उनले बाह्रवटा पुस्तकको रचना गरेको देखिन्छ । यीबाहेक पत्र-पत्रिकामा फाट्टफुट्ट उनका लेखरचना र समीक्षाहरू प्रकाशित हुँदै आएका छन् । उनको साहित्यिक व्यक्तित्वको आधारशिला स्वतस्फूर्त छ । उनमा निहित यी व्यक्तित्वहरूको बारेमा तलका उपशीर्षकहरूमा चर्चा गरिएको छ ।

[१] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

लक्ष्मीकान्त पन्थीको कवि व्यक्तित्वलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ । (क)नेपाली भाषाका कवि व्यक्तित्व (ख) संस्कृत भाषाका कवि । लक्ष्मीकान्त पन्थीले विद्यार्थी अवस्थाबाटै कविता रच्न थालेका हुन् । व्यक्तित्व सहज प्रतिभा भनेको सहजात गुण जस्तै हो । लक्ष्मीकान्तमा त्यस्तो सहज प्रतिभा आयो भने उनी कविता लेख्छन् । त्यस्तो सहज प्रतिभा आएको छैन भने जोड जवर्जस्ती गरेर उनी कविता लेख्दैनन् । फेरि कविता लेख्नका लागि त्यस्तै किसिमको परिवेश भनौं वातावरण पनि आवश्यक हुन्छ लक्ष्मीकान्त पन्थीले संस्कृत भाषामा र नेपाली भाषामा समेत कविता रचना गरेका छन् । उनका धेरै कविताहरू अप्रकाशित छन् । केही प्रकाशित कविता यस प्रकार छन् ।

नेपाली कविताहरू

क्र.सं	शीर्षक	प्रकाशन मिति	प्रकाशित पत्रिकाको नाम
१	नववर्ष	२०२८	सिद्धार्थ–तौ.सं.प्र.पा. वर्ष १ अङ्क १,तौलिहवा,कपिलवस्तु
२	**खाँचो कता**	२०२८	खाँचो पत्रिका वर्ष ३ अङ्क ३
३	**उद्योगी बनी स्वदेशी वस्तु प्रयोगमा बढाऔं**	२०३१	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
४	**देखेर के हुन्छ र ?**	२०३७	हाम्रो पुरुषार्थ
५	**स्वदेशको माया**	२०४३	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
६	**शुभ-कामना**	**२०५४**	हाम्रो पुरुषार्थ
७	**नागरिक आवाज**	२०६३	**नागरिक आवाज**
८	**श्रद्धा भक्ति**	२०६६	संझना र सिर्जना
९	**सफलताको साँचो- मीठो भाषा र सुन्दर अक्षर**	२०६७	ब्रिलियन्ट दर्पण
१०	**रेसुङ्गा पुग्दा**	२०६९	हाम्रो पुरुषार्थ
११	**शतं-जीव**	२०६९	नागरिक आवाज

संस्कृत कविताहरू

१	प्रशस्तिप्रसूनम्	२०६२	सत्यनारायणकथामृतम्	
२	सुकृताद् दीर्घजीवनम्	२०६२	पं देवीदत्त पन्थीस्मृति पुस्तिका	
३	**सुतां भाषां प्रति**	२०३९		
४	जीवनदर्शनम्	२०६६	उन्मेष पत्रिका वर्ष ४० अङ्क ३	स्व.वि.यु. वाल्मीकि क्याम्पस
५	लुम्बिन्यञ्चल विद्वतपरंपरायां डा. टीकाराम पन्थी	२०६७	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ५६, डा. टीकाराम पन्थी विशेषाङ्क	गुल्मी
६	दैवज्ञं प्रति	२०६९	कवि दैवज्ञ स्मृतिग्रन्थ	काठमाण्डौ

७	नारायणस्मृतौ	२०६९	नारायणगौतम स्मृतिग्रन्थ	काठमाण्डौ
१०	वैयाकरणस्वरूपम्	२०६९	वैयाकरणनेपाल स्मृतिग्रन्थ	

३.४.२ अनुवादक व्यक्तित्व

लक्ष्मीकान्त पन्थीले नेपाली साहित्यका उत्कृष्ट एवं उल्लेखनीय दुई काव्यकृतिहरू कविशिरोमणि लेखनाथ पौड्यालद्वारा विरचित **ऋतुविचार** खण्डकाव्यलाई र कवि मुकुन्दशरण उपाध्यायद्वारा विरचित **प्राकृतपोखरा** खण्डकाव्यलाई जस्ताको तस्तै भावाभिव्यक्ति हुनेगरी संस्कृतमा तत्समच्छन्दमा यथारूप अनुवाद गरेका छन् । यी दुवै कृति हाल प्रकाशित भइसकेका छन् । यिनको अनुवाद कला एवं काव्यात्मकतालाई समेत मूल्याङ्कन गरी **'जयतु संस्कृतम्'** नामक संस्थाले पन्थीलाई **साभिनन्दन पुरस्कार** २०६३ प्रदान गरेको छ । उनको अनुवादकलाको अर्को पक्ष पनि छ । त्यो हो :- संस्कृतबाट नेपालीमा गरिएको अनुवाद कला । उनले संस्कृतबाट नेपालीमा अनुवाद गरेको **हठयोगप्रदीपिका** नामक योगशास्त्रको ग्रन्थले नेपाली जनमानसलाई कठिन एवं दुरूह हठयोग शास्त्रको कुरा जान्न बुझ्न र अभ्यासका लागि समेत सजिलो बनाएको छ ।[२] यो पुस्तक वि.सं २०६७ सालमा रत्न पुस्तकभण्डारबाट प्रकाशित भएको छ ।

३.४.३ भूमिका लेखक व्यक्तित्व

भूमिका लेखकले कृतिका लेखकको मनोभावलाई समेत बुझेर के कस्तो पृष्ठभूमिमा त्यो पुस्तक लेखिएको हो भन्ने कुरा समेत ठम्याउनुका साथै त्यस कृतिको सामाजिक ऐतिहासिक वा राजनैतिक आदि महत्व र उपयोगिता के कति छ भन्ने समेत निर्देश गर्न सक्नुपर्दछ । लक्ष्मीकान्त पन्थीले जगदम्बिकावैभवम्, जगदीश्वरवैभवम्, विविधपद्यावलि, जीवनको आशा, अमृत कलश, चतुरशीतिसिद्धपूजापद्धति, श्रीमद्भागवतचन्द्रिका, श्रीमद्भागवतसार, हाम्रो चिनारी र अपराजिता महाकाव्य जस्ता कृतिको भूमिका लेखी भूमिका लेखक व्यक्तित्वका रूपमा आफूलाई स्थापित गराएका छन् ।

३.४.४ समालोचक व्यक्तित्व

लक्ष्मीकान्त पन्थी कृतिपरक समालोचना लेख्न सिद्धहस्त मानिन्छन् । उनले विभिन्न कृतिहरूको समालोचना गर्नमा आफ्नो कलम चलाएका छन् । कतिपय उनका समालोचनात्मक लेख पाठ्यपुस्तकका कृति समीक्षाका क्रममा लेखिएका हुन् भने कतिपय उनका स्वच्छन्द तवरले लेखिएका छन् । ती अधिकाँश लेख उनको प्रकाशनाधीन कृति चन्दन-अक्षता-फूल (लेखहरूको सङ्ग्रह)मा सङ्कलन गरेर प्रकाशनको अन्तिम तयारी गरिरहेका छन् ।

३.५ अन्य व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । समाजमा रहँदा उसले समाज सञ्चालनका लागि, व्यक्तिगत तथा पारिवारिक आवश्यकता परिपूर्ति गर्नका लागि विभिन्न काम गर्नुपर्दछ । आजीविकाका लागि गरिने व्यापार व्यवसाय होस् वा जागिर नै किन नहोस् ती ठाउँमा उसले केही न केही प्रभाव

---

[२] डा. दुर्गाप्रसाद दवाडी, **हठयोग प्रदीपका**को भूमिकाबाट, पृ. ।

छाडेको हुन्छ । व्यक्तिको रुचि अनुसारका धार्मिक क्रियाकलापमा संलग्न हुनुदेखि लिएर दिनदिनका कर्महरू ऊ आफ्नै विचार निर्देशित भएर गरेको हुन्छ । यस्ता साहित्येतर गतिविधिले पनि मानिसलाई आफ्नो समाजमा विशिष्ट चिनारी दिलाएको हुन्छ ।

लक्ष्मीकान्त पन्थी साहित्यानुरागी त हुँदैहुन् । यो बाहेक साहित्येतर विभिन्न क्षेत्रमा समेत उनले आफ्नो विशिष्ट छाप छोड्न सकेका छन् । विशेषगरी सदाचारमा रहेर मार्यादित जीवन जिउन सक्नु उनको विशेष चिनारी हो । उनी सनातन धर्मलाई निष्ठापूर्वक पालना गर्दछन् । ज्योतिष विद्याको ज्ञान समेत उनमा छ । टोलछिमेक इष्टमित्र लगायत कर्मकाण्डीय द्विविधामा परेका व्यक्तिको समस्यालाई शास्त्रीय तवरले द्विविधाको निवारण गर्दछन् । आवश्यकता परेको ठाउँमा आयुर्वेदिक ज्ञानको पनि उपयोग गरी अप्ठ्यारोमा परेका मानिसलाई बताएर उपचारका लागि सहज बनाउँछन् । लक्ष्मीकान्त पन्थीको अन्य व्यक्तित्वलाई निम्न उपशीर्षकमा चिनाइएको छ ।

३.५.१ सदाचारी व्यक्तित्व

वर्तमान समयमा सदाचार पालन गर्नु र त्यसमा अडिग भएर रहनु असजिलो छ किनभने अहिलेको वातावरण सदाचार, नैतिकता, एवं धार्मिक नियम पालनमा प्रतिकूलै छ । यस्तो हुँदाहुँदै पनि उनले आफ्नोपन भनौं एकप्रकारको आदर्श, परम्परागत मान्यता, मर्यादा, सदाचार, नैतिकता तथा आदर्श व्यवहारलाई पालन गरेकै देखिन्छ ।

लक्ष्मीकान्त पन्थीलाई आफ्नो पारिवारिक जीवनदर्शनले धेरै सिकाएको छ । जिजुहजुरबा, हजुरबादेखि बाबा र काकासम्मका क्रियाकलापहरू अत्यन्त सदाचारी थिए । उनी स्वयं संस्कृत शिक्षाका पृष्ठभूमिमा वेदान्त एवं धर्मशास्त्रका ज्ञातासमेत भएकोले पनि उनले पढेको ज्ञान अनुसारको सदाचारी जीवन निष्ठापूर्वक जिउँदै छन् । उनले कसैको सङ्गत र दबाबमा आफ्नो आचरणलाई कहिल्यै बिचलित गराएनन् ।

३.५.२ धर्मशास्त्री व्यक्तित्व

हाम्रो जस्तो सनातन धर्मानुरागी समाजमा धर्मशास्त्रज्ञ व्यक्तिको आवश्यकता सधै महसुस हुने गर्दछ । यस्तो स्थितिमा स्वयं धर्मशास्त्र विषयमा आचार्य तह पार गरी विद्यावारिधि उपाधिसमेत आर्जन गरेका लक्ष्मीकान्त पन्थीमा धर्मशास्त्री व्यक्तित्व देखापर्नु स्वतः सिद्ध छ । लक्ष्मीकान्तले धर्मशास्त्रका पुस्तकहरूको सङ्ग्रह गर्ने, तिनबाट ज्ञान लिने काम त गरेकै छन् । साथसाथै यस विषयमा केही शङ्का भएका र सोध्न आउने जिज्ञासुहरूलाई समेत उनले शास्त्रानुसार उत्तर दिएर आफ्नो धर्मशास्त्री व्यक्तित्वलाई स्थापित गरेको देखिन्छ ।

३.५.३ ज्योतिषी व्यक्तित्व

लक्ष्मीकान्तको कुल परम्परामा तीन चार पुस्तामाथि देखि नै ज्योतिष विद्या भन्नाले खासगरी फलित ज्योतिष पढ्ने पढाउने तथा सोध्न आएका जिज्ञासुलाई फलादेश गरी चित्त बुझाएर पठाउने प्रचलन भएको हुँदा उनले पनि अनौपचापरिकरूपमा नै केही मात्रामा पढेका र

जानेका हुनाले ज्योतिष विषय ज्ञानका माध्यमले पनि समाज सेवा गरेको देखिएको छ । उनले ज्योतिषअनुसार फलादेश गर्न सजिलो पर्ने एक सानो पुस्तिका 'सजिलो कुण्डली फल' समेत प्रकाशन गरेका छन् ।[३]

३.५.४ पुराणवाचक व्यक्तित्व

पहाड-गाउँघरको धर्मभीरु समाजमा पौराणिक कथाहरू सुन्ने-सुनाउने चलन पुरानै हो । लक्ष्मीकान्तका पिता, पितामह र प्रपितामह कै पालादेखि टाढा होस् या नजिक, यजमानले बोलाएकै क्रमअनुसार जाने र पुराण भन्ने परम्परा थियो । लक्ष्मीकान्त पनि आफ्ना पिताले पुराण भन्ने गरेका केही ठाउँमा पिताजी कै साथमा जाने, पिताजीलाई फुर्सद मिलेको बेलामा आफ्नो पुस्तकको पाठ सोधेर पढ्ने अरुबेला पुराण सुन्ने गर्दथे । उनले विभिन्न ठाउँमा श्रमिदभागवत् सप्ताहको वाचन समेत गरेको छन् । यसरी उनले केही पुराणहरू पढेका, सुनेका र केही ठाउँमा सुनाएका पनि छन् । त्यस्तै रामायण महाभारत हेर्ने पढ्ने उनको अध्यवसाय नै हो । पौराणिक वर्णनमा बताए अनुसारको स्तुति, पूजा, प्रार्थना, भक्ति गर्ने, श्राद्ध तर्पण गर्ने काममा पनि लक्ष्मीकान्त विश्वस्त छन् र सो अनुसारको आचरण पनि उनको देखिन्छ ।[४]

३.५.५ समाजसेवी व्यक्तित्व

समाजसेवा भनेको यस्तो काम हो, जो कहिल्यै सकिंदैन । जसले पनि जहाँ पनि धेरै होस् या थोरै गर्छ, गर्नुपर्छ र गरेको हुन्छ । लक्ष्मीकान्तले आफू काठमाण्डौमा बसेको अवसरमा पनि गाउँघरमा परिआएको समस्यालाई सुल्झाउन वा मद्दत गर्नका लागि समाजसेवाको काम केही अंशमा गरेका छन् र गर्दै पनि छन् । उनले राजधानीमा बसेर हुन सक्ने सहयोग (जस्तै माध्यमिक विद्यालयको स्वीकृतिका लागि शिक्षामन्त्रालय गएर त्यसका लागि तागिता र अनुगमन गर्ने, त्यस्तै जिल्ला सदरमुकाम तम्घासमा सञ्चालित किरण पुस्तकालयका लागि आवश्यक पर्ने काम, हाम्रो पुरुषार्थ पत्रिका प्रकाशनार्थ लेख, कविता अन्तर्वार्ताहरू सङ्कलन गर्ने र पठाउने, पत्रिकाका ग्राहक संख्या बढाउने र पत्रिका वितरण गर्ने, त्यस्तै रेसुङ्गा बहुमुखी क्याम्पसको स्थापनार्थ एवं सञ्चालन र विभिन्न कक्षा, विभागहरूको विकासमा समेत राजधानीमा बसेर सहयोग गर्ने, विभिन्न मन्त्रालयहरूबाट फत्ते हुनसक्ने कामहरूमा सहयोग गर्ने आदि काम गरेको पाइन्छ ।[५]

३.५.६ प्राध्यापक व्यक्तित्व

लक्ष्मीकान्त पन्थीले बाल्य कालमा आफ्ना पितासंग पढेको पाठ पिताको अनुपस्थितिमा आफूभन्दा तल्लो कक्षाका विद्यार्थीहरूलाई पढाउने गरेका थिए ।[६] वि.सं. २०२५ सालमा उनले तीन महिनाभन्दा बढी बाग्लुङ जिल्लाको उत्तरगङ्गा माध्यमिक विद्यालयमा औपचारिक शिक्षक बनेर पढाएका थिए । त्यस्तै उत्तरमध्यमा पढ्न जनता महाविद्यालय दाङमा पढ्दा पनि उनले तल्लो कक्षाका विद्यार्थीलाई पढाउने गरेको पाइन्छ । काठमाण्डौमा आएपछि एम. ए. गर्दा गर्दै पनि

---

[३] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[४] ऐजन ।
[५] ऐजन ।
[६] ऐजन ।

राष्ट्रिय विकास सेवा कार्यक्रम अन्तर्गत भाग लिन जाँदा चितवन जिल्लाको नारायणगढमा अवस्थित बालकुमारी माध्यमिक विद्यालयमा १ बर्ष पढाएका थिए । एम. ए. कक्षाको पढाइ पूरा गरेर शोधपत्र तयार गर्ने अवधिभर पूरा एक वर्ष महेन्द्र आदर्श माध्यमिक विद्यालय ललितपुर सातदोबाटोमा पनि पढाएको पाइन्छ । एम. ए. पूरा गरेपछि भने उनले शिक्षा विकास तथा अनुसन्धान केन्द्रमा रहेर अनौपचारिक शिक्षा सम्बन्धी काम गर्नु परेको थियो । यस्तो काम साढे दुई वर्षसम्म गरेपछि उनलाई विभिन्न ठाउँमा घुमिरहनु पर्ने जागिर गर्न मन नपरेको हुँदा अनुसन्धान केन्द्रको जागिर छाडेको पाइन्छ ।[७]

अरु काममा लाग्नुभन्दा पढाउने काममा नै लाग्नु उपयुक्त, सजिलो र आनन्ददायक हुने सम्झेर नै लक्ष्मीकान्तले आफ्नो इच्छा अनुसार प्राध्यापन पेसा रोजेको पाइन्छ । वि.सं. २०३७ साल मङ्सिर १ गतेदेखि त्रिभुवन विश्वविद्यालय अन्तर्गत अमृत क्याम्पसमा उनले अस्थायीरूपमा प्राध्यापनवृत्ति प्रारम्भ गरेका हुन् । साढे पाँच वर्ष पछि वि.सं. २०४३ साल असारदेखि उनी उपप्राध्यापक पदमा पदोन्नति भए र त्यसै क्याम्पसमा नै अध्यापन वृत्ति गर्दैरहे । वि.सं. २०६३ सालको वैसाखदेखि सहप्राध्यापक पदमा उनको पदोन्नति भयो । सहप्राध्यापक भएपछि पनि अमृत क्याम्पसमा नै प्राध्यापन गर्दागर्दै लक्ष्मीकान्त वि.सं. २०६५ सालमा शिक्षामन्त्रालयबाट मनोनीत भएर काशी हिन्दुविश्वविद्यालयको नेपाल चेयरमा २ वर्षका लागि अतिथि प्राध्यापक बन्न पुगे । हाल अमृत क्याम्पसबाट त्रिचन्द्र बहुमुखी क्याम्पसमा सरुवा भएका छन् र उनले आफ्नो प्राध्यापनवृत्ति गर्दैछन् ।[८]

उनको प्राध्यापक व्यक्तित्वको यतिलामो विवरणबाट के बुझिन्छ भने उनी आफ्नो प्राध्यापन कार्यमा कुशल छन्, सन्तुष्ट छन् र प्रसन्न छन् ।

३.५.७ जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाका बीच सम्बन्ध

हरेक व्यक्तिमा आफू जन्मेर हुर्के बढेको परिवेशले ठूलो छाप छोडेको हुन्छ । कोही समाज बगेको दिशातर्फ बग्दै हुलको पछिपछि दौडिरहेका हुन्छन् भने कतिपय व्यक्तिले समाजको गतिलाई नेतृत्वसमेत दिइरहेका हुन्छन् । एउटै समाजमा हुर्के र बढेका व्यक्तिहरूमा कसैको सामाजिक प्रतिष्ठा उच्च हुनु र कसैको सामान्य हुनु स्वाभाविकै भए जस्तै समाजका घटनाक्रमलाई व्यक्तिपिच्छे फरकफरक तरिकाले बुझ्नु पनि स्वाभाविकै हो । साहित्यिक भावुक व्यक्तिले आफ्नै जीवनमा घटेका, समाजमा भएका तथा लेखपढ र फराकिलो कल्पनाको क्षितिजभित्र समेटिने कुरालाई आफ्नो कृतिमा समेट्न सक्छन् । लक्ष्मीकान्त पन्थीको जीवनीका हरेक पाटालाई केस्राकेस्रा पारेर हेर्दा पनि उनी भक्तिभावमा, अध्यात्मिक प्रकृतिको जीवनदर्शन लिएर समाजमा प्रतिष्ठित जीवन बिताइरहेको देखिन्छ । उनले समाजमा कमाएको प्रतिष्ठाको कारण नै उनको आफ्नैपन हो । त्यही उनको व्यक्तित्व हो । त्यसैले उनको व्यक्तित्व र उनका सिर्जनाका बीच अन्योन्याश्रित सम्बन्ध देखिन्छ । उनका साहित्य सिर्जनाको विषयवस्तुलाई हेर्दा प्रायजसो कृतिहरू गम्भीरभाव बोकेका, नीतिचेतना भएका, प्रकृतिको चित्रणयुक्त, भक्तिरसद्वारा ओतप्रोत भएका

[७] ऐजन ।
[८] ऐजन ।

ज्योतिषशास्त्र, संस्कारिककर्म आदिमा आधारित छन् । यसबाट उनको जस्तो जीवनी र व्यक्तित्व छ, तदनुसारको साहित्य सिर्जना समेत छ भन्ने देखिन्छ ।

३.५.८ निष्कर्ष

लक्ष्मीकान्त पन्थीको जीवन लेखपढ र भोगाइबाट आएको ज्ञानलाई उनको सचेत दिमागले निकालेको निचोडका आधारमा तयार गरेको जीवनदर्शनमा आधारित जीवन हो । पैतृक परम्पराबाट हस्तान्तरित संस्कृत भाषाको ज्ञान, शिक्षण र प्रकाशनको जिम्मेवारीमा उनी कत्ति पनि विचलित छैनन् । यसले उनको व्यक्तित्वको उचाइलाई अझ माथि उठाएको छ । सदाचारी, नैतिक एवं आदर्शवादी पण्डित व्यक्तिको रूपमा आफ्नो समाजमा स्थापित गरेको परिचय आफैमा जति सुन्दर छ, त्यसमा अझ मिठास भर्ने काम उनीसङ्ग फलितज्योतिष अनुसार जन्मकुण्डली हेरेर फल बताउन सक्ने विशेष क्षमताले गरेको छ । आफ्ना सुकोमल कृति रचना गरी नेपाली साहित्य, संस्कृत साहित्य अनि अनुवादसमेत गरी साहित्यलाई १२ वटा कृति सुम्पन सक्नुले उनमा निहित साहित्यिक खुवीको उजागर हुन्छ । आजको समयमा अङ्ग्रेजी भाषाप्रति मानिसको आकर्षण बढिरहेको पृष्ठमूमिमा पनि लक्ष्मीकान्त पन्थी अविचलितरूपमा नेपाली भाषाको पनि जननी भाषा (संस्कृत) को संरक्षण, सम्वर्द्धन र विकास चाहन्छन् अनि संस्कृत भाषामा साहित्य रचना गर्ने हिम्मत गर्छन् ।

लक्ष्मीकान्त पन्थीमा स्वतस्फुर्त कविता रचना गर्न सक्ने विशेष खुबी छ । तसर्थ उनी कविता रचनामा बढी जोड दिन्छन् । त्यसो त भूमिका लेखन, समालोचना, समीक्षा लेखन समेत नगर्ने भने होइनन् । उनको अनिवार्य काम भनेकै नेपाल सरकारको नियमको मर्यादामा रहेर त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा प्राध्यापन गर्दै जीवनवृत्ति सञ्चालन गर्नु हो ।

यसप्रकार लक्ष्मीकान्त पन्थी बहुआयामिक व्यक्तित्वका धनी देखिन्छन् । विद्यावारिधि उपाधि प्राप्त, संस्कृत र नेपाली भाषाका ज्ञाता, साहित्यानुरागी, आध्यात्मिक चिन्तनमा अनुरक्त धार्मिक विचारपूर्ण, सदाचारी, नीतिचेतना भएका, ज्योतिषी एवं प्राध्यापकका रूपमा आफ्नो व्यक्तित्वलाई लक्ष्मीकान्त पन्थीले स्थापित गराएका छन् ।

परिच्छेद चार

लक्ष्मीकान्त पन्थीको कृतित्व

लक्ष्मीकान्त पन्थीले आफ्नो साहित्य यात्रा वि.सं. २०२५ सालमा उनले अध्ययन गरेको विद्यालय श्रीतौलेश्वरनाथ संस्कृतप्रधान पाठशाला (हाल संस्कृत मा.वि.) को मुखपत्रमा **नयाँवर्ष** शीर्षकमा कविता छपाएर प्रारम्भ गरेका हुन् ।[1] यसपछि उनको लेखनको रुचि कवितातर्फ अझ दह्रिलो तवरले अगाडि बढेको देखिन्छ ।

कविता उनको प्रथम रोजाइको विधा हो । उनी मौलिकरूपमा संस्कृत र नेपाली दुवै भाषामा कविता लेख्न सिद्धहस्त छन् नै । भावानुवाद गरिएका कृतिहरू पनि उत्तिकै भाव सलल बगेका सुसङ्गठित छन्दोबद्ध देखिन्छन् ।

४.१ कृति विवरण

लक्ष्मीकान्त पन्थी चारदशकदेखि साहित्य सिर्जनामा क्रियाशील छन् ।

१. 'नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान' स्नातकोत्तर शोधपत्र (२०४१)

२. सजिलो कुण्डली फल (२०४१)

३. ऋतुविचार खण्डकाव्य संस्कृतानुवाद (२०६२)

४. प्राकृत पोखरा वर्णनात्मक खण्डकाव्य संस्कृतानुवाद (२०६७)

५. हठयोगप्रदीपिका नेपाली अनुवाद (२०६७)

६. कृष्ण जीवनदर्शन (अप्रकाशित)

७. जननीवैभवम् (अप्रकाशित संस्कृतमा)

८. जीवनदर्शनम् (फुटकर कविताहरूको एक सङ्ग्रह) अप्रकाशित संस्कृतमा

९. लक्ष्मीवैभवम् काव्य (अप्रकाशित संस्कृतमा)

१०. सारस्वतवैभवम् काव्य (अप्रकाशित संस्कृतमा)

११. वंशदर्शनम् काव्य (अप्रकाशित संस्कृतमा)

१२. नेपालमा संस्कृत साहित्यको इतिहास (शोधग्रन्थ नेपालीमा) अप्रकाशित

१३. सोह्र संस्कार- परिचय र विमर्श

१४. चन्दन-अक्षता-फूल (प्रकाशनाधीन)

---

[1] लक्ष्मीकान्त पन्थी "नयाँवर्ष", तौलिहवा : **सिद्धार्थ,** वर्ष १, अङ्क १, २०२८ ।

४.२ कृति अध्ययन

४.२.१ नेपाली साहित्यको विकासमा गोरखापत्रको योगदान (२०३४)

यद्यपि गोरखापत्र नेपालको प्रमुख र प्रथम समाचार पत्र हो तापनि यसले आफ्नो प्रकाशनकाल (१९५८ वि.सं) देखि नै साहित्यको सेवा, आराधना भनौं योगदान गरेको स्पष्ट छ । त्यसबेला गोरखापत्रबाहेक अन्य कुनै पत्रिका निस्कँदैनथे । एकदुई पत्रिका (उपन्यास तरङ्गिणी) निस्किएका वा निस्कने प्रयास गर्दागर्दै आत्तिएर थच्चिएका भएपनि समाचार दिने र साथसाथै धेरथोर साहित्यको पनि समसामयिक लेख, रचना, निबन्ध, कविता तथा केही नाटक समेत प्रकाशन गरेर गोरखापत्रले नेपाली साहित्यमा योगदान पुऱ्याएको हो । गोरखापत्रमा नियमितरूपमा राखिने र पढिने अग्रलेख भनौं सम्पादकीयको त नियमित प्रकाशन हुने नै भयो । यो काम पनि तत्कालीन व्यवस्थापक तथा सम्पादकको दृष्टिअनुसार हुने कुरा सर्वविदितै छ । गोरखापत्रमा पनि त्यस्तै भएको रहेछ । यसका व्यवस्थापक राजा जयपृथ्वीवहादुर सिंह रहँदासम्म र सम्पादक नरदेव पाण्डेले काम गर्न पाउँदासम्म गोरखापत्रले पनि नेपाली साहित्यमा राम्रो योगदान पुऱ्याएको देखिन्छ । त्यसबेलाको गोरखापत्रको प्रकाशन साप्ताहिक मात्र भएपनि यसका पाठकहरूले यतिमा नै सन्तुष्टि लिनु पर्ने अवस्था थियो ।[२]

यद्यपि लक्ष्मीकान्त पन्थीको उक्त पुस्तक आफ्नो एम. ए. कक्षाको अध्ययन पूरा गर्नका लागि वि.सं २०३४ सालमा लेखिएको शोधपत्र हो । त्यसमा पनि यो गोरखापत्रको प्रकाशन काल (वि.सं.१९५८) देखि नेपाली साहित्यमा आधुनिक कालको थालनी हुँदा (वि.सं.१९९१) सम्म सीमित छ । यसो भए पनि त्यति बेलाको गोरखापत्रले नेपाली साहित्यमा के कति योगदान पुऱ्याएको रहेछ भन्ने कुराको खोजी वा अनुसन्धान लक्ष्मीकान्त पन्थीले यस शोधपत्रमा गरेका छन् । उक्त शोधपत्रको पनि प्रथम खण्ड भनौं भूमिका भाग मात्र प्रकाशन गरिएको उनको यो पहिलो पुस्तक हो । यसमा गोरखापत्र पूर्वको नेपाली साहित्य शीर्षक अन्तर्गत (क) अभिलेखकालीन गद्य (ख) प्रारम्भिक नेपाली

साहित्य (ग) माध्यमिक नेपाली साहित्य सम्बन्धी कुराको जानकारी दिइएको छ । अर्को- गोरखापत्र र नेपाली साहित्य शीर्षक अन्तर्गत (क) गोरखापत्र छापिनुभन्दा पहिले यसको व्यवस्था (ख) गोरखापत्रको प्रारम्भ (ग) गोरखापत्रको संक्षिप्त इतिहास (घ) गोरखापत्र र अरु समसामयिक पत्रपत्रिका (ङ.) गोरखापत्र र नेपाली भाषा (च) गोरखापत्रमा नेपाली साहित्यका विभिन्न विधा सम्बन्धी विषयमा स्पष्टपार्ने काम भएको छ । अन्त्यमा तत्कालीन गोरखापत्रमा प्रकाशित उत्कृष्ट गद्य र उत्कृष्ट कवितालाई पनि उद्धृत गरिएको छ ।

४.२.२ सजिलो कुण्डलीफलको अध्ययन (२०४१)

हाम्रो ग्रामीण समाज नेपाली सनातन धार्मिक परम्परा एवं ज्योतिष शास्त्रले बताएका कुराहरूद्वारा विशेषरूपमा निर्देशित छ । यद्यपि ज्योतिष शास्त्रका सिद्धान्त, संहिता र होरा गरी

[२] लक्ष्मीकान्त पन्थी, **नेपाली सात्यिको विकासमा गोरखापत्रको योगदान,** शोधपत्र, पृ. २०२६ ।

तीन प्रमुख भेदहरू छन् । तीमध्ये होरा ज्योतिषका पनि मुहूर्त र फलित गरी दुई भेद छन् । हाम्रो नेपाली समाजका मानिसहरू ज्योतिषका मुहूर्त र फलित दुवै शाखाबाट निर्देशित छन् । मुहूर्त ज्योतिष अनुसार विभिन्न कामहरूमा साइत हेर्ने, दिन हेर्ने, यात्रा गर्ने, गृह निर्माण, गृह प्रवेश, अन्नप्राशन, वधूप्रवेश, विवाह, व्रतबन्ध आदिका लागि शुभमुहूर्त वा शुभ दिन एवं साइत हेरेरै मात्र कामगर्ने वा यात्रागर्ने प्रचलन छ । फलितज्योतिष अनुसार बाह्रै महिनाका प्रत्येक अहोरात्रमा कुनबेला कुन लग्नको उदय भएको छ । त्यो र त्यसवेला अन्य ग्रहहरूको स्थिति कहाँ कस्तो छ भनी तात्कालिक जन्मलग्नका आधारमा ज्योतिषीद्वारा जन्मकुण्डली तयार गर्न लगाई त्यसका आधारमा फलादेश गर्ने हेर्ने सुन्ने र विचार गर्ने प्रचलन रहेकै छ ।

यही जन्मकुण्डली तयारगर्न र त्यो हेर्न जान्नुपर्ने प्रारम्भिक पारिभाषिक कुराहरूसहित सामान्य फलादेशका कुरासमेत नेपाली भाषामा अनुष्टुप छन्दमा तयार गरिएको सानो पुस्तिका हो सजिलो **कुण्डली फल** । यसमा तीनसय सत्र अनुष्टुप छन्दका पद्यहरू रहेका छन् । कुण्डली हेरेर फलादेश गर्नेहरूका लागि यो पुस्तिका धेरै सजिलो र सहयोगी देखापर्छ । वि.सं. २०४१ सालमा प्रकाशित यो पुस्तिका तयार गर्दा त्यसबेला ज्योतिषीको सङ्गत गरिएको र कुण्डली हेरी फलादेश गर्न सजिलो होस् भन्ने आशयले तयार गरिएको हो । पुस्तक छाप्ने बेलामा एकहजारप्रति एकैपटक छाप्नु पर्ने हुँदा ती पुस्तकहरू छिटो बिक्री हुन सकून् भन्ने आशयले सहलेखककारूपमा ती ज्योतिषी (कमलराज भण्डारी) को नाम पनि त्यहाँ प्रकाशित छ तापनि यसको लेखन कार्य सम्पूर्णरूपमा शोधनायक स्वयं आफैले गरेका हुन् ।[३]

सजिलो कुण्डली फल पुस्तिकाबाट केही श्लोकहरू नमुनाका लागि प्रस्तुत छन् ।

अब हेर्न सिकौँ जन्म-पत्र,गोचरमा गनौँ ।
कति छन् भाव तिनका नाम जानौँ सबै चिनौँ ।
शरीर, धन, भाइ र मित्र, पुत्र भनी बुझौँ ।
छैठौँ हो शत्रुको भाव गनौँ क्रमसितै चिनौँ ।
पत्नी, आयु, धर्म-कर्म आम्दानी खर्च भाव हुन् ।
राम्रा नराम्रा ग्रहले उस्तै फल बताउँछन् ॥
(१) लग्नबाट रूप, वर्ण, मोटो, दुब्लो र चिन्हको ।
आयु, ज्ञान दुःख-सुख विचार गर देहको ॥
(२) दोस्रोमा धातु रत्नादि खजाना क्रय-विक्रय ।
कुटुम्ब धन-धन्यादि विचार यसको गर ॥
(३) तेस्रोमा भाइ शौर्यादि बल बान्धव नोकर ।
बताए ग्रहको योगबलबाट परे भर ॥

[३] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

(४) चौथोमा ग्रह मित्रादि पशु क्षेत्रादि सम्पत्ति ।

वाहनादि र आमाका वारेमा सब भन्नु नि ॥

(५) पाँचौँबाट बुद्धिविद्यामन्त्रयन्त्रादि पुत्रको ।

नीतिव्यवस्था वाग्वृत्ति व्यवहार भने भयो ॥

(६) छैठौँमा शत्रु-चिन्ता र रोग शोकादि दुःखको ।

सौते आमा मावलीमा के कस्तो छ भने भयो ॥

(७) सातौँमा पति या पत्नी छन् के कस्ता ? हुनन् कति ?

व्यापार यात्रा झगडा के कस्तो छ भने यति ॥

(८) आठौँमा आयुका साथै लिनु दिनु छ के कति ?

हतियार कुनै रोग विचार्नु दुःखको गति ॥

(९) नवौँबाट धर्म-कार्य विद्या-सम्पत्ति भाग्यको ।

फल तीर्थादिगमन ससुराली छ के कसो ?

(१०) दशौँमा धन मानादि राज्य व्यापार वृत्तिको ।

प्रतिष्ठा र पुरस्कार पिताको भन्नु जे छ त्यो ॥

(११) एघारौँमा के कसो छ आम्दानी गृह वस्त्रमा ।

हात्ती, घोडा सुवर्णादि स्त्री-पुत्र पशुलब्धिमा ॥

(१२) हानि नोक्सान वा खर्च दण्ड बन्धन क्यै भए ।

शत्रुको चाल कस्तो छ बाह्रौँमा सब भन्दिए ॥[४]

४.३.३ ऋतुविचार काव्य संस्कृतानुवादको अध्ययन (२०६२)

कविशिरोमणि लेखनाथ पौड्यालद्वारा विरचित **ऋतुविचार** नामक खण्डकाव्य नेपाली काव्य जगतमा प्रसिद्ध पुस्तक हो । ऋतुविचार काव्यको रचना भए पछि नेपाली साहित्यले एक फड्को मारेको कुरा सर्वविदितै छ । वास्तवमा ऋतुविचार प्रकाशित भएपछि नै नेपाली काव्यमा प्रवाहित भइरहेको यस अगाडिको शृङगारिक धारा सुक्दै गएको र आधुनिक यथार्थवादी एवं वैचारिक काव्यात्मक धारा बढ्दै गएको अनुभव सर्वत्र गरिएको छ । यो यथार्थ एवं सत्य हो । यसैले नै ऋतुविचार काव्यको विशेष महत्व रहेको छ ।

शोधनायकले कविशिरोमणि लेखनाथको ऋतुविचार काव्यको प्रकृति वर्णनका साथसाथै वैचारिक महत्वलाई समेत बुझेर यसलाई संस्कृतमा अनुवाद गर्न उपयुक्त सम्झेको बताउँछन् । ऋतुविचार खण्डकाव्यको संस्कृत अनुवाद कार्यमा किन प्रवृत्त हुनुभयो भनी प्रश्न गर्दा शोधनायक

[४] लक्ष्मीकान्त पन्थी, **सजिलो कुण्डलीफल,** २०४१, पृ. १२ ।

स्वयंले त्यसैमा प्रकाशित अनुवादकीय पृष्ठमा मैले आफ्नो कुरा भनेकै छु भनी बताउँछन् । अब उनको अनुवादकीय पृष्ठ पल्टाएर हेर्दा यस सम्बन्धमा शोधनायकको भनाइ यस्तो छः-

> "........संस्कृत साहित्यका कविशिरोमणि कालिदासको ऋतुसंहारः काव्यजस्तै ऋतुवर्णनमा आधारित नेपाली साहित्यको ऋतुविचार काव्यलाई संस्कृतमा अनुवाद गर्न सकेदेखि भारतीय तथा अन्य देशीय विद्वानहरूले पनि दुवैको तुलनात्मक अध्ययन गर्न पाउँदा हुन् कि जस्तो मनमा लागेको र संस्कृत साहित्यको धेरै ऋण लिएको नेपाली साहित्यबाट थोरै भए पनि ऋण तिर्न सकिन्छ कि भन्ने भावना मनमा जागेकाले पनि यसलाई संस्कृतमा अनुवाद गर्ने प्रयास गरेको हुँ ।"[५]

उक्त भनाइबाट ऋतुविचार काव्यको संस्कृत अनुवाद गर्दा नेपाली साहित्यको अन्तर्राष्ट्रिय क्षेत्रमा पहुँच हुनसक्ने र महत्व बढनसक्ने हुनुका साथै थोरै मात्र भए पनि संस्कृतको ऋणसमेत तिर्न सकिने लेखकको मनसाय बुझ्निन आउँछ ।

यस सन्दर्भमा शोधनायकले गरेको ऋतुविचार काव्यको संस्कृतानुवाद कस्तो भएको छ भन्ने पनि उल्लेख गर्न आवश्यक भएकोले केही समीक्षकहरूका भनाइ वा लेखाइ यहाँ प्रस्तुत छन् ।

ऋतुविचारः सानुवादः काव्यको समीक्षा गर्दै यसै पुस्तकमा प्रकाशित भूमिकामा **डा. टीकाराम पन्थी**को भनाइ यसप्रकार रहेको छ :

> "लेखनाथको ऋतुविचारः........... उपमा रूपक, दृष्टान्त, अर्थान्तरन्यास आदि अलङ्कारहरूले चमत्कारपूर्ण बनेको ऋतुविचार काव्य मौलिकता रसभावपूर्णता आदिबाट नेपाली साहित्य जगत्मा सम्मानित बनेको छ । नेपाली भाषामा अनुष्टुप छन्दमा रचित यो काव्यकृति अहिले तत्समच्छन्दी संस्कृत पद्यहरूमा डा. लक्ष्मीकान्त पन्थीद्वारा रूपान्तरित गरिएको छ ।
>
> यी रूपान्तरित संस्कृत पद्यहरू आदिदेखि अन्त्यसम्म सावधान भएर मैले पढेको छु । यस पद्यात्मक अनुवादमा मूलपद्यको भाव कतै पनि विचलित भएको छैन । यथासम्भव सरल मधुर शैलीमा रूपान्तरित गर्ने काम डा. पन्थीद्वारा निर्वाहित छ ।[६] केही उदाहरण यस्ता छन् ।
>
> मूल- प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ ।
>
> तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ ॥
>
> अनुवाद- प्रत्येकपुष्परूपाणां रङ्गरेखाद्यनेकता ।
>
> सौन्दर्यज्योतिरेकं वै तेषामन्तर्विराजते ॥ (वसन्त विचार-२५)
>
> मूल- राम्रा नयाँ नयाँ रङ्ग निकालेर थरी थरी ।
>
> सधैँ चक्कर खाँदैछ कविको प्रतिभा सरी ॥

[५] लक्ष्मीकान्त पन्थी, **ऋतुविचारः सानुवादको,** अनुवादकीय, २०६२, पृ. ७ ।
[६] टीकाराम पन्थी, **ऋतुविचारः सानुवादः**, शुभाशंसा, २०६२, काठमाडौं : पृ. ञ ।

अनुवाद- रम्यं नवं नवं रागं विनिष्कास्य विभिन्नकम् ।

मेघो विभ्रमति व्योम्नि कवीनां प्रतिभा यथा ॥ (वर्षा विचार-१९)

मूल- गर्दा गर्दै खुशी साथ शरत्सौन्दर्य वर्णन ।

हेमन्तले खिँची हाल्यो कविको लेखनीकन ॥

अनुवाद- कारं कारं प्रसन्नात्मशरत्सौन्र्यवर्णनम्

हेमन्तर्तुरपीदानीं प्राकर्षत् कविलेखनीम् (हेमन्त विचार १)

यसरी आफू जन्मेको ९० वर्षपछि संस्कृतीकृतस्वरूप पाएको यस काव्यकृतिले संस्कृतविद नेपालीहरू तथा नेपाली भाषाका अनभिज्ञ संस्कृतविद भारतीय वा अन्य देशीय विद्वान्हरूको मनोविनोद गर्नमा सफलता पाउनेछ भन्ने विश्वास गर्दछु ।"

लक्ष्मीकान्त पन्थीद्वारा संस्कृतमा रूपान्तरित ऋतुविचारः सानुवादः पुस्तकको समीक्षा गर्दै कवि **मुकुन्दशरण उपाध्याय** लेख्छन् :-

"ऋतुविचार खण्डकाव्य कविशिरोमणि लेखनाथ पौड्याल को प्रथम र सर्वश्रेष्ठ नमुना हो । यसमा ६ वटा ऋतुहरूको प्रभाव मा विचित्र काँचुली फेरिरहेको लतावृक्षमय प्रकृति मात्र होइन, जनजीवनमय प्रकृति पनि हृदयसंवेद्य बनेर उपस्थित बनेको छ र कथा विना नै पाठक लाई आफू सङ्ग बगाएर लाने अद्भूत कला यसले पाएको छ । यस्तो उत्कृष्ट कृति लाई कवि तथा विद्वद्वर डा. लक्ष्मीकान्त पन्थी ले नेपाली भाषीहरूमा मात्र सीमित रहेको अवस्था बाट संस्कृत का पाठकहरूसम्म पुऱ्याउने उत्साह गर्नुभएको छ र उहाँ ले संस्कृत पाठकहरू लाई यस को रसास्वादन गर्ने अवसर जुटाएर ठूलो गुन लगाउनुभएको छ । यो उदाहरणीय र स्तुत्य कार्य हो । यहाँ

स्मरणीय के छ भने - डा. लक्ष्मीकान्त पन्थी स्वयं संस्कृत र नेपालीका राम्रा कवि पनि हुनुहुन्छ । उहाँ स्वतः स्फूर्तरूपमा सुन्दर पद्यहरू को रचना गर्नुहुन्छ । परिणाम के भएको छ भने उहाँको अनुवादले मौलिक कविता जस्तै मिठास प्राप्त गरेको छ ।[७] उदाहरणका लागि केही पद्यहरू हेरौँ:-

मूल- निस्के नयाँ नयाँ लाखौं वृक्षमा मञ्जु मञ्जरी ।

रसिला प्रतिभाशाली कविका कविता सरी ॥

अनुवाद-नवीना मञ्जुमञ्जर्यो वृक्षलक्षे विनिःसृताः ।

सरसाः कविता तुल्याः कवीनां प्रतिभावताम् ॥ (वसन्त विचार -६६)

मूल- खोली कमलको छाता हम्काई काशचामर ।

ऋतुराजै सरी गम्क्यो शरत्काल मनोहर ॥

अनुवाद- पद्मानां छत्रमुद्घाट्य व्यजनीकृतपुष्पकः ।

[७] मुकुन्दशरण उपाध्याय, **ऋतुविचारः सानुवादः**को भूमिका, २०६२, पृ. ञ-भ ।

ऋतुराज इवोत्फुल्लः शरत्कालो मनोहर : ॥ (शरदविचार ७४)

मूल- नयनाऽऽनन्दका साथै रसनाऽऽनन्दनायक ।

फल अर्को कुनै छैन सुन्तला-तुल्य लायक ॥

अनुवाद- दर्शने नयनाऽऽनन्दं रसनाऽऽनन्ददं तथा ।

नारङ्गमिव योग्यं तु फलमन्यन्न दृश्यते ॥ (हेमन्त वचार ९)

सम्भवतः उहाँमा यो गुण पैत्रिक उत्तराधिकारमा आएको हो । उहाँका पिता पं भीमकान्त पन्थी संस्कृतका विशिष्ट विद्वान् र कवि हुनुहुन्थ्यो । हामी यो कुरा उहाँका तीन संस्कृत कृति जगदम्बिकावैभवम्, जगदीश्वरवैभवम् र विविधपद्यावलि पढेर सहजै अनुभव गर्न सक्छौं ।

यस्ता आफ्ना स्वनामधन्य पिताको श्री लक्ष्मीकान्त पन्थी ले आनुवंशिक गुण र आशीर्वाद पाउनुभएको छ । श्रीपन्थीको यो अनुवाद संस्कृत साहित्यका लागि पनि सुखद समाचार हो र नेपाली साहित्यको पनि सौभाग्य हो । यसका लागि विद्वद्वर कवि श्रीलक्ष्मीकान्त पन्थीलाई हार्दिक शुभेच्छा व्यक्त गर्नु हामी सबैको कर्तव्य हो । श्रीपन्थी ले नेपाली छन्दोवद्ध कृति लाई तत्समच्छन्द मा संस्कृतमा रूपान्तरण गरेर आफ्नो जुन प्रतिभा वैशिष्ट्य देखाउनुभएको छ, त्यसको अनुसरण अरु संस्कृतज्ञ प्रतिभाशालीहरू ले पनि गर्नुपर्छ जस्तो म ठान्छु । संस्कृतको जीवन्तता लाई अगाडि बढाइराख्न पनि यस्तो आवश्यक छ ।[८]

अन्त्यमा यसका अनुवादक विद्वद्वर श्री लक्ष्मीकान्त पन्थी लाई यसरी नेपाली साहित्यको परिचय बढाउने सत्कार्यमा सफलता मिलिरहोस् भन्ने कामना गर्दै कलम बिसाउँछु ।"

यसै सन्दर्भमा 'ऋतुविचारः सानुवादको ममा परेको प्रभाव' भन्ने शीर्षकमा समीक्षा गर्दै दीनबन्धु अर्याल यस्तो लेख्छन् :

"कविशिरोमणि लेखनाथ पौड्यालद्वारा विरचित ऋतुविचारको डा. लक्ष्मीकान्त पन्थीले संस्कृतमा अनुवाद गर्नुभएको छ । समुन्द्रमन विद्याप्रतिष्ठान काठमाण्डौद्वारा प्रकाशित संस्कृत भाषामा अनुवादमा अनुवादकले तत्समछन्दको प्रयोग गर्नुभएको छ । संस्कृत भाषा र साहित्यमा उच्चज्ञान प्राप्त गर्नुभएका साधक, विद्वान् र कविलाई लेखनाथ पौड्यालकै रचनाको अनुवाद गर्ने प्रेरणा कसरी मिल्यो होला भन्दा कविशिरोमणि लेखनाथको नैतिक मूल्य र मान्यतामा निष्ठा राख्ने गुणको एउटा विशेषता रह्यो भने पौड्याल र अनुवादक लक्ष्मीकान्त पन्थी दुबै संस्कृत भाषा र साहित्यका पारखी, दुवैको आचरण संस्कारयुक्त रहेको, दुवै मानवतावादी दुबैमा कविका गुणहरू विद्यमान छन् । डा. लक्ष्मीकान्त पन्थी संस्कृत र नेपालीका प्रसिद्ध कवि पनि हुनुहुन्छ । पन्थीको अनुवाद मौलिक कविता जस्तै देखिएको मात्र होइन, कतिपय कवितामा अनुवादले मूल कविताको भाव छर्लङ्ग र स्पष्ट पारेको पनि पाइन्छ ।"

[८] ऐजन ।

वर्षा विचारको उन्नाईसौँ श्लोकमाः

रामा नयाँ नयाँ रङ्ग निकालेर थरी थरी /सधैं चक्कर खाँदैछ कविको प्रतिभा सरी ॥[९]

यी पंक्ति पढेर प्रश्न उठ्छ, के ले चक्कर खाँदै छ ? त्यो प्रश्नको उत्तर मूल पंक्तिमा पाइँदैन । संस्कृत अनुवादमा पूर्व प्रसङ्गमा ध्यान दिएर अनुवादकले **मेघो विभ्रमति व्योम्नि कवीनां प्रतिभा यथा** लेखिदिएर छर्लङ्ग पारिदिनुभएको पाइन्छ ।

पशुपंक्षी लता वृक्ष लगायत चराचर /ऋतुनायकको गर्छ प्रेमले स्वागताऽऽदर ॥[१०]

मा गर्छ एक वचन छ, जब कि पशुपक्षी लतावृक्ष चराचरले बहुवचन बुझाउँछन् । अनुवादकले भने **ऋतुराजस्य कुर्वन्ति** लेखेर वहुवचन प्रयोग गर्नुभएको पाइन्छ । वसन्त विचारको बाह्रौं श्लोकमा "ऋतुराज उतैबाट गर्छ त्यो शुभशासन" भन्ने श्लोकमा अरु ऋतुदेखि भिन्न देखाउने कविको स्वाभाविक इच्छा कवितामा नदेखिएकोमा पनि अनुवादक लक्ष्मीकान्त पन्थीले **ऋतुराट् कुरुते तावदपूर्वम् शुभशासनम्** मा अपूर्वको योग दिएर छर्लङ्ग पारिदिनुभएको पाइन्छ ।[११] वसन्तविचारको

३८औं श्लोकमा रहेको 'वाहः वा' भन्ने हिन्दी शब्दको सट्टा 'अभिनन्दति' शब्द अनुवादमा राखेर गर्छ क्रियालाई अनुवादकले सार्थक बनाइदिनुभएको छ । 'वाहः वा' भनिने शब्द हो, गरिने होइन । वसन्त विचारको ५९ औँ श्लोकमा 'आस्मानी रङ्गका कुनै' पदावलिको अनुवाद **नीलवर्णाश्च केचन** राखेर झन् स्पष्ट र नेपाली पाठकले ग्रहण गर्न मिल्ने स्पष्ट शब्द प्रदान गर्नुभएको छ अनुवादकले ।[१२] वसन्त विचारको बयसट्ठीयौं श्लोकमा

'वनका बीचमा यौटा सिक्रो वृक्ष करीर यो / बलविद्या गुमाएको भारतै तुल्य देखियो ॥'

यहाँ करीर रुख र भारत देश जसमा आर्यावर्तका जनता रहन्छन्, का बीचको उपमामा सादृश्यता पाइँदैन । अनुवादकले **बलविद्याविरहितो भारतस्तुल्यरूपकः** लेखेर रूपमा तुल्यताले रूख देश होइन, भन्ने स्पष्ट पारिदिनुभएको छ । वसन्त विचारको त्रिसट्ठीयौँ श्लोकले मागेको अतिग्रस्तका सट्टा मूल रचनामा ग्रस्त मात्रै हुँदा अनुवाद बढी तर्कपूर्ण र कविशिरोमणिको प्रतिष्ठा बढाउने खालको देखिन्छ । चौरासीयौँ श्लोकमा पक्षीले गान गाउने र जन्तु रमाउने वसन्त विचारमा **सामोदं** रमाउने अर्थमा सामवेदको संझना पनि हुन सक्ने वेदान्ती कविको महत्तालाई सहायता पुऱ्याउँछ । ग्रीष्म विचारको ६३ श्लोकको 'मारे' हिन्दी शब्दको अनर्थ हटाउन अनुवादमा **सन्तप्ता** उपयुक्त छ ।

दीनबन्धु अर्यालले लक्ष्मीकान्त पन्थीको कवित्व क्षमताको बखान गर्दै लक्ष्मीकान्त पन्थीले अनुवाद गर्न रोजेको कृति ऋतुविचारलाई नेपाली काव्य साहित्यका सर्वोत्कृष्टमध्येको एक कृति

[९] दिनबन्धु अर्याल, 'ऋतुविचारः सानुवादःको म मा परेको प्रभाव' **हाम्रो पुरुषार्थ**, वर्ष ३७, अंक १, पृ. २० ।
[१०] ऐजन ।
[११] ऐजन ।
[१२] ऐजन ।

छानेकोमा नै उनी प्रसन्नता व्यक्त गर्दै यसका फाइदाबारे उनले अर्को अनुच्छेदमा उल्लेख गर्छन् :-

"…….यसैले संस्कृत अनुवादले कविशिरोमणि लेखनाथलाई संस्कृत बुझ्ने कवि, लेखक, र विद्वान्ले पनि बुझून् भन्ने सदाशय अनुवादकको रहेको देखिन्छ । संस्कृतका पाठक स्वदेशी वा विदेशीले कवि पौड्यालबारे जान्न सकून्, नेपाली साहित्यको मर्म पनि बुझून् ।

नेपाली संस्कृति र नेपाललाई प्रभाव पारेको विषयका साथै नेपाली कविका काव्य साधनाबारे जानून् भनेर अनुवाद गर्ने जुन गुण र उत्साह हो, त्यसमा अन्तर्निहित सदाशयमा पन्थीका आनुवंशिक गुण र आशीर्वाद पनि कारक छन् ।

वैदिक संस्कृतिबाट अनुप्राणितभन्दा अहिलेका विचारहरूले पुरानो जङ्गली अवस्थाको चित्र मनमा उतारेका हुनसक्छन् । वेद विज्ञान हो, वेद काव्य हो, वेद कला हो भन्ने ज्ञान तिनीहरूमा छैन । स्वामी प्रपन्नाचार्यलाई थाहा छ- वेद विज्ञानको उत्कृष्ट रूप हो । हामीले वैदिक चिन्तन, मनन र अभ्यास गरिरहेका छैनौं । वातावरण वेदमय छैन । पश्चिमा जगतले वेद निर्देशित मन्त्र, सूक्त र मार्गको अनुसन्धान गरेर ज्ञान विज्ञानका ठूलाठूला उपलब्धि प्राप्त गरेका छन् । ज्ञान, कर्म र उपासनामा प्रेरित भएर महर्षि महेशलाई साथ दिएका छन्, समर्पित भएका छन् । वेद अहिले पनि र कहिले पनि थोत्रो हुने होइन । विशेष ज्ञान, आनन्दका लागि, जीवनका लागि, सभ्यताका लागि, परस्पर सहयोगका लागि, आयु-आरोग्यका लागि, सद्भावका लागि, शुभधारणा , शुभकामना, शुभभावनाका विकासका लागि भौतिक र आध्यात्मिक उन्नतिका लागि, मानव मन मस्तिष्क र हृदयको वेदले कला पक्ष र भाव पक्षको साथै ज्ञान विज्ञानको उन्नतिको मार्ग प्रशस्त गरेको छ । यसैले वेदप्रति श्रद्धावान् अनुवादक डा. लक्ष्मीकान्त पन्थीले ऋतुविचारको संस्कृतमा तत्समच्छन्दमा अनुवाद गर्ने संकल्प पूरा गर्नुभएको हो । यो जगत्मा जतिसुकै भौतिक उन्नति गरे पनि मन, हृदय र आत्माको विकास भएन भने त्यसबाट विनाशको निम्तो हुन्छ । यसैले

'संसार यो हिलो सारा पद्मको रस मुक्ति हो ।

जीव छन् भ्यागुता-तुल्य पद्म ईश्वर भक्ति हो ॥ '

यसैले 'पङ्कमस्ति जगत्सर्वं मुक्तिरम्भोरुहां रसः

मण्डूका इव ते जीवा ईशभक्तिस्तु पुष्करम्' ॥

भन्ने वर्षा विचारको ७४ औं श्लोकको मर्म ग्रहणीय छ ।[१३]

कवि लेखनाथको जेठो खण्डकाव्य ऋतुविचार गुणमा पनि श्रेष्ठ छ । संस्कृत भाषा धेरै धनी छ । शब्द निर्माण पनि हुनसक्छ । विश्वमा संस्कृत मात्रै एउटा यस्तो भाषा हो जसको बनोट सारपूर्ण र युक्तियुक्त देखिन्छ । पदहरू सार्थक र उपयुक्त छन् । अनुवादकले मूल कवितासङ्ग अनुप्रास वा ध्वनि मिल्ने शब्दचयनको सीप पनि

[१३] ऐजन ।

देखाउनुभएको छ । मूल कवितामा प्रयुक्त तातोसङ्ग अनुवादमा **उष्ण** नराखेर **तप्त** राख्नुभएको पाइन्छ । जाडोसङ्ग संस्कृतको **जड** शब्दले ठाउँ लिएको छ । यसबाट संस्कृतसङ्ग नेपालीको निकटतम नाता रहेको स्थिति पनि देखिन्छ ।

त्यसै गरी गर्मीका लागि **घर्म**, रुखको अनुवाद **वृक्ष** गरेर निकटता देखाउनुभएको छ भने पौड्यालको कविता वसन्त विचारको ७३ औं श्लोकमा रहेको 'कव' हिन्दी हो, कहिले भन्ने अर्थ हुन्छ भने कथं कसरी गुण जाहेर नहुने पदसङ्ग युक्ति जोड्ने अनुवादकको शिल्प विधानसङ्गत देखिन्छ ।

४.२.४ प्राकृतपोखरा काव्य संस्कृतानुवादको अध्ययन (२०६७)

नेपाली काव्यजगतमा ऋतुविचार खण्डकाव्य मौलिकरूपले नेपाली प्रकृतिचित्रण तथा प्रकृतिको पनि मानवीकरण गरेर त्यसैका माध्यमबाट वैचारिक प्रस्तुति गरेका आधारमा जति प्रसिद्ध, सुन्दर, यथार्थ एवं जनप्रिय छ, त्यत्तिकैरूपमा कवि मुकुन्दशरण उपाध्यायद्वारा विरचित प्राकृत पोखरा (वर्णनात्मक काव्य) ले पनि गण्डकी क्षेत्र भनौं अथवा पोखराको प्राकृतिक एवं वास्तविकतालाई कविताकै माध्यमले सचित्र प्रस्तुत गरेको छ । यो काव्य पनि सुन्दर, सरल, सरस, सहज स्वाभाविक, लोकप्रिय एवं (हृदयाह्लादक) आनन्ददायक छ । त्यसैले त कवि मुकुन्दशरण उपाध्यायलाई मदन पुरस्कार (२०२१ वि.सं.) समेत दिलाउन सफल भएको छ । अर्को एउटा सुखद संयोग के मिल्न गएको छ भने ऋतुविचार काव्यका कवि लेखनाथ र प्राकृतपोखरा काव्यका कवि मुकुन्दशरण उपाध्याय दुवैको जन्मभूमि एवं काव्यभूमिसमेत गण्डकी अञ्चल नै रहेकोले पनि यी दुवै काव्यमा उल्लेख गरिएको प्राकृतिक वर्णनमा एक प्रकारको समानता पनि रहेको देखिन्छ । अर्को एउटा कुरा के सत्य हो भने कवि मुकुन्दशरण उपाध्यायलाई राम्रोसङ्ग जान्ने बुझ्नेहरूले कविशिरोमणि लेखनाथ कै उत्तराधिकारीका रूपमा चिन्दछन् ।[१४]

ऋतुविचार काव्यका संस्कृत अनुवादक लक्ष्मीकान्त पन्थीले प्राकृतपोखराको अनुवादकीय पृष्ठमा उल्लेख गरेअनुसार **ऋतुविचार** काव्य अनुवाद गरिसके पछि पनि उनको हातको सकसकी नमेटिनु, उनलाई अझै केही गरौं जस्तो लाग्नु र त्यो गर्नुपर्ने ठाउँमा **प्राकृतपोखरा** काव्य नै मनपर्नु एउटा अर्को र अनौठो संयोग पनि हुनसक्छ । अनुवादकको भनाइ अनुसार उनलाई मनपर्ने खालका प्राकृतिक चित्र भनौं या प्रकृति पाखा, पखेरा, नदी, ताल, सुन्ला आदि प्राकृतपोखरा काव्यमा भेटिएकाले पनि उनी यसको अनुवाद गर्नमा प्रवृत्त भएको बुझिन्छ ।[१५]

जयतु संस्कृतम् संस्थाद्वारा वि.सं २०६७ सालमा प्रकाशित भएको प्राकृतपोखराकाव्यको संस्कृतानुवाद वास्तवमा कस्तो रहेछ त ? भन्ने जानकारीका लागि यहाँ एकदुई समालोचकहरूका भनाइ अघिसार्नु उपयुक्त हुन्छ ।

[१४] लक्ष्मीकान्त पन्थी, **प्राकृत पोखरा,** वर्णनात्मक काव्यम्, २०६७ पृ. २२६ ।
[१५] ऐजन, अनुवादकीय, पृ. ट-ड ।

संस्कृत र नेपाली साहित्यका उच्चकोटिका कवि लेखक तथा वैयाकरण विद्वान् **डा. टीकाराम पन्थी**ले लेखेका छन् **प्राकृतपोखराको संस्कृतमा रूपान्तरण** भन्ने शीर्षकको भूमिका लेखनमा उल्लेख गरेका छन् कि

> 'सम्बत २०२१ मा प्रकाशित भई मदन पुरस्कार उपलब्ध गराउन सफल नेपाली खण्डकाव्य "प्राकृतपोखरा" ले ४० वर्ष पछि विद्वद्वर डा. लक्ष्मीकान्त पन्थीको कलमद्वारा संस्कृत काव्यप्रबन्धको रूप प्राप्त गरेको छ । डा. पन्थीद्वारा संस्कृत समच्छन्दमा रूपान्तरित यो काव्य प्रकाशित भएपछि संस्कृतप्रणयी काव्यानुरागी नेपाली बुद्धिजीवी तथा नेपाली भाषाका अनभिज्ञ भारतीय मनीषीहरूको मनोविनोद गर्न अवश्य सफल बन्नेछ भन्ने ठान्दछु । उदाहरणका लागि अनुदित कविताका केही अंश हामी यहाँ राख्न सक्छौँ:-
>
> मूल - अनन्त रत्न ले पूर्ण शुद्ध शान्त र शोभन ।
>
> श्रीबिन्दु इनको यो छ सृष्टि को पनि भूषण ॥
>
> अनुवाद - प्रपूर्णोऽनन्तरत्नैश्च शुद्धः शान्तः सुशोभनः ।
>
> शिरोबिन्दुरयं भाति सृष्टेरपि विभूषणः । (नेपाल ३)
>
> मूल - यो राम्रो पोखरा हेर्न आउँछन् जब दर्शक ।
>
> गर्छ स्वागत हाँसेर माछापुच्छ्रे हिमालय ॥
>
> अनुवाद - मधुरां पोखरां द्रष्टुमायान्ति यदि दर्शकाः ।
>
> स्वागतं कुरुते स्मित्वा मत्स्यपुच्छो हिमाचल ॥ (माछापुच्छ्रे ४)
>
> मूल - आँखा भ्रमर हुन् काला मुखमण्डल पुष्प हो ।
>
> नारी हो रसिलो सृष्टि बाँकी संसार शुष्क हो ॥
>
> अनुवाद - पुष्पायितं मुखं यस्या नयने भ्रमरायिते
>
> सा नारी सरसा सृष्टिः शुष्कं भुवनमन्यथा ॥ (कमलपोखरी २३)
>
> मूल - कविता-धन बोकेका सबै हामी सरस्वती ।
>
> तारा बनेर चम्कन्छौँ हाँसी खेली सधैभरी ॥
>
> अनुवाद - सरस्वति ! वयं सर्वे कविता-धनवाहिनः ।
>
> जीवामस्तारका भूत्वा विहरन्तोऽपि सर्वदा ॥ (सुन्तला २१)
>
> मूल - सौन्दर्य हो परं ब्रह्म गर एस्को उपासना ।
>
> सौन्दर्योपासनाद्वारा छुट्दछन् भव वासना ॥
>
> अनुवाद - सौन्दर्यं परमं ब्रह्म' विधेहि तदुपासनम् ।
>
> सौन्दर्योपासनेनैव मुच्यन्ते भववासनाः ॥

यसरी डा लक्ष्मीकान्त पन्थीको संस्कृत अनुवादले मौलिक कविता जस्तै मिठास प्राप्त गरेको छ र यसले **प्राकृतपोखरा** काव्य सुनमा सुगन्ध थपिए जस्तै अझ गौरवपूर्ण बनेको छ ।[१६]

४८ वर्ष अघि वि.सं २०१७ मा कवि मुकुन्दशरणको संस्कृत प्रबन्ध काव्य 'निम्बार्कचरितम्' का अध्येता र पुरस्कारदाता भारतीय संस्कृत विद्वान् अहिले दुर्लभ भएतापनि उनै कविको रूपान्तरित प्राकृतपोखरा कृति नयाँ पुस्ताको भारतीय संस्कृत समाजमा पुग्नेछ । डा. लक्ष्मीकान्त पन्थीद्वारा समच्छन्दमा अनूदित प्रत्येक पद्यको अद्योपान्त स्वरूप भाषिक, शब्दशास्त्रीय वा पदविन्यासात्मक शैली

मैले अध्ययन समीक्षण गरेको छु । भाषिक शुद्धताका साथ सरल-सरस-सुबोध्य पदहरूको प्रयोग गरेर यो काव्य रूपान्तरित भएको छ । यो नेपाली काव्य 'प्राकृतपोखरा' को सौभाग्य हो र संस्कृत साहित्यका लागि खुशीको समाचार पनि हो ।

'प्राकृतपोखरा' काव्यको संस्कृत अनुवाद कस्तो भएको छ भन्ने विषयमा प्राकृतपोखरा काव्यका कवि मुकुन्दशरण उपाध्याय **सम्मति** शीर्षकमा स्वयं यसो भन्छन् :-

"विद्वान् तथा कवि डा.लक्ष्मीकान्त पन्थीसङ्ग प्रत्यक्ष परिचय तेस दिन मात्र भयो जुन दिन उहाँ स्वयं मेरो निवास मा मेरै काव्यकृति 'प्राकृतपोखरा' को संस्कृत छायानुवाद सुनाउन प्रस्तुत हुनु भयो । आफूले कल्पनै नगरेको तेस्तो उत्कृष्ट कार्य बारे आत्मसात् गर्न पाउँदा म भावविभोर हुन पुगें । मलाई लाग्यो - नेपाल मा पनि एस्ता प्रतिभाहरू को अभाव छैन रहेछ, जो निष्काम भाव ले साहित्यसाधना गर्दछन् र नाता, सामीप्य, आग्रह वा अनुरोधको प्रतीक्षा गर्दैनन् । मेरो हृदय ले कवि डा. पन्थी प्रति कृतज्ञता अनुभव गर्नु स्वाभाविकै थियो । समच्छन्द मा नेपालीबाट संस्कृतमा अनुवाद गर्न सक्नु सामान्य प्रतिभाले भ्याउँदैन । न त केवल अनुवादकौशल मात्र तेसका निम्ति पर्याप्त हुन्छ । यस्तो कार्यमा त अनुवादक सँग कवि प्रतिभा हुनु पनि उत्तिकै अनिवार्य हुन्छ । जुनकुरा मैले कवि पन्थी मा पाएँ ।[१७]

मैले 'प्राकृतपोखरा' का नेपाली पद्यहरू को संस्कृत पद्यानुवाद सुन्दा संस्कृत मा नयाँ 'प्राकृत पोखरा' प्रकट भएको अनुभव गरेँ । संस्कृत का पाठकहरू समक्ष मेरा भावहरू पुग्नु मेरो अहोभाग्य हो र एसरी संस्कृत मा अनूदित हुनपाउनु मेरो "प्राकृतपोखरा" काव्य को पनि प्रख्याति र सौभाग्य हो । एस का निम्ति म कुन शब्द ले कवि पन्थी लाई धन्यवाद टक्र्याउँ ? कवि पन्थी ले भन्नु भएको थियो 'मैले विना अनुमति अनुवाद गरें, अव अनुमति माग्न आएको छु ।' वहाँको आशय के पनि थियो भने अनूदित कृति ले मूलकृति को भाव समेट्न सक्यो वा सकेन ? सो रुजु समेत गरिदिनुहोस् । तर मलाई भाव समेट्न नसकेको होइन, अपितु अझै भाव लाई मलजल समेत प्रदान गरेको आनन्दानुभूति भयो । अहिले सम्म नेपाली भाषा भाषीमा मात्र सीमित रहेको एस् काव्य लाई संस्कृतमा छायानुवाद गरेर अव देखि संस्कृतभाषी जगत् एवं देश

[१६] टीकाराम पन्थी, **पूर्ववत्,** पृ. च-ज ।
[१७] मुकुन्द शर्मा उपाध्याय, **पूर्ववत्,** पृ. झ ।

देशान्तर मा समेत पुग्न सक्ने बनाइदिनु भएको मा एस का अनुवादक विद्वान् डा.लक्ष्मीकान्त पन्थी भूरि भूरि साधुवादका पात्र हुनुहुन्छ । म उहाँको एस् सत्कार्य प्रति कृतज्ञ छु ।"[१८]

'प्राकृतपोखरा'को संस्कृत अनुवादका सन्दर्भमा समीक्षा गर्दै डा. जयराज आचार्यले किरण पुस्तकालय गुल्मी तम्घासबाट प्रकाशित वर्ष ४० सम्पूर्णाङ्क ५८ मा यस्तो उल्लेख गरेका छन् :-

"प्राकृतपोखरा एउटा वर्णनात्मक काव्य हो । त्यसकारण कवि डा. लक्ष्मीकान्त पन्थीले त्यसलाई उचित उपशीर्षक दिनुभएको छ 'वर्णनात्मकं काव्यम्' भनेर । प्राकृतपोखरा शीर्षक पनि उपयुक्त छ किनकि यस काव्यमा पोखरा वरपरको प्राकृतिक सौन्दर्यको वर्णन छ, जसमा नेपाल, पोखरा, माछापुच्छ्रे, पाखापखेरा, शुक्ला गण्डकी, सरोवर ,कमल, पोखरी, सुन्तला अन्त्यमा र पुनश्च शीर्षक दिई दश सर्ग समाविष्ट छन् । प्राकृत पोखरा वर्णनात्मक काव्य भए पनि त्यहाँ ठाउँ-ठाउँमा विचारात्मक श्लोकहरू पनि छन् ।[१९] यदाकदा केही जीवन दर्शनको केही व्याख्या गर्ने श्लोकहरू पनि पाइन्छन् जस्तो सरोवरको वर्णन छ ।

डा. लक्ष्मीकान्त पन्थीले गर्नु भएको अनुवाद मनोहर छ । यसका उदाहरणहरू दिन थाल्यो भने ज्यादै लामो हुन जान्छ । त्यसकारण केही मात्र टिप्ने विचार गरेको छु ।

मूल - यहाँका जलवायुऽले देहशक्ति बढाउँछ ।

धर्मार्थ काम औ मोक्ष शक्तिशाली बनाउँछ ॥

अनुवाद - अत्रत्यो जलवायुश्च देहस्फूर्तिं विवर्द्धयेत् ।

धर्मार्थकाममोक्षाँश्च स्वयं देही समर्जयेत् ॥ (पोखरा१३)

मूल - सेतो झल्कीरहेको हिमगिरि परिखा कल्प पैल्है मनैमा

काखैमा यो हिमैका अतिशय हरिया घुम्न जाऊँ वनैमा ।

शुक्ला, गंगा र फेवा कमल र गुलिया सुन्तला आदि सम्झ

चाहिन्नन् काव्य केही अनि त हृदय नै पोखरा काव्य बन्छ ॥

अनुवाद - श्वेतां दीप्तां चतुर्दिक् हिमगिरिपरिखां मानसे चिन्तय त्वम्

अङ्के तेषां हिमानां हरितवनभुवं याहि गच्छाम शीघ्रम् ।

शुक्लां गङ्गां सरो वा मधुफलकमले संस्मर त्वं वनेऽस्मिन्

किञ्चित्काव्यं न दृश्यं तव मनसि तदा 'पोखरा' पूर्ण काव्यम् ॥ पोखरा ३४

उपर्युक्त दुवै काव्यमाथि समीक्षकहरूले राखेको उपचर्चित भनाइबाट र यी दुवै काव्यलाई **जयतु संस्कृतम्** संस्थाद्वारा साभिनन्दन पुरस्कार प्रदान गरिएको बाट पनि लक्ष्मीकान्त पन्थीको

[१८] ऐजन ।
[१९] डा. जयराज आचार्य, **हाम्रो पुरुषार्थ,** २०...वर्ष, ४० अंक १, पृ. ४० ।

संस्कृतानुवाद कला एवं काव्य सौन्दर्यका सवै पक्षहरू अनुकरणीय एवं प्रशंसनीय रहेछन् भन्ने सहजै बुझ्न सकिन्छ ।[२०]

४.२.५ हठयोग प्रदीपिकाको नेपाली अनुवाद (२०६७) को अध्ययन

हठयोगप्रदीपिका हठयोग सम्बन्धी विषयमा प्रारम्भिक जानकारी बताउन सजिलो हुने एउटा सानो पुस्तक हो । यस पुस्तकका मूललेखक वा संकलक स्वात्माराम योगी हुन् । किनभने यस्ता हठयोगका कुरा विभिन्न पुराणहरूमा र विशेष गरी उपनिषदहरूमा रहेका पाइन्छन् । पतञ्जलिकृत योगसूत्र नामक ग्रन्थ पनि अष्टाङ्गयोग सम्बन्धी विषयकै सूत्रबद्ध प्रमुख ग्रन्थ हो ।[२१] यस पुस्तक अन्तर्गत १. ब्रह्ममीमांसादर्शन (वेदान्त), २. धर्ममीमांसादर्शन (मीमांसा), ३. न्यायदर्शन (पदार्थशास्त्र), ४. वैशेषिकदर्शन, ५. साङ्ख्यदर्शन, ६. योगदर्शन शीर्षकमा चर्चा गरिएको छ ।

४.२.६ सोह्र संस्कार- परिचय र विमर्श (अप्रकाशित शोधपत्र, २०५१)

हाम्रो सनातन धर्मावलम्बी नेपाली समाज परापूर्वकालदेखि नै धर्मशास्त्रले निर्देश गरेका मूल्य मान्यताका आधारमा विश्वास राख्दै चलिआएको छ । त्यसैले हाम्रो समाजमा विशेष गरी पण्डितका घरमा तत्सम्बन्धित विषयमा विविध प्रश्नहरू गर्ने र तिनको उत्तरको अपेक्षा वा परिपालना गर्ने जिज्ञासुजनहरू धेरैजसो आइरहने र प्रश्नहरू सोध्ने गर्छन् । लक्ष्मीकान्त पन्थीको घरमा पुस्तौंदेखि यसरी आएका जिज्ञासुहरूलाई धर्मशास्त्र एवं ज्योतिष सम्बन्धमा सोधेका प्रश्नको उत्तर दिई चित्त बुझाएर पठाउने गरिन्थ्यो । यस्तो प्रचलनको परम्परा अझैसम्म कायमै छ ।

यही पृष्ठभूमिमा लक्ष्मीकान्तले बाल्यकालदेखि नै आफ्ना पिता-पितामहले धर्मशास्त्र सम्बन्धी विषयमा जिज्ञासुहरूलाई उत्तर दिएर पठाएको देख्ने, सुन्ने र जान्ने मौका पाए । यसैकारणले अरु विषयमा पढेर स्नातकोत्तर उपाधि हासिल गरिसकेपछि पनि उनलाई हाम्रो प्राचीन हिन्दु धर्मशास्त्र विषयमा अध्ययन गर्ने र स्नातकोत्तर तहसम्म उपाधि लिने इच्छा भयो र उनले त्यसो गरे । त्यतिमात्र होइन, सोह्रसंस्कार सम्बन्धी विषयमा उनले विद्यावारिधि उपाधिसमेत आर्जन गरे । प्रस्तुत कृति अप्रकाशितरूपमै रहेको भएपनि विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत गरिएको शोधपत्र २०५१ हो ।

यसमा पाँच अध्याय छन् । पहिलो अध्यायमा शोध सम्बन्धी विषयको परिचय बताइएको छ । दोस्रो अध्यायमा संस्कार परिचयका कुरा बताइएका छन् । यस अन्तर्गत संस्कार के हो ? संस्कार शब्दको व्युत्पत्ति र अर्थ, विभिन्न अर्थमा संस्कार शब्दको प्रयोग, हिन्दु धर्मसंग संस्कारको सम्बन्ध, संस्कारको क्षेत्र, संस्कारको संख्या र क्रम, संस्कारको प्रचलन र परम्परा, संस्कारको प्रयोजन, संस्कारको आवश्यकता, संकारको वैज्ञानिकता र व्रतबन्ध संस्कार गर्नुभन्दा पहिला गर्नुपर्ने संस्कारहरूको बर्णन गरिएको छ । तेस्रो अध्यायमा व्रतबन्ध संस्कारको परिचय बताइएको छ । यस अन्तर्गत व्रतबन्ध शब्दको व्युत्पत्ति र अर्थ, व्रतबन्ध संस्कारको स्वरूप, व्रतबन्ध

---

[२०] ऐजन ।

[२१] लक्ष्मीकान्त पन्थी, **हठयोग प्रदीपिकाको** नेपाली अनुवादको अनुवादकीयम्, २०६७, पृ. ड ।

संस्कारको आवश्यकता, व्रतबन्ध संस्कारको उपयोगिता, व्रतबन्ध संस्कारको समय निर्धारण, व्रतबन्ध संस्कारको मुहूर्त एवं व्रतबन्ध संस्कारका लागि चाहिने सामग्रीहरू र व्रतबन्ध संस्कारका विधि विधानको वर्णनका साथै शिखा धारण र त्यसको महत्व, यज्ञोपवीत धारण र यसको महत्व, गायत्री मन्त्र के हो ? गायत्री मन्त्रको अर्थ र व्याख्या, गायत्री मन्त्रको उपासना र ध्यान, गायत्रीको महिमा तथा व्रतबन्ध संस्कार गरेपछि पाइने र गर्नुपर्ने कर्तव्यहरूको वर्णन गरिएको छ । यसका साथै व्रतबन्धोत्तर संस्कारहरू वेदारम्भ संस्कार, वेदव्रत वा ब्रह्मव्रत, केशान्त वा गोदान, र स्नान एवं समावर्तनको पनि उल्लेख गरिएको छ । चौथो अध्यायमा विवाह संस्कारको परिचय बताइएको छ । यस अन्तर्गत विवाह शब्दको अर्थ, विवाह संकारको स्वरूप, मिथुनको उत्पत्ति र विवाह संस्कारको आवश्यकता, विवाह संस्कार र यसको महत्व, विवाह संस्कारको फल, विवाह संस्कारको समय निर्धारणका साथै विवाहका विभिन्न प्रकारहरू वर्णन गरिएको छ । त्यसपछि शास्त्रअनुसार विवाहको सीमा निर्धारणका साथै विवाह संस्कार गर्नुभन्दा पहिले विचार गर्नुपर्ने पूर्वावश्यक कामहरूको पनि वर्णन गरिएको छ । यसका साथै विवाह सम्पादन गर्न चाहिने सामग्रीहरू तथा विवाह संस्कारमा गर्नुपर्ने विधिविधानको पनि सविस्तार वर्णन गरिएको छ ।[२३]

अन्त्यमा विवाह संस्कार सम्पन्न भइसकेपछि गर्नु पर्ने प्रक्रियाहरूका साथै हिन्दु संस्कृतिमा नारीको स्थान र कर्तव्य एवं विवाह एक स्थायी सम्बन्ध हो भन्ने कुराको पनि विचार गरिएको छ । पाँचौं अध्यायमा उपसंहार प्रस्तुत गरिएको छ । यस अन्तर्गत हाम्रो समाजमा व्रतबन्ध र विवाह संस्कारमा हुँदै आएको परिवर्तन, व्रतबन्ध र विवाह संस्कारको विधिमा देखिएको संक्षिप्तीकरण, व्रतबन्ध र विवाह संस्कारको चलन, व्रतबन्ध र विवाह संस्कारबाट नेपाली समाजमा परेको प्रभाव, व्रतबन्ध र विवाह संस्कारबाट समाजलाई हुने उपलब्धिका साथै व्रतबन्ध र विवाह संस्कारका विषयमा एक निष्कर्ष प्रस्तुत गरिएको छ । यसपछि यस ग्रन्थको परिशिष्टमा क.) व्रतबन्ध स्थानीय संस्कारहरू ख) विवाह स्थानीय संस्कारहरूको उल्लेख गरिएको छ । यसका साथै और्ध्वदेहिकक्रिया अर्थात मृत्यु संस्कारको पनि चर्चा गरिएको छ ।

४.२.७ लक्ष्मीकान्त पन्थीका नेपाली फुटकर कविताको अध्ययन

विद्यार्थी अवस्थादेखि संस्कृतकवितात्मक काव्यग्रन्थहरू एवं नीतिशास्त्रग्रन्थहरू पढ्दा नेपालीमा कविता लेख्ने रूचि वा लहड उनलाई जागेको हो । उनले यस्तो लहड जागेको बेलामा कहिलेकाहीँ नेपालीमा छन्दोबद्ध फुटकर कविताहरू लेखेका छन् । नेपालीमा भरसक गद्य कविता उनी लेख्दैनन्, भरसक कुनै न कुनै छन्दमा लेख्ने गर्छन् । यद्यपि प्रज्ञाप्रतिष्ठानबाट पुरस्कृत भएका भने गद्य कविता हुन् । कहिले काहीँ त गद्य कविता पनि लेख्ने गरेको शोधनायक बताउँछन् । उनले आफ्ना कवितालाई सङ्कलन गरेर पुस्तकाकाररूपमा प्रकाशन गरेका छैनन् तसर्थ केही कविताहरू हस्तलिखित र केही कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । तिनमा कुनै कविता दृश्य वर्णनात्मक छन् भने कुनै कविता उपदेशात्मक छन् । त्यस्तै कुनै नयाँवर्ष आएको उपलक्ष्यमा शुभकामना प्रकट गर्नमा केन्द्रित छन् भने कुनै आत्मीयजनको वियोग वा मृत्यु भएको बेला शोकोद्‌गार व्यक्त गर्नमा केन्द्रित छन् । केही कविताको परिचय एवं केही कविताका नमुना पनि यहाँ प्रस्तुत गरिएका छन् ।

४.२.७.१ लक्ष्मीकान्त पन्थीका प्रकाशित नेपाली फुटकर कविताको अध्ययन

क्र.सं	शीर्षक	प्रकाशन मिति	प्रकाशित पत्रिकाको नाम
१	नववर्ष	२०२८	सिद्धार्थ–तौ.सं.प्र.पा. वर्ष १ अङ्क १,तौलिहवा,कपिलवस्तु
२	**खाँचो कता**	२०२८	खाँचो पत्रिका वर्ष ३ अङ्क ३
३	**उद्योगी बनी स्वदेशी वस्तु प्रयोगमा बढाऔं**	२०३१	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
४	**देखेर के हुन्छ र ?**	२०३७	हाम्रो पुरुषार्थ
५	**स्वदेशको माया**	२०४३	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
६	**शुभ-कामना**	**२०५४**	हाम्रो पुरुषार्थ
७	**नागरिक आवाज**	२०६३	**नागरिक आवाज**
८	**श्रद्धा भक्ति**	२०६६	संझना र सिर्जना
९	**सफलताको साँचो- मीठो भाषा र सुन्दर अक्षर**	२०६७	ब्रिलियन्ट दर्पण
१०	**रेसुङ्गा पुग्दा**	२०६९	हाम्रो पुरुषार्थ
११	**शतं-जीव**	२०६९	नागरिक आवाज

१. नववर्ष

यो कविता नववर्ष २०२८को प्रारम्भमा लेखिएको थियो । यसमा अनुष्टुप छन्दका ६ श्लोकहरू छन् । यो कविता श्रीतौलेश्वरनाथ संकृत प्रधान पाठशाला कपिलवस्तु, तौलिहवाबाट सिद्धार्थ पत्रिका वर्ष १ अङ्क १ मा प्रकाशित छ ।[२२] कवितामा नववर्ष २०२८ को आगमन हुन लाग्दा रमाइलो मानिएको छ । यो रमाइलो नया सालमा हामी पनि नयाँ बनौं र अझ राम्रा काम गरौं भनिएको छ । यो उनको प्रकाशित पहिलो कविता हो । कविताको पछिल्लो श्लोक यस प्रकार छ ।

जस्तो वसन्तको शोभा पाउँदा सब मञ्जरी
राता ती पालुवा साथ लिई बढ्छन्सधैंभरि ।
त्यस्तै हामी पनि आज नयाँ काम लिई बढौं
त्यो काम सफलै पारीहामी सुकार्यमा जुटौं

२ खाँचो कता

उक्त शीर्षकमा प्रस्तुत शार्दूलविक्रीडित छन्दमा रचना गरिएको ४ श्लोक कवितालाई भरतमणि पन्थीका नामबाट शोधनायकले २०२८ सालमा रचना गरेका थिए । यो कविता

[२२] लक्ष्मीकान्त पन्थी, 'नववर्ष', तौलिहवा : **सिद्धार्थ,** २०२८ वर्ष १, अंक १ पृ. ४ ।

सामाजिक सेवा समिति, गुल्मी अर्घाखाँचीद्वारा २०२८ सालमा खाँचो पत्रिका वर्ष ३ अङ्क ३ मा प्रकाशित छ । कवितामा तात्कालिक पञ्चायत सरकारले सरकारको विरोधमा सोझै लेखिएको भनेर तेस्रो श्लोकमा कालो मसी पोत्न बाध्य पारेको थियो ।[२३] अरु ३ श्लोक कवितामा राजधानीमा भन्दा जिल्लातिर शिक्षा र विकासको खाँचो देखाइएको छ ।[२४]

३. उद्योगी बनी स्वदेशी वस्तु प्रयोगमा बढाऔँ

उक्त शीर्षकमा लिखित यो कविता वि.सं. २०३१ सालको नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा आयोजित कविता उत्सवका लागि रचना गरी लेखिएको थियो । यो कविता नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा २०४६ सालमा प्रकाशित **कविता महोत्सव पच्चीस वर्ष** पुस्तकमा प्रकाशित छ । यस कवितामा नेपालबाट बिदेशिएका लाहुरे दाइहरूलाई सम्बोधन गरिएको छ र उनीहरूलाई एकपल्ट आफ्नो हात हेर्नका लागि अनुरोध गरिएको छ। त्यसपछि भने हातको वास्तविकता र महत्वलाई सम्झाउँदै नेपालमा फर्कन अनुरोध गरिएको छ । अन्त्यमा भनिएको छ, आउनुहोस् हामी सङ्गैसङ्गै मिलेर उद्योगी बनी स्वदेशी वस्तु प्रयोगमा बढाऔँ ।[२५] त्यो बेला यस कवितालाई द्वितीय पुरस्कार प्राप्त भएको थियो ।

४. देखेर के हुन्छ र ?

यो कविता शार्दूलविक्रीडित छन्दमा ५ श्लोक रचना गरिएको छ । वि.सं २०३७-३८ सालतिर लेखकको विवाह गर्ने प्रसङ्ग चल्दा त्यस समयमा केटी हेर्ने प्रचलन त्यतिसारो नभएको हुँदा हेर्ने कि न हेर्ने भन्दाभन्दै हेरिएको हुँदा जे जस्तो देखियो, त्यसपछिको मनोभावलाई कवितामा प्रकट गरिएको छ । लेखकले यस कवितालाई आफ्नो बाल्यकालमा बोलाउने गरिएको भरत नाउँबाट पत्रिकामा प्रकाशन गराएका छन् ।

५. स्वदेशको माया

उक्त शीर्षकमा रचना गरिएको यो कविता वि.सं २०४३ सालको प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित कविता महोत्सवमा पुरस्कृत भएको हो । यो कविता नेपाल नेपालराजकीय प्रज्ञा प्रतिष्ठानद्वारा २०४६ सालमा प्रकाशित **कविता महोत्सव पच्चीस वर्ष** पुस्तकमा प्रकाशित छ । यो १०० शब्दमा सीमित गद्य कविता हो । यसमा साना ठूला गरी तीन अनुच्छेद छन् । कवितामा लेखकले स्वदेशको प्रतीकका रूपमा सधैं आफ्नो हात हेर्ने गरेको बताएका छन् किनभने उनका दृष्टिमा यो हात मेरो नेपाल हो, भनिएको छ । हातमा रहेका लामा छोटा औंलाहरूलाई चुच्चेबुच्चे पहाडका रूपमा र छुट्टाछुट्टै कापहरूलाई भञ्ज्याङ गल्छेडा र देउरालीका रूपमा चित्रण गरिएको छ । हातमा स्पष्ट देखिने रेखाहरूलाई गण्डकी, कोशी र कर्णाली हुन् भनेर बताउँदै सुलुत्त परेको भाग्य रेखालाई भने पूर्व-पश्चिम राजमार्गका रूपमा देखाएका छन् । हातमा उनले पाखो पखेरो, वेसी, फाँट र उपत्यकालाई पनि चित्रण गरेका छन् । यी सबै त भए कविको हातमा देखिएका

---

[२३] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

[२४] लक्ष्मीकान्त पन्थी, 'काँचो कता', **खाँचो**, वर्ष ३, अंक ३, २०६८, पृ. ८९ ।

[२५] लक्ष्मीकान्त पन्थी, **उद्योगी बनी स्वदेशी वस्तु प्रयोगमा बढाऔं**, कविता महोत्सव पच्चीस, २०४७, पृ. २११ ।

यथार्थ पक्ष । उनी आफ्नो हातको महत्वलाई पनि बताउँदै भन्छन्, त्यो हातमा उद्योग नपाएर खेर गएका धेरै वस्तुहरू छन् । नदीहरूमा प्रयोग नपाएर बगिरहेको धेरै शक्ति छ, पखेरामा चेतना नभएर सडिरहेका धेरै औषधिहरू छन् । त्यसैले यो हात जस्तै नेपाललाई हेरेर गर्नुपर्ने काम धेरै छन् किन्तु सबैकाम एकता नभएर बिग्रिएका छन् भन्दै आफ्नो हातरूपी नेपालको महत्व बताएर सधैं आफ्नो हात हेर्ने र स्वदेशको माया गर्ने प्रतिबद्धतालाई कवितामा व्यक्त गरेका छन् ।

६. शुभ-कामना २०५४

यो कविता किरण पुस्तकालय तम्घास गुल्मीबाट प्रकाशित **हाम्रो पुरुषार्थ** पुस्तकको वर्ष २४ सम्पूर्णाङ्क ३४ मा प्रकाशित गरिएको छ । यो कवितामा नयाँवर्ष २०५४ सालको आगमनमा शुभकामनास्वरूप रचना गरिएको हो । यसमा ६ श्लोक छन् । प्रथम ३ श्लोक उपजाति छन्द र अन्तिम ३ श्लोकहरू अनुष्टुप छन्दमा रचना गरिएका छन् । यो कवितामा पुरानो वर्षका साथमा सबै नराम्रो हटोस्, नेपालका वैरीहरू हटून् । नयाँ वर्षले नयाँ जोस, जाँगर, उमङ्ग ल्याओस् । हिमाल, पहाड, तराई सबैतिर हराभरा होस् भनी कामना गरिएको छ ।

७. नागरिक आवाज

काठमाण्डौमा २०६३ सालमा स्थापित नागरिक सरोकार समूह, नेपालद्वारा वि.सं २०६६ सालमा प्रकाशित **नागरिक आवाज** नामक पत्रिकाको वर्ष३ अङ्क २ मा यो कविता प्रकाशित छ । अनुष्टुप छन्दमा १२ श्लोकमा प्रकाशित यो कवितामा वर्तमान सन्दर्भमा नागरिकहरूको आवाजलाई मनन गरी त्यसलाई आवाज दिने कोशिस गरिएको छ । ती कविता यस्ता छन् ।

प्रदेश प्रान्त होस् यद्वा क्षेत्र होस् कि त अञ्चल ।
नेपाली मात्र साराको गर्ने होस् हित मङ्गल ॥
पहाडका नदीनाला फलफूल मधेशमा ।
पुगून् मधेश वासीको अनि शान्ति मिलोस् त्यहाँ ॥
मधेशको धान ,तोरी, चिनी ,मिश्री र सख्खर ।
पुगून् पहाडमा नित्य तिनको होस् समादर ॥
राजमार्ग बनून् हाम्रो मित्रतामा मनोहर ।
तल माथि दुवैतर्फ गरून् है रेल मोटर ॥

जस्ता भावहरू व्यक्त गरिएको छ ।[२६]

८. श्रद्धा-भक्ति

शोधनायक लक्ष्मीकान्त पन्थीका एकाघर परिवारका काका नीलाम्बर पन्थी कवि लेखक मात्र नभई राजनीतिक नेता पनि थिए । उनी नेपाली काँग्रेसको तर्फबाट २०१५ सालको

---

[२६] नागरक आवाज, **नागरिक सरोकार समूह,** वर्ष ३, अंक २, २०६६ पृ. १२ ।

आमचुनाव जितेर १८ महिनासम्म सांसद भएका थिए । त्यसपछि अनेकथरी जेलजीवन र सङ्घर्षको मैदानमा लड्दै भिड्दै २०४६ सालमा प्रजातन्त्रको पुनस्थापना भएपछि २०४८ मा नेपाली काँग्रेसका तर्फबाट राष्ट्रिय सभाको सांसद समेत भएका थिए । २०६४ सालमा ८० वर्षको उमेरमा उनको देहावसान भएपछि उनकै सम्झनामा 'संझना र सिर्जना' भन्ने नाम दिएर २०६६ सालमा प्रकाशन गरिएको स्मृतिग्रन्थमा 'श्रद्धा-भक्ति' शीर्षकमा शार्दूलविक्रीडित छन्दमा २ वटा श्लोक प्रकाशनार्थ लेखी पठाएकोमा एउटा उक्त ग्रन्थमा प्रकाशन गरिएको रहेछ । दोस्रो श्लोक भने प्रकाशोन्मुख उहाँकै जीवनीमा प्रकाशनार्थ बाँकि राखिएको छ भन्ने कुरा शोधनायकबाट थाहा हुनआएको छ । ती दुवै श्लोक यी हुन् ।

तिम्रो स्नेह र सम्झना पनि अझै बाँकी छ हामीसित
यौटा पूजन धूप-दीप गरियो छन् शब्द-पुष्पाक्षत ।
श्रद्धा-भक्ति गरेर यी सुमनका माला चढायौं अनि
तिम्रो आरति यो गऱ्यौं अमर छौ नीलाम्बरैमा भनी ॥

छन् तिम्रा इतिहासमा कति कुरा पढ्नेहरू बुझ्दछन्
छन् तिम्रा कृति- काव्यमा कतिकुरा बुझ्नेहरू पढ्दछन् ।
तिम्रो जीवन पुस्तकै सरि थियो पाना खुला नै थिए
कल्ले पढ्दछ त्यो तिमी अब गयौ यै सम्झनामा रहे ॥

(काशी हिन्दुविश्वविद्यालय वाराणाशीबाट प्रकाशनार्थ काठमाण्डौ पठाइएको)[२७]

९. सफलताको साँचोः-मीठो भाषा र सुन्दर अक्षर

काठमाण्डौ चावहिलमा वि.सं २०५६ सालमा स्थापित ब्रिलियन्ट बहुमुखी क्याम्पसद्वारा प्रकाशित **ब्रिलियन्ट दर्पण** नामक पत्रिकाको दोस्रो अङ्कमा उक्त शीर्षकमा अनुष्टुप छन्दमा १० श्लोक भएको कविता प्रकाशित छ । यो कविता विद्यार्थीहरूलाई राम्रो मीठो भाषा बोल्न र सुन्दर अक्षर लेख्नका लागि सिकाउने उद्देश्यले प्रोत्साहन मिलोस् भनेर लेखिएको हो । यसमा अत्यन्त सरल भाषामा सामान्य कुराहरू लेखिएका छन् । साथै भाषा बोल्दा र लेख्दा पनि उखान र टुक्काहरूको प्रयोग गरेमा भाषा सरल, सहज र आकर्षक हुने कुराका साथै लेख्दामा पनि :-

डिको, कमा, पदच्छेद, पदयोग न बिग्रियून् ।
वाक्यमा लिङ्ग, वचन, क्रिया, कारक देखियून् ॥
अघिसारी कुरो मुख्य त्यस्को विस्तार लेखियोस् ।
उदाहरणको खाँचो परेमा त्यो बताइयोस् ॥[२८]

जस्ता कुरा बताइएको छ ।

---

[२७] लक्ष्मीकान्त पन्थी, **नीलाम्बर पन्थी,** सम्झना र सिर्जना, २०६६ पृ. २१६ ।
[२८] लक्ष्मीकान्त पन्थी, ब्रिलियन्ट दपर्ण, २०६६ अंक २, पृ. ५६ ।

१०. रेसुङ्गा पुग्दा

यो कवितामा मन्दाक्रान्ता छन्दमा विरचित ७ श्लोक छन् । उक्त कविता किरण पुस्तकालय तम्घास गुल्मीबाट प्रकाशित **हाम्रो पुरुषार्थ** पुस्तकको वर्ष ३९ सम्पूर्णाङ्क ५७ मा प्रकाशित गरिएको छ । वि.सं २०६५ सालको दसैंको अवकाशमा गुल्मीको तम्घासमा गएर बसेको वेला एकदिन (फूलपातीको दिन) शशि पन्थी, दीन पन्थी सहित भाइहरू सूर्यकान्त, चन्द्रकान्तलाई लिएर परिवार एवं केटाकेटी सहित रेसुङ्गा घुम्न गएका लेखकद्वारा त्यसैको सम्झनामा रचना गरिएको यस कवितामा त्यहाँको यथार्थ वस्तुस्थिति एवं रेसुङ्गाको शिखरमा पुगेपछि चारैतिर हेर्दा देखिएको प्राकृतिक भनौं गाउँठाउँका चित्रहरूलाई वर्णनात्मकरूपले कवितामा प्रस्तुत गरिएको छ ।[२९]

११. शतं-जीव

उक्त शीर्षकमा तीन श्लोक मात्र लेखिएको छोटो कविता नागरिक आवाज वर्ष- १ अङ्क २, २०६९ मा प्रकाशित छ । नेपाली साहित्यमा नाम चलेका श्रद्धेय साहित्यकार पूर्णप्रकाश नेपाल 'यात्री'को वृद्धावस्था र अस्वस्थतालाई ध्यानमा राखेर उनको दीर्घायु एवं सुस्वास्थ्यको कामना गर्दै प्रकाशन गरिएको पूर्णप्रकाश नेपाल 'यात्री' विशेषाङ्क भएकोले कवितामा पनि त्यही भावलाई अगाडि सारिएको छ ।[३०]

४.२.७.२ लक्ष्मीकान्त पन्थीका अप्रकाशित नेपाली फुटकर कविताको अध्ययन

लक्ष्मीकान्त पन्थीको रचनामा तल्लीन हुने स्वभावका कारण धेरै फुटकर कविताको पनि रचना भएको देखिन्छ । ती मध्ये कतिपय कविताहरू अझैअप्रकाशित छन् र तिनलाई यथासमयमा प्रकाशन गराउने सोचमा लक्ष्मीकान्त देखिन्छन् । केही उनका अप्रकाशित कविताको यहाँ चर्चा गरिएको छ । साथै चर्चा गरिएका सबै कवितालाई परिशिष्टमा उल्लेख गरिएको छ ।

१. परिचय

यो कविता स्रग्धरा छन्दमा रचिएको एक श्लोकी छ । कविता एउटै श्लोकको भए पनि यसमा कवि भनौं शोधनायकको अतिसंक्षेपमा नाउँ गाउँका साथै माता पिताको पनि नाम खुलाएर आफ्नो **परिचय** बताइएको छ । लेखकका अनुसार कवितामा म र मेरो भनिएको जीवात्माको लागि हो । शरीर होइन ।

२. साथीलाई चिठी

यो कविता शार्दूलविक्रीडित छन्दमा १२ श्लोक रचना गरिएको छ । वि.सं २०३१ सालमा राष्ट्रिय विकास सेवा कार्यक्रम अन्तर्गत चितवनको नारायणगढमा गएर बसेको बेला वर्षायाममा धेरै ठूलो वर्षा एवं बाढीसमेत आएकोले त्यतिखेरको स्थितिलाई चित्रण गर्दै काठमाण्डौ छात्राबासमा बसेका साथीलाई सम्बोधन गरेर लेखिएको थियो । कवितामा तात्कालिक बाढी वर्षाले गर्दा

[२९] लक्ष्मीकान्त पन्थी, हाम्रो पुरुषार्थ, २०६८, वर्ष ३९, अंक १, पृ: ११६

[३०] लक्ष्मीकान्त पन्थी, नागरिक आवाज, २०६९, वर्ष १, अंक २, पृ: १३ ।

बजारसमेत शून्य भएको स्थितिको चित्रण गरिएको छ । साथै सप्तगण्डकीको नाम उद्धृत गर्दै ती सबै गण्डकीबाट नारायणीमा आएको बाढीले दुःख दिने हो कि भनी खतरालाई औँल्याइएको छ । कवितामा यस्तो स्थितिमा रहनुभन्दा त पहाडिया जीन्दगी राम्रो भन्ने सम्झना गरिएको छ । कवितामा दार्शनिक भावलाई समेत बताउन खोजिएको छ । अन्त्यमा नारायणगढ बजारको भरिपूर्णता एवं प्रकृतिलाई सुन्दर चित्रण गरिएको छ ।

३. भोजपुर

यो कविता वि.सं २०३५ सालमा जागिरको सिलसिलामा भोजपुर पुगेको बेलामा लेखिएको हो । यो गद्य कविता हो । यसमा अग्लो डाँडामा रहेको भोजपुर बजारको र त्यसको वरिपरि देखिएको प्रकृति चित्रण गरिएको छ । साथै भोजपुरमा पाइने सुन्तला र खुकुरीको संझना गर्दै त्यहाँ घुमफिर गर्ने सुम्निमाहरूलाई देख्दा लेखकको मनमा अनेक सोमदत्तहरूको सम्झना भएको छ ।

४. वनदेवी

यो कविता गीति छन्दमा ७ श्लोकमा रचना गरिएको छ । वि.सं २०३५ सालमा जागिरले गर्दा रसुवा जिल्लामा गएर एक्लै बस्नुपर्दा त्यहाँका बनपाखामा घुम्दा वनकी प्रकृतिलाई मानवीकरण गरी वनदेवीका रूपमा देखेर चित्रण गरिएको छ । कविताको अन्त्यमा वनदेवीलाई कवि यस्तो भन्छन् :-

मोती सरी टल्किएको पसिनाको रस
तप्प तप्प चुहाएर हाँसी एक्लै बस ।
समाजको डरलाग्दो जङ्गलमा फूल
मायालुको जवानी झैँ गुराँसको फूल ।

५. मनदेवी

यो कविता पनि वि.सं २०३५ सालमा रचना गरिएको हो । यसमा अनुष्टुप छन्दका पन्ध्र श्लोकहरू छन् । यसमा कविले आफ्नो विवाह हुनुभन्दा केही वर्ष पहिले नै आफ्नी मनकी देवीलाई परिकल्पना गरेर दृष्यन्तले शकुन्तलालाई सम्झे जस्तै मनमा सम्झिएर लेखेका छन् । कवितामा लेखकको मात्र मनोभाव एकोहोरोरूपमा प्रकट भएको देखिन्छ ।

६. बिहे हुनु अघिको सम्झना कोषराजप्रति सुलोचनाको

यो कविता शादूर्लविक्रीडित छन्दमा जम्मा तीन श्लोक रचना गरिएको छ । यसमा आफ्नो कोठामा सङ्गै बसेका मित्र कोषराजको विवाहका लागि कुरा चलेको प्रसङ्गमा उनीसंग विवाह गर्ने निधो भइसके पछि किन्तु विवाह हुनु अघि सुलोचनाले कोषराजलाई देखेर के कस्तो ठानिन् होला भन्ने मनोभावलाई प्रकट गरिएको छ । यो कविता वि.सं २०३६ साल कार्तिकमा रचना गरिएको हो ।

७. शुभकामना

यो वि.स. २०३७ सालको नयाँ वर्ष प्रारम्भ हुँदा रचना गरिएको शुभकामना हो । यसमा पाँच श्लोक छन् । कवितामा प्रकृति सुन्दर नेपाल सधैँ सुन्दर रहोस्, नयाँ वर्षमा पनि राम्रो वर्षण होस् । डाँफे, मुनालले ताल मिलइरहून् र पृथ्वीमा मयूर नाचिरहून् भन्दै नेपाल सधैं हराभरा बनोस् । नेपालका फाँटहरू उर्वरा भइरहून् । चरीले ताल मिलाएर नाचे जस्तै फाँटहरूमा धान झुलिरहून् भनिएको छ ।

८. प्रवासी पतिलाई पत्नीको पत्र

यो कविता शार्दूलविक्रीडित छन्दमा ९ श्लोकमा रचना गरिएको छ । यसमा वि.सं. २०३८ सालमा विवाह गरेपछि आफ्नी दुलहीलाई लगेर पहाड गाउँमा छोडी काठमाण्डौ आएको बेलामा प्रवासी पतिलाई पत्नीले लेखेको पत्र शीर्षकमा पत्नीको मनोभावका कुराहरूलाई प्रकट गरिएको छ । कवितामा लेखकले पत्नीको मनोभावलाई आफ्नो मनमा उतारेर कवितामा प्रस्तुत गर्न सफल देखिन्छन् । कविता एकदमै सरल र सहज छ ।

९. म-तिमी

यो कविता अनुष्टुप छन्दमा ४० श्लोकमा रचना गरिएको छ । कवितामा विवाह गरेकै वर्ष गाउँघरमा लगेर छोडिएकी दुलहीको सम्झनामा प्रवासी पतिद्वारा लेखिएको भाव प्रकट भएको छ । पूर्वार्द्धका २० श्लोकहरूमा 'म' अर्थात् पतिले गरेको सम्झना छ । उत्तरार्द्धका २० श्लोकमा 'तिमी' अर्थात् पत्नीलाई गरिएको उपदेशात्मक कुराहरू छन् । यसको रचना २०३९ सालमा गरिएको हो ।

१०. आह्वान

यो कविता अनुष्टुप छन्दमा ७ श्लोकमा रचना गरिएको छ । यसको रचना २०३९ सालमा गरिएको हो । यसमा देशका नवयुवतीहरूप्रति आह्वान गर्दै उनीहरूलाई जाग्रत हुन भनिएको छ । प्राचीन समयमा पनि युवतीहरूले पढ्नेलेख्ने गरेका थिए । त्यस्तै उच्च आदर्श बोकेर अघि बढ्नुपर्छ भनिएको छ । लेखकका शब्द यस्ता छन् :-

सीता तारा सती गार्गी राधिका बन्न सक्दछ्यौ ।

उच्च आदर्श बोकेर साधिका बन्न सक्दछ्यौ ॥

११. माटोको सुवास

यो पनि अनुष्टुप छन्दका ७ श्लोकमा रचना गरिएको छ । उक्त शीर्षकमा प्रज्ञा प्रतिष्ठानमा आयोजना गरिने कविता उत्सवका लागि लेखिएको यस कवितामा लेखकको भनाइ यस्तो भेटिन्छ ।

अनेकौँ फूल हौँ हामी तर वृक्ष छ एउटै

अनेक मौरी हौँ हामी घार हाम्रो छ एउटै ।

फुल्छौँ फूल सरी नित्य यो नेपाल सजाउन

घुम्छौँ मौरी सरी हामी रसपूर्ण गराउन ॥

१२. सुन फलाऔँ

उक्त शीर्षकमा रचना गरिएको यो गद्य कविता हो । यसमा पाँच कवितात्मक साना अनुच्छेद छन् । कवितामा विदेशिएका नेपाली दाजुभाइलाई आह्वान गर्दै देशमा फर्कन र उद्योग गर्नपट्टि लागेर सुन फलाऔँ र देशको विकासमा जुटौँ, भनिएको छ । जस्तै लेखककै शब्दहरूमाः-

"....हामी त वीर गोर्खाली

मात्र विदेशी सेनामा डटेर पुगेन

अब त हामी सबै मिलेर

सुन्दर शान्त नेपाललाई

उद्योगी र शक्तिसम्पन्न बनाउन

यसरी औंला औंला जस्तै फुटेर होइन

प्रत्येक हात हात जस्तै जुटेर

लाछी कातर नामर्द झैं हटेर होइन

बुद्धिमान् उद्योगी र कर्मवीर झैं डटेर

गल, गैंटी, कुटो र कोदालो बोकेर

डोको, नाम्लो र खुर्पेटो भिरेर

स्वदेशको विकास गर्न जुटौं ।"

यस्तो भाव प्रकट गरिएको छ ।

१३. म ससुराल जान्न

यो गीतिलयमा लेखिएको ६ अनुच्छेद भएको कविता हो । यसको रचना २०३९ सालमा गरिएको हो । यसमा लेखकले ससुराकी छोरी बिहे गरेर घर ल्याएपछि ज्वाइँ बनेकोले आफू ससुराली जानुपर्ने भएपनि म ससुराल जान्न भनेर बताएका छन् । रिस उठेर वा चित्त नबुझेर ससुरालीमा जान्न भनेको त होइन तर ससुराल जाने मन छैन भन्ने लेखको आशय रहेको छ । पाँचौं अनुच्छेदमा लेखक यस्तो भन्छन् ।

"हामी दुवै सङ्गसङ्गै कुरा मिलाउँछौं

मिलिजुली बसेका छौं बाँडिचुडी खान्छौं ।

दुलहीले मनको कुरा नबुझ्ने त होइन

तर मेरो ससुराल जाने मन छैन ।"

१४. नव वधूसित

यो अनुष्टुप छन्दमा रचिएको २५ श्लोके कविता हो । यस कविताको रचना २०३९ सालमा गरिएको थियो । यसमा नववर-बधूको मनको आशयलाई सम्वादात्मकरूपमा प्रस्तुत गरिएको छ । कवितामा श्रृङ्गार रसको आभास झल्किए पनि अश्लिलाँश छैन ।

१५. शान्ति गीत

झ्याउरे छन्दमा ६ श्लोक रचना गरिएको उक्त शीर्षकको कवितामा नेपाल शान्ति क्षेत्र हुन्छ भन्ने सुनेर सम्पूर्ण जनमानस तथा प्रकृतिमा समेत शान्ति छाएको छ, भानिएको छ ।

दुई पङ्क्ति कविता यस्ता छन् ।

लहरा र पहराले शान्ति सुसाउँछन्

गुराँस र गोलाइँची शान्ति फुलाउँछन् ॥ ५

मुनाल र डाँफेचरी पङ्ख फिजाएर

खुसी हुँदै नाचेका छन् आफै लोलाएर ॥ ६

१६ .शान्ति दीप

वि.सं २०४० सालमा रचना गरिएको यो कवितामा अनुष्टुप छन्दका १४ श्लोक छन् । यस कवितामा शान्तिका लागि जस्तासुकै ठूला विघ्नबाधा परे पनि तिनलाई हटाउँदै हामी अगाडि बढेर शान्तिको दीप बाल्नुपर्दछ, भनिएको छ । कविताको अन्तिम श्लोक यसप्रकार छ ।

"... सत्यको तेलमा धागो शिवको राख्न जान्नु छ ।

विश्व सौन्दर्यकै निम्ति शान्तिको दीप बाल्नु छ ।

१७. गाउँको सम्झना

मन्दाक्रान्ता छन्दमा रचना गरिएको यस कवितामा दुई श्लोक छन् । कविताको आशय आफू टाढा रहेको भए पनि बाल्यावस्थामा खेलेडुलेको गाउँको सम्झना गरिएको छ । त्यस्तो गाउँ बिर्सन सकिँदैन, भनिएको छ । यस कविताका दुवै श्लोक यहाँ उद्धृत गरिएका छन् ।

डाँडा काँडा वन-बगर ती सम्झँदा लाग्छ मायाँ
गाउँ बाटो चउर बिचमा वृक्षको गाढ छायाँ ।
वस्ती मेरो त्यहिँ छ, म भनूँ मन्द मीठो बतास
चल्थ्यो, बस्थेँ म पनि त्यसमा दुःख बिर्सेर खास ॥१॥
छोडेँ मैले किन र कसरी बस्न लागेँ प्रवास
जस्तै बिर्से पनि हृदयमा सम्झँदा छु हतास ।
पर्देशी भै सुखसयल यो भोग्दछु हर्ष छैन
पुर्खाको त्यो अमरनगरी चित्तले बिर्सदैन ॥२॥

१८. घोराही एक शब्द चित्र

यो सानो दुई अनुच्छेदको गद्य कविता हो वि.सं २०४३ सालको भदौमा परीक्षा सञ्चालनका लागि दाङ घोराहीमा गएर बस्नुपरेका बेला यसको रचना गरिएको हो । यसमा वर्षायाम भदौको महिनामा घोराहीको बजारमा देखिने मानिसहरूको भीडभाड र जात्रामा देखापरेको स्थितिको चित्र उतारिएको छ ।

१९. बठिनिया

यो कविता पनि वि.सं २०४३ सालको भदौमा घोराहीमा बसेको बेला लेखिएको थियो । यो साना चार अनुच्छेद भएको गद्य कविता हो । बठिनिया शब्दले दाङ देउखुरी क्षेत्रमा रहने गरेका थारु जातिका युवती समुदाय भन्ने बुझिन्छ । यो कविता बठिनियाको शब्दचित्र उतार्नमा केन्द्रित छ । कवितामा बताए जस्तै अशिक्षितभन्दा पनि अझ निरक्षर, पराश्रयी एक बठिनियाको जीवन अथवा भनौं उसको पहिरन एवं गतिमयता अर्थात् अरुको घरमा कामगर्ने मात्र कमलरले सम्पूर्ण थारु जातिका युवतीहरूको एकसाथ प्रतिनिधित्व गर्दछ । यही बठिनियाको शब्दचित्रलाई तात्कालिक परिवेशमा कवितामा प्रस्तुत गरिएको छ ।

२०. एक विहङ्गम दृष्टिःप्रकृतिमाथि पुरुषको

यो कविता गीति छन्दमा नौ श्लोक छ । वि.सं २०४८ सालको पुसमा परीक्षा सञ्चालन गराउन बझाङ जानु पर्दा नेपालगञ्जबाट हवाइयात्रा गर्नुपरेको थियो । त्यसबेला हवाइजहाजबाट बाहिर हेर्दा देखिएको प्रकृतिलाई मानवीकरण गरी कवितामा प्रस्तुत गरिएको छ ।

२१. शोकोद्गार

उक्त शीर्षकमा प्रस्तुत गरिएको कविता आठ श्लोकमा शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ भने यी कविताको प्रारम्भमा र अन्त्यमा उपजाति छन्दका एक/एक बटा श्लोक संस्कृतमा रचना गरी शोकोद्गार कवितालाई संपुटित गरिएको छ । यो कविता वि.सं २०६६ सालको असारमा आफ्नै कान्छो बुवा स्वर्गीय भएको सातौं दिनमा रचना गरिएको हो ।

कान्छो बुबासङ्ग बाल्यकालमा सङ्गै खेलेको र पछि पनि उहाँसँग पढेको र कविता लेख्नमा समेत उहाँबाट प्रेरणा मिलेको हुँदा यस्तो व्यक्तिको वियोगमा उत्पन्न भएको शोकले गर्दा प्रस्फुटित यस कवितामा अब मैले यहाँका विभिन्न गाउँठाउँमा भेट्नका लागि जहाँ गए पनि कान्छो बुवालाई भेट्न नसक्ने भएँ भन्ने पीर गर्दै कान्छो बुबा त धेरै ठूला मान्छेहरू जाने स्वर्गमा यो पृथ्वीतल नै छोडेर जानु भयो भनिएको छ । आखिरमा त्यो स्वर्गमा मेरा बुबा पनि हुनुहुन्छ र अरु धेरै नेपालका विद्वान् मनीषीहरू तथा कविहरू पनि छन् । त्यहाँ सुखसितै बस्नुहोस् र कसैको डर नमानी सुन्दर, स्वच्छ, मधुर कविता लेखेर सुनाउने गर्नुहोस्, त्यस्ता मीठा कविता राती सपनामा आएर सुनाउने गर्नुहोस् । मैले पनि सुन्छु, भनिएको छ ।

२२. कृष्णको सम्भना

यो कविता पनि वि.सं २०६६ सालकै भदौ महिनामा लेखिएको हो । आफ्नै गाउँको भाइ विष्णुप्रसादको छोरा अर्थात् भतिजो 'कृष्ण' को अप्रत्यासित मृत्यु भएको खबर सुनेर विष्णुप्रसादकै मनको भावमा यो कविता लेखिएको हो । यसमा शार्दूलविक्रीडित छन्दका १२ वटा श्लोक छन् भने अर्को स्रग्विणी छन्दका दुई श्लोक छन् ।

तीस वर्षको उमेर भएको, पढेलेखेको, उद्योग-इलममा लागेको छोराको अप्रत्यासितरूपमा मृत्युको खबर सुन्दा बाबुको हृदय कतिसम्म विदीर्ण भए होला भन्ने भावमा यो कविताको संरचना गरिएको छ । कवितामा पहाडिया दुःखी जीवन छाडेर कसरी मधेसमा आई बसियो, पढ्ने, पढाउने काम गरेर ठूलो भइसकेको छोराले अब बूढो बाबुलाई मद्दत गर्ला भन्ने बेलामा एक्कासी उसको मृत्यु भएकाले अब म बूढोले टुहुरो नाति पालेर बस्नुपर्ने भयो भन्ने पीर गरिएको छ । कवितामा अरु मान्छे हाँसे पनि म रोएर बस्दै छु भनिएको छ । अन्त्यमा आखिर जानै पर्ने हो, कोही अघि कोही पछि मात्रै हो । तिमी चाँडै स्वर्ग गयौ, सुखसाथ बसे है भन्ने प्रार्थना गरिएको छ ।

२३. चुरोट

उक्त शीर्षकमा शार्दूलविक्रीडित छन्दमा रचना गरिएका २ श्लोक यसमा छन् । यसमा चुरोटलाई मानवीकरण गर्दै चुरोटकै तर्फबाट भनाइ प्रस्तुत गर्दै लेखिएको छ । कवितामा चुरोट के भन्छ भने जसले मेरो राग मन पराएर मलाई लिने वा खाने गर्छ, त्यसको पेटमा पुगेर मैले रागलाई बढाउँदै रोग पैदा गर्दछु, भनिएको छ । साथै जसले मलाई आगो सल्काएर धुवा तान्दै छोँटो बनाउँछ, म पनि बिस्तारै त्यसको आयु चौथाइ घटाएर लिन्छु, भन्ने भाव व्यक्त गरिएको छ । कविता परिशिष्टमा उद्धृत छ ।

२४. बिरामीको औषधी

यो कविता अनुष्टुप छन्दमा १६ श्लोकमा रचना गरिएको छ । यसमा विवाहित नवयुवक बिरामी हुँदैन । यदि विरामी भयो भने त्यसको उपचारिका (वैद्य) एवं औषधी पनि उसकी पत्नी नै हो । यदि पत्नी साथमा छ भने उसका तिनै प्रकारका रोगहरू बात, पित्त, कफ, प्रकृतिलाई दुलहीले निको पार्न सक्छिन् भन्ने भाव प्रकट गरिएको छ । अर्थात् दुलही नभएको वेला भनौँ दुलहीको अभावमा छटपटी हुने रोगीलाई दुलही भएमा ती सबैको सहजरूपमा उपचार हुनसक्छ ।

४.३.८ लक्ष्मीकान्त पन्थीका समीक्षात्मक लेखको अध्ययन

लक्ष्मीकान्त पन्थीले धेरथोर कवितामा कलम चलाए जस्तै धेरथोर उनका लेख, निबन्ध वा समीक्षा, समालोचना एवं धार्मिक, आध्यात्मिक र अनुसन्धानात्मक गद्य लेखहरू पनि रहेका छन् । यस्ता लेखहरू धेरै जसो पत्रपत्रिका तथा कुनै पुस्तकाकार कृतिहरूमा पनि प्रकाशित भएका छन् भने केही लिखितरूपमा भएका लेखहरूलाई संकलन गरी **चन्दन-अक्षता-फूल** नामक लेखमाला

प्रकाशनाधीन रहेको छ ।[३१] त्यस्ता लेख रचनाहरूको लेखन वा प्रकाशनको क्रमअनुसार अध्ययन गर्ने र तिनको आशय खुलाउने कोशिस यहाँ गरिएको छ ।

क.सं	शीर्षक	प्रकाशन मिति	प्रकाशित पत्रिकाको नाम	कैफियत
१	गोरखापत्रको प्रकाशन हुनभन्दा पहिले नेपाली कविताको परम्परा	२०३७	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ११ किरणपुस्तकालय	गुल्मी
२	गोरखापत्रको प्रकाशनका लागि भएको पहिलेको व्यवस्था	२०३८	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १३ किरणपुस्तकालय	गुल्मी
३	गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले नेपाली कथाको स्रोत र परम्परा	२०३८	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १४ किरणपुस्तकालय	गुल्मी
४	नेपाली साहित्यमा कथाकार विश्वेश्वरप्रसाद कोइराला	२०३९	अरुणोदय साहित्यकार विश्वेश्वरविशेषाङ्क	काठमाडौं
५	कथाकार भवानी भिक्षु र हारजीत कथा एक अध्ययन	२०३९	हाम्रो पुरुषार्थसम्पूर्णाङ्क १५ किरणपुस्तकालय	गुल्मी
६	माध्यमिक नेपाली साहित्यको नाट्य परम्परामा गोरखापत्रको योगदान	२०४०	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १८ किरणपुस्तकालय	गुल्मी
७	नेपाली साहित्यका विकासमा संवत १९९१ भन्दा पहिलेका पत्रपत्रिका	२०४०	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १९ किरणपुस्तकालय	गुल्मी
८	नेपालमा संगीत कलाको विकास र मास्टर रत्नदास प्रकाश	२०४१	एकव्यक्ति अनेक अभिव्यक्ति सम्पादक–प्रतापचन्द्र प्रधान	काठमाडौं
९	बसाइँ उपन्यासका आधारमा नेपाली समाजको चित्रण	२०४५	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क २९ किरणपुस्तकालय	गुल्मी
१०	विवाह संस्कार र यसको महत्व	२०४६	हाम्रो पुरूपार्थ सम्पूर्णाङ्क ३१ किरणपुस्तकालय	गुल्मी
११	धर्मशास्त्र र त्यसको प्रयोजन	२०५३	कान्तिपुर (२०५३/१०/२६)	काठमाडौं
१२	संस्कार के हो ?	२०५३	कान्तिपुर (२०५३/१२/९)	काठमाडौं

[३१] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

१३	हिन्दुधर्मसँग संस्कारको संबन्ध र क्षेत्र	२०५४	कान्तिपुर (२०५४/२/३२)	काठमाडौं
१४	संस्कारको उत्पति, संख्या र क्रम	२०५४	कान्तिपुर (२०५४/१०/१८)	काठमाडौं
१५	संस्कारको प्रचलन, परम्परा र प्रयोजन	२०५५	कान्तिपुर (२०५५/१/१९)	काठमाडौं
१६	संस्कारको आवश्यकता र वैज्ञानिकता	२०५५	कान्तिपुर (२०५५/४/९)	काठमाडौं
१७	प्राग्जन्म संस्कार	२०५५	कान्तिपुर (२०५५/७/१४)	काठमाडौं
१८	वि.पी. कोइरालाको व्यक्तित्व निर्माणका पृष्ठभूमि	२०५५	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ३६ किरणपुस्तकालय	गुल्मी
१९	ठूलो को छ ? (कथा)	२०५६	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ३८ किरणपुस्तकालय	गुल्मी
२०	बाल्यसंस्कार	२०५६	कान्तिपुर(२०५६/२/८)	काठमाडौं
२१	सोह्र संस्कारमध्ये एक व्रतबन्ध संस्कार	२०५७	कान्तिपुर(२०५७/१२/३०)	काठमाडौं
२२	पण्डित श्रुतधर (जीवनी)	२०५७	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४० किरणपुस्तकालय	गुल्मी
२३	भाषिक समस्या र समाधान	२०५८	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४२ किरणपुस्तकालय	गुल्मी
२४	व्रतबन्ध संस्कारको आवश्यकता र उपयोगिता	२०५८	कान्तिपुर(२०५८/३/२०)	काठमाडौं
२५	ऋषि पञ्चमी व्रत - प्रारम्भ र उद्यापन	२०५८	कान्तिपुर(२०५८/५/७)	काठमाडौं
२६	संस्कारमय जीवन - एक विचार	२०५९	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४५ किरणपुस्तकालय	गुल्मी
२७	कालको परिमाण	२०६०	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४६ किरणपुस्तकालय	गुल्मी
२८	रामभक्ति परम्परामा -रामायणचम्पू	२०६०	हाम्रो पुरूषार्थ सम्पूर्णाङ्क ४७ किरणपुस्तकालय	गुल्मी
२९	भक्तकवि श्रीदधिराम मरासिनी	२०६०	महापण्डित दधिराम मरासिनी स्मृतिग्रन्थ	काठमाडौं
३०	पन्नगा परिकथामा-विहङ्गावलोकन	२०६१	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४८ किरणपुस्तकालय	गुल्मी
३१	सन्देशकाव्यको परम्परामा लाटोसाथीको नयाँ मेघदूत	२०६१	डा. विष्णुराज आत्रेय स्रस्टा र सृजनाका विविधआयाम	काठमाडौं
३२	नेपाली कविताको परम्परामा कविशिरोमणि लेखनाथ पौड्याल र उनको नैतिक दृष्टान्त	२०६१	आँकुरा (पहिलो अङ्क ग्रीनल्याण्ड स्कूल)	काठमाडौं
३३	तम्घासतिर फर्केर हेर्दा	२०६२	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ५०	गुल्मी

			किरणपुस्तकालय	
३४	गुल्मी जिल्लाका चार गाउँः चार थरीका मुख्य ठाउँ	२०६२	गुल्मी परिचय गुल्मी सेवा समाज	काठमाण्डौ
३५	वंशमूल र वंशशाखा	२०६२	वाग्ले बन्धु बंशावली	काठमाण्डौ
३६	सदाचार	२०६३	हाम्रो पुरूषार्थ सम्पूर्णाङ्क ५३ किरणपुस्तकालय	गुल्मी
३७	'श्री शिवकृपाभिलाषशतकम्'का सन्दर्भमा	२०६४	धनञ्जय मरासिनी स्मृति ग्रन्थ,	काठमाण्डौ
३८	विद्याशक्ति	२०६४	विद्या (रजतजयन्ती विशेषाङ्क)	गुल्मी
३९	काली गण्डकी खण्डकाव्य- परिचय	२०६४	दायित्व	काठमाण्डौ
४०	हिन्दु धर्म र धार्मिक संस्कारः एक वैशिष्ट्य	२०६५	अपर्णा (अङ्क-१वर्ष-१)	काठमाण्डौ
४१	राहिँलो बुबाको सम्झनामा	२०६५	नीलाम्बर पन्थी सम्झना र सिर्जना	काठमाण्डौ
४२	अनुवादकलाका धनी तीर्थराज आचार्य	२०६५	तीर्थराज आचार्य स्मृति ग्रन्थ	काठमाण्डौ
४३	हिन्दु संस्कृतिमा नारीको स्थान र कर्तव्य	२०६५	गुल्मेली आवाज (त्रिभुवनविश्वविद्यालय)	काठमाण्डौ
४४	अमरकोशको स्वयंबोधिनी टीका - एक सिंहावलोकन	२०६६	आन्वीक्षिकी वर्ष ३ अंक ३ मई-जुन (डा.मनीषा शुक्ला)	वाराणासी
४५	हरिश्चन्द्र गुरुको सम्झना	२०६६	प्रा. हरिश्चन्द्र न्यौपाने स्मृतिग्रन्थ	काठमाण्डौ
४६	नेपाली साहित्यका विकासमा बनारसको भूमिका र योगदान	२०६७	कार्यपत्र	वाराणासी
४७	गायत्री मन्त्र के हो ?	२०६७	अरुणोदय वर्ष ४१-४६ संयुक्ताङ्क-तीनधारा संस्कृत छात्रावास	काठमाण्डौ
४८	श्रीभगवती उच्च माध्यमिक विद्यालयको पृष्ठभूमिमाः-वाग्ला र अजिमिर गाउँ एक संस्मरण	२०६७	भगवती सन्देश स्वर्णमहोत्सव स्मारिका २०६७	गुल्मी
४९	अनौठो यात्रा	२०६७	वृहत अन्तर्वार्ता-रामप्रसाद न्यौपाने	काठमाण्डौ
५०	यज्ञ : एक परिचय	२०६७	पद्माक्षी वर्ष १ अंक १	कैलाली
५१	डा. टीकाराम पन्थी व्यक्तित्व र विचार	२०६७	हाम्रो पुरूषार्थ	गुल्मी

			डा.टीकाराम पन्थी विशेषाङ्क	
५२	लोकनाथ दाजुको सम्झनामा	२०६९	लोकलीला स्मृति ग्रन्थ	बुटबल
५३	पं दामोदर कोइराला गुरुः मेरो जानकारीमा	२०६९	प्रा. दामोदर कोइराला स्मृति ग्रन्थ	ललितपुर
५४	पतिव्रता स्त्रीहरूको कर्तव्य एवं सदाचार	२०६९	विद्या वर्ष २५अंक २२महायज्ञ विशेषाङ्क	गुल्मी
५५	अनुसन्धानको फल ज्योतिष रत्नमाला	२०६९	हाम्रो पुरूषार्थ सम्पूर्णाङ्क ५८ किरणपुस्तकालय	गुल्मी
५६	मेरो स्मृतिमा रहेका पं.देवराज अर्याल र उनको आचार व्यवहार	२०६९	शतवार्षिक समारोहमा प्रस्तुत कार्यपत्र	काठमाण्डौ
५७	काफ्ले थर एक तर गोत्र भिन्न	२०६९	काफ्ले बंशावली	काठमाण्डौ
५८	कवि मुकुन्द शर्मा र उहाँको महाभारत चम्पू एक अध्ययन		चन्दन-अक्षता-फूल	काठमाण्डौ
५९	समीक्षा के हो ?	२०६९	चन्दन-अक्षता-फूल	काठमाण्डौ
६०	मुकुन्द इन्दिरा नाटक - एक छलफल	२०६९	चन्दन-अक्षता-फूल	काठमाण्डौ
६१	भक्त भानुभक्त नाटक : एक विवेचना	२०६९	चन्दन-अक्षता-फूल	काठमाण्डौ
६२	कथाको स्वरूप : एक अध्ययन	२०६९	चन्दन-अक्षता-फूल	काठमाण्डौ
६३	कथाकार गुरूप्रसाद मैनाली, उनको कथा प्रवृत्ति र केही कथाहरू- एक विवेचना	२०६९	चन्दन-अक्षता-फूल	काठमाण्डौ
६४	नेपाली साहित्यमा कथाकार वि.पी कोइराला र उनका केही कथा-छोटो समीक्षा	२०६९	चन्दन-अक्षता-फूल	काठमाण्डौ
६५	देवकोटाका चार कविता छोटो समीक्षा	२०६९	चन्दन-अक्षता-फूल	काठमाण्डौ
६६	नेपाली साहित्यमा आधुनिक उपन्यासविधाको थालनी र प्रयोग	२०६९	चन्दन-अक्षता-फूल	काठमाण्डौ
६७	निबन्धकार भैरव अर्याल र उनको जयभुँडी भित्रका केही निबन्धहरू	२०६९	चन्दन-अक्षता-फूल	काठमाडौं
६८	खैरनीघाट उपन्यास एक समीक्षा	२०६९	चन्दन-अक्षता-फूल	काठमाडौं
६९	ऊ मरेकी छैन नाटक - एक समीक्षा	२०६९	चन्दन-अक्षता-फूल	काठमाडौं
७०	बहुलाकाजीको सपनालाई हेर्दा	२०६९	चन्दन-अक्षता-फूल	काठमाडौं
७१	कथाकार रमेश विकल र उनको मधुमालती कथा-एक अध्ययन	२०६९	चन्दन-अक्षता-फूल	काठमाडौं
७२	गण्डकी क्षेत्रमा पाइने शालग्राम शिलाका प्रकार र तिनका विशेषता	२०६९	देववाणी	देवघाट

७३	छुटेको साथमा .... भएको याद	२०६९	छुटेको साथ	काठमाण्डौ
७४	तीर्थराज प्रयाग र प्रयाग तीर्थका अनेक रूप	२०६९	आदि प्रयाग एक अध्ययन	देवघाट

१. गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले नेपाली कविताको परम्परा

यो लेख २०३७ साल वैशाखमा प्रकाशित हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ११ समालोचना विशेषाङ्कमा प्रकाशित छ । यस लेखमा गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिलेको माध्यमिक युगमा र त्यसभन्दा पहिले पनि नेपाली कविताको परम्परा के कस्तो रहेको थियो भन्ने विषयलाई प्रस्तुत गरिएको छ ।[३२]

२. गोरखापत्रको प्रकाशनका लागि भएको पहिलेको व्यवस्था

यो लेख २०३८ सालको हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क १३ मा प्रकाशित छ । राणा शासनको इतिहासमा प्रधानमन्त्री देवशमशेरको पालामा वि.सं. १९५८ साल वैशाख २४ गते सोमवारका दिन नेपालमा गोरखापत्रको प्रकाशन भएको हो र यस लेखमा गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले गोरखापत्रको प्रकाशनका लागि के कस्तो व्यवस्था बन्दोवस्त भएको थियो भन्ने र **के कस्ता कुराहरू गोरखापत्रमा छाप्ने के कस्ता कुराहरू गोरखापत्रमा नछाप्ने** भनी महाराजबाट नरदेव मोतीकृष्ण कम्पनीलाई दिएका आज्ञा, आदेश निर्णयहरू बताउनमा यो लेख केन्द्रित छ ।[३३] साथै वि.सं १९५८ साल जेष्ठ ३ सोमवार, वैशाख २४ गतेको मङ्गलमय शुभदिनको शुभलग्नमा नेपालमा गोरखापत्रको प्रकाशनको प्रारम्भ भएको हो भन्ने कुरा बताउँदै यसको प्रारम्भ कसरी भएको थियो भन्ने पनि यो लेखमा खुलाइएको छ । लेखको आयतन ५ पृष्ठको छ ।

३. गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले नेपाली कथाको स्रोत र परम्परा

माध्यमिक नेपालीसाहित्यको पूर्वार्द्धमा अर्थात् नेपालमा गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले नेपाली कथाको स्रोत र परम्परा के कस्तो थियो भन्ने विषयमा यो लेख केन्द्रित रहेको छ । यसलाई वि.सं.२०३८ साल कार्तिकमा प्रकाशित हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १४ मा प्रकाशन गरिएको छ । यद्यपि नेपाली कथाको आधार संस्कृत कथाहरू नै रहेका छन् । त्यसो भएपनि त्यसबेलाका नेपाली कथाहरूमा उर्दू तथा हिन्दी साहित्यबाट पनि धेरथोर ग्रहण गरेर कथा लेख्ने गरिन्थ्यो भन्ने पनि चर्चा गरिएको छ । यस्ता कथाहरूको स्रोत र परम्पराअनुसार नेपाली साहित्यको माध्यमिक कालमा लेखिएका नेपाली कथाका पुस्तकहरू यिनै हुन् भन्दै १. हितोपदेश मित्रलाभ २. नलोपाख्यान ३. बेताल पच्चीसी ४. शुकबहत्तरी ५. सिंहासन बत्तीसी ६. अबोलामैँयाँको कथा ७. लालहीराको कथा ८. मधुमालतीको कथा ९. तोतामैनाको कथा १०. हात्तीमताइको कथा ११.

[३२] लक्ष्मीकान्त पन्थी, **गोरखापत्रको प्रकाशन हुनभन्दा पहिले नेपाली कविताको परम्परा**, हाम्रो पुरुषार्थ, २०३७, सम्पूर्णाङ्क ११, पृ. २३-२६ ।
[३३] लक्ष्मीकान्त पन्थी, **गोरखापत्रको प्रकाशनका लागि भएको पहिलेको व्यवस्था,** हाम्रो पुरुषार्थ, २०३८, सम्पूर्णाङ्क १३, पृ. ५-९ ।

गुलवकावली इत्यादि नामहरू लिइएका छन् ।[३४] लेखमा आख्यायिका के हो ? भन्दै त्यसको परिभाषा र वर्गीकरण गरिएको छ । यस लेखको आयतन २ पृष्ठ लामो छ ।

४. नेपाली साहित्यमा कथाकार विश्वेश्वरप्रसाद कोइराला

यो लेख २०३९ सालमा प्रकाशित अरुणोदय पत्रिकाको 'साहित्यकार विश्वेश्वर' विशेषाङ्क - वर्ष १९, संयुक्ताङ्क-४, ५ पृ. ३३-३५) मा प्रकाशित गरिएको छ । उक्त शीर्षकमा प्रस्तुत लेखमा नेपाली साहित्यमा कथाको परम्परा र पृष्ठभूमिका आधारमा आधुनिक नेपाली कथा साहित्यका प्रमुख कथाकारहरू गुरूप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, पुष्कर शमसेर र बालकृष्ण सम हुन् भन्दै यी चार कथाकारहरूमध्ये कथाकार कोइरालाको नेपाली कथाक्षेत्रमा आगमनलाई बताउँदै कथाकार कोइरालाको भावभूमि, अर्थात् रतिरागात्मक मनोवैज्ञानिकता भएको बताउँदै कोइरालाको कथाकारिता, कोइरालाका कथामा पाइने तत्व, कोइरालाका कथासत्य (मनोवैज्ञानिक), उनका कथाको मूल प्रवृति, भाषा शैली, संयम र अनुशासन आदि बताउँदै कथाकार विश्वेश्वरप्रसाद कोइरालाको मनोवैज्ञानिक कथाधारालाई यिनी पछिका (भवानी भिक्षु आदि) कथाकारहरूले पछ्याउँदै आएका छन् भनिएको छ ।[३५] यस लेखको आयतन तीन पृष्ठ लामो छ ।

५. कथाकार भवानी भिक्षु र उनको हारजीत कथा

यस लेखलाई हाम्रो पुरुषार्थको वर्ष २०३९ वैशाख, सम्पूर्णाङ्क १५ मा प्रकाशन गरिएको छ । नेपाली साहित्यको कथा क्षेत्रका चर्चित साहित्यकार लुम्बिनी अञ्चल कपिलवस्तु जिल्लाको तौलिहवामा जन्मेका भवानी भिक्षु कवि र उपन्यासकार पनि हुन् । तथापि यस लेखमा कथाकार भवानी भिक्षुको कथा क्षेत्रमा प्रवेश, धारणा, मान्यता, कथातत्त्व, शिल्प, कथाकारिता र उनको कथाकारिताका विभिन्न चरणको मात्र संक्षेपमा उल्लेख गर्ने कोशिस गरिएको छ, भन्दै प्रारम्भ गरिएको यस लेखमा कथाकार भिक्षु 'मानव' नामको कथालाई लिएर वि.सं १९९५ सालमा कथा क्षेत्रमा प्रवेश गरेको बताउँदै उनका कथाकृतिहरू विभिन्न चरणमा विभाजित छन् भन्ने कुरा पनि बताइएको छ । यसका साथै भिक्षुका कथागत मान्यताहरू, भिक्षुका कथामा पाइने मनोद्घाटन तत्त्व, कथा श्रेष्ठताको मानदण्ड, भिक्षुका कथामा सहानुभूति तत्त्व, भिक्षुका कथाको सफलता, रतिरागी भिक्षु, भिक्षुको कथाकारिता, भिक्षुको कथा शिल्प, विभिन्न चरण जस्ता उपशीर्षकमा यो लेख केन्द्रित रहेको छ ।[३६] यो लेखको आयतन ८ पृष्ठको छ । कथाकार भिक्षु मूलतः मनोवैज्ञानिक कथाकार भएपनि उनका तीन चरणमा विभाजित कथाहरूमध्ये दोस्रो चरणको हारजीत कथा एक सामाजिक कथा हो । यस कथामा कथाकार भिक्षुले तराइ जीवनका अनेक रोचक पक्षलाई प्रस्तुत गरेका छन् । नेपालको सामाजिक जनजीवनलाई हिमाली, पहाडी, उपत्यकाली र तराइको गरी चारभागमा वर्गीकरण गर्न सकिन्छ । यस कथामा तराइको सामाजिक जनजीवनको चित्र

---

[३४] लक्ष्मीकान्त पन्थी, **गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले नेपाली कथाको स्रोत र परम्परा,** हाम्रो पुरुषार्थ,२०३८ सम्पूर्णाङ्क १३-१४, पृ: ५-९ ।

[३५] लक्ष्मीकान्त पन्थी, **नेपाली साहित्यमा कथाकार विश्वेश्वरप्रसाद कोइराला,** अरुणोदय, २०३९ वर्ष १९, सम्युक्ताङ्क, ४-५, पृ. ३३-३५ ।

[३६] लक्ष्मीकान्त पन्थी, **कथाकार भवानी भिक्षु र उनको हारजीत कथा,** हाम्रो पुरुषार्थ, २०३९, वर्ष ९, अंक २, पृ. १६७-१७५ ।

उतारिएको छ । त्यसमा पनि दुई प्रतिष्ठित व्यक्तिका सामाजिक मर्यादा बीचको द्वन्दलाई देखाउनमा यो कथा केन्द्रित छ । हाम्रो तराइको अर्थात् कपिलवस्तु जिल्लाको गोटिहवा गाउँका दुई मर्यादित व्यक्तित्व (सम्पन्न मनोहर महतो र विपन्न घुरहु महतो बीचको प्रतिष्ठाको प्रतिष्पर्धा वा द्वन्द्वलाई यस कथामा व्यक्त गरिएको छ, भन्दै समीक्षाको अन्त्यमा दुई भिन्न मर्यादाका प्रतिष्पर्धीहरूमा कसको जीत भयो र कसको हार भन्ने टुङ्गो अझै लागेको छैन तापनि हारजीतको लडाइँ खेल्ने यस्ता सामाजिक एवं प्रतिष्ठित चरित्रको द्वन्द यस कथामा तीव्र बनेर देखापरेको छ भन्ने आशयका साथ लेख समाप्त गरिएको छ ।

६. माध्यमिक नेपाली साहित्यको नाट्यपरम्परामा गोरखापत्रको योगदान

यो लेख हाम्रो पुरुषार्थ २०४० को सम्पूर्णाङ्क १८ मा प्रकाशित छ । नेपाली साहित्यमा आदिकवि भानुभक्त आचार्यको समयपछि माध्यमिक नेपाली साहित्यको समय मानिएको छ अथवा यसो भनौं मोतीराम भट्टको उदय (१९२३) देखि लिएर शारदा पत्रिकाको प्रकाशन(१९९१) सम्मको समयावधि नै नेपाली साहित्यको माध्यमिक काल हो । नेपाली साहित्यमा यस युगलाई मोतीरामयुग पनि भनिएको छ ।

प्रस्तुत लेखमा गोरखापत्रको प्रकाशन पूर्व १९२३ - १९५७ सम्म नेपाली साहित्यको माध्यमिक युगमा के कस्तो नाट्यपरम्परा थियो भन्ने कुरा उल्लेख गर्दै गोरखापत्रको प्रकाशन (१९५८) देखि लिएर शारदाको प्रकाशन (१९९१) सम्म गोरखापत्रमा प्रकाशित भएका केही नाटकहरूलाई लिएर तात्कालिक गोरखापत्रले पनि माध्यमिक नेपाली साहित्यको नाट्यपरम्परामा योगदान गरेको थियो भन्ने कुराको चर्चा गरिएको छ । यसै पृष्ठभूमिमा नाटककार बालकृष्ण समको मुटुको व्यथा (१९८६) प्रकाशित भएको र यसैदेखि नै नेपाली नाट्य विधाले आधुनिक युगमा पाइला टेकेको हो भन्ने पनि लेखमा उल्लेख छ ।[३७] लेखको आयतन ४ पृष्ठको छ ।

७. नेपाली साहित्यको विकासमा संवत १९९१ भन्दा पहिलेका पत्रपत्रिका

यो लेख हाम्रो पुरुषार्थ २०४० वैशाखको सम्पूर्णाङ्क १९ मा प्रकाशन गरिएको छ । यो लेखलाई नेपाली साहित्यमा आधुनिक काल प्रारम्भ हुनुभन्दा पहिले नेपालभित्र र नेपालबाहिर पनि के कस्ता साहित्यिक पत्र पत्रिकाको प्रकाशन भएको थियो भन्ने विषयमा केन्द्रित बनाइएको छ । तात्कालिक समयमा नेपालको राजनीतिक परिस्थिति अहिलेभन्दा धेरै भिन्न रहेको हुँदा नेपालभित्र त राणा प्रधानमन्त्री देवशमशेरको पालमा (१९५८) एकमात्र गोरखापत्र (समाचारपत्रकारूपमा साप्ताहिक) प्रकाशन हुन थालेको भए पनि त्यसले केही मात्रामा नेपाली साहित्यको पनि सेवा गर्दैरहेको कुराको सन्दर्भमा नेपालबाहिर भने वनारस, देहरादून, कालिङपोङ, खर्साङ, आदि ठाउँबाट साहित्यप्रेमी नेपालीहरूद्वारा केही पत्रपत्रिकाहरूको प्रकाशन गरिएको थियो भन्ने बताइएको छ । त्यस्ता पत्रिकाहरूमा गोर्खेखवर कागत, गोर्खाखवर, चन्द्र, चन्द्रिका, गोर्खाली, गोर्खासंसार,

[३७] लक्ष्मी कान्त पन्थी **माध्यमिक नेपाली साहित्यको नाट्यपरम्परामा गोरखापत्रको योगदान,** हाम्रो पुरुषार्थ, २०४० वर्ष १०, अंक २, पृ: ३३-३६ ।

राजभक्ति, तरुणगोर्खा, आदर्श र नेपाली साहित्य सम्मेलन पत्रिका गरी जम्मा १२ पत्रिकाहरूको नाम बताइएको छ ।[३८] यस लेखको आयतन चार पृष्ठको छ ।

८ नेपालमा संगीतकलाको विकास र मास्टर रत्नदास प्रकाश

उक्त शीर्षकमा वि.सं २०३३ सालतिर लेखिएको यो लेख वि.सं २०४१ सालमा प्रकाशित **एक व्यक्ति- अनेक अभिव्यक्ति** नामक पुस्तकमा सङ्कलित छ । यस पुस्तकका सम्पादक प्रतापचन्द्र प्रधान छन् भने प्रकाशक कुमारधर शर्मा ज्ञानी हुन् । यस लेखको आयतन ५ पृष्ठको छ । लेखमा नेपालमा सङ्गीतकलाको विकासका पृष्ठभूमिमा कलाकार रत्नदास प्रकाशले नेपाली सङ्गीतकलाको विकासका निम्ति काम गर्दा उनले पाएका अनेक दुःख, कष्ट, यातना र ठक्करहरूको चर्चा गर्दै सङ्गीतकलामा उनले गरेको योगदानको समेत उल्लेख गरिएको छ । साथै नेपालका अनेक लव्धप्रतिष्ठित कलाकार, कवि, समालोचक, कथाकार,उपन्यासकार, गीतकार, नाटककार, सङ्गीतकार, भाषाशास्त्री, विशिष्ट पदाधिकारीहरू एवं विभिन्न राजनैतिक नेताहरूले पनि रत्नदास प्रकाशका बारेमा विभिन्न पत्रपत्रिकामा लेखहरू प्रकाशित गराएका छन् भन्ने कुरा बताउँदै कला र सङ्गीतका क्षेत्रमा प्रशंसनीय कार्य गरेवापत नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट वि.सं २०२८ सालमा इन्द्रराज्यलक्ष्मी पुरस्कारद्वारा रत्नदास प्रकाश परस्कृत भएको उल्लेख पनि गरिएको छ ।[३९]

९ 'बसाइँ' उपन्यासको आधारमा नेपाली समाजको चित्रण

यो लेख हाम्रो पुरुषार्थ पत्रिकाको २०४५ वैशाखको सम्पूर्णाङ्क २९ वर्ष १५ अङ्क-२ पृ. ४१-४२ मा प्रकाशित छ । उक्त शीर्षकमा लेखिएको यो सानो लेखमा पाठ्क्रममा आधारित भएर 'बसाइँ' उपन्यासका आधारमा नेपाली समाजको चित्रण गरिएको छ । उक्त सन्दर्भमा बसाइँ उपन्यासका नायक धनबहादुर, उनकी श्रीमती मैनाजस्ता पात्रले पहाडी ग्रामीण समाजका सामान्य नेपाली घर परिवारको प्रतिनिधित्व गरेका छन्, भन्दै तिनीहरूले भोगेका जीवनका गतिविधि एवं व्यवहारहरूलाई प्रस्तुत गर्दै बसाई उपन्यासमा नेपाली समाजको राम्रो चित्रण हुनुका साथै यस उपन्यासकी नायिका मैनामा पनि एक आदर्श नारीमाहुनुपर्ने गुण भएको बताइएको छ ।[४०] लेखको आयतन २ पृष्ठको छ ।

१०. विवाह संस्कार र यसको महत्व

यो वि.सं. २०४६ वैसाखको हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ३१ मा प्रकाशित छ । उक्त शीर्षकमा रचना गरिएको यो लेख धार्मिक विषयमा आधारित छ । हाम्रो हिन्दु समाज विशेष गरी

---

[३८] लक्ष्मीकान्त पन्थी, **नेपाली साहित्यको विकासमा संवत १९९१ भन्दा पहिलेका पत्रपत्रिका,** हाम्रो पुरुषार्थ,२०४० वर्ष ११, अंक १, पृ: ८१-८९ ।

[३९] लक्ष्मीकान्त पन्थी, **नेपालमा संगीतकलाको विकास र मास्टर रत्नदास प्रकाश** एक व्यक्ति, अनेक अभिव्यक्ति, २०४१ पृ. ।

[४०] लक्ष्मीकान्त पन्थी, **'बसाइँ' उपन्यासको आधारमा नेपाली समाजको चित्रण,** हाम्रो पुरुषार्थ,२०४५ सम्पूर्णाङ्क २९पृ. ४१-४२ ।

धर्मकर्ममा आस्था राख्ने भएको हुँदा हाम्रा जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कार कर्महरू पनि धार्मिक विधि विधानबाट गरिने प्रचलन छ ।[४१]

प्रस्तुत लेखमा विवाह संस्कार र यसको महत्व बताउने क्रममा सर्वप्रथम विवाह शब्दको अर्थ र त्यसको गम्भीर आशय खुलाउँदै विवाह संस्कार गर्नाले सन्तानोत्पत्ति हुनसक्ने र त्यसले गर्दा व्यक्ति जन्मजात आइलागेका पितृऋणबाट मुक्त हुनसक्ने भएको हुँदा यो संस्कारको विशेष महत्व रहेको बताइएको छ । त्यसैगरी विभिन्न धार्मिक यज्ञ यागादि सम्पन्न गर्दा पनि सपत्नीक भएर गर्नुपर्ने हुँदा गृहस्थाश्रममा विवाह संस्कारको विशेष महत्त्व रहने बताइएको छ । यस लेखको आयतन तीन पृष्ठ लामो छ ।

११ धर्मशास्त्र र त्यसको प्रयोजन

यो लेख मिति २०५३/१०/२६ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित छ । यो लेखमा "धारण गर्नु र पोषण गर्नु अर्थमा रहेको 'धृ' धातुबाट धर्म शब्द बन्दछ, भन्दै धर्म शब्दका विभिन्न अर्थ गरिएको यस लेखमा सत्यं वद, धर्मं चर जस्ता वैदिक वाक्यहरूबाट धर्म शब्दले कर्तव्यको बोधसमेत गराउँछ" भनिएको छ । यसो भएतापनि मनुस्मृति याज्ञवल्क्यस्मृति आदि धर्मशास्त्र ग्रन्थहरूका अनुसार धर्म शब्दको अर्थ पाँच किसिमबाट बुझ्नुपर्छ । ती हुन् १. वर्णधर्म २. आश्रमधर्म ३. वर्णाश्रमधर्म ४. नैमित्तिकधर्म ५. गुणधर्म । यस्ता कुराहरू अलगअलग हुन्छन् । यसरी हेर्दा धर्मशास्त्रहरूमा धर्म शब्दले उक्त पाँचै अर्थलाई लिएको हुन्छ ।[४२]

धर्मबाट मनुष्यलाई व्यवस्थित, सन्तुलित, मर्यादित एवं नैतिकरूपमा सचेत गराउनु, अग्रसर गराउनु र धर्मका साथै अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थ प्राप्तगर्न समर्थगराउनु नै धर्मशास्त्रको मुख्य प्रयोजन हो । यो कुरा **धर्माद् अर्थश्च कामश्च स किमर्थम् न सेव्यते** अर्थात् धर्मबाट अर्थ, काम र मोक्ष प्राप्त हुन्छ भने त्यो सेवन (पालन) किन नगर्ने ? भन्ने महाभारत आदि पर्वको (१८/५/६२) उक्तिबाट पनि स्पष्ट हुन्छ । यस उक्तिको मुख्य आशय अझै के हो भने धर्मबाट मोक्षरूप परम् पुरुषार्थ त अवश्यमेव प्राप्त भइहाल्छ । साथै लौकिक सुखका लागि चाहिने अर्थ र काम पनि धर्मबाटै प्राप्त हुन्छन् भने यस्तो महत्वपूर्ण धर्म किन नगर्ने ? अर्थात् गर्नुपर्छ । यसका अतिरिक्त मनुष्यहरूलाई यस लोकमा रहँदासम्म (जीवनभर) आचार, व्यवहार, प्रायश्चित विषयमा राम्रो जानकारी दिएर बाँचुञ्जेलसम्म न्याय्यवृत्ति गर्दै सुख शान्तिपूर्वक बाँच्न र मर्दा (देहत्याग गर्दा) स्वर्गनिष्ठ या ब्रह्मनिष्ठ भएर मर्न तत्पर बनाउनु अर्थात् प्रवृत्तिमार्ग (विषय भोगेच्छा) बाट विमुख बनाउँदै निवृत्ति मार्ग (संसारको अनिवार्यत्वलाई बुझेर तत्वज्ञान वा आत्मज्ञान पाउन इच्छुक हुनु) तर्फ उन्मुख बनाउनु नै धर्मशास्त्रको सूक्ष्म एवं मुख्य प्रयोजन हो, भनेर धर्मशास्त्र र त्यसको प्रयोजनलाई यस लेखमा स्पष्ट पारिएको छ ।

---

[४१] लक्ष्मीकान्त पन्थी, **विवाह संस्कार र यसको महत्व,** हाम्रो पुरुषार्थ, २०४६ वर्ष१६, अंक २ , पृ: ४५ - ५६ ।
[४२] लक्ष्मीकान्त पन्थी, 'धर्मशास्त्र र त्यसको प्रयोजन', **कान्तिपुर,** वर्ष ४, अंक ३४८ कोसेली ग ।

१२. संस्कार के हो ?

यो लेख २०५३/१२/९ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित छ । उक्त शीर्षकमा प्रयुक्त संस्कार शब्दका धेरै अर्थहरू गरिएका छन् । ती अर्थहरूलाई पनि बताउँदै भनिएको छ - वास्तविकरूपमा संस्कार भनेको परिष्कार गर्नु, परिमार्जन गर्नु, शुद्धगर्नु वा राम्रोपार्नु भन्ने अर्थ हो तापनि हिन्दु समाजमा गरिने संस्कार शब्दको आशय धार्मिक विधिविधान तत्सम्बन्धी नियम र अनुष्ठान भनौं व्यक्तिका शारीरिक, मानसिक एवं बौद्धिक परिष्कारका निम्ति गरिने विभिन्न धार्मिक अनुष्ठानहरू हुन् भन्ने अर्थ बुझाइएको छ । अझ औपचारिक शारीरिक संस्कारमात्र नभएर संस्कार्य व्यक्तिको पूर्ण परिष्कार शुद्धि र पूर्णता पनि हो । साधारणतः यस्तो ठानिन्थ्यो कि विधिपूर्वक गरिएका संस्कारहरूको अनुष्ठानबाट संस्कृत व्यक्तिमा विलक्षण तथा अवर्णनीय गुणहरूको प्रादुर्भाव हुन्छ । अतः संस्कार शब्दले उपर्युक्त सामूहिक अर्थलाई वहन गरेको मान्नु उचित हुन्छ ।[४३]

त्यस्तो त समान्य प्राकृत पदार्थ त्यो काठ, दाउरा, ढुङ्गा, माटो, कुनै रुख विरुवा अथवा कुनै पशु पनि हुन सक्छ । त्यसलाई पनि मानिसले काँटछाँट गरेर परिष्कार परिमार्जन संशोधन इत्यादि संस्कार गरेर आफ्नो उपयोगी बनाउँदछ । यस्तोलाई पनि संस्कारको अर्थभित्र राख्न सक्दछौं । यसरी हेर्दा काँटछाँट वा संस्कृत गरेर हरेक वस्तुलाई मानवले आफ्नो निम्ति उपयोगी बनाउनु नै संस्कार गर्नु हो भनिएको छ ।

१३. हिन्दु धर्मसङ्ग संस्कारको सम्बन्ध र क्षेत्र

यो लेख वि.सं. २०५४/२/३२ गतेको कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित छ । उक्त लेखको शीर्षकबाट यसको अर्थ र उद्देश्य पनि स्पष्ट हुन्छ । एक हिन्दुको जीवनमा पुरुषार्थ चतुष्टय अर्थात् धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्नुलाई विशेष महत्व दिइएको हुँदा त्यसका लागि संस्कारको आवश्यकता हुने कुरा बताउनका लागि विभिन्न भौतिक वस्तुहरूमा पनि संस्कार गर्दा सौन्दर्य एवं पूर्णता प्राप्तहुने कुराको उदाहरण दिँदै एक हिन्दुको जीवनमा संस्कारको गहिरो सम्बन्ध भएको देखाइएको छ ।[४४] विश्व मानव समुदाय नै संस्कारको क्षेत्र हो भन्ने पुष्टि गरिएको छ । संस्कारले व्यक्तिको जीवनमा शारीरिक, मानसिक एवं शैक्षिक र बौद्धिक सबै वा कुनै गुणाधान हुने र दोष परिमार्जन पनि हुने कुरा त प्रत्यक्ष नै छन् भनिएको छ ।

१४. संस्कारको उत्पत्ति, संख्या र क्रम

यो लेख वि. सं. २०५४/१०/१८ को कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित छ । उक्त शीर्षकमा रचना गरिएको यस लेखको अर्थ भनौं उद्देश्यलाई शीर्षकले नै स्पष्ट गरेको छ । लेखकले सर्वप्राचीन मानिएको वेद र ब्राह्मणग्रन्थ एवं विभिन्न कर्मकाण्डीय धार्मिक ग्रन्थहरूले बताएअनुसार संस्कारको उत्पत्ति अनादिकालदेखि नै भएको बताएका छन् । त्यसैगरी भिन्नभिन्न ऋषिहरू भनौं पूर्वाचार्यहरूका मतमा संस्कारको संख्या पनि बेग्लाबेग्लै भएको देखाएका छन् ।

---

[४३] लक्ष्मीकान्त पन्थी, 'संस्कार के हो?", **कान्तिपुर,** २०५३/१२/९, कोसेली क ।
[४४] लक्ष्मीकान्त पन्थी, 'हिन्दु धर्मसँग संस्कारको सम्बन्ध र क्षेत्र', **कान्तिपुर,** वर्ष ५, अंक ११६, पृष्ठ ५ ।

जस्तो कि :- गौतमका मतमा ४८ संस्कारहरू छन् भने अङ्गिराका मतमा २५ संस्कार छन् । त्यस्तै वैखानसले १८ संस्कार भएको बताएका छन् भने पारस्कर वौधायन एवं वराहका मतमा १३ संस्कारहरू छन् । आश्वलायनले भने ११ संस्कारहरू बताएका छन् । त्यसैगरी मनु र याज्ञवल्क्यले संस्कारहरूको संख्या १३ नै देखाउँछन् भने व्यास र जातुकर्ण्यका मतमा १६ संस्कारहरू भेटिन्छन् । यसरी हेर्दा संस्कारहरूका संख्या धेरै वा थोरै भएको भएपनि हिन्दुजीवनमा संस्कार गर्नैपर्ने अनिवार्यतामा भने सबै आचार्यहरू एकमत छन् भन्ने बताउँदै हाम्रो नेपाली परम्परामा १६ संस्कार गर्ने प्रचलन रहेको भए पनि अहिले तिनको संख्या घट्दै १० संस्कारसम्म गर्ने गरिएको छ ।[४५] भन्ने लेखकको मनशाय देखिन्छ ।

१५. संस्कारको प्रचलन, परम्परा र प्रयोजन

यो लेख वि.सं.२०५५ सालको वैशाख १९ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित छ । हिन्दु धार्मिक परम्परामा अनादिकालदेखि संस्कारको प्रचलन भएको र त्यस्ता संस्कारहरूको परम्परा पनि रही आएको कुरा यस लेखमा बताइएको छ । शास्त्रअनुसार संस्कारको सङ्ख्या धेरै देखिए पनि वर्तमान समाजमा चलिआएका संस्कारहरूको संख्या १० छ भन्ने बताइएको छ । तीनमा १. गर्भाधानका साथमा पुंसवन र सीमन्तोन्नयन संस्कार पनि भावनात्मकरूपमा भएको मानिन्छन् । २. नामकरण संस्कार गर्दा जातकर्म तथा निष्क्रमण संस्कार पनि प्रायशः एकै पटक सिध्याउने गरिन्छ । ३. अन्नप्राशन (पास्नि) संस्कारको प्रचलन यथावत् रहेकै छ । ४. कर्णवेध ५. चूडाकर्म र ६. अक्षरारम्भ संस्कार क्रियात्मकरूपमा नै गर्ने प्रचलन प्रायः रहेको छ । ७. उपनयन (व्रतबन्ध) संस्कार गर्दा वेदारम्भ, केशान्त तथा समावर्तन संस्कार पनि एकैपटक सिध्याउने प्रचलन छ भने कतैकतै औपचारिकता पुऱ्याउनका लागि देखावटी व्रतबन्ध समेत हुँदै आएको पनि छ । ८. विवाह संस्कार प्रायः वैदिक विधिपूर्वक र कतैकतै लौकिक विधिले सामाजिक प्रचलन र परम्पराअनुसार संक्षेपमा पुरोहितद्वारा गराइन्छ । ९. दीक्षाग्रहण इच्छुक व्यक्तिहरूले गर्ने परम्परा रहेकै छ । १०. अन्त्येष्टि संस्कार गर्ने प्रचलन छ तापनि वैदिक शास्त्रीय सन्यास भने प्रायः लोप भइसकेको छ ।[४६]

यिनै संस्कारहरूको प्रचलन र परम्परा रहेको बताउँदै तिनको प्रयोजनका रूपमा शास्त्रोक्त अदृष्ट फल प्राप्तहुने कुराका साथै दीर्घायु, भौतिक संमृद्धि, सन्तान, पशु, सौभाग्य, सम्पत्ति, शक्ति र बुद्धिको विकास पनि हुने र गृहस्थाश्रम आनन्दपूर्वक चलाउन सकिने कुराहरूलाई यस लेखमा बताइएको छ । साथै मोक्षपथका निम्ति पनि संस्कारको प्रयोजन हुने गरेको कुरा बताइएको छ ।

१६. संस्कारको आवश्यकता र वैज्ञानिकताः-

प्रस्तुत लेख वि.सं. २०५५/४/९ को कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित छ । उक्त शीर्षक भएको लेखको अर्थ र उद्देश्य शीर्षकबाटै स्पष्ट भएको छ । कतिपय संस्कारहरू यस्ता छन् जसको फल अदृष्ट हुन्छ । कतिपय संस्कारहरू यस्ता पनि छन्, जसको फल प्रत्यक्ष हुन्छ । त्यसैले

---

[४५] लक्ष्मीकान्त पन्थी, 'संस्कारको उत्पत्ति, संख्या र क्रम', **कान्तिपुर**, २०५४/१०/१८, पृष्ठ ४ ।
[४६] संस्कारको प्रचलन, 'परम्परा र प्रयोजन', **कान्तिपुर, कोशेली**, २०५५/१/१९, पृ: ख ।

अदृष्ट फल प्राप्त गर्नका लागि संस्कार गर्नुपर्ने आवश्यकता त छँदै छ, प्रत्यक्ष फलका लागि त झन् हुने नै भयो । जस्तो कि बालकको कान छेड्नाले उसको स्वास्थ्य रक्षा हुने (अण्डकोष बृद्धिहुनबाट रोकिने) र बालिकाको कर्णवेध गर्नाले उसको सौन्दर्यवृद्धि गर्नमा (गहना लगाउन) सहयोग पुग्ने प्रत्यक्ष फल देखिन्छन् ।[४७] यस्तै उदाहरण बताएर संस्कारको आवश्यकता हुने र यस्ता संस्कारहरू गर्नुमा वैज्ञानिकता पनि रहेको कुरा यस लेखमा बताइएको छ ।

१७. प्राग्जन्म संस्कार

यो लेख २०५५/७/१४ को कान्तिपुरमा प्रकाशित छ । 'वैदिक सनातन हिन्दु वर्णाश्रम धर्म व्यवस्थानुसार मानवको सम्पूर्ण जीवन नै वैदिक संस्कारहरूको वास्तविक क्षेत्र हो । त्यसैले मानवीय परम्परालाई अगाडि बढाउने प्रजनन कार्य पनि संस्कार अन्तर्गत पर्न आउँछ । यसरी हेर्दा संस्कारहरूको क्रमलाई दुई भागमा राखेर विचार गर्नुपर्ने हुन्छ । हिन्दु संस्कारहरूमा पहिलो संस्कारको नाम गर्भाधान संस्कार हो । भन्दै शारीरिक दृष्टिबाट गर्भधारण योग्यता र विर्यनिषेचन योग्यता पुगेका स्त्री पुरुषद्वारा मानसिक दृष्टिबाट पनि परस्परमा सुयोग्य सन्तान उत्पन्न होस् भन्ने उद्देश्यले प्रेरित भएर देश, काल र अवस्था विचार गरी गरिने शारीरिक सम्बन्धलाई गर्भाधान भन्दछन् । यस्तो किसिमको गर्भाधान क्रिया गर्नुभन्दा पहिले सोही दिनमा धार्मिक कृत्यका रूपमा विधिपूर्वक गर्भाधान संस्कार गरिएको हुनुपर्दछ । यस्तो संस्कार गर्नाले बीज सम्बन्धी तथा गर्भ सम्बन्धी सम्पूर्ण मलिनताहरू नष्ट हुन्छन् । गर्भशुद्धि हुन्छ र यसबाट क्षेत्ररूपिणी स्त्रीको पनि संस्कार अर्थात् शुद्धि हुन्छ । यही नै गर्भाधान संस्कारको फल हो । यस किसिमले वैदिक विधिपूर्वक गरिने संस्कारको लक्ष ब्राह्मण्य गुणको विकास गर्नु हो । गर्भाधान संस्कार यही महत्त्वपूर्ण लक्ष प्राप्तिका निमित्त प्रथम सोपानका रूपमा रहेको देखिन्छ"[४८] भन्दै प्रारम्भ गरिएको यस लेखमा बालकको जन्म हुनुभन्दा पहिले गर्नुपर्ने संकारहरू १. गर्भाधान २.पुसवन ३. सीमन्तोन्नयन संस्कारहरू गर्नुपर्ने विषयमा विस्तारपूर्वक बताइएको छ ।

१८. वि.पी. कोइरालाको व्यक्तित्व निर्माणको पृष्ठभूमि

यो लेख हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको २०५५ वैशाखको सम्पूर्णाङ्क ३६ मा प्रकाशित छ । आधुनिक नेपाली साहित्यका चार शिखर पुरुषमध्ये (देवकोटा, लेखनाथ, बालकृष्ण, विश्वेश्वर) एक मानिएका कथाकार विश्वेश्वरप्रसाद कोइराला आधुनिक नेपाली राजनीतिका एक शिखर पुरुष पनि हुन् । वि. सं. २००७ सालदेखिको नेपाली राजनीतिमा पक्षतर्फ होस् वा विपक्षतर्फ, अर्को शब्दमा समर्थन गर्नेहरूको लागि होस् वा विरोध गर्नेहरूका लागि विश्वेश्वरप्रसाद कोइराला सधैँ शिखरपुरुष रहीरहे । यिनै विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व निर्माणको पृष्ठभूमि बताउने क्रममा यो लेख केन्द्रित रहेको छ ।

कोइरालाको व्यक्तित्व निर्माणको पृष्ठभूमि, उनको पुर्ख्यौली घर सिन्धुली जिल्लाको दुम्जा गाउँबाट सुरु भएको हो भन्ने यस लेखका लेखक (शोधनायक) को जिकिर छ । यस सन्दर्भलाई

[४७] लक्ष्मीकान्त पन्थी, 'संस्कारको आवश्यकता र वैज्ञानिकता', **कान्तिपुर,** वर्ष ६, अंक १५६, कोसेली ख ।
[४८] लक्ष्मीकान्त पन्थी, 'प्राग्जन्म संस्कार', **कान्तिपुर**, वर्ष ६, अंक २४६, पृष्ठ ४ ।

अझ स्पष्ट गर्दै शोधनायक बताउँछन्: 'विश्वेश्वरप्रसाद कोइरालाका पिता कृष्णप्रसाद कोइरालाको घर दुम्जा गाउँमा त्यस वेला संयोगले भ्रमणको उद्देश्यले वा नेपाली जनजीवनको अध्ययन गर्ने उद्देश्यले हो, त्यहाँ आइपुगेका एक भारतीय अङ्ग्रेज पठित, शिक्षित एवं राजनीतिक चेतना भएका व्यक्तिले त्यहाँ केही समय बसेका र कृष्णप्रसाद कोइरालालाई राजनीतिक परिवर्तनको भावना जगाएकाले उनीभित्र रहेको सामाजिक भावना पनि अझ बढी प्रबल भयो । त्यसको फलस्वरूप उनले नेपाली समाजको सुधार गर्न आवश्यक ठाने । यसको परिणामस्वरूप उनले आफ्नो कार्यव्यवहार (जागिर खाने इत्यादि) का साथसाथै तात्कालिक प्र.म चन्द्रशमसेर राणाको राजनीतिक विचारका विरुद्ध चेतना प्रवाहित गर्न लागेका हुन् ।[४९] यी सबै कुरा नै विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व निर्माणको पृष्ठभूमि हुन्' भनी कारण सहित यस लेखमा बताइएको छ । यस लेखको आयतन ४ पृष्ठ छ ।

१९. ठूलो को छ ? (पौराणिक कथा)

हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको वर्ष २६, सम्पूर्णाङ्क ३८ मा प्रकाशित यो कथाको आयतन जम्मा २ पृष्ठको छ । यो जैमिनी भारत नामको प्राचीन ग्रन्थ (महाभारत आश्वमेधिक पर्व) मा आधारित पौराणिक कथा हो । कथामा ठूलो को छ ? भन्ने प्रश्नको उत्तर खोज्दै आएको एक न्यौरीमुसो युधिष्ठिर महाराजले गरेको राजसुय यज्ञको समाप्तिमा ब्राह्मण भोजन पश्चात् फालिएको जुठ्यानमा लुटपुटिएर आफ्नो जीउलाई पूर्णतया सुनौलो बनाउन नसकेकोले उञ्छशील ब्राह्मणको हातबाट खसेको सातुको धुलो जत्ति पनि प्रभावकारी नदेखिएको हुँदा मेरो सम्पूर्ण शरीर सुनौलो बन्न पाएन भन्ने त्यस न्याउरी मुसाको भनाइले महाराज युधिष्ठिरलाई ग्लानि भएकोले आफ्नो बलबुद्धि वैभव र भाइहरूद्वारा प्राप्त सहयोगलाईसमेत धिक्कार गरेछन् र उनको ठूलो हुँ भन्ने अभिमान चुर्ण भएछ भन्ने कथावस्तुलाई अत्यन्त संक्षेपमा प्रस्तुत गरिएको छ ।[५०] कथाको लेखाइ तथा शैली अत्यन्त संक्षिप्त एवं सरल पनि छ ।

२०. बाल्यसंस्कार

यो लेख कान्तिपुर राष्ट्रिय दैनिकको मिति २०५६/२/८ गतेको अङ्कमा प्रकाशित छ । यस लेखमा बालकको जन्म भएपछि बाल्यावस्थामा गर्नुपर्ने संस्कारलाई बुझाउन सजिलोका लागि बाल्यसंस्कार भन्ने नाम दिएर बालकका जन्मोत्तर संस्कारहरू जातकर्म, षष्ठीपूजन, नामकर्म आदि संस्कारहरूका विषयमा स्पष्ट पारिएको छ ।[५१]

२१. सोह्र संस्कारमध्ये एक व्रतबन्ध संस्कार

माथि प्रस्तुत गरिएको यो लेख २०५७/१२/३० को कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित छ । लेखमा संस्कारहरूको संख्या र क्रम बताइएको छ । त्यस लेखबाट संस्कारहरू के के रहेछन् ? कति रहेछन् ? भनेर तिनीहरूको क्रमलाई समेत बुझ्न सकिन्छ ।

---

[४९] लक्ष्मीकान्त पन्थी, **वि.पी. कोइरालाको व्यक्तित्व निर्माणको पृष्ठभूमि** हाम्रो पुरुषार्थ, वर्ष २५, अंक २, पृष्ठ ७४-७५

[५०] लक्ष्मीकान्त पन्थी, **ठूलोको छ ?** (पौराणिक कथा), हाम्रो पुरुषार्थ, वर्ष ३६, सम्पूर्णाङ्क ३८, पृ. २ ।

[५१] लक्ष्मीकान्त पन्थी, 'बाल्यसंस्कार', **कान्तिपुर,** वर्ष ७, अंक ९२, कोसेली ख ।

यस लेखमा सोह्र संस्कारहरू मध्ये (१) **व्रतबन्ध** संस्कार हो भन्ने विषयमा छलफल गरिएको छ । प्रारम्भमा **व्रतबन्ध** शब्दको व्युत्पत्तिगत अर्थ बताउँदै भनिएको छ, **व्रतबन्ध** भनेको नियम वा अनुशासनले बाँधिनु हो । त्यसो त कुनै प्रकारको व्रतगर्नु भन्नाले त्यागगर्नु भन्ने अर्थ बुझिने गर्छ तथापि यहाँ **व्रतबन्ध** शब्दले ब्राह्मण, क्षत्रिय, वैश्य बालकको उपनयन संस्कार अर्थात् यज्ञोपवीत धारण, वेदारम्भ र समावर्तन संस्कारलाई पनि बुझाएको छ, भन्दै प्रारम्भ गरिएको यस लेखमा **व्रतबन्ध** संस्कार एक महत्वपूर्ण संस्कार हो, व्रतबन्ध संस्कारले बालकहरूलाई गुरुका नजिकमा पुगेर वेदाध्ययन गर्न लगाउँछ, अर्थात् वेदाध्ययन गर्नु भन्नुको तात्पर्य शिक्षा प्राप्तगर्नु, विद्या एवं ज्ञान उपार्जन गर्नु, सभ्य, सुसंस्कृत र परिष्कृत बन्नुपर्नेतर्फ **उन्मुख** बनाउनु हो ।[५२] यसरी **व्रतबन्ध** संस्कारको स्वरूप कस्तो हो ? त्यसमा गर्नुपर्ने कृत्य के के हुन् ? र त्यसबाट प्राप्त हुने उपलब्धिहरू के कस्ता छन् ? भन्ने पनि यस लेखमा स्पष्ट पारिएको छ ।

२२. पण्डित श्रुतधर

यो हाम्रो पुरुषार्थ २०५७ वैशाखको सम्पूर्णाङ्क ४० मा प्रकाशित छ । शोधनायक लक्ष्मीकान्त पन्थीका प्रमातामह (मावली जिजु हजुरबुबा) को नाममा उक्त लेख रचना गरी उनको संक्षिप्त जीवनीलाई प्रकाश पार्दै लेखिएको यस लेखमा पं श्रुतधरले विद्यार्थी अवस्थामा गरेका 'प्राज्ञिक एवं बौद्धिक कार्यहरूको उल्लेख' गर्दै अन्त्यमा आफ्ना मावलीहरूको वंशपरम्परालाई 'अर्ज्याल वंशावली' शीर्षक दिएर संस्कृत कवितामा ३३ श्लोकसम्म रचना गरिएको छ । ती संस्कृत श्लोकहरूको नेपाली अनुवादसमेत प्रस्तुत गरिएको छ । सो नेपाली अनुवाद पढ्दा के बुझ्न सकिन्छ भने शोधनायक लक्ष्मीकान्त पन्थीका मावली अर्ज्यालहरू पहिले इस्मा राज्यमा राज्य गरेका राजाखलक हुन् । पछि ठकुरीलाई (शक्तिसिंह ठकुरी) राज्य दिएर आफूहरू अर्जै गाउँ विर्ता पाएर बस्न लागेका र अर्ज्याल थरले प्रसिद्ध भएका रहेछन् । यो अर्ज्याल वंशमा चौध पन्ध्र पुस्तासम्म पण्डित भएको परम्परा रहेछ भन्ने बुझिन आउँछ ।[५३] यो लेखको आयतन दश पृष्ठ लामो छ ।

२३. भाषिक समस्या र समाधान

यसमा केही वर्षअघि नेपालमा देखिएको भाषिक समस्यालाई उल्लेख गर्दै त्यसको समाधानका उपायहरू बताउने कोशिस गरिएको छ । यो लेख वि.सं २०५८ साल वैशाखको हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४२ मा प्रकाशित छ । लेखमा भनिएको छ, "अहिले नेपालमा राष्ट्रभाषा, राष्ट्रिय भाषा, र संस्कृत भाषालाई लिएर अनावश्यक नारा जुलुस, वादविवाद एवं प्रश्नपत्र च्यात्ने, जलाउने र विद्यार्थीहरूलाई परीक्षा नदिलाउने जस्ता झमेलाहरू देखिन, सुनिन लागेकाले एक प्रकारको भाषिक समस्या हुन लागेको हो कि जस्तो लागेको हुँदा त्यसको समाधान हुन सकोस् भन्ने उद्देश्यले यो सानो लेख लेख्ने कोशिस गरिएको छ" भन्दै यस्ता भाषिक समस्यालाई समाधान गर्न सक्ने अत्यन्त सरल एवं सरकारलाई पनि आर्थिक भार नपर्ने अत्यन्त सहज छवटा उपायहरू

---

[५२] लक्ष्मीकान्त पन्थी, 'सोह्र संस्कारमध्ये एक व्रतबन्ध संस्कार', **कान्तिपुर,** २०५७/१२/३०, पृ:७

[५३] लक्ष्मीकान्त पन्थी, **पण्डित श्रुतधर,** हाम्रो पुरुषार्थ, वर्ष२७ ,अंक २, पृष्ठ १५१ - १६० ।

बताइएको छ ।[५४] यी उपायहरूको पालन गरेमा नेपाली भाषाभाषी समुदायका मानिसहरूले आफ्नो भाषाको विकास भएन भनेर चित्त दुखाउनुपर्ने छैन साथै सरकारले पनि भाषा विकासमा सहयोग गरेन भन्ने दोषभागी बन्नुपर्ने छैन । यसका अतिरिक्त राष्ट्रभाषा नेपालीलाई पनि विभिन्न राष्ट्रिय भाषाबाट आएका शब्दभण्डारको वृद्धिले गर्दा अझ समृद्ध बन्न ठूलो मद्दत पुग्ने देखिन्छ भन्ने लेखक (शोधनायक) को सुझाव अत्यन्त उपयुक्त छ ।

२४. व्रतबन्धसंस्कारको आवश्यकता र उपयोगिता

यो लेख कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकाको २०५८/३/२०को अङ्कमा प्रकाशित छ । "व्रतबन्धसंस्कार त्रैवर्णिक समाजमा गरिने धार्मिक संस्कार हो । व्रतबन्ध नगरेको बालक द्विजसमाजबाट बहिष्कृत हुन्छ । अतः आफ्नो परम्परागत समाजमा मिल्नका लागि व्रतबन्ध संस्कारको आवश्यकता पर्दछ । अर्को कुरा कुनै पनि द्विजबालकलाई जन्मदा साथ तीन किसिमका ऋणहरू लाग्दछन् । ती हुन् १ देवऋण २. ऋषिऋण ३. पितृऋण । यी ऋणबाट मुक्तहुनका लागि पनि द्विज बालकले व्रतबन्ध गर्नु आवश्यक हुन्छ । देवऋणबाट मुक्तहुन यज्ञादि एवं दानधर्म गर्नुपर्दछ । यसका निम्ति व्रतबन्धसंस्कार गर्नुपर्छ किनकि असंस्कृत व्यक्ति यज्ञमा दीक्षित हुन पाउँदैन । ऋषि ऋणबाट मुक्तहुन वेदाध्ययनपूर्वक ब्रह्मज्ञान गर्नुपर्दछ । व्रतबन्ध संस्कार विना वेदाध्ययन गर्ने अधिकार नभएकाले व्रतबन्धसंस्कार गर्नुपर्ने अनिवार्यता समेत देखिन्छ । त्यस्तै किसिमले पितृऋणबाट मुक्त हुनका निमित्त तर्पण, श्राद्ध, तीर्थश्राद्ध आदि गर्नुपर्दछ । असंस्कृत व्यक्तिले गरेको तर्पण आदि पितृहरूले पाउँदैनन् । यसकारण पनि व्रतबन्ध संस्कार गर्नुपर्दछ । यसका साथै व्रतबन्धसंस्कारबाट द्विजत्व प्राप्ति, ब्रह्मचर्य लाभ, सत्यज्ञान, सदाचार, सत्शिक्षा एवं वेदाध्ययनमा प्रवेश हुनका निमित्त पनि व्रतबन्ध संस्कारको विशेष आवश्यकता छ"[५५] भन्दै प्रारम्भ गरिएको यस लेखमा ब्राह्मण क्षत्रिय र वैश्यकुमारहरूका लागि व्रतबन्धसंस्कार गर्न अति आवश्यक भएको र उसको जीवनमा व्रतबन्ध संस्कारको उपयोगिता पनि विशेष रूपमा रहन्छ भन्ने कुरा बताइएको छ ।

२५. ऋषि पञ्चमी व्रत-प्रारम्भ र उद्यापन

यो लेख २०५८/५/७ को कान्तिपुरमा प्रकाशन भएको हो । हाम्रो सनातन धर्मअनुसार प्रचलनमा आएका विभिन्न व्रतहरू, पूजाहरू, उपासनाहरू सबैको मूल वेद भएको र त्यही वेदले बताएका धार्मिक कर्म एवं संस्कारहरूलाई वर्णन गरेर सूत्रात्मकरूपमा प्रस्तुत गर्ने छुट्टै शास्त्रलाई कल्पसूत्र भनिएको छ । (कल्पो वेदविहितानां कर्मणामानुपूर्वेण कल्पनाशास्त्रम्) अर्थात् वेदले बताएका कर्मलाई क्रमैसित बताउँदै जाने शास्त्रलाई कल्पशास्त्र भनिन्छ । यो कल्पशास्त्र पनि चार भागमा विभक्त छ । १. श्रौतसूत्र २. गृह्यसूत्र ३. धर्मसूत्र र ४. शुल्बसूत्र । यिनै सूत्रग्रन्थहरूले कल्पशास्त्रलाई व्याख्या गरेका छन् र तिनको व्याख्या विस्तारकारूपमा विभिन्न नामका स्मृति (धर्मशास्त्र) ग्रन्थहरूको रचना भएको छ । यिनै सूत्रग्रन्थहरूका आधारमा विभिन्न स्मृतिग्रन्थहरूको संरचना गरिएको थियो र द्वापरयुगको अन्त्यतिर भारतवर्षमा महाराज युधिष्ठिरको राज्य थियो ।

---

[५४] लक्ष्मीकान्त पन्थी, **भाषिक समस्या र समाधान** , हाम्रो पुरुषार्थ, वर्ष २८, अंक २, पृष्ठ ११० - १११ ।
[५५] लक्ष्मीकान्त पन्थी, **व्रतबन्धसंस्कारको आवश्यकता र उपयोगिता**, हाम्रो पुरुषार्थ, वर्ष २८, अंक २, पृष्ठ ३४-३५ ।

त्यसबेला वैदिक सनातन धर्मको अत्यन्तै प्रचार र विस्तार भएको बुभिन्छ । महाभारतयुद्ध समाप्त भए पछि भगवान् कृष्णले अह्राए बमोजिम भीष्मपितामहले वैदिक मर्यादाभित्र रहेर राजा युधिष्ठिरलाई राजधर्म, आपद्धर्म र मोक्षधर्मको अनुशासन (उपदेश) गरेका थिए । यो कुरा महाभारत ग्रन्थको शान्तिपर्वमा वेदव्यासका शिष्य वैशम्पायनले बताएका छन् ।

पितामह भीष्मको स्वर्गारोहण भएपछि राजा युधिष्ठिरले अरु बाँकी कर्म, व्रत, उपासना आदि धार्मिक अनुष्ठान सम्बन्धी विधि , नियम भगवान् कृष्णलाई नै सोधे अनि कृष्णले युधिष्ठिरलाई बताए भन्ने कुरा १८ है पुराणका अनेक ठाउँमा वेदव्यासले बताएका छन् । उक्त पृष्ठभूमि बताउँदै यसै प्रसङ्गमा भविष्योत्तर पुराणमा ऋषिपञ्चमी व्रतकथाको सन्दर्भ भेटिन्छ । कथानुसार नारीहरू रजस्वला भएको अवस्थामा जानेर वा नजानेर पनि गृहकार्यमा संलग्न हुन्छन् र धेरै किसिमका भाडाँहरू छुन पुग्छन् । त्यसले गर्दा उनीहरूलाई ठूलो पाप लाग्दछ । त्यस पापबाट छुट्नकै लागि नारीहरूले यो ऋषि पञ्चमी व्रत गर्नुपर्दछ ।[५६] भन्दै यसको प्रारम्भ र पूजाविधि एवं उद्यापन गर्नुपर्ने कुरासमेत यस लेखमा विस्तारपूर्वक बताइएको छ ।

२६. संस्कारमय जीवन एक विचार

हाम्रो पुरुषार्थ २०५९ कार्तिकको सम्पूर्णाङ्क ४५ वर्ष ३० अङ्क-१, पृ.३४-३५ मा प्रकाशित यस लेखमा जीवन एक रहस्यपूर्ण छ भन्दै त्यस्तो जीवनलाई परिष्कृत, सरल, सुखमय, एवं वौद्धिकता पूर्ण बनाउनका लागि संस्कारहरूको ठूलो भूमिका हुन्छ भनिएको छ । प्रस्तुत लेखमा किसानले आफ्नो खेतमा उत्पादन गर्ने अन्न बाली नाली एवं रुख विरुवा तथा पशुपंक्षीहरूलाई हेरविचार गरेर बढाए झैं मानव शिशुलाई पनि हरतरहले हेरविचार गर्दै विभिन्न संस्काहरूद्वारा सभ्यमानवमा परिणत गरिन्छ, भनिएको छ । त्यस्तै जीवन एक भए पनि यो अनेक चक्रमा घुमिरहन्छ । जन्मदेखि मृत्युसम्मका विभिन्न सुख दुःख, इच्छा, आकाङ्क्षा कामना वासना आदि रहुञ्जेलसम्म जन्ममृत्युको चक्रमा घुमिरहनु पर्ने कुरा पनि यस लेखमा बताइएको छ । साथै जीवात्मा एक भए पनि त्यसका अनेक रूप हुन्छन्, जस्तो कि छोरो वा छोरी, नाति, पनाति, जन्ती, मलामी, बालक, वृद्ध, युवक आदि अनेक रूपमा देखा परे पनि यी सबै जीवात्माका क्षणिक उपाधिहरू मात्र हुन् । वास्तविकरूपमा त जीवात्मा एक मात्र सत्य हो, अरु सबै विनाशशील छन् भनिएको छ ।[५७] यस लेखको आयतन दुई पृष्ठको छ ।

२७. कालको परिमाण

यो लेख हाम्रो पुरुषार्थ भन्ने साहित्यिक पत्रिकाको २०६० साल वैशाखको सम्पूर्णाङ्क ४६ मा प्रकाशित गरिएको छ । यस लेखमा बताइएको छ कि काल अर्थात् समय परात्पर परमेश्वर कै रूप हो र भगवद्गीतामा विभूतियोग बताउँदा कृष्णले अर्जुनलाई भनेका छन् - “अहमेवाक्षयः कालः” अर्थात् कहिल्यै नसिद्धिने अर्थात् फेरि फर्केर आइरहने काल म नै हुँ । त्यस्तै शास्त्रमा बताएअनुसार सारा जगत्लाई जन्माउने हुर्काउने बढाउने जोगाउने र सिध्याउने पनि काल नै

---

[५६] लक्ष्मीकान्त पन्थी, 'ऋषि पञ्चमी व्रत-प्रारम्भ र उध्यापान', **कान्तिपुर,** २०५८/५/७, पृष्ठ ७ ।
[५७] लक्ष्मीकान्त पन्थी, **संस्कारमय जीवन एक विचार,** हाम्रो पुरुषार्थ, वर्ष ३०, अंक १, पृष्ठ ३४-३५ ।

हो । यस अर्थमा काल अपरिमेय छ किनकि काल अखण्ड छ, अविभाज्य छ । यस्तो अखण्ड अविभाज्य अपरिमेय परब्रह्म, परमात्माकै स्वरूप काल हो ।

त्यसो भए तापनि मानिसहरूलाई अनेकथरि व्यवहार गर्न सजिलो होस् भन्नका लागि कालको परिमाण पनि शास्त्रहरूमा बताइएको छ, भन्दै प्रारम्भ गरिएको यस लेखमा निमेष, काष्ठा, कला, घडी, मुहूर्त, प्रहर, दिन, रात, पक्ष, मास, ऋतु, अयन, वर्षसमेत गरी काललाई विभाजन गर्न सकिने र यसको गणना अर्थात परिमाणलाई समेत बुझ्न सकिने बताइएको छ । साथै कलियुग, द्वापरयुग, त्रेतायुग र सत्ययुगको पनि आयु कति कति छ ? भन्ने बताएर यस्ता चतुर्युगहरू एकहजार पटक बितेपछि ब्रह्माजीको एक दिन हुन्छ । (**चतुर्युगसहस्रासणि ब्रह्मणो दिनमुच्चते**) यस्तो हिसाबले अहिले वर्तमान समयमा ब्रह्माजी ५० वर्ष पुगेर भर्खर ५१ वर्षमा लागेका छन् । ५१ वर्षको पनि पहिलो महिनाको आठौं दिन चल्दैछ ।[५८] यसरी ज्योतिष शास्त्रानुसार कालको परिमाण बताउने काम यस लेखमा गरिएको छ । यो लेखको आयतन ५ पृष्ठको छ ।

२८. रामभक्ति परम्परामा रामायणचम्पू

यो वि.सं २०६० साल कार्तिकमा हाम्रो पुरुषार्थ पत्रिकाको सम्पूर्णाङ्क ४७ मा प्रकाशित छ । यो रामायण चम्पू काव्यको समीक्षात्मक लेख हो । शोधनायक लक्ष्मीकान्त पन्थीका मित्र बाग्लुङ् निवासी श्रीमुकुन्दप्रसाद शर्मा चालिसे हाल बूढानीलकण्ठ स्कूल काठमाण्डौमा नेपाली विषयका अध्यापक एवं विभागाध्यक्ष पनि छन् । उनी एक अध्यापक हुनुका साथै नेपाली साहित्यका कुशल लेखक पनि हुन् । यस लेखमा नेपाली साहित्यमा चलेको रामभक्ति परम्परामा रामायण चम्पू काव्यको विवेचना गरिएको छ ।

राम एक व्यक्तिको नाम भएतापनि यो एक परमार्थतत्त्व प्रतिपादक भगवन् नाम हो ।[५९] भन्दै रामतत्त्वको रहस्य उदघाटनपूर्वक प्रारम्भ गरिएको यस लेखमा भक्तिको परिभाषा दिँदै भक्ति शब्दका के कति अर्थ छन्, तिनलाई खुलस्त पारिएको छ । साथै नेपाली साहित्यमा भक्तिकाव्यको परम्परालाई प्रस्तुत गर्दै यही परम्परामा देखापरेको अर्थात वि.सं. २०५८ मा प्रकाशित रामायण चम्पूकाव्य र यसका विशेषतालाई अगाडि सारिएको छ । समीक्षाको आयतन ११ पृष्ठ लामो छ ।

२९. भक्तकवि श्रीदधिराम मरासिनी

प्रस्तुत लेख स्वर्गीय पण्डित दधिराम मरासिनीका नाममा स्थापना गरिएको दधिराम मरासिनी स्मृति प्रतिष्ठानद्वारा वि.सं. २०६० सालमा प्रकाशित **दधिराम मरासिनी स्मृतिग्रन्थ** मा छापिएको छ । श्रीदधिराम मरासिनी सुयोग्य अध्यात्मिक विद्वान् हुनुका साथै कवि पनि थिए । उनले नेपाली भाषामा र संस्कृत भाषामा समेत केही सुन्दर काव्यहरूको रचना गरेका थिए । ती काव्यहरूमध्ये नेपाली भाषामा रचना गरिएको **भक्तिविलास** नामक खण्डकाव्यको समीक्षा गर्नमा यो लेख केन्द्रित छ ।

---

[५८] लक्ष्मीकान्त पन्थी, **कालको परिमाण, हाम्रो पुरुषार्थ, २०६०, वर्ष ३०, अंक १, पृ. ३४-३५ ।**
[५९] लक्ष्मीकान्त पन्थी, **रामभक्ति परम्परामा रामायणचम्पू,** हाम्रो पुरुषार्थ, २०६० वर्ष३१ , अङ्क २, पृष्ठ २५-२९ ।

यस लेखमा श्रीदधिराम मरासिनीको 'नेपालीय भाषाश्लोकसङ्ग्रह' नामक ग्रन्थको पृष्ठ ३१ देखि ८८ सम्म जम्मा ५८ पृष्ठमा प्रकाशित भक्तिविलास नामक काव्यको समीक्षा गरिएको छ । यस भक्तिविलास काव्यका बेग्लाबेग्लै चार विलास अर्थात सर्गहरू छन् । तिनमा पहिलो कलिविलास (श्लोक ६६), दोस्रो वैराग्यविलास (श्लोक ४८), तेस्रो श्रीकृष्णविग्रहवर्णनविलास (श्लोक ६२), र चौंथो श्रीकृष्णलीलावर्णनविलास (श्लोक १११) रहेछन् । यसरी जम्मा २८७ श्लोक संख्या रहेको आध्यात्मिक भावले परिपूर्ण भक्तिविलास नामक काव्यको समीक्षा गर्ने क्रममा लक्ष्मीकान्त पन्थीले भक्ति के हो ? भन्दै भक्तिको परिभाषा गरेका छन् र भक्तिका प्रकार कति छन् भन्ने पनि बताएका छन् । यसका साथै नेपाली कवितामा भक्ति काव्यको परंपरा कहिलेदेखि चल्दै आएको हो ? भन्ने समेत बताएका छन् । यस पृष्ठभूमिमा उनले भक्तिविलास काव्य अन्तर्गतका चारैवटा विलास कलिविलास, वैराग्यविलाास, श्रीकृष्णविग्रहवर्णनविलास तथा श्रीकृष्णलीलावर्णनविलास नामक चारैवटा सर्गको क्रमशः समीक्षा प्रस्तुत गरेका छन् । यसका साथै भक्तिविलास काव्यको विषयवस्तुमा पौराणिकता छ र कवितामा संस्कृत साहित्यको प्रभाव, भक्तिविलास काव्यको शिल्पपक्ष तथा भक्तकविका रूपमा दधिराम मरासिनीका बारेमा आफ्नो अध्ययनलाई केन्द्रित गरेका छन् ।[६०] उक्त समीक्षाको आयतन ३२ पृष्ठको छ ।

३०. पन्नगा परिकथामा बिहङ्गावलोकन

शोधनायक लक्ष्मीकान्त पन्थीका आफ्नै काका कवि नीलाम्बर पन्थीको **पन्नगापरिकथा** नामक खण्डकाव्यको समीक्षा गर्नमा यो लेख केन्द्रित छ । प्रस्तुत लेख हाम्रो पुरुषार्थ २०६१ वैशाखको सम्पूर्णाङ्क ४८ मा प्रकाशित छ । लेखको आयतन दश पृष्ठको छ ।

उक्त लेखमा विषय प्रवेश गर्दै पन्नगा परिकथा काव्य खण्डकाव्य हो र यसमा विभिन्न छन्दमा प्रयुक्त २३२ श्रुतिमधुर कवितापुष्प विकसित छन् भनिएको छ । काव्यको पृष्ठभूमि भनौं अथवा कविको जन्मभूमि जहाँ कविको बाल्यावस्था बितेको थियो, त्यो गाउँ 'बडाचौर'को आसपासकै क्षेत्र हो । यस खण्डकाव्यमा प्रस्तुत कथावस्तुलाई पाँच भागमा विभाजन गर्दै तिनको छुट्टाछुट्टै विवेचना प्रस्तुत गरिएको छ । ती पाँच भाग हुन्:- १. कथावस्तुको प्रारम्भ २. कथावस्तुको विकास ३. कथावस्तुको चरमोत्कर्ष र ४. कथावस्तुको प्रतिचरमोत्कर्ष तथा ५. कथावस्तुको उपसंहार भन्दै पाँच उपशीर्षकमा समीक्षा गरिएको छ ।[६१]

३१. सन्देश काव्यको परम्परामा लाटो साथीको नयाँ मेघदूत : एक अध्ययन

यस लेखलाई उन्नयन पत्रिका पूर्णाङ्क ३३ वर्ष २०५६ कार्तिक पौषमा प्रकाशन गरिएकोमा त्यसैबाट साभार उद्धार गरी "डा. विष्णुराज आत्रेय, **स्रष्टा र सृजनाका विविध आयाम"** भन्ने ग्रन्थ २०६१ मा प्रकाशन गरिएको छ । यसका प्रकाशक नेपाल पेरोल साहित्य समाज हुन् भने सम्पादक वैरागी जेठा हुन् । उक्त लेखको शीर्षकले नै स्पष्ट बताएको छ कि नेपाली साहित्यमा सन्देश काव्यको परंपरा चलिआएको छ र यसै परंपरामा **लाटो साथी** नामका कविले नयाँ

---

[६०] लक्ष्मीकान्त पन्थी, **भक्तकवि श्रीदधिराम मरासिनी,** दधिराम मरासिनी स्मृतिग्रन्थ पृष्ठ ४३६-४६७ ।
[६१] लक्ष्मीकान्त पन्थी, **पन्नगा परिकथामा बिहङ्गावलोकन,** हाम्रो पुरुषार्थ,२०६१ वर्ष ३१, अंक २, पृष्ठ ६७-७६

मेघदूत रचना गरेका छन् । यस लेखमा त्यही नयाँ मेघदूतको अध्ययन समीक्षण गरिएको छ । अध्ययनका क्रममा लक्ष्मीकान्त पन्थीले संस्कृत वाङ्मयमा पनि सन्देश काव्यको परम्परा रहिआएको उल्लेख गर्दै यसलाई महाकवि कालिदासले मेघदूत काव्यको संरचना गरेर उत्कर्षमा पुऱ्याएको चर्चा गर्दै यस्तै अरु पनि दूतकाव्यहरू जस्तै हनुमद्दूत, हंसदूत, पादाङ्कदूत, उद्धवदूत, आदि काव्यहरू देखापरेको कुरा बताएका छन् । यसै परम्परामा नेपाली कविताको माध्यमिक युगका शिखरपुरुष मोतीराम भट्टले पनि पिकदूत काव्य रचना गरेको उल्लेख गरेका छन् । यही परंपरामा नेपालीमा पनि अरु धेरै कविहरूले मेघदूत काव्यको अनुवाद गरेर दूतकाव्यको परम्परालाई कायम राखेको बताएका छन् । यसै परंपरामा लाटो साथीको नयाँ मेघदूत काव्य महाकवि कालिदास विरचित मेघदूत काव्यको सोझै अनुवाद नभएर नयाँ मेघदूत अर्थात् नेपाली सामाजिक सन्दर्भमा नयाँ मेघदूत (मौलिक काव्य) को संरचना भएको छ । यसमा नेपाली समाज, गाउँघरका गतिविधि, चाडपर्व, आदिको रमझम पनि वर्णन गर्न कवि लाटो साथी सफल भएका छन् भनिएको छ ।[६२]

लाटो साथीको नयाँ मेघदूत काव्य कालिदासको मेघदूत काव्यजस्तै पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई भागमा विभाजित भएपनि छन्द भने नेपाली झ्याउरे लय प्रयोगले स्थान पाएको छ । यो लेखको आयतन १० पृष्ठको छ ।

३२. नेपाली कविताको परम्परामा कविशिरोमणि लेखनाथ पौड्याल र उनको नैतिक दृष्टान्त

यो समीक्षात्मक लेख **आँकुरा** भन्ने पत्रिकामा वि.सं २०६१ सालमा काठमाण्डौबाट प्रकाशित भएको हो । यो लेखको आयतन ३ पृष्ठको छ । प्रस्तुत लेखको शीर्षकले नै विषयवस्तुलाई स्पष्ट पारेको देखिन्छ । लेखमा नेपाली साहित्यको पृष्ठभूमि खोज्दै कहिलेदेखि कविताको प्रारम्भ भएको हो ? भन्ने बताइएको छ । प्रारम्भिक कविता पनि वीरधारा एवं भक्तिधारा हुँदै शृङगारिक धारातिर मोडिएको कुराको उल्लेख गर्दै यसै पृष्ठभूमिमा 'वियोगिनी विलाप' कवितालाई लिएर लेखनाथ पौड्याल देखा परे भनिएको छ ।[६३] यसका साथै कवि लेखनाथ र कविताका बीच भएको सम्वादकै आधारमा (कवि-कवितालाप १९६९) नैतिक दृष्टान्त देखापरेको र लेखनाथका अन्य कविता काव्य हुँदाहुँदै पनि पाठ्यक्रमलाई आधार मानेर नैतिक दृष्टान्त कविताको विशेषरूपमा व्याख्या गरिएको छ ।

३३. तम्घासतिर फर्केर हेर्दा

यो लेख हाम्रो पुरुषार्थ पत्रकारिता विशेषाङ्क २०६२(सम्पूर्णाङ्क ५०)मा सङ्ग्रहित छ । शोधनायक लक्ष्मीकान्त पन्थीको मूलघर गुल्मी जिल्लामा भएको र गुल्मी जिल्लाको सदरमुकाम तम्घास भएकोले पनि उनले उक्त शीर्षकमा तम्घासमा भएका गतिविधिहरू अर्थात् गतिविधि भन्नाले विशेष गरी शैक्षिक एवं प्राज्ञिक गतिविधिमा केन्द्रित भएर उक्त लेख लेखिएको कुरा

---

[६२] लक्ष्मीकान्त पन्थी, डा. विष्णुराज आत्रेय, **सन्देश काव्यको परम्परामा लाटो साथीको नयाँ मेघदूत : एक अध्ययन,** स्रष्टा र सृजनाका विविध आयाम, २०६१, पृ. ४२१-४३० ।

[६३] लक्ष्मीकान्त पन्थी, **नेपाली कविताको परम्परामा कविशिरोमणि लेखनाथ पौड्याल र उनको नैतिक दृष्टान्त,** आँकुरा वर्ष १, अंक १, पृष्ठ ४८-५० ।

शोधनायकबाटै बुझिएको छ । प्रथमतः गुल्मी र अर्घाखाँचीसमेत पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाटै निर्देशित र शासित भएकोमा वि.सं. २००९ सालमामात्र गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा स्थापित भएको सम्झना गर्दै प्रारम्भ गरिएको यस लेखमा वि.सं. २०१६ सालमा तत्कालीन श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवको तम्घासमा सवारी भएपछि यहाँ शैक्षिक गतिविधहरू बढ्न लागेको र बजारको समेत विस्तार भएको कुरा उठाएर वि.सं. २०२५ सालमा त्यहाँका एक जागरुक नवयुवक शशि पन्थीले तम्घासका जनतामा शैक्षिक एवं बौद्धिक जागरण बढाउने उद्देश्य राखेर विशुद्ध परोपकारको भावनाले किरण पुस्तकालय स्थापना गरेका हुन् भन्ने बताइएको छ । तम्घासमा किरण पुस्तकालयको स्थापना भएपछि त्यहाँ धेरै शैक्षिक सामग्रीको अभिवृद्धि हुँदै गरेको र पढ्ने पाठकहरू पनि बढ्दै आएकाले यसका संस्थापक शशि पन्थीमा जोश, जाँगर थपिन गएको, त्यसको फलस्वरूप वि.सं. २०३० सालमा उक्त किरण पुस्तकालयको मुखपत्रको रूपमा **हाम्रो पुरुषार्थ** नामक साहित्यिक पत्रिका (किरण पुस्तकालयको वार्षिक प्रकाशन) प्रकाशित हुन लागेको कुरा बताइएको छ । क्रमशः पत्रिकाका पाठक एवं ग्राहक संख्या बढ्दै गएकाले यसका सम्पादक एवं संस्थापक शशि पन्थीले हाम्रो पुरुषार्थलाई वार्षिकबाट अर्धवार्षिक तथा कुनै कुनै वर्षका विशेष अवसरमा अतिरिक्ताङ्कसमेत प्रकाशन गरेको कुरा पनि यस लेखमा उल्लेख गरिएको छ । उक्त सबै कुराका अतिरिक्त हाम्रो पुरुषार्थ पत्रिकाले वि.सं. २०३९ सालमा लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क **२५४** पृष्ठको मोटो कलेवरमा प्रकाशन गरी यसै अङ्कदेखि एउटा अर्को थप पुरुषार्थका रूपमा पाठकहरूका सामु भेटघाट स्तम्भ प्रकाशन गर्न लागेको बताउँदै यस स्तम्भमा विभिन्न साहित्यकार, ज्ञानवृद्ध, वयोवृद्ध एवं राजनीतिकरूपमा पनि महत्वपूर्ण व्यक्तिसङ्ग भेटघाट गरेर साहित्यिक तथा समसामयिक प्रश्नहरू सोधी तिनका उत्तरहरू (जो पाठकहरूका लागि महत्वपूर्ण एवं ज्ञानवर्द्धक रहेका छन्) यथासम्भव प्रकाशन गर्न लागेको कुरा बताइएको छ । यस क्रममा हाम्रो पुरुषार्थले गरेको पहिलो भेटघाटमा पर्नुभएका विद्वान्, प्राध्यापक डिल्लीराम तिमसिना, जो काशी हिन्दुविश्वविद्यालय अन्तर्गत नेपाली विभागका प्राध्यापक एवं नेपाली साहित्यका प्रसिद्ध लेखक पनि थिए, परेका र यस्तो क्रम निरन्तररूपमा अहिलेसम्म चल्दै आएको कुरा पनि लेखमा प्रस्तुत गरिएको छ । प्रस्तुत लेख हाम्रो पुरुषार्थ पत्रिकाको ५० औं अङ्कमा प्रकाशित भएको र अहिलेसम्म विभिन्न क्षेत्रमा काम गरेका साहित्यकार एवं पत्रकारिता क्षेत्रमा समेत लागेका गरिष्ठ एवं वरिष्ठ व्यक्तिहरूसङ्ग गरिएको भेटघाटहरू पनि ५० पुगेको कुरा यहाँ बताइएको छ । यद्यपि उक्त पत्रिकामा भेटघाटबाहेक अन्य विविध रचनाहरू -कविता, कथा, निबन्ध, लेख, भाषा, उखान, व्यङ्ग्य, समीक्षा, समालोचना, जीवनी, संस्मरण एवं केही नाटक (एकाङ्की) समेत प्रकाशित भएकै छन् तथापि पाठकहरूका लागि विविध क्षेत्रमा काम गरेका ख्याति प्राप्त विद्वान्हरूसङ्गको भेटघाटलाई प्रकाशन गरेर पत्रिकाले महत्वपूर्ण काम गरेको छ भन्ने लेखकको आशय छ । यस्तो कामका लागि यसका संस्थापक एवं प्रधान सम्पादक शशि पन्थीको उत्साह, सक्रियता, जोश, जाँगर एवं नेतृत्व र निर्णयको ठूलो भूमिका रहेको छ भन्दै उनले गरेको यस्तो काम पनि जनताको सेवा हो । जनताको सेवा नै ठूलो

धर्म हो । यस्तो काम दान, होम, जप, व्रत तीर्थ , तपस्या पूजा सबै थोक हो ।[६४] यस्तै काम गर्ने मानिसको नेपाल मातालाई बढी खाँचो छ भन्दै शशि पन्थीले गरेका कामको अनुकरण तथा अनुसरण अरु ठाउँका शिक्षित व्यक्तिले समेत गर्नुपर्छ भन्ने लक्ष्मीकान्त पन्थीको मनसाय रहेको छ । यस लेखको आयतन नौ पृष्ठ लामो छ ।

३४. गुल्मी जिल्लाका चार गाउँ : चारथरीका मूल ठाउँ

शोधनायक लक्ष्मीकान्त पन्थीको अभिजनभूमि गुल्मी जिल्लामा भएको र काठमाण्डौमा बसोबास गर्ने विभिन्न पेशा र वर्गका मानिसहरू मिली गुल्मेली समाज गठन भएको हुँदा यसै गुल्मेली समाजद्वारा ‘गुल्मी परिचय’ नामक वि.सं. २०६२ सालमा प्रकाशित ग्रन्थमा यो लेख सङ्कलित छ । एउटा स्मरणीय कुरा के छ भने यस ग्रन्थभित्र गुल्मी जिल्ला भित्रै बसोबास गर्ने व्यक्ति विशेष मात्र लेखक बन्नुपर्ने र त्यो लेखको विषय पनि गुल्मी जिल्ला भित्रकै विषयमा आधारित हुनुपर्ने सामान्य नियम उक्त ग्रन्थका संयोजक सूर्यबहादुर सेन ओलीद्वारा निर्देशन गरिएको हुँदा सोही निर्देशन पालन गरी उक्त लेखको संरचना गरिएको थियो भनी शोधनायकले उल्लेख गरेको कुरा यहाँनेर सम्झन लायक छ ।

प्रस्तुत लेखमा नेपालमा प्रचलित ब्राह्मण वर्गका विभिन्न र धेरै थरहरूमध्ये गुल्मी जिल्लाका चार गाउँ अर्थात १. वाग्ला २. अर्जै ३. घमिर र ४. ज्ञवा/गैँवा चार थरीका अर्थात वाग्लेका, अर्ज्यालका, घमिरे भनौँ घिमिरेका र ज्ञवालीका मूल ठाउँ हुन् ।[६५] यिनै ठाउँहरूमा मूलभूमि भएकाहरूले पछि त्यसै गाउँको नामबाट आफ्नो थर बनाएको र प्रचारमा ल्याएको हो भन्ने अनुसन्धान गरी लेखिएको छ ।

३५ वंशमूल र वंशशाखा

यो लेख वाग्ले बन्धु वंशावली २०६२ को पुस्तकमा पृष्ठ २० देखि २३ सम्म प्रकाशित छ । यसको प्रकाशन वाग्ले बन्धु वंशावली प्रकाशन समिति काठमाण्डौबाट भएको हो । उक्त लेखमा शोधनायक लक्ष्मीकान्त पन्थीको वंश र वंशमूल वाग्ले बन्धुहरूको पनि वंश र वंशमूल भएकाले त्यसको पौराणिक मूल स्रोतको अनुसन्धान गर्दै प्रथमत भारतको उज्जयन प्रदेशअन्तर्गत मारवाड भन्ने ठाउँबाट उत्तराखण्ड हुँदै नेपालको बझाङ. जिल्ला अन्तर्गत रहेको सुबेदावाडा भन्ने गाउँमा हालसम्म पनि रहे बसेका सुबेदीहरू नै हामीहरूका वंशमूल हुन् ।[६६] यिनै सुबेदीहरूबाट फैलिएका दूध पोखरेल, देवकोटा, भण्डारी (पछि निरौली गाउँमा गएका र त्यहाँबाट पनि पूर्वतिर गएका हुनाले निरौला थरबाट प्रसिद्ध) तथा चौलागाईं, कर्णेल, पन्थी र वाग्लेहरूसमेतको वंशमूल एउटै हो भन्ने कुरा खुलाइएको छ ।

---

[६४] लक्ष्मीकान्त पन्थी, **तम्घासतिर फर्केर हेर्दा,** हाम्रो पुरुषार्थ,२०६२ वर्ष ३२, अंक २, पृष्ठ २८६-२७६ ।
[६५] लक्ष्मीकान्त पन्थी, **गुल्मी जिल्लाका चार गाउँ : चारथरीका मूल ठाउँ,** गुल्मी परिचय, २०६२ पृष्ठ ४२-४६ ।
[६६] लक्ष्मीकान्त पन्थी, **वंशमूल र वंशशाखा,** वाग्ले बन्धु वंशावली २०६२, पृष्ठ २० - २३ ।

३६. **सदाचार**

यो लेख हाम्रो पुरुषार्थ २०६३ कार्तिकको सम्पूर्णाङ्क ५३ मा प्रकाशित गरिएको छ । यसको आयतन ८ पृष्ठ छ । उक्त शीर्षकको यस लेखमा सज्जनहरूले गर्ने गरेको आचारलाई सदाचार भनिएको छ तापनि धर्मशास्त्रले बताएका एवं परम्परागतरूपमा चल्दै आएका विधिनिषेधहरूको पालन गर्नँलाई नै सदाचार मानिएको छ, भन्दै प्रारम्भ गरिएको यस लेखमा देवीभागवत, महाभारत, पद्मपुराण, शिवपुराण, कूर्मपुराण, याज्ञवल्क्यस्मृति, मनुस्मृति आदि धर्मग्रन्थहरूमा सदाचारको विशेषरूपमा उल्लेख गरिएको छ । यस्तो सदाचारलाई पालन गर्नुपर्छ भन्दै गुल्मी अर्घाखाँची क्षेत्रमा हरेक वर्ष विजयादशमीदेखि पाँचदिनसम्म मनाइने एक प्रकारको सराया खेल वा नाच पनि सदाचार अन्तर्गत पर्न आउँछ । त्यस्तो **सराया**को वास्तविक अर्थ **सर्व राशि यात्रा** हो र यसको उल्लेख ज्योतिष शास्त्रमा पाइन्छ भन्ने बताइएको छ ।[६७]

३७. **श्रीशिवकृपाभिलाषशतकम् का सन्दर्भमा**

लुम्बिनी अञ्चलको अर्घाखाँची जिल्लाअन्तर्गत खिदिम गाउँका प्रसिद्ध विद्वान् महापण्डित एवं भक्तकवि दधिराम मरासिनीका एकमात्र सुपुत्र पं धनञ्जय मरासिनीले त्यही खिदिम गाउँमा स्थापित हरिहर संस्कृतविद्यालयमा आजीवन अध्यापनवृत्ति गर्दै आफ्ना पिताले जस्तै काव्यसाधना पनि गरेका थिए । उनका कतिपय नेपाली तथा संस्कृत भाषामा विरचित कृतिहरूमध्ये 'श्रीशिवकृपाभिलाषशतकम्' पनि एक हो । पं धनञ्जनय मरासिनीको जन्म वि.सं १९७५ सालमा भएको थियो र उनी वि.सं २०५९ सालमा दिवङ्गत भएका हुन् । उनको स्मृतिमा प्रकाशित **धनञ्जय मरासिनी स्मृति ग्रन्थ** वि.सं २०६४ सालमा दधिराम मरासिनी स्मृति प्रतिष्ठानबाटै प्रकाशित छ ।[६८] यसै ग्रन्थमा लक्ष्मीकान्त पन्थीको उक्त लेख पनि सङ्कलित छ । यस लेखमा धनञ्जय मरासिनीद्वारा विरचित १०१ श्लोक भएको 'श्री शिवकृपाभिलाषशतकम्' नामक संस्कृतमा विरचित शिवस्तुतिपरक स्तुतिकाव्यको पृष्ठभूमिसहित भावभूमिलाई प्रतुत गरेका छन् । उक्त काव्यमा विशेषतः कवि धनञ्जय मरासिनीको आफूप्रति भगवान् शिवको कृपा सधैंभरि प्राप्त भइरहोस् भन्ने प्रार्थना र समर्पण भाव भएको कुरा कवि धनञ्जय मरासिनीद्वारा प्रतिपादन गरिएको छ भन्ने कुरा बताइएको छ । साथै उक्त कविता वियोगिनी छन्दमा अत्यन्त सुन्दर तथा भाषा शैलीका दृष्टिले पनि अति सरल छ भनिएको छ ।

३८. **विद्याशक्ति**

उक्त शीर्षकमा तयार गरिएको यस अनुसन्धानात्मक लेखलाई गुल्मी जिल्लामा अवस्थित रेसुङ्गा बहुमुखी क्याम्पसको मुखपत्र **विद्या**को **रजत रजन्ती विशेषाङ्क** २०६४ मा प्रकाशन गरिएको छ ।

यसमा विद्या शब्दको व्युत्पत्ति चारवटा धातुबाट हुनसक्ने भएपनि ती धातुहरूका बेग्लाबेग्लै अर्थ भएकाले ती ती अर्थमा विद्या शब्द प्रयुक्त हुनसक्ने कुरा बताइएको छ । यसका

---

[६७] लक्ष्मीकान्त पन्थी, **सदाचार,** हाम्रो पुरुषार्थ, २०६३ वर्ष ३४, अंक १, पृष्ठ ३२ - ३९

[६८] लक्ष्मीकान्त पन्थी, **श्रीशिवकृपाभिलाषशतकम् का सन्दर्भमा,** धनन्जय मरासिनी स्मृति ग्रन्थ, २०६४ पृष्ठ २०७-२१७ ।

साथै सम्पूर्ण विद्याका निधि अर्थात् खानी एकमात्र शिव भएकाले विद्याशक्ति पनि उनै शिवकी शक्ति अर्थात् अर्धाङ्गिनी हुन् भन्ने खुलाइएको छ । यस्ती विद्याका मुख्य भेदहरू दश हुन्छन् । ती दशमहाविद्या भन्ने नामबाट प्रसिद्ध छन् भन्दै विभिन्न दश महाविद्याका नाम एवं भेदहरू तथा तिनका बेग्लाबेग्लै शक्तिपीठहरूको पनि सङ्क्षेपमा उल्लेख गरिएको छ ।[६९]

यस्तो विद्याशक्तिका आध्यात्मिक, आदिदैविक र आदिभौतिक प्रकारहरूलाई पनि यस लेखमा बताइएको छ । साथै अहिलेको आदिभौतिक विद्या भनौँ वा शिक्षा पढेर जान्नेसुन्ने भएकाहरू अहिलेको समाजमा विनयशील बन्नुपर्नेमा उल्टै भयङ्कर देखिन थालेका हुनाले तिनीहरूबाट समाज ग्रसित हुन लागेको हो कि भन्ने आशङ्का व्यक्त गरिएको छ ।

३९ कालीगण्डकी

यो लेख दायित्व नामको पत्रिका वर्ष २१ सम्पूर्णाङ्क-५७, २०६४ मा पृष्ठ २१-२७ मा छ । यो कृति दायित्व वाङ्मय प्रतिष्ठानद्वारा प्रकाशित भएको छ । यसका प्रधान सम्पादक रामप्रसाद न्यौपाने हुन् । लेखमा युवराज गौतमद्वारा विरचित कालीगण्डकी नामक खण्डकाव्यको ऐतिहासिक पृष्ठभूमिसहित समीक्षा गरिएको छ । साथै युवराज गौतमजीको काव्य रचना शिल्प र विशेषतालाई पनि विशेष उल्लेख गरिएको छ ।

४०. हिन्दु धर्म र धार्मिक संस्कार : एक वैशिष्ट्य

उक्त लेख वि.सं. २०६५ सालमा प्रकाशित अपर्णा पत्रिका -वर्ष १, अङ्क १) मा प्रकाशित छ । यस पत्रिकाका प्रधानसम्पादक प्रा.राजेन्द्र सुवेदी हुन् भने भारद्वाज संस्कृति सम्बर्द्धन केन्द्रद्वारा यसको प्रकाशन भएको हो । प्रकाशक संस्थाको नामअनुसार संस्कृति संबर्द्धन सम्बन्धी धार्मिक वा आध्यात्मिक एवं सांस्कृतिक लेख रचनाहरूको प्रकाशन गर्ने उद्देश्य भएको हुँदा उक्त शीर्षकको यस लेखले यसमा ठाउँ पाएको हो । लेखको आयतन ठूलो आकारको पत्रिकामा पन्ध्र पृष्ठ छ । प्रस्तुत लेखमा :- १.हिन्दु धर्म भनेको के हो ? २. धर्म शब्द र यसका अर्थ के हुन् ? ३. धर्मको महत्व के हो ? ४. धर्मशास्त्रको सार सन्देश कस्तो छ ? ५. संस्कार भनेको के हो ? ६. संस्कार शब्दको व्युत्पत्ति र अर्थ ? ७. विभिन्न अर्थमा संस्कार शब्दको प्रयोग ८. हिन्दु धर्मसङ्ग संस्कारको सम्बन्ध ९. संस्कारको क्षेत्र र उत्पति १०. नामकरण संस्कारको स्वरूप र वैशिष्ट्य ११. अन्नप्राशन संस्कारको स्वरूप र वैशिष्ट्य १२. व्रतबन्ध संस्कारको स्वरूप र वैशिष्ट्य १३ विवाह संस्कारको स्वरूप र वैशिष्ट्यजस्ता उपशीर्षकहरूमा केन्द्रित रहेर अनुसन्धानात्मक ढङ्गले तिनका स्वरूप र वैशिष्ट्यलाई प्रस्तुत गरिएको छ । लेखभित्र धर्म शब्द र यसका अर्थहरूलाई बताउने सन्दर्भमा धर्म शब्दका तेत्तीस अर्थहरू गरिएका छन् । त्यस्तै विवाहको स्वरूप र वैशिष्ट्य बताउने सन्दर्भमा हाम्रो हिन्दु समाजमा गरिने विवाहको लक्ष्य पाश्चात्य समाजमा गरिने जस्तो दम्पती सम्मेलन गर्नुमात्र नभएर अध्यात्मभावमिश्रित पारमार्थिक सुख एवं लाभको समेत उद्देश्य रहेको हुन्छ भन्ने वैशिष्ट्य पनि खुलाइएको छ ।[७०]

---

[६९] लक्ष्मीकान्त पन्थी, **विद्याशक्ति,** विद्या, रजत जयन्ती विशेषाङ्क, २०६४ पृष्ठ १५-२७ ।
[७०] लक्ष्मीकान्त पन्थी, **हिन्दू धर्म र धार्मिक संस्कार : एक वैशिष्ट्य** , अपर्णा वर्ष १, अंक १, पृष्ठ ४१ - ५५ ।

४१. राहिँलो बुबाको सम्झनामा

लक्ष्मीकान्त पन्थीका आठ भाइ बुबाहरूमध्ये राहिँलो बुबा नीलाम्बर पन्थी हुन् । नीलाम्बर पन्थीको जन्म वि.सं. १९८४ सालमा भएको हो भने उनको मृत्यु ८० वर्षको उमेरमा २०६४ सालमा भयो । वि.सं. २०६६ सालमा प्रकाशन गरिएको **नीलाम्बर पन्थी सम्झना र सिर्जना** नामक ग्रन्थमा उक्त लेख पनि सङ्कलित छ । यस लेखको आयतन नौ पृष्ठको छ ।

उक्त लेखमा लक्ष्मीकान्त पन्थीद्वारा आफ्नो राहिँलो बुबाको सम्झनामा केन्द्रित भएर उनको पृष्ठभूमि, उनले पाएको शिक्षा-दीक्षा एवं संस्कार, उनको प्रतिभा र लगनशीलता, राजनैतिक प्रेरणाको बीज, राजनीतिक जीवनमा उनको उत्कर्ष र अपकर्ष एवं उनीद्वारा गरिएको साहित्यिक सिर्जना आदिको उल्लेख गर्दै उनको निधन भएको दिनलाई दु:ख लाग्दो दिन भन्दै यसै लेखका माध्यमबाट शब्द श्रद्धाञ्जली अर्पण गरिएको छ ।

यसका साथै नीलाम्बर पन्थीको वंशपरंपरा र विस्तार भन्ने उपशीर्षकमा भारद्वाज गोत्रीय सुवेदीहरू पन्थीवंशका पनि मूल थिए ।[७१] त्यही सूवेदी वंशबाट पन्थीवंशको विकास र विस्तार भएको कुरासमेत यस लेखमा विस्तारपूर्वक लेखिएको छ ।

४२. अनुवाद कलाका धनी- तीर्थराज आचार्य

पं तीर्थराज आचार्य 'अग्निहोत्री'को मूलघर तनहु चुदी रम्घामा भएपनि उनी काठमाण्डौमै बसाइसराई गरी घरबाससमेत भएका व्यक्ति हुन् । साथै उनी धर्मशास्त्रका ज्ञाता एवं लक्ष्मीकान्त पन्थीका पिताज्यूका बालसखा पनि भएका हुनाले लक्ष्मीकान्त पन्थीले पिताज्यूका साथमा नै पं तीर्थराज आचार्यका घरमा गई भेटघाट चिनजानी गरेका र पछि बाल्मीकि विद्यापीठमा धर्मशास्त्र विषयमा आचार्यकक्षा पढ्दा पं तीर्थराज आचार्यसङ्ग पढ्ने सौभाग्य मिलेको हुनाले उनी २०६४ सालमा दिवंगत भएपछि वि.सं. २०६५ सालमा प्रकाशित **तीर्थराज आचार्य स्मृति ग्रन्थ** मा उहाँको सम्झनामा प्रस्तुत सानो लेख रचना गरिएको थियो भनी लक्ष्मीकान्त पन्थी स्वयं बताउँछन् ।

यस लेखमा गुरु तीर्थराज आचार्य सुयोग्य विद्वान एवं कवि थिए र अनुवादकलामा पनि उनी निकै कुशल थिए भन्दै उनको अनुवादकलाले आफूलाई पनि नेपाली कविता काव्यलाई संस्कृतमा रूपान्तरण गर्न प्रेरणा मिलेको थियो भनी सम्झना गर्दछन् । साथै तीर्थराज गुरुले भानुभक्तीय एक कवितालाई संस्कृतमा यस्तो रूपान्तरण गरेका थिए ।[७२] सो कविताको यसरी उद्धरण गर्दछन् ।

अनुवाद: गता बाल्यावस्था सहचरगणैःक्रीडनरसात्

तथा तारुण्यं मे व्यपगतमहो ! मोहवशतः ।

---

[७१] लक्ष्मीकान्त पन्थी, **राहिँलो बुबाको सम्झनामा,** नीलाम्बर पन्थी सम्झना र सिर्जना, वर्ष २०६५ ३२, अंक २, पृष्ठ ३२ - ४० ।

[७२] लक्ष्मीकान्त पन्थी, **अनुवाद कलाका धनी- तीर्थराज आचार्य**, तीर्थराज आचार्य स्मृति ग्रन्थ २०६५वर्ष ३२, अंक २, पृष्ठ १८७ - १८८

अभूवं वर्षीयांस्तदपि न भजामीश्वरपदं

हरे ! किं मां कुर्युँर्भयमयजटास्ते यम भटाः ॥

(पं तीर्थराज आचार्यद्वारा भानुभक्तीय कविताको छाँया)

भानुभक्तीय मूल कविताः

गयो बालक्कालको वय पनि यसै बालरसले

उसै रित्ले यौवन् पनि बितिगयो मोहवशले ।

भयो वृद्धावस्था अफ पनि भजींदैन मनले

कसो गर्नन् ख्वामित् ! म कन यमका दूतहरूले ॥

४३. हिन्दु संस्कृतिमा नारीको स्थान र कर्तव्य

यो लेखलाई 'गुल्मेली आवाज' पत्रिकामा वि.सं. २०६५ सालमा त्रि वि काठमाण्डौबाट गुल्मेली विद्यार्थीहरूद्वारा प्रकाशित गरिएको छ । प्रस्तुत लेखमा प्राचीन हिन्दु धार्मिक समाज एवं संस्कृतिमा नारीको स्थान कस्तो थियो ? र वर्तमान समाजमा पनि कस्तो हुनुपर्छ ? भन्ने विषयमा चर्चा गरिएको छ । उक्त सन्दर्भमा नारी शब्दको व्युत्पत्तिगत अर्थगर्दै भनिएको छ कि नर शब्दको अर्थ एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा पुग्नु हुन्छ भने नारी शब्दको पनि नरलाई साथ दिनु अर्थात् दुःखबाट सुखमा, असत्बाट सत्मा, अज्ञानबाट ज्ञानमा, मृत्यु-मरणशीलता)बाट अमृत-अमरत्व) मा पुग्ने तथा पुऱ्याउने चेतना सम्पन्न व्यक्ति विशेष हुन्छ ।

अतएव नरनारी दुवैको अर्थ एक-अर्कालाई सामान्यबाट विशेषमा पुऱ्याउनु, विनाशशीलताबाट अविनाशी बन्नसक्नु, आत्मतत्त्वको सम्यक् ज्ञानद्वारा सच्चिदानन्दरूप परमेश्वरलाई प्राप्त गर्नसक्नु र पूर्वपुरुषहरूलाई समेत उत्तम गतिमा पुऱ्याउनु भन्ने हुन्छ । साथै उपर्युक्त लक्षप्राप्तिका निमित्त सहायक देखिएका नैतिकता तथा सदाचार पालन गर्नु पनि नर-नारी शब्दको अर्थ बुझ्नुपर्छ ।

लेखमा उक्त अर्थलाई पुष्टि भनौं प्रमाणित गर्न प्राचीन हिन्दु संस्कृतिमा नारीको स्थान कस्तो थियो ? भन्ने देखाउँदै भनिएको छ कि

> "शक्ति स्वरूपिणी भगवती दूर्गालाई ब्रह्मा, विष्णु, महेश्वरले पनि स्तुति, प्रार्थना र प्रशंसा मात्र गरेका छैनन्, अपितु शक्तिस्वरूपा भगवती कै अंशरूप ब्रह्माणी, लक्ष्मी र पार्वतीलाई अर्धाङ्गीनी बनाएर सम्मानपूर्ण स्थान दिएका छन् ।"[७३]

यसरी हिन्दु संस्कृतिमा र समाजमा पनि नारीको महत्वपूर्ण स्थान रहेको उल्लेख गर्दै नारीले पालन गर्नुपर्ने विभिन्न कर्तव्यहरूलाई पनि लेखमा विशेषरूपले चर्चा गरिएको छ । यो लेख ३ पृष्ठको छ ।

[७३] लक्ष्मीकान्त पन्थी, **हिन्दू संस्कृतिमा नारीको स्थान र कर्तव्य,** गुल्मेली आवाज, २०६५ वर्ष १, अंक १, पृष्ठ २५ - २७ ।

४४. अमरकोशको स्वयंबोधिनी टीका-एक सिंहावलोकन

संस्कृत वाङमयमा प्रसिद्ध शब्दकोशहरूमध्येको एउटा अत्यन्त उपयोगी र सजिलो शब्दकोश नामलिङ्गानुशासन नाम भएको नेपालका धेरै पुराना र प्रसिद्ध विद्वान् अमरसिंह शाक्यद्वारा विरचित शब्दकोश छ । अमरसिंह कवि दिवङ्गत भइसके पछि त्यसपछिका विद्वान्हरूले यो शब्दकोशलाई अमरकोश भन्ने नाम दिएका हुन् । अहिलेसम्म विद्वत्समाजमा यो शब्दकोश अत्यन्तै लोकप्रिय र परिचित छ । अर्को शब्दमा यसो भनौं संस्कृत पढेको कुनै पनि मान्छे भेटियो कि त्यसले अमरकोश पढेकै हुन्छ भन्ने स्वतः सिद्ध छ । यस्तो अमरकोशका धेरै विद्वान्हरूद्वारा विभिन्न नामका अनेक टीकाहरू पनि लेखिएका पाइन्छन् । तीमध्ये सबैभन्दा सजिलो र राम्रो पनि विद्वत्शिरोमणि कुलचन्द्र गौतमद्वारा विरचित स्वयंबोधिनी टीका हो । यो टीका नेपाली भाषमा लेखिएको छ । यसै टीकाको समीक्षात्मक उक्त लेख लक्ष्मीकान्त पन्थीले ईश्वी सं २००९ अर्थात वि.सं. २०६६ को मे-जुन महिनामा वाराणसीबाट प्रकाशित हुने आन्वीक्षिकी -वर्ष ३, अङ्क ३ नामक अन्तर्राष्ट्रिय शोधपत्रिकामा प्रकाशित गराएका रहेछन् । यस लेखको आयतन १२ पृष्ठको छ । उक्त पत्रिकाकी सम्पादिका डा. मनीषा शुक्ला हुन् । उक्त लेखमाः-

> शब्द शक्तिको ज्ञान कसरी हुन्छ ? भन्ने कुरा बताउँदै संस्कृत वाङमयको अर्थ ज्ञान गराउने धेरै शब्दकोशमध्ये कुनै ज्यादै ठूला छन् । कुनै ज्यादै साना पनि छन् र फेरि अप्राप्य पनि छन् किन्तु उपचर्चित अमरकोश भने ज्यादै सजिलो, कामचलाउ, उपयोगी र प्राप्य पनि भएकोले वर्तमान समयमा अत्यन्त लोकप्रिय छ । फेरि यो शब्दकोशका लेखक भनौं वा कवि नेपालका विद्वान् अमरसिंह शाक्य हुन् भन्दै अमरसिंह शाक्यको संक्षिप्त परिचयका साथै अमरकोशका विशेषताहरूलाई पनि उल्लेख गरिएको छ । यतिमात्र होइन, उक्त लेखमा अमरकोशको स्वयंबोधिनी टीकाका लेखक विद्वत्शिरोमणि साहित्याचार्य पं कुलचन्द्र गौतमको पनि परिचय सहित उनले रचना गरेका संस्कृत र नेपाली भाषामा प्रकाशित पुस्तकहरूको नाम बताइएको छ । साथै नेपालका धुरन्धर विद्वान् विद्वत्शिरोमणि साहित्याचार्य पण्डित एवं कवि कुलचन्द्र गौतमद्वारा वि.सं. १९९३ सालमा रचना गरिएको व्यावहारिक परिशेषवर्ग चतुर्थकाण्ड र त्यसको नेपाली टीकासमेत वि.सं. २०२६ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित अमरकोशको स्वयंवोधिनी नेपाली टीका विद्यार्थी र जिज्ञासु पाठकवर्गका लागि संस्कृत शब्दहरूको अर्थज्ञान गर्न सुविधा पुगोस् भन्ने हेतुले रत्न पुस्तकभण्डारबाट पुनः प्रकाशन हुन लागेकोमा यसको मुद्रण संशोधन गर्ने अवसर पाएकाले आफ्नो बुद्धि र ज्ञानअनुसार यो समीक्षा लेखी प्रस्तुत गरेको छु"[७४]

४५. हरिश्चन्द्र गुरुको सम्झना

यो लेख हरिश्चन्द्र गुरुको सम्झना भन्ने चार पृष्ठ लामो लेख प्रा. **हरिश्चन्द्र न्यौपाने स्मृति ग्रन्थमा** प्रकाशित छ । पृष्ठ २६९ देखि२७२ सम्म४ पृष्ठमा प्रकाशित छ । लेखमा अत्यन्त प्रखर एवं निर्भीक र विद्यार्थीहरूका बीचमा धाराप्रवाहरूपमा बोल्न सक्ने हकी स्वभाव भएका

---

[७४] लक्ष्मीकान्त पन्थी, **अमरकोशको स्वयंबोधिनी टीका-एक सिंहावलोकन,** अन्वीक्षिका, २०६६ ३, वर्ष अंक ३, पृष्ठ १९४ - २०५ ।

सरकारी प्रध्यापक, साहित्याचार्य पं. हरिश्चन्द्र न्यौपानेलाई आफूले बाल्मीकि विद्यापीठमा अध्ययन गर्दा देखेको, चिनेको र जानेको हुँ भन्दै वहाँको स्वभाव, लगनशीलता एवं विद्यार्थीहरूका बीचमा रहेको लोकपृयतालाई बताइएको छ । यसका साथै गुल्मीबाट प्रकाशित **हाम्रो पुरुषार्थ** पत्रिकाको लागि २०६२ सालमा वहाँसङ्ग लिइएको अन्तर्वार्ताको उल्लेख गर्दै यो अन्तर्वार्ता महत्त्वपूर्ण भएको कुरा बताइएको छ । उक्त अन्तर्वार्तामा प्रा. हरिश्चन्द्र न्यौपानेद्वारा विरचित एक श्लोकी कविता जो वहाँको आफ्नै परिचय हो, लाई पनि उल्लेख गरिएको छ ।[७५]

४६. नेपाली साहित्यका विकासमा वनारसको भूमिका र योगदान

शोधनायक लक्ष्मीकान्त पन्थी भारतको वनारसस्थित काशीहिन्दुविश्वविद्यालयको नेपाल चेयरमा अतिथि प्राध्यापक भई रहँदाको समयमा (२०६५-२०६७) त्यहाँ सम्पन्न भएको 'नेपाली भाषा र साहित्यको विकास र परम्परा' शीर्षकमा भएको अन्तराष्ट्रिय सम्मेलनमा भाग लिंदा प्रस्तुत गरिएको कार्यपत्रको शीर्षक 'नेपाली साहित्यका विकासमा वनारसको भूमिका' नामको ४५ पृष्ठ लामो कार्यपत्र प्रस्तुत गरेका थिए । यो लेख काशीहिन्दुविश्वविद्यालयको नेपाली विभागद्वारा प्रकाशित पत्रिकामा उद्धृत गरिएको छ । सो कार्यपत्रको सारांश यस्तो रहेको छ ।

उक्त शीर्षकमा नेपाली साहित्य के हो ? त्यसको विकास कसरी भयो ? भन्ने कुराका साथै वनारस के हो ? नेपाली साहित्यका विकासमा वनारसको भूमिका र योगदान के कति रहेको छ ? भन्ने विषयमा विस्तृत चर्चा गरिएको छ । उक्त चर्चामा माध्यमिक कालका अग्रणी कवि मोतीराम भट्टको समयदेखि वनारसमा खुलेका र चलेका विभिन्न छापाखाना एवं त्यहाँबाट प्रकाशित पुस्तक पत्रपत्रिका आदि गतिविधिहरूको जानकारी दिइएको छ ।

प्रस्तुत संक्षिप्त विवरणअनुसार केही प्रकाशक वा मुद्रण गर्ने संस्था भनौं या व्यापारिक गतिविधिका लागि स्थापित संस्था छन् भने केही विद्यार्थीहरूद्वारा प्रकाशित पत्रिकाहरू छन् । तीमध्ये मुद्रणालय वा प्रकाशक संस्थाहरू २६ छन् भने प्रकाशित भएका (एकपल्ट वा अनेकपल्ट) पत्रपत्रिकाहरू ७१ छन् । (नेपाली साहित्यको विकासमा वनारको भूमिका र योगदान विषयमा) यी बाहेक अन्य लेखक, साहित्यकार, विद्वान् एवं राजनीतिकर्मी, नेताहरूको पनि ठूलो भूमिका र योगदान रहेको छ । जस्तो मोतीराम भट्ट वनारसमा भएको बेला पत्रिका छपाउने काममात्र गरेनन्, उनले भानुभक्तको रामायणको खोजी गरेर ल्याए र त्यसलाई प्रकाशित गरे । साथै आफैले केही रचनाहरू पिकदूत तथा अन्य शृङ्गारिक कविताहरू लेखे र अरुलाई पनि लेखाए । अरु पनि तीर्थराज पाण्डे, पहलमानसिंह स्वाँर, शम्भुप्रसाद ढुङ्गेल, आदिबाट शृङ्गारिक भनौं माध्यमिक कालमा धेरै साहित्यिक रचनाहरू वनारसमा लेखिए र प्रकाशित पनि भए साथै कुलचन्द्र गौतम, लक्ष्मीप्रसाद देवकोटा, विश्वेश्वरप्रसाद कोइराला आदिले पनि वनारस बसेको बेला आफ्ना सृजना गरेका थिए । यीबाहेक नेपाल भित्रै चाँजोपाँजो मिलाएर बनारस आई पुस्तक पत्रिकाहरू, पञ्चाङ्ग - पात्रो) छपाउने काम त अहिलेसम्म पनि भइरहेका छन् । पत्रिका प्रकाशनको काम नगरेका भए पनि बनारस बसेर पढेका र पछि नेपाल गएर लेखक, समालोचक एवं कवि बनेकाहरूमा लेखनाथ

---

[७५] लक्ष्मीकान्त पन्थी, **हरिश्चन्द्र गुरुको सम्झना,** प्रा. हरिश्चन्द्र न्यौपाने स्मृति ग्रन्थ, २०६२ पृ २६९ - २७२ ।

पौडेल, सोमनाथ सिग्देल, मोदनाथ प्रश्रित, टीकाराम पन्थी आदि धेरै छन् । यी कुराबाहेक अर्को विशेष पक्ष के छ भने धेरै पहिलेदेखि संस्कृत पढ्न बनारस आएका र यहाँबाट नेपाल फर्केर अध्यापन कार्यमा लागेका विद्वानहरूबाट शिक्षित विद्यार्थीहरू पनि नेपाली साहित्यका वरिष्ठ लेखक, समालोचक एवं कविसमेत भएको हुँदा नेपाली साहित्य एवं संस्कृत साहित्यको विकासमा समेत बनारसको प्रशस्त भूमिका र योगदान रहेको छ भन्ने कुरालाई हामी सबैले नतमस्तक भएर स्वीकार्नुपर्छ । माथि उल्लेख भएअनुसार नेपाली साहित्यको विकासमा वनारसबाहेक दार्जिलिङ, खरसाङ, सिक्किम, आसाम, सिलाङ, मणिपुर, पटना, मुम्बई, मथुरा, वृन्दावन हरिद्वार एवं देहरादून आदि स्थानहरूको पनि यथोचित योगदान रहेकै छ, तीमध्ये बनारसको अझ विशेष भूमिका र योगदान छ भन्ने कुरालाई मात्र यहाँ प्रस्तुत गर्न खोजिएको हो भन्दै लेखको उपसंहार गरिएको छ ।[७६]

४७.गायत्री मन्त्र के हो ?

उक्त शीर्षक भएको अनुसन्धानात्मक लेख काठमाण्डौ रानीपोखरीस्थित तीनधारा संस्कृत छात्रावासबाट प्रकाशित हुने **अरुणोदय** नामक पत्रिका (वर्ष४१-४६) संयुक्ताङ्कमा प्रकाशित छ । यो पत्रिका वि.सं २०६७ सालमा प्रकाशित भएको रहेछ । उक्त लेखको आयतन ६ पृष्ठको छ ।

यस लेखमा गायत्री मन्त्र के हो ? भन्दै गायत्रीको स्वरूप, व्युत्पत्ति र अर्थसमेत बताइएको छ । साथै गायत्री मन्त्रको महत्त्व, उपासना र ध्यान पनि यस लेखमा उल्लेख गरिएका छन् । ध्यान कस्तो रहेछ त ? भनी जान्नका लागि थोरै यहाँ उद्धृत गरिएको छ ।

“यो सगुण ब्रह्मको ध्यान हो तथापि यसबाट सगुण निर्गुण दुवै भावनाअनुसार उपासना गर्नाले साधकलाई तदनुकूल नै सिद्धि मिल्दछ ।[७७] संक्षेपमा गायत्रीको ध्यानलाई यसरी बताउन सकिन्छ :

“त्यो तेजको चिन्तन गर्नुपर्छ/जो सूर्यको मण्डल भित्र हुन्छ । जसले हटाई हृदयान्धकार/सन्मार्गमा बुद्धि लगाइदिन्छ ।”

४८ श्रीभगवती उच्च माध्यमिक विद्यालयको पृष्ठभूमिः-वाग्ला र अजिमिर गाउँ एक संस्मरण

यो लेख शोधनायक लक्ष्मीकान्त पन्थीको आफ्नै घर गाउँको नजिकमा रहेको श्रीभवगती उच्च माध्यमिक विद्यालयको पृष्ठभूमिका रूपमा रहेका वाग्ला र अजिमिर गाउँको संस्मरण गर्नमा केन्द्रित छ । प्रस्तुत लेख उक्त उच्च माध्यमिक विद्यालय स्थापनाको पचासौं वर्ष पछि मनाइएको स्वर्ण महोत्सव स्मारिकाका रूपमा प्रकाशित भगवती सन्देश-२०६७ मा प्रकाशित छ । प्रस्तुत लेखमा शोधनायकका पुर्खाहरू वाग्ला गाउँ मै बसोवास गरेका र पाँच पुस्ता पहिले जिजुहजुरबुबाका पालादेखि नै घरैमा संचालन गरिएको आँगने पाठशालामा वाग्ला र अजमिर गाउँ एवं यिनका अतिरिक्त अन्य गाउँठाउँका समेत विद्यार्थीहरू पढ्नका लागि आउने र पढ्ने गरेको स्मरण गर्दै सोही आगने पाठशालामा उनकै पिताजी पं. भीमकान्त पन्थीले पढाउँदै रहेका बखत २०१६ सालमा उनकै राहिँलो बुबा नीलाम्बर पन्थी नेपालमा २०१५ सालमा भएको आमचुनावमा

[७६] लक्ष्मीकान्त पन्थी, **नेपाली साहित्यका विकासमा वनारसको भूमिका र योगदान**, कार्यपत्र, २०६७ पृष्ठ १ - ४५ ।
[७७] लक्ष्मीकान्त पन्थी, **गायत्री मन्त्र के हो ?**, अरुणोदय, २०६७ वर्ष ४१-४६ संयुक्ताङ्क ।

विजयी भएर सांसद बनेपछि उहँको सत्प्रयासबाट त्यस क्षेत्रमा खुलेका चौध प्राथमिक विद्यालयहरूमध्ये एक भएको उक्त भगवती प्राथमिक विद्यालय हो र यसैमा हाम्रो पिताजीद्वारा संचालित आँगने पाठशाला पनि समाहित हुन गएकोले उक्त प्राथमिक विद्यालयका प्रथम संस्थापक प्रधानाध्यापक उनकै पिताजी पं. भीमकान्त पन्थी रहनुभएको कुरा समेत बताइएको छ ।[७८] साथै आफ्नो गाउँको र आफैले पनि त्यही पढेर विद्यारम्भ गरेको प्राथमिक विद्यालय अहिले उच्च माध्यमिक विद्यालय बन्न सफल भएकोमा हामीलाई अत्यन्त खुशी र गौरवको बोध भइरहेको छ भन्दै उपसंहार गरिएको छ ।

४९ अनौठो यात्रा

उक्त नामको बृहत् अन्तर्वार्ता संङ्ग्रह दोस्रो भाग वि.सं. २०६७ सालमा प्रकाशित छ । उक्त अन्तर्वार्ता संङ्ग्रहका सम्पादक भक्तपुर दुवाकोट निवासी शिक्षक रामप्रसाद न्यौपाने हुन् । यस सङ्ग्रहमा दुईसय सत्ताईस जना लेखक, कवि, राजनीतिज्ञ, शिक्षाविद, प्रशासक, वैज्ञानिक, पत्रकार, कलाकार एवं समाजसेवीहरूका विविध लेख तथा अन्तर्वार्ताहरूलाई सङ्गृहित गरिएको छ । यसै क्रममा सम्पादक रामप्रसाद न्यौपानेका अनुसार पौरस्त्य वाङ्मयका अध्येता, धर्मशास्त्रका विद्वान, संस्कृत साहित्य एवं नेपाली साहित्यका ज्ञाता त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा. लक्ष्मीकान्त पन्थीसँग केही महत्वपूर्ण विषयहरूमा सोधेका प्रश्नहरूको उत्तर प्रस्तुत गरिएको कुरा बताइएको छ । उक्त अन्तर्वार्तामा विभिन्न ९/१० वटा प्रश्नहरू सोधिएकोमा ती प्रश्नहरूको शोधनायकबाट यथोचित उत्तर दिने काम भएको छ । साथै हिन्दु धर्मसँग सम्बन्धी एवं कर्मकाण्डका विषयमा समेत सोधिएको प्रश्नका उत्तरमा धर्मशब्दका अनेक अर्थ बताउनुका साथै धर्मको महत्व के कस्तो छ भन्ने पनि प्रकाश पारिएको छ ।[७९] अन्तर्वार्ताको आयतन २२ पृष्ठ लामो छ ।

५०. यज्ञः एक परिचय

यो यज्ञ सम्बन्धी विषयमा प्रस्तुत गरिएको अनुसन्धानात्मक लेख हो । यस लेखलाई वि.सं. २०६७ सालमा प्रस्तावित अष्टोत्तरशत हिमालय सिद्धपीठ महालक्ष्मी स्वर्ण मन्दिर, बलचौर कैलाली' बाट प्रकाशित हुने **'पद्माक्षी'** नामक पत्रिका वर्ष १, अङ्क १ मा प्रकाशित गरिएको छ । यस लेखमा यज्ञ भनेको के हो ? यज्ञका अर्थ के के छन् ? र यज्ञको उत्पत्ति कसरी भएको हो ? भन्ने कुराका साथसाथै सकामभाव र निष्कामभाव गरी दुई प्रकारले यज्ञहरू गर्न सकिने कुराको उल्लेख गरिएको छ । यसका साथै वैदिक यज्ञहरूका अनेक भेदहरूलाई बताउँदै यी मध्येका केही यज्ञहरू कलियुगमा गर्न नसकिने हुनुका साथै गर्न निषेध गरिएका छन् भन्ने कुरा पनि बताइएको छ । कलियुगका मानिसहरूले गर्न सजिलो हुने र सद्यः फलदायक पौराणिक यज्ञहरू गर्ने प्रचलन भएको कुरा बताउँदै सबैभन्दा सजिलो यज्ञ त भक्तिपूर्वक हरिभजन गर्नु नै हो किन्तु त्यतिसम्म पनि

---

[७८] लक्ष्मीकान्त पन्थी, **श्रीभगवती उच्च माध्यमिक विद्यालयको पृष्ठभूमिः-वाग्ला र अजिमिर गाउँ एक संस्मरण**, भगवती सन्देश-२०६७ पृष्ठ २-३ ।

[७९] लक्ष्मीकान्त पन्थी, **अनौठो यात्रा,** अनौठो यात्रा बृहत् अन्तर्वार्ता संङ्ग्रह दोस्रो भाग, वि.सं. २०६७, पृष्ठ ५८१ - ६०२ ।

अहिलेका मानिसहरूले गर्दैनन् । केवल पुण्यको फलमात्र पाउने चाहना गर्छन् ।[८०] त्यस्तो खेती नगरी फल पाउने कसरी हुन सक्ला र ? भन्दै यज्ञ नगर्दाको दुष्परिणाम अर्थात् अनेकथरी अत्याचार, अनाचार, हिंसा, चोरी, डँकैती आदि समाजमा बढ्दै गरेको कुरा बताइएको छ ।

५१. डा. टीकाराम पन्थी-व्यक्तित्व र विचार

यो विशेषाङ्क २०६७ साल कार्तिकमा प्रकाशित भएको लेख हो । डा. टीकाराम पन्थी गुल्मी जिल्लाका प्रसिद्ध विद्वान एवं वरिष्ठ साहित्यकार तथा गरिष्ठ समालोचक पनि हुन् । यो लेख वि.सं १९९३ सालमा जन्मेर पढ्ने पढाउने काममा नै जीवन बिताएका टीकाराम पन्थी वि.सं.२०६६ मङ्सिर महिनामा दिवङ्गत भएपछि उनको संस्मरणमा किरण पुस्तकालयद्वारा प्रकाशित टीकाराम पन्थी स्मृति विशेषाङ्क (हाम्रो पुरुषार्थ पत्रिकाको सम्पूर्णाङ्क ५६) मा प्रकाशित छ । यस लेखमा टीकाराम पन्थीले गरेको शैक्षिक योगदान एवं नेपालीमा र संस्कृतमा समेत पुऱ्याएको साहित्य सेवाका साथै उनले अन्य विभिन्न लेखकहरूका ग्रन्थमा भूमिका लेख्ने कामसमेत गरेको कुरा बताइएको छ । फेला परेसम्म र जानकारी भएसम्म डा. टीकाराम पन्थीले कुन कुन लेखकका के के पुस्तकमा कस्तो कस्तो भूमिका लेखेका छन् र ती पुस्तकका प्रकाशकहरू पनि को को हुन् ? भन्ने कुरा खुलाइएको छ । साथै समय भनौं कालले उनलाई लगे पनि उनले रचना गरेका कृतिहरूमा उनका विचारहरू जीवितै छन् भन्दै तीमध्ये संस्कृत भाषामा विरचित वुद्धस्मरणम् काव्यको अन्त्यमा डा. टीकाराम पन्थीले गरेको अन्तिम इच्छालाई यस लेखमा जस्ताको तस्तै उल्लेख गरिएको छ ।[८१] लेखको आयतन ८ पृष्ठ लामो छ ।

५२. लोकनाथ दाजुको सम्झनामा

शोधनायक लक्ष्मीकान्त पन्थीका वंशवन्धु लोकनाथ पन्थी दाजु हुन् । उनको जन्म वि.सं. १९७३ मा भएको हो भने निधन वि.सं. २०६८ सालमा भयो । वि.सं. २०६९ सालको साउन महिनामा उनको सम्झनामा प्रकाशन गरिएको ‘लोकलीला स्मृतिग्रन्थ’ मा यो लेख प्रकाशित छ । लेखको आयतन ३ पृष्ठ छ । लोकनाथ दाजुको सम्झनामा तयार गरिएको यस लेखमा उनको र आफ्नो (लेखकको) वंशमूल एउटै भएको, उनका पूर्वपुरुष वाग्लाबाट छुट्टिएर गैराखर्क गाउँमा बसोबास गर्न पुगेको आदि कुराको चर्चा गर्दै सबै गाउँ ठाउँमा बस्ने पन्थी बन्धुहरू वंशबन्धु भएपनि लोकनाथ दाजु ज्यादै आत्मीय हुनुहुन्थ्यो र मलाई धेरै माया गर्नुहुन्थ्यो भन्दै उनले जीवनभर के कस्ता काम गरे र गाउँले दाजुभाइलाई के कस्तो सहयोग गरे भन्ने कुरासमेत लेखमा उल्लेख गरिएको छ । अन्त्यमा उहाँका राम्रा कामहरूको सम्झना यस पृथ्वीतलमा रहँदासम्म र उहाँको शुभनाम चल्दासम्म उहाँलाई स्वर्गमा बस्न र सुखभोग गर्न सजिलो पर्नेछ भन्दै लेख समाप्त गरिएको छ ।[८२]

---

[८०] लक्ष्मीकान्त पन्थी, **यज्ञः एक परिचय,** पद्माक्षी२०६७ वर्ष १, अङ्क १ पृष्ठ ।

[८१] लक्ष्मीकान्त पन्थी, **डा. टीकाराम पन्थी-व्यक्तित्व र विचार,** हाम्रो पुरुषार्थ, २०६७ सम्पूणाङ्क ५६, पृष्ठ ३१ - ४२ ।

[८२] लक्ष्मीकान्त पन्थी, **लोकनाथ दाजुको सम्झनामा,** लोकलीला स्मृति ग्रन्थ२०६९ पृष्ठ ९४-९६ ।

५३ पं दामोदर कोइराला गुरुः मेरो जानकारीमा

यो लेख **प्रा. दामोदर कोइराला स्मृतिग्रन्थ**मा प्रकाशित छ । उक्त स्मृति ग्रन्थ वि.सं. २०६९ साल पौष महिनामा छापिएको हो । शोधनायक विद्याध्ययन गर्नका लागि २०२८ सालमा काठमाण्डौ आउँदा पं. दामोदर कोइराला गुरु तात्कालिक संस्कृत महाविद्यालयका प्राध्यापक भएपनि आफू उहाँले पढाउने गरेको वेद विषयको विद्यार्थी नभएको हुँदा उहाँलाई महाविद्यालयभन्दा बाहिरै देखेको, भेटेको र चिनेको कुरा बताइएको छ । उक्त चिनजानका दुई प्रसङ्ग उल्लेख गरिएका छन् । तिनमाः- पहिलो पण्डितराज सोमनाथ सिग्देलका घरमा विशेषकामले आफू गएको बेला उहाँले त्यहा श्रीमद्भागवत (सप्ताह) कथावाचन गर्दै रहनुभएको प्रसङ्ग र अर्को सत्कर्मरत्नावली नामक धर्मशास्त्र ग्रन्थ प्रकाशनका लागि उहाँ खटिनु भएको जानकारी पाएको प्रसङ्गलाई उल्लेख गरिएको छ ।[८३]

५४. पतिव्रता स्त्रीहरूको कर्तव्य एवं सदाचार

यो लेखको शीर्षकबाट नै यसमा पतिव्रता स्त्रीहरूको कर्तव्य एवं सदाचारलाई प्रस्तुत गरिएको छ, भन्ने स्पष्ट बुझिन्छ । यो लेख **विद्या** वर्ष २५ अङ्क २२मा रेसुङ्गा बहुमुखी क्याम्पस तम्घास गुल्मीबाट प्रकाशित छ । यस लेखमा हाम्रो

> "सनातन हिन्दु धर्मावलम्बी समाजमा पुरुषहरूका लागि र स्त्रीहरूका लागि पनि विभिन्न शास्त्रहरू रामायण, महाभारत पुराणहरू तथा अनेक धर्मशास्त्रहरूमा समेत सदाचार एवं कर्तव्याकर्तव्यको निर्देश गरिएको छ । यिनै निर्देशन अनुसारका आचार विचार एवं व्यवहारबाट हाम्रो समाजका पुरुष एवं स्त्रीहरूले आ-आफ्ना असल चरित्र कर्तव्य तथा व्यवहारहरूको पालन गर्दै आएको परम्परा र प्रचलन विद्यमान छँदैछ"[८४]

भन्दै प्रारम्भ गरिएको यस लेखमा सदाचारको औचित्य स्वरूप र महत्त्वलाई विभिन्न धर्मशास्त्र एवं पौराणिक वचनहरूबाट पुष्टि गरिएको छ । यसका साथै स्त्रीहरूका लागि सदाचारको आवश्यकता र उत्तमस्त्रीहरूले पालन गर्नुपर्ने सदाचारका कुराहरूलाई पनि रामायण तथा महाभारतहरूका घटना र दृष्टान्त देखाउँदै प्रस्तुत गरिएको छ । विशेषगरी उत्तम स्त्रीहरूले आफ्नो मन, वचन र कर्मले सधै सबै अवस्थामा पतिको इच्छाअनुसार आचरण गरेर सच्चरित्रवती, गुणवती, शीलवती बनेर सबैकी मित्र सुखदायिनी एवं धन्य भन्ने हुन आवश्यक छ, भन्दै लेखलाई उपसंहार गरिएको छ । उपसंहारमा शोधनायकद्वारा प्रस्तुत दुईटा श्लोक यस्ता छन् ।

वरका घरमा बस्ने, खाने, डुल्ने सधैंभर
सताएर उनैलाई गाली गर्ने दिनैभर ।
बधू भए भने सारा घर चौपट बन्दछ
श्री, शोभा, घरकी लक्ष्मी बधू नै बन्नु पर्दछ ॥

---

[८३] लक्ष्मीकान्त पन्थी, **पं दामोदर कोइराला गुरुः मेरो जानकारीमा,** प्रा. दामोदर कोइराला स्मृतिग्रन्थ २०६९पृष्ठ ११७ - १२२ ।

[८४] लक्ष्मीकान्त पन्थी, **पतिव्रता स्त्रीहरूको कर्तव्य एवं सदाचार,** विद्या २०६९, वर्ष २५, अङ्क २२, पृष्ठ ७३ - ८० ।

आधा गाग्री-अर्ध शिक्षा, छचल्किन्छ सधै भर

वधू भए त मैमत्ता सताइन्छन् सधैं वर ॥

यस्तै दुराचार कुनै मित्रका घर देखियो

सदाचार सबैतर्फ होस् भनी लेख लेखियो ॥

५५. अनुसन्धानको फल-ज्योतिषरत्नमाला

उक्त शीर्षकमा वि.सं. २०६९ सालमा रचना गरिएको यो लेखको शीर्षकले नै अनुसन्धानात्मक लेख हो भन्ने स्पष्ट बुझाउँछ । प्रस्तुत लेख वि.सं २०६९ साल कार्तिकमा सम्पूर्णाङ्क ५८ को **हाम्रो पुरुषार्थ** पत्रिकामा प्रकाशित छ । प्रस्तुत लेखमा आजभन्दा ५०० वर्ष पहिले हस्तलिखितरूपमा तयार भएको, नेपाली मड्याएको कागजमा लेखिएको पत्रवाला **ज्योतिष रत्नमाला** नामको मुहूर्त ज्योतिषको पुस्तक फेलापरेको कुरा बताइएको छ । साथै उक्त **ज्योतिषरत्नमाला** ग्रन्थका लेखक विद्वान् ज्योतिषी श्रीपति गुल्मीको इस्मा राज्य अन्तर्गत पर्ने अमरभूमि (मर्भुङ) गाउँका थिए । उनका वंशजहरू अझै पनि त्यही गाउँमा रहेबसेका छन् भन्ने कुरा पनि बताइएको छ ।[८५]

५६. मेरो स्मृतिमा रहेका पं. देवराज अर्ज्याल र उनको आचार व्यवहार

शोधनायक लक्ष्मीकान्त पन्थीका वि.सं. २०२२-२०२५ सालको समयमा संस्कृत माध्यमिक विद्यालयमा माध्यामिक तहमा पढ्दाका गुरु पं देवराज अर्ज्याल (वि.सं.१९६९-२०३२) दिवंगत भएपछि उनको स्मृतिमा प्रकाशन गर्ने भनिएको स्मारिकामा प्रकाशनार्थ लेखिएको यो सानो लेख हो । यसको आयतन १० पृष्ठ लामो छ ।

यस लेखमा पं देवराज अर्ज्यालको वंशपरम्परासहित उनले गरेका पठनपाठन एवं पौरोहित्यकर्मको चर्चा गर्दै उनी माध्यमिक तहसम्मका विद्यार्थीहरूलाई पढाउनमा कुशल थिए, विद्यार्थीहरूलाई अभ्यास गराएर पढाउँथे भन्ने प्रसङ्गको संझना गरिएको छ । साथै कुनै वेला देवराज गुरुका साथमा घुम्न जाने अवसर मिलेको हुँदा हामी विद्यार्थीभन्दा पनि गुरु धेरै जाँगरिला र काम गर्न सक्रिय रहने गरेको कुरा पनि यो लेखमा संझना गरिएको छ । यसका साथै इस्माली राजघराना मूल वंश भएका अर्ज्यालहरू गुल्मीको अमरभूमिमा बसोबास गरेका र यस वंशमा १४ पुस्तसम्म विद्वत्परम्परा रहेको कुरा खुलाइएको छ । त्यस्तै यस वंशमा योगसाधना गर्ने साधकहरू पनि थिए भन्दै पं. देवराज अर्ज्याल पनि योगसाधक थिए भनिएको छ ।[८६] अन्त्यमा पं देवराज अर्ज्यालद्वारा विरचित **आत्मस्थिति** नामक कविताको समीक्षा पनि गरिएको छ ।

[८५] लक्ष्मीकान्त पन्थी, **अनुसन्धानको फल-ज्योतिषरत्नमाला,** हाम्रो पुरुषार्थ, २०६९ सम्पूर्णाङ्क ५८, पृ ।

[८६] लक्ष्मीकान्त पन्थी, **मेरो स्मृतिमा रहेका पं. देवराज अर्ज्याल र उनको आचार व्यवहार,** हाम्रो पुरुषार्थ,२०६९ वर्ष ४०अङ्क१, पृष्ठ २२-२५ ।

५७. काफ्ले थर एक- तर गोत्र भिन्न

यो लेख २०६९ सालमा प्रकासित **काफ्लेहरूको वंशावली**मा छापिएको छ । उक्त शीर्षकमा लेखिएको लेखको शीर्षकबाट नै लेखको विषय तथा आशय स्पष्ट छन् । हाम्रो नेपालमा रहेबसेका ब्राह्मण जाति एकै भएपनि तिनका अनेक थर छन् । जस्तै अर्ज्याल, पौड्याल, सिग्द्याल, अर्याल, पौडेल, सिग्देल, सुवेदी, पोखेल, देवकोटा, पन्थी , वाग्ले न्यौपाने, आचार्य, पराजुली, घिमिरे इत्यादि । यी थरहरूको उत्पत्ति मोटमोटी हिसावले तीन किसिमले भएको बुझिन्छ । तिनमा पहिलो किसिम होः- स्थान वा स्थलमा रहेबसेका कारणले थर भएको छ । जस्तै घमिरबाट घमिरे-घिमिरे, अर्जेबाट अर्ज्याल-अर्याल, वाग्लाबाट वाग्ले, ज्ञेवाबाट ज्ञवाली, पौडीबाट पौड्याल आदि । दोस्रो किसिम हो वेदपाठ गरेका वा पढेका आधारमा थर भएको छ । जस्तै सबै वेद राम्ररी पढ्ने सुवेदी, चारैवेद पढ्ने चतुर्वेदी वा चौवे, तीन वेद पढ्ने त्रिवेदी वा त्रिपाठी दुई वेद पढ्ने द्विवेदी वा दुवे, त्यस्तै चालीस अध्याय पढेका चालिसे आदि । तेस्रो हो-कार्यकारणले अथवा काम गरेका आधारमा पनि थरहरू चलेका छन् । जस्तै यज्ञमा आचार्य भएका आचार्य, भण्डारमा काम गरेका भण्डरी, अधिकार पाएर काम गरेका अधिकारी, लामो छानो भएका लामिछाने, भुषमा परीक्षा गरेका वा जन्मेकाले भुसाल इत्यादि । यीमध्ये काफ्लेहरूको थर कसरी प्रचलनमा आए होला भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । धैरै काफल खान पाइने गाउँ वा ठाउँमा बसोवास गर्ने भएकाले उनीहरूको काफ्ले थर प्रचलित हुँदै आयो र कालान्तरमा प्रसिद्ध हुँदै पनि आयो । अब उनीहरू काफल गाउँ छाडी अन्यत्र जहाँकहीँ बसे पनि काफ्ले थरबाटै प्रसिद्ध भए भन्दै प्रारम्भ गरिएको यस लेखमा गोत्र भनेको के हो ? गोत्र प्रवर्तक ऋषिहरू को र कति थिए ? इत्यादि कुराहरूको सप्रमाण विस्तार गरिएको छ । साथै काफ्ले थर भएपनि कुनै काफ्लेहरूको गोत्र शाण्डिल्य हुने र कुनै काफ्लेहरूको सावर्णि गोत्र हुनसक्ने कुरालाई पौराणिक प्रमाण जुटाई स्पष्ट पारिएको छ । अन्त्यमा आ-अफ्ना वंश पूर्वजहरूको जे जस्ता गोत्र प्रवरहरू रहेका छन् ।[८७] तिनै गोत्र प्रवरहरूलाई तिनका वंशधर सन्तानहरूले जान्नुपर्छ र मान्नुपर्छ भनिएको छ ।

५८. कवि मुकुन्द शर्मा र उहाँको महाभारत चम्पू एक अध्ययन

पूर्वोक्त रामायण चम्पूका लेखक मुकुन्द शर्मा चालिसेद्वारा लिखित एवं श्रीमती प्रभालक्ष्मी राणाद्वारा वि.सं. २०६२ सालमा प्रकाशित महाभारत चम्पू नामक ५४० पृष्ठको बृहत्काय ग्रन्थको समीक्षा प्रस्तुत गर्नमा यो लेख केन्द्रित छ । प्रस्तुत लेख उक्त ग्रन्थको विमोचन समारोहमा नै वाचन गरिएको हुनाले तात्कालिक समसामयिक पृष्ठभूमि बताउँदै यो अगाडि बढेको छ । २०६२ सालमा प्रस्तुत गरिएको यो लेखको आयतन ५० पृष्ठको छ ।[८८]

यस लेखको प्रारम्भमा चम्पू के हो ? भन्दै चम्पूकाव्यको लक्षण बताएर नेपाली साहित्यमा

---

[८७] लक्ष्मीकान्त पन्थी, **काफ्ले थर एक- तर गोत्र भिन्न,** काफ्लेहरूको वंशावली, २०६९, पृ. ।

[८८] लक्ष्मीकान्त पन्थी, **कवि मुकुन्द शर्मा र उहाँको महाभारत चम्पू एक अध्ययन,** अपराजिता महाकाव्य भूमिका, २०६९, पृ. ५० ।

थोरै भएपनि चम्पू काव्यको परम्परा रहेको बताई उक्त महाभारतचम्पू ग्रन्थ नेपाली साहित्यका विभिन्न विधाहरूको एउटै रूप हो भन्ने स्पष्ट पारिएको छ । (जस्तै एउटै महाभारतचम्पू ग्रन्थ साहित्यका कथा, कविता, नाटक, उपन्यास, निबन्ध, प्रबन्ध एवं केही विशिष्ट पात्रहरूको जीवनीका रूपमा पनि प्रस्तुत छ) त्यसैले महाभारत चम्पूलाई साहित्यका सम्पूर्ण विधाहरूको समष्टिरूप हो भन्ने समीक्षकको आशय देखिन्छ ।

यस लेखमा महाभारत चम्पूकाव्यका विशेषता, यसमा प्रयुक्त मौलिक नेपालीपन, गद्य र पद्य दुवैमा भएको सरलता एवं सहजता जस्ता कुरालाई बताउँदै साहित्यिक दृष्टिले पनि यसमा काव्यात्मकता हुनुका साथै काव्यमा रहनु पर्ने गुणहरू रीति, वृत्ति, अलङ्कार, चमत्कार एवं माधुर्यले पूर्ण छ भन्दै उपसंहार गरिएको देखिन्छ । महाभारत चम्पूबाटै उद्धृत गरिएको कवि मुकुन्द शर्माको उपसंहार वाक्य कस्तो छ, त्यो हामी पनि हेरौं :-

समुद्रमा ओर्ल हिरा बहन्छ, हिमालमा उक्ल हिरै रहन्छ/ अहो ! महाभारतको कहानी, हिरैहिराको अनमोल खानी ॥

यस्तो उदाहरण दिंदै शोधनायक स्वयं प्रस्तुत समीक्षात्मक लेखको समाप्तिमा पनि दुई कविता प्रस्तुत गर्दै उपसंहार गर्छन् । ती कवितालाई यहाँ उद्धृत गर्नु उपयुक्त ठान्दछु ।

१. हेरी महाभारतकाव्यचम्पू, विवेचना के कति भो भएन/ चञ्चुप्रवेशै हुन गो परन्तु, भित्री कुरा खुल्न सक्यो सकेन ॥

२. जसो तसो यत्ति कुरा बताएँ, कसो कसो भो अब माफ पाऊँ/केही नजान्ने विचरो म आएँ, विद्वान्हरूका बिच बस्न पाऊँ ॥

५९ गण्डकी क्षेत्रमा पाइने शालग्राम शिलाका प्रकार र तिनका विशेषता

यो लेखको शीर्षकबाटै लेखमा प्रस्तुत गरेको विषयवस्तु स्पष्ट हुन्छ । यो लेख देववाणी पत्रिकाको शालग्राम-देवघाटधाम विशेषाङ्क, वर्ष १४ संयुक्ताङ्क ११-१४, २०६९ मा प्रकाशित छ । यस लेखमा भारतवर्ष अन्तर्गत नेपाल देशको गण्डकी क्षेत्रमा पाइने शालग्राम शिलाका अनेक प्रकारहरू, तिनका नामहरू तथा प्राप्त भएसम्म तिनका केही चित्रहरूलाईसमेत प्रस्तुत गर्दै हिमवतखण्ड आदि पौराणिक आधारमा शालग्रामका विशेषतालाई देखाइएको छ । साथै धार्मिक दृष्टिले गण्डकी क्षेत्रको विशेष महिमालाई पनि बताइएको छ ।[८९] यस लेखको आयतन ५ पृष्ठको छ ।

६० छुटेको साथमा............भएको याद

छुटेको साथ नामक पुस्तक काठमाण्डौ नयाँबजार निवासी सरिता श्रेष्ठद्वारा लिखित सीमित समयको संस्मरण ग्रन्थ हो । यो पुस्तक वि.सं. २०६९ सालमा प्रकाशित भएको हो । यसमा लेखिका सरिता श्रेष्ठले वि.सं. २०३६ सालमा बनेपा निवासी नवराजकुमार श्रेष्ठसँग आफ्नो

---

[८९] लक्ष्मीकान्त पन्थी, **गण्डकी क्षेत्रमा पाइने शालग्राम शिलाका प्रकार र तिनका विशेषता,** देववाणी २०६९वर्ष १४ संयुक्ताङ्क ११-१४ ।

प्रेमविवाह भएपछि वि.सं. २०६६ सालसम्म उनीसँग रहँदा बस्दाका सुखदु:खका क्षणहरूलाई सामान्यरूपमा सम्झेकी भएपनि विशेषगरी वि.सं. २०६५ साल फाल्गुनदेखि २०६६ साल चैत्रसम्मका बाह्र-तेह्र महिना जुनसमयमा सरिताका जीवनसाथी नवराजकुमार श्रेष्ठलाई दु:साध्य रोग लागेकोले उनको उपचारका लागि नेपालमा, बैंककमा र बम्बईमा समेत पुऱ्याएर औषधि उपचार गर्नुपर्दाका विविध घटना दु:ख, पिर, चिन्ता एवं विभिन्न आफन्तीजनहरूबाट प्राप्त सहयोग, सद्भावना र आर्थिक सहायता आदि धेरै कुराहरूको संस्मरण भनौं याद गरिएको छ । यी सबै क्रियाकलापहरूबाट पनि आफ्नो श्रीमान्लाई बचाउन नसकिएकोमा सरिताजीले नियति भनौं भाग्य नै यस्तै रहेछ भनेर चित्त बुझाउनु परेको अथवा सरिताजीकै लेखाइअनुसार अबदेखि मैले श्रीमान्सँग भएका शील स्वभाव, धर्म, अत्मीयता, सहजता, मधुरता, मिजास एवं सरलपन जस्ता गुणहरू आफ्नै छोरामा भएको देख्नुपर्दछ भनेर धैर्य धारण गरेकी छन् । दु:खकै कारण भएपनि सरिता श्रेष्ठजी नेपाली साहित्यमा एक सफल साहित्यकारूपमा देखा पर्नुभएकोमा एकप्रकारले सन्तोष र खुशी लागेको कुरा गरिएको छ ।[९०]

यसका साथै उक्त: संस्मरण भनौं शोकसाहित्य गद्यशैलीमा लेखिएको भएपनि यसमा साहित्यिकता, रोचकता, सहजता एवं भाषिक शुद्धता र सरलता समेत रहेको छ भन्दै उपसंहार गरिएको छ ।

६१ तीर्थराज प्रयाग र प्रयाग तीर्थका अनेक रूप

यो लेख आदि प्रयाग एक अध्ययन नामक पुस्तकको प्रथम पुष्प वि सं २०६९ सालमा देवघाट विकास केन्द्रद्वारा प्रकाशन भएको हो । यसका सम्पादक श्रीनारायणप्रसाद तिमल्सिना हुन् । यो लेख पृष्ठ ११४ देखि १२६ सम्म विस्तृत छ । यस लेखमा गङ्गा-यमुनाको सङ्गम **तीर्थराज प्रयाग र प्रयाग तीर्थका अनेक रूप** भन्नाले देव प्रयाग -भागिरथी गङ्गा र बदरीनाथ तीर्थबाट बगेर आएकी अलकानन्दा नदीको सङ्गम) रुद्र प्रयाग भने जस्तै आदि प्रयाग क्षेत्र भनौं हरिहर क्षेत्रकारूपमा रहेको हाम्रै नेपालको देवघाट जहाँ कृष्णा गण्डकी र त्रिशुली गण्डकीको सङ्गम छ, को विशेषता र महत्तालाई प्रस्तुत गरिएको छ । साथै यस्तो महत्त्वपूर्ण आदि प्रयाग क्षेत्रको विकास गर्न हामी सबैको विशेष ध्यान पुग्नु आवश्यक छ भनिएको छ ।[९१]

४.३.९ संस्कृतभाषामा लिखित समीक्षा तथा कविताहरू

क्र.सं	शीर्षक	प्रकाशन मिति	प्रकाशित पत्रिकाको नाम	कैफियत
१	**जगदम्बिकावैभवम् महाकाव्यस्य कथावस्तु विवेचनम्**	२०५८	**ऋतम्भरा** पत्रिका वर्ष ५, अङ्क ८	म. सं.वि.
२	**जगदीश्वरवैभवम् महाकाव्यस्य कथावस्तु विवेचनम्**	२०६५	ऋतम्भरा पत्रिका वर्ष ९ अङ्क १२	म. सं.वि
३	प्रशस्तिप्रसूनम्	२०६२	सत्यनारायणकथामृतम्	

[९०] लक्ष्मीकान्त पन्थी, **छुटेको साथमा...........भएको याद,** छुटेको साथ, २०६९, पृष्ठ १५ ।
[९१] लक्ष्मीकान्त पन्थी, **तीर्थराज प्रयाग र प्रयाग तीर्थका अनेक रूप,** तीर्थराज प्रयाग र प्रयाग तीर्थका अनेक रूप, २०६९, पृष्ठ ११४ - १२६ ।

४	सुकृताद् दीर्घजीवनम्	२०६२	पं देवीदत्त पन्थीस्मृति पुस्तिका	
५	जीवनदर्शनम्	२०६६	उन्मेष पत्रिका वर्ष ४० अङ्क ३	स्व.वि.यु. वाल्मीकि क्याम्पस
६	लुम्बिन्यञ्चल विद्वतपरंपरायां डा. टीकाराम पन्थी	२०६७	हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ५६, डा. टीकाराम पन्थी विशेषाङ्क	गुल्मी
७	दैवज्ञं प्रति	२०६९	कवि दैवज्ञ स्मृतिग्रन्थ	काठमाण्डौ
८	नारायणस्मृतौ	२०६९	नारायणगौतम स्मृतिग्रन्थ	काठमाण्डौ
९	वैयाकरणस्वरूपम्	२०६९	वैयाकरणनेपाल स्मृतिग्रन्थ	

१. जगदम्बिकावैभवम्महाकाव्यस्य कथावस्तुविवेचनम्

शोधनायकद्वारा संस्कृत भाषामा रचना गरिएको प्रस्तुत लेख महेन्द्र संस्कृतविश्वविद्यालय अन्तर्गत अनुसन्धान केन्द्रद्वारा २०५८ सालमा प्रकाशित 'ऋतम्भरा' पत्रिकाको वर्ष ५, अङ्क ८ मा प्रकाशित छ। यस लेखको आयतन पाँच पृष्ठ लामो छ।

यस लेखमा शोधनायक लक्ष्मीकान्त पन्थीका पिता श्री पं भीमकान्त पन्थीद्वारा संस्कृतभाषामा विरचित जगदम्बिकावैभवम् नामक महाकाव्यको कथावस्तुको विवेचना गरिएको छ । उक्त विवेचनामा जगदम्बिकावैभवम्महाकाव्यको कथावस्तु (१) प्रारम्भ (२) विकास (३) चरमोत्कर्ष (४) प्रतिचरमोत्कर्ष र (५) उपसंहार समेत गरी ५ भागमा विभाजित छ भन्ने कुरालाई प्रसङ्ग सन्दर्भ मिलाएर प्रस्तुत गरिएको छ। लेखको अन्त्यमा पिताजीद्वारा विरचित यस महाकाव्यले दाजुजस्तै बनेर हामीलाई सन्मार्ग निर्देशन गरोस् भन्ने कामना गर्दै विश्राम गर्छु, भनिएको छ।[९२]

२. जगदीश्वरवैभवम् महाकाव्यस्य कथावस्तुविवेचनम्

शोधनायकद्वारा संस्कृत भाषामा रचना गरिएको प्रस्तुत लेख महेन्द्रसंस्कृतविश्वविद्यालय अन्तर्गत अनुसन्धान केन्द्रद्वारा २०६५ मा प्रकाशित 'ऋतम्भरा' पत्रिकाको वर्ष ९ अङ्क १२ मा प्रकाशित छ। यस लेखको आयतन ४ पृष्ठ लामो छ।

यस लेखमा शोधनायक लक्ष्मीकान्त पन्थीका पिता पं भीमकान्त पन्थीद्वारा संस्कृत भाषामा विरचित 'जगदीश्वरवैभवम्' नामक महाकाव्यको कथावस्तु क्रमिक घटना सन्दर्भको विचारले प्रारम्भ, विकास, चरमोत्कर्ष, प्रतिचरमोत्कर्ष र उपसंहार समेत गरी ५ भागमा विभाजन गरिएको छ भनिएको छ । लेखको अन्त्यमा यदि जगदीश्वर भगवान् विष्णुले राजकुमार ध्रुवलाई कृपा नगर्नु भएको हुँदो हो त राजकुमार ध्रुवको पनि उदय उन्नति नभएको हुँदो हो भन्ने विचारले 'जगदीश्वरवैभवम्' भन्ने नामको महाकाव्यको शीर्षक सफल एवं सार्थक छ, भन्ने

[९२] लक्ष्मीकान्त पन्थी, **जगदम्बिकावैभवम्महाकाव्यस्य कथावस्तुविवेचनम्,** ऋतम्भरा, वर्ष ५, अङ्क ८ पृष्ठ ६० - ६४।

बताउँदै पिताजीद्वारा रचना गरिएको महाकाव्य हाम्रो भाइ जस्तै प्रेमको पात्र बनोस् भन्ने चाहना गर्दै विश्राम गर्छु, भनिएको छ ।[९३]

३.प्रशस्तिप्रसूनम्

उक्त शीर्षकमा संस्कृत भाषामा विरचित ११ श्लोकहरूद्वारा कवि रश्मिराज अर्ज्याल विरचित श्रीसत्यनारायण कथामृतम् नामको खण्डकाव्यमा शोधनायकद्वारा मन्तब्य प्रकट गरिएको छ । यो खण्डकाव्य २०६२ सालमा रश्मिराज अर्ज्यालका नाति डा. विष्णुराज आत्रेयद्वारा सम्पादित एवं हिमालय बुक स्टल डिल्लीबजारद्वारा प्रकाशित छ । उक्त मन्तव्यमा पुराणप्रसिद्ध, सबैका पूज्य, भगवान् विष्णु हुनुहुन्छ भन्दै जगत्को रक्षाका लागि अनेक स्वरूप र नामद्वारा अवतार लिने यिनै सत्यनारायण सुध्यपास्यः मध्वरिः रुद्रधात्रंश रूप हुन् र कवि रश्मिराजद्वारा यिनैको स्तुति गरिएको छ भन्दै यो रश्मिराज विरचित काव्य भुक्ति, मुक्ति, कल्याण, कीर्ति एवं सम्पत्तिदायक छ र पढ्नलायक छ भनिएको छ ।[९४]

४ सुकृताद् दीर्घजीवनम्

यो अनुस्टुप छन्दमा विरचित २१ श्लोक भएको संस्कृत कविता हो । यसलाई नेपालीमा अर्थसहित पं. देवीदत्त पन्थीस्मृति पुस्तिका २०६२ मा गुल्मी तमघासबाट प्रकाशित गरिएको छ । पं. देवीदत्त पन्थी तमघास गुल्मीका प्रसिद्ध व्यक्ति शशी पन्थीका पिता हुन् । २०६२ सालमा ८५ वर्षको हुँदा निधन भएकोले उनका कामको उल्लेख गर्दै जीवनमा राम्रा र असल काम गर्नाले दीर्घ जीवन हुने तथा समाजले धन्य भन्ने बन्न सकिन्छ भन्ने कुरालाई बताइएको छ ।[९५]

५. जीवनदर्शनम्

'जीवनदर्शनम्' शीर्षक दिइएको कविता उन्मेष नामक बाल्मीकि विद्यापीठको मुखपत्रमा प्रकाशित संस्कृत कविता हो । यो कवितामा उपजाति र वसन्ततिलका छन्दमा विरचित १० श्लोक संस्कृत कविताहरू यसमा प्रकाशित छन् । यो कविता कविको जीवनदर्शनम् नामक संस्कृत कविता संग्रहबाट उद्धृत गरेर यसमा प्रकाशन गरिएको हो । कवितामा जीवन के हो ? दर्शन के हो ? र जीवन दर्शन के हो ? भन्ने प्रश्नहरूका उत्तरात्मक भावहरूलाई प्रस्तुत गरिएको छ । यी कविताहरूबाट कविको जीवनदर्शन के रहेछ भन्ने पनि पाठकलाई बोध हुनसक्छ ।[९६]

६. लुम्बिन्यञ्चलविद्वत्परम्परायां डा. टीकारामः पन्थी

उक्त शीर्षकमा रचना गरिएको शार्दूलविक्रीडित छन्दमा १३ श्लोक र केही अन्य छन्दमा समेत गरी जम्मा २४ श्लोक संस्कृतमा लेखिएका कविताहरूलाई **हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ५६, डा. टीकाराम पन्थी विशेषाङ्क २०६७** मा प्रकाशन गरिएको छ । कवितामा लुम्बिनी अञ्चलमा भएका संस्कृत कवि लेखकहरूको परम्परालाई उल्लेख गर्दै यसै पृष्ठमूमिमा डा टीकाराम पन्थी

[९३] लक्ष्मीकान्त पन्थी, **जगदीश्वरवैभवम् महाकाव्यस्य कथावस्तुविवेचनम्,** ऋतम्भरा पत्रिकाको वर्ष ९, अङ्क १२ पृष्ठ ३१ - ३४

[९४] लक्ष्मीकान्त पन्थी, **प्रशस्तिप्रसूनम्,** सत्यनारायणकथामृतम् भूमिका पृष्ठ क - ख ।

[९५] लक्ष्मीकान्त पन्थी, **सुकृताद् दीर्घजीवनम्,** पं. देवीदत्त पन्थीस्मृति पुस्तिका पृष्ठ १२ - १४ ।

[९६] लक्ष्मीकान्त पन्थी, **जीवनदर्शनम्,** उन्मेष, वर्ष ४० अङ्क३ पृष्ठ ६० ।

विशिष्ट विद्वान् हुनुहुन्थ्यो । उहाँले आफ्नो जीवनमा प्राध्यापन, काव्य-कथा लेखन, समीक्षण आदि धेरै काम गर्नुभयो भन्दै अहिले उहाँको अभावले नेपाली साहित्य एवं विद्वत्समाजलाई ठूलो क्षति भएको कुरा गर्दै प्रस्तुत कवितामा कवि लक्ष्मीकान्त पन्थीले कविताको अन्त्यमा यस्तो भाव व्यक्त गरेका छन् :-"हाम्रा पिताज्यू पनि स्वर्गमा जानुभएको छ, नेपालबाट गएका अरु धेरै कविहरू पनि स्वर्गमा छन् । हजुर पनि स्वर्गमा तिनीहरू सबैसंग मिलेर नेपालमा शान्तिहोस् भन्ने विचार गर्नु होला ।" सो कविताका पङ्क्ति यस्ता छन् ।[९७]

पितास्मदीयोऽपिदिवङ्गतोद्रस्ति/ नेपालयाताः कवयोऽपि सन्ति ।

स्थित्वा सुधर्मां सह तैर्भिलित्वा/नेपालशान्ति कलयन्तु सर्वे ॥

७. दैवज्ञं प्रति

यो संस्कृत कविता हो । यस कवितामा एघार श्लोक शार्दूलविक्रीडित छन्दमा र २५ श्लोक वियोगिनी छन्दमा र अन्य छन्दमा समेत गरी ४२ श्लोक छन् । कविता नेपाली साहित्यका प्रखर कवि दैवज्ञराज न्यौपानेको सम्झनामा प्रकाशित स्मारिका प्रेरणापुरुष कवि दैवज्ञस्मृति ग्रन्थ (२०६९) मा छापिएको छ । कवितामा स्वर्गीय दैवज्ञराज न्यौपानेलाई नेपालको वर्तमान वस्तुस्थितिको झलक बताउँदै पत्र लेखिएको छ साथै त्यहाँ स्वर्गमा देवसभामा नेपालका अरु धेरै कविहरू पनि आएर बसेका छन् । मेरा पिताजी पनि त्यही हुनुहुन्छ । त्यहाँ चल्ने कविता सम्मेलनमा मेरा बुवाले सुनाएका कविता तपाईंले सुन्नुहोला र मैले बताएका वस्तुस्थितिहरूलाई पनि कवितात्मकरूपमा त्यहाँका सबै कविहरूलाई सुनाइदिनुहोला । यदि स्वर्गमा रहँदा बस्दा तपाईको पुण्य समाप्त भएपछि फेरि पृथ्वी मै जन्म लिन आउनुपर्‍यो भने यही हिमालयको देश नेपालमा नै फेरि जन्मलिन आउनुहोला कनभने यहाँ आएर कविता भन्नुपर्ने काम अझै बाँकी छ ।[९८] यस्तै अरु कुरा पनि पत्रमा लेखिएको छ ।

८ नारायणस्मृतौ (वि. सं.२०६९)

उक्त शीर्षकमा चौवालीस श्लोक संस्कृत कविताहरू लेखिएका छन् । यी कविताहरू अर्घाखाँची जिल्लाको खिदिमग्राम निवाशी पं. नारायण गौतमको सम्झनामा प्रकाशित स्मृतिग्रन्थमा छापिएको छ । कवितामा नेपालको मध्य भागमा रहेको गुल्मी जिल्लाको रेसुङ्गा पर्वतदेखि उत्तरतिर जुन महाभारत प्रदेश छ, त्यसैको काखमा रहेको अर्घाखाची जिल्लाको खिदिम गाउँमा अवस्थित हरिहर संस्कृत पाठशालामा पढेर जन्नेसुन्ने भएका स्वयं गुरू बनेका नारायण पण्डितले त्यही खिदिम गाउँमा धेरै विद्यार्थीहरूलाई संस्कृत पढाएर जनसेवा गर्दै दिवङ्गत भएका थिए । उनलाई त्यस गाउँका मानिसले असल मानिसकारूपमा सम्झिरहेका छन् भन्दै यस्ता नारायण पण्डित स्वर्गमा पनि नेपालबाटै गएका धेरै विद्वान कविहरूका माझमा पुगेका छन् र त्यहाँ पनि कविता सुनाउँदै छन् भनेर दधिराम, हरिहर, काशिनाथ, उमानाथ आदि धेरै विद्वानहरूको नाम स्मरण गरिएको छ र यस्ता विद्वानहरूसित स्वर्गमा रमाइलोसङ्ग बस्नुहोला भन्दै यदि स्वर्गमा बस्ने समय

---

[९७] लक्ष्मीकान्त पन्थी, **लुम्बिन्यञ्चलविद्वत्परम्परायां डा. टीकारामः पन्थी** , हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ५६ ।
[९८] लक्ष्मीकान्त पन्थी, **दैवज्ञं प्रति,** प्रेरणापुरुष कवि दैवज्ञस्मृति ग्रन्थ पृ ५६१ - ५६४ ।

सकियो भने फेरि पुनर्जन्म लिनुपर्ने भएमा यही नेपालमा जन्म लिनुहोला । यहाँ तपाईंका सन्तानहरू रहेबसेका छन् भन्ने आशय प्रकट गरिएको छ ।[९९]

९. वैयाकरणस्वरूप

यो नेपालको पूर्वी क्षेत्र भोजपुर निवाशी विद्वान वैयाकरण नेपालको स्मृति ग्रन्थमा प्रकाशित छ । यसमा संस्कृत भाषामा १०८ श्लोक कविता विरचित छन् । कवितामा कवि एवं विद्वान धार्मिक व्यक्ति वैयाकरण नेपालको प्रशंशापूर्वक उनले गरेका कामको पनि उल्लेख गरिएको छ ।[१००] कविताको अन्त्यमा शोधनायकले संक्षेपमा आफ्नो परिचय पनि बताएका छन् ।

४.३.१० प्रकाशकीय भूमिका, संमति र टिप्पणी

क.सं	शीर्षक	प्रकाशन मिति	प्रकाशित पुस्तक/ पत्रिकाको नाम	कृतिकार
१	प्रकाशकीयम्	२०५५	जगदम्बिकावैभवम्	पं.भीमकान्त पन्थी
२	प्रकाशकीयम्	२०५६	जगदीश्वरवैभवम्	पं.भीमकान्त पन्थी
३	प्रकाशकीयम्	२०५७	विविधपद्यावलि	पं.भीमकान्त पन्थी
४	प्रकाशकीय	२०६४	जीवनको आशा	नीलाम्बर पन्थी
५	शुभाशंसा	२०६४	अमृत कलश	मुकुन्दशर्मा चालिसे
६	संमति	२०६४	चतुरशीतिसिद्धपूजापद्धति	गोविन्दराज शर्मा उपाध्याय
७	प्रशस्तिशेखर	२०६४	श्रीमद्भागवतचन्द्रिका :	शेखरनाथ पन्थी
८	संमति	२०६५	श्रीमद्भागवतसार : सिग्देल	फणिनारायण सिग्देल
९	शुभाशंसा	२०६९	हाम्रो चिनारी	पन्थी समाज
१०	अड्गडी कविता	२०६९	अड्गडयात्रा-पद्यसमीक्षा	
११	कविवर मुकुन्दशर्माको नवीनप्राप्ति **अपराजिता महाकाव्य** एक विवेचना	२०६९	अपराजिता महाकाव्य	मुकुन्दशर्मा चालिसे

१. प्रकाशकीयम् (**जगदम्बिकावैभवम्-महाकाव्यम् भीमकान्त पन्थी**)

उक्त नाम गरेको संस्कृत महाकाव्य शोधनायकका पिता पं भीमकान्त पन्थीद्वारा विरचित कृति हो । यसमा १२ सर्ग छन् । यो पौराणिक कथावस्तुमा आधारित छ ।

---

[९९] लक्ष्मीकान्त पन्थी, **नारायणस्मृतौ,** पं नारायण गौतम स्मृति ग्रन्थ, २०६९ ।
[१००] लक्ष्मीकान्त पन्थी, **वैयाकरणस्वरूप,** वैयाकरण नेपाल स्मृति ग्रन्थ ।

वि.सं.२०५५ सालमा प्रकाशित उक्त महाकाव्यको प्रकाशकीयम् संस्कृतभाषामा शोधनायकद्वारा लेखिएको हो । दुई पृष्ठमात्र आयतन भएको यस लेखमा शोधनायकका पिता पं भीमकान्त पन्थीद्वारा संस्कृत साहित्यमा धेरै पहिलेदेखि चलिआएको भक्तिप्रधान काव्य परम्परामा 'जगदम्बिकावैभवम्' महाकाव्यको रचना भएको कुरा र अहिले त्यसको प्रकाशन गरी पाठकका अगाडि उपस्थापित गरिएको कुरालाई प्रकट गरिएको छ । साथै यस महाकाव्यमा मन्तव्यसहित भूमिका लेखिदिनुहुने विद्वान् प्राध्यापकहरू डा.टीकाराम पन्थी एवं डा. विष्णुराज आत्रेय तथा शुभाशंसा प्रकट गर्नुहुने स्वामी प्रपन्नाचार्य एवं योगी नरहरिनाथलाई पनि धन्यवाद दिइएको छ ।[१०१]

२. प्रकाशकीयम् (**जगदीश्वरवैभवम्-महाकाव्यम्** भीमकान्त पन्थी)

उक्त नाम गरेको संस्कृत महाकाव्य शोधनायकका पिता पं भीमकान्त पन्थीद्वारा विरचित कृति हो । यो आठ सर्ग भएको पौराणिक विषयवस्तुमा आधारित रहेको संस्कृत महाकाव्य हो । वि.सं. २०५५ सालमा प्रकाशित उक्त महाकाव्यको 'प्रकाशकीयम्' संस्कृत भाषामा शोधनायकद्वारा लेखिएको हो । १ पृष्ठ मात्र आयतन भएको यस लेखमा शोधनायकका पिता पं भीमकान्त पन्थीद्वारा संस्कृत साहित्यमा धेरै पहिलेदेखि चलिआएको भक्तिप्रधान काव्य परम्परामा 'जगदीश्वरवैभवम्' महाकाव्य रचना भएको कुरा र अहिले यसको प्रकाशन गरी पाठकका अगाडि उपस्थापित गरिएको कुरालाई प्रकट गरिएको छ । यस महाकाव्यमा मन्तव्य सहित भूमिका लेखिदिनुहुने विद्वान् प्राध्यापकहरू डा. टीकाराम पन्थी, डा. विष्णुराज आत्रेय तथा शुभाशंसा र सम्मति लेखिदिनु हुने स्वामी प्रपन्नाचार्य तथा योगी नरहरिनाथप्रति कृतज्ञता प्रकट गरिएको छ ।[१०२]

३. प्रकाशकीयम् (**विविधपद्यावलि-२०५७** भीमकान्त पन्थी)

यो संस्कृत एवं नेपाली कवितामा शोधनायकका पिता पं भीमकान्त पन्थीद्वारा रचना गरिएको विविध कविताहरूको सङ्ग्रह हो । यसमा अनेक विषयवस्तुमा आधारित विविध शीर्षकका भिन्नभिन्न कविताहरू सङ्कलित छन् । यसको प्रकाशन २०५७ सालमा गरिएको थियो । यसको प्रकाशकीयम् संस्कृतकवितामा १८ श्लोकहरूद्वारा रचना गरिएको छ । त्यसमा विविधपद्यावलिका रचयिता पं भीमकान्त पन्थीको वंशपरम्परापूर्वक परिचय र कार्यव्यवहारलाईसमेत प्रस्तुत गर्दै विविधपद्यावलिको रचना गरिएको कुरा बताइएको छ । साथै यसको अन्त्यमा २०५७ सालको गुरूपूर्णिमामा कविका पाँचै भाइ छोराहरूद्वारा यसको प्रकाशन गरिएको छ, भन्ने कुरालाई पनि संस्कृत कविताबाटै व्यक्त गरिएको छ । साथै यसको समीक्षापूर्ण भूमिकाका लेखक डा. वेणीमाधव ढकालज्यूलाई पनि धन्यवाद दिइएको छ ।[१०३] त्यस प्रकाशकीयमा प्रस्तुत १-२ कविता यी हुन्:-

देवीभागवते कथाप्रवचने प्रश्नोत्तरे पाठने

श्रीमद्भागवते तथोपनिषदां शङ्कासमाधानयोः ।

[१०१] लक्ष्मीकान्त पन्थी, **प्रकाशकीयम्,** जगदम्बिकावैभवम् प्रकाशकीयम् पृष्ठ ग-घ ।
[१०२] लक्ष्मीकान्त पन्थी, **प्रकाशकीयम्,** जगदम्बिकावैभवम् प्रकाशकीयम् पृष्ठ ग ।
[१०३] लक्ष्मीकान्त पन्थी, **प्रकाशकीयम्,** जगदम्बिकावैभवम् प्रकाशकीयम् पृष्ठ ३-५

यो रामायणभारतादिषु तथा ख्यातः पुराणेष्वपि

धर्माचाररतोऽस्ति नीतिनिपुणः श्री भीमकान्तः कविः ॥४॥

कोमलं कठिनं रम्यमिहामुत्र विचारितम्

सश्लेषं सार्थकं काव्यं राजवृत्तानुसारि तत् ॥११॥

४. प्रकाशकीय -जीवनको आशा-उपन्यासिका नीलम्बर पन्थी)

उक्त नाम गरेको लघु उपन्यास शोधनायकका आफ्नै काका नीलाम्बर पन्थीद्वारा रचना गरिएको थियो । यसको प्रकाशन वि.सं. २०५८ मा शोधनायक लक्ष्मीकान्त पन्थीद्वारा गरिएको हो । एक पृष्ठमात्र आयतन भएको प्रकाशकीयमा भनिएको छ :- जीवनमा कहिले दुःख कहिले सुख आउनु स्वाभाविक भए जस्तै सुख-दुःखकै विषयवस्तुलाई संस्मरणात्मक शैलीमा नीलाम्बर पन्थीद्वारा लेखिएको यो उपन्यासिका आञ्चलिक भएर पनि दार्शनिक अर्थ राख्दछ, भनिएको छ ।[१०४] साथै यसका लेखक राजनीतिक नेता भएपनि यस उपन्यासमा सामाजिकता छ, साहित्यिकता छ र दार्शनिकता छ, किन्तु राजनैतिक रङ्ग भने कत्ति पनि छैन, भनिएको छ ।

५. सम्मति (चतुरशीतिसिद्धपूजा पद्धति-२०६४ गोविन्दराज शर्मा उपाध्याय)

यो उक्त नाम र कामका विषयमा रचना गरिएको पूजा पद्धति सम्बन्धी पुस्तक हो । यसको प्रकाशन २०६४ सालमा भएको हो । यो पुस्तकका लेखक तथा सम्पादक बाग्लुङ जिल्लाको विनामारे घर भई हाल चितवन रत्ननगर निवासी गोविन्दराज शर्मा उपाध्याय हुन् । यसमा हाम्रो धार्मिक परम्पराअनुसार समाजमा चलिआएको चतुरशीतिपूजा अर्थात् चौरासी पूजा र सिद्धपूजासमेत शास्त्र एवं पौराणिक प्रमाणहरूका आधारमा गर्ने गरिएको र यसका लेखकले चौरासीपूजाको महत्ता, उपयोगिता, प्रयोग, पद्धत्ति आदि सबै कुराको सम्पादन र प्रकाशन एकै साथ गरेका छन् भनी बताइएकोछ ।[१०५] यसका साथै चौरासीपूजा मानिसहरूले किन गर्नुपरेको हो भन्ने कारणको अनुसन्धानपूर्वक प्रस्तुत पुस्तकको रचना गरी समाजमा यस विषयको खाँचो टार्नमा ठूलो सहयोग पुगेको छ भन्ने कुरा बताइएको छ ।

६. शुभाशंसा (अमृतकलश-२०६४ मुकुन्द शर्मा चालिसे)

शोधनायकका एक मित्र मुकुन्दशर्मा चालिसेद्वारा रचना गरिएको केही वैदिक सूक्तिहरूको नेपाली कवितात्मक व्याख्या भएको अमृतकलश नामको सानो आकारको सङ्ग्रह २०६४ सालमा प्रकाशित भएको छ । यसमा शुभाशंसा भन्ने शीर्षक दिएर दुई पृष्ठ आयतन भएको छोटो लेखमा हाम्रो सांस्कृतिकनिधि प्राचीनतम वैदिक वाङ्मय चारैवेद (ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) का महत्वपूर्ण अर्थगौरवयुक्त एकाउन्न सूक्तिहरू अनुसन्धान गरी तिनको अर्थलाई समसामयिक एवं समाजिक सन्दर्भमा व्याख्या गरेर राष्ट्रभाषामा स्वतन्त्र, सरल एवं मौलिक कवितामा सरसता साथ प्रस्तुत गर्दै अमृतकलश भर्नु आफैमा योग्यतापूर्ण कलाको परिचय दिनु हो भन्दै यस्तो काम मेरा

---

[१०४] लक्ष्मीकान्त पन्थी, **प्रकाशकीयम्,** जीवनको आशा उपन्याशिका प्रकाशकीय पृष्ठ ग ।
[१०५] लक्ष्मीकान्त पन्थी, **सम्मति,** चतुरशीतिसिद्धपूजा पद्धति सम्मति पृष्ठ घ-भ ।

मित्र, विद्वान्, कवि मुकुन्द शर्मा चालिसेले गर्नु भएको देखेर मलाई अत्यन्त आनन्द लागेको छ।[१०६] म उहाँलाई हार्दिक प्रसन्नतापूर्वक धन्यवाद प्रकट गर्दै अभिनन्दन गर्दछु, भनिएको छ।

७. प्रशस्तिशेखरः (श्रीमद्भागवतचन्द्रिका, शेखरनाथ पन्थी -२०६४)

शोधनायक लक्ष्मीकान्त पन्थीका एकै परिवारका कान्छा बुबा पं शेखरनाथ पन्थीद्वारा सरल नेपाली भाषामा अनूदित एवं श्रीमद्भागवतको सारांशरूप **श्रीमद्भागवतचन्द्रिका** नामक पुस्तक २०५९ सालमा प्रकाशित छ। त्यसको द्वितीय संस्करण पनि २०६४ सालमा पुनः प्रकाशित भएको छ। त्यसैमा प्रशस्तिशेखरः भन्ने शीर्षकमा दुई पृष्ठमात्र आयतन भएको शुभाशंसारूप लेख प्रकाशित भएको छ। लेखमा भनिएको छ :

> "अहिले मेरा मान्यवर पितृव्य पं शेखरनाथ पन्थीज्यूबाट गरिएको श्रीमद्भागवतमहापुराणको अध्ययन मनन र परिशीलनको फलस्वरूप नेपाली भाषामा संक्षिप्त कथासार श्रीमद्भागवत चन्द्रिका प्रकाशन हुन लागेकोमा अत्यन्तै खुसीलाग्नु स्वाभाविक कुरा हो । यसले संस्कृतभाषा नपढेका जिज्ञासु पाठकहरूलाई श्रीमद्भागवत महापुराण (सप्ताह) मा वर्णित विषयको सरल भाषा र सरल शैलीमा जानकारी दिन्छ भने विशेष गरी सप्ताह वाचन गर्न चाहने किन्तु संस्कृत भाषाको राम्ररी अर्थ खुलाउन नसक्ने पण्डितवर्गको लागि पनि छोटकरीमा 'कथा सारांश' भन्न अत्यन्तै सजिलो पार्दछ भन्ने मलाई लागेको छ ।[१०७] श्रीमद्भागवत जस्तो आध्यात्मिक विषयले गौरवपूर्ण भएको कथावस्तुलाई वहुसंख्यक नेपाली पाठकहरूका अगाडि प्रस्तुत गर्नुहुने मेरो कान्छो बुबा र उहाँको सम्पूर्ण परिवार(लेखक-संयोजक-प्रकाशक) भूरिभूरि धन्यवादका पात्र हुनुहुन्छ । यसले उहाँहरूको कृतिलतालाई सुदूर भविष्यसम्म फुलाइरहनेछ"

पाँचवटा संस्कृत कवितालाई पनि अघि सारी तीमध्ये पहिलो कवितालाई यहाँ उद्धरण गरिएको छ।

> श्रीमद्भागवतामृतं प्रथमतो विद्वद्भिरासादितं
>
> सत्काव्यं जगदीश्वराश्रितमिदं व्यासप्रणीतं पुरा।
>
> तस्यैतज्जनभाषया विलिखितं श्रीशेखरेणाऽधुना
>
> संक्षिप्तं सुखबोधकं हितकरं जानन्तु सर्वे जनाः ॥ १ ॥

८. सम्मति (श्रीमद्भागवतसार २०६५, फणिनारायण सिग्देल)

शोधनायक लक्ष्मीकान्त पन्थीका सतीर्थ्य (सहपाठी) मित्र फणिनारायण सिग्देलद्वारा विरचित 'श्रीमद्भागवतसार' नामक सानो पुस्तिका २०६५ सालमा प्रकाशित भएको छ । यो पुस्तिकामा श्रीमद्भागवत बाह्रै स्कन्धका सबै अर्थात् ३३५ अध्याय कथा सारांशलाई १/१श्लोक नेपाली सुन्दरकविताबाट सारांशका रूपमा प्रकाशित गरिएको छ। उक्त सन्दर्भमा प्रस्तुत पुस्तकको शुभाशंसाका रूपमा यो दुई पृष्ठ आयतन भएको लेख लेखिएको हो । यसका साथै प्रस्तुत

[१०६] लक्ष्मीकान्त पन्थी, **शुभाशंसा,** शुभाशंसा अमृतकलश पृष्ठ ज-झ ।
[१०७] लक्ष्मीकान्त पन्थी, **प्रशस्तिशेखर,** श्रीमद्भागवतचन्द्रिका पृ. ज-झ ।

पुस्तकमा श्रीमद्‌भागवत रहस्य नामक छोटो टिप्पणी प्रस्तुत गरेर श्रीमद्‌भागवत भित्रका रहस्यात्मक विषयको उद्‌घाटन गरिएको छ । अतएवः यो पुस्तक सानो भएर पनि विषयको गम्भीरताले गर्दा निकै पठनीय र मननीय छ ।[१०८] पाठकहरूमा अवश्य लोकप्रिय हुनेछ भन्ने विश्वाश लिएको छु, भन्दै यसका लेखक फणिनारायण सिग्देलको सफलताको कामना गरी यसको समाप्ति गरिएको छ ।

९.अड्‌गडी कविता (अड्‌गडयात्रा पद्यकाव्य समीक्षा २०६९)

काठमाण्डौ निवासी कवि रमेश खकुरेलजी (जो कोक गोष्ठीका संस्थापकहरूमध्ये एक हुन्) द्वारा विरचित अडगड यात्रा(यात्राकाव्य) पढेर धेरैजना कविहरूद्वारा गरिएको पद्यात्मक समीक्षा सङ्ग्रह २०६९ सालमा प्रकाशित छ । त्यसमा समीक्षा प्रस्तुत गर्ने ५६ जना कविहरूमध्ये एक शोधनायकको पनि पद्यात्मक समीक्षा 'अडगडी कविता' हो । यसमा ६ वटा श्लोकहरूद्वारा समीक्षात्मकरूपमा 'अडगडी कविता'लाई प्रस्तुत गरिएको छ, जुन कविताका पहिलो र अन्तिम श्लोक यसप्रकार छन् ।[१०९]

अडगड किन यात्रा ? तीर्थयात्रा छ गर्नै ?
गडवड हुन जाला भन्नुपर्ने थियो नै ।
पढिकन कविता यी बुझ्नु पर्ने कुरा छ
गडवड किन हुन्थ्यो तीर्थयात्रा विशेष ॥१॥
रमेश खकुरेलजी चढिहिँडे कतै मोटर
पुगे कतिजना अरू पनि थिए त्यहाँ तत्पर ।
घुमेर पनि आइयो स्मरण तीर्थयात्रा भयो
नभै गडबडी कतै रमण अडगडी पाइयो ॥६॥

१०. शुभाशंसा (हाम्रो चिनारी २०६९ पन्थी समाज)

यस लेखमा शोधनायक लक्ष्मीकान्त पन्थीका केही गोत्रबन्धु पन्थीहरू (जो गुल्मी-अर्घाखाँची लगायतका केही गाउँठाउँबाट दाङ जिल्लामा बसोबास गर्दै आएका छन्) ले हाम्रो चिनारी नामक पन्थीहरूको परिचयसहित प्रकाशन गर्न लागेको पुस्तिकामा पन्थीहरूको ऐतिहासिक नालिबेलीसहित एउटैपन्थी वंशबाट विभाजित शाखाहरूको समेत संक्षिप्त परिचय दिइएको यो सानो चिनारी बढ्दै र झाङ्गिदै जाओस्, अनि हाम्रो चिनारी सार्थक हुन सकोस् भनी शुभाशंसा प्रकट गरिएको छ ।[११०]

११. कविवर मुकुन्दशर्माको नवीनप्राप्ति अपराजिता महाकाव्य – एक विवेचना (मुकुन्दशर्मा चालिसे)

[१०८] लक्ष्मीकान्त पन्थी, **सम्मति,** श्रीमद्‌भागवतसार, २०६५ पृष्ठ ङ-च ।
[१०९] लक्ष्मीकान्त पन्थी, **अड्‌गडी कविता,** अडगड यात्रा पद्यसमीक्षा पृष्ठ ६७ ।
[११०] लक्ष्मीकान्त पन्थी, **शुभाशंसा,** हाम्रो चिनारी पृष्ठ ग-घ ।

यो लेख कवि मुकुन्दशर्मा चालिसेद्वारा विरचित अराजिता नामक महाकाव्यको भूमिकाका रूपमा प्रस्तुत गरिएको छ । सर्वप्रथम भूमिका भनेको के हो ? यो कुरा पनि यहाँनेर विचारणीय छ । (कथनीयस्य वस्तुनः प्रकारान्तरेण कथनं भूमिका) अर्थात् मूलग्रन्थमा भन्न खोजिएको विषयवस्तुलाई प्रकारान्तरले बताउनु वा बताइदिनु नै भूमिका हो । यस अनुसार लेखकले रचना गरेको महाकाव्यको वा अन्य कुनै ग्रन्थको विषयवस्तुको आशयलाई राम्रोसङ्ग बुझेर मात्र भूमिका लेखकले भूमिका लेखिदिनुपर्ने हुन्छ । यसो गर्नसक्नु निकै कठिन कार्य हो तापनि शोधनायक लक्ष्मीकान्त पन्थीद्वारा अपराजिता महाकाव्यको प्रतिपाद्य विषयलाई नेपाली महाकाव्यको परम्पराका सन्दर्भमा प्रस्तुत गर्दै विभिन्न दशवटा उपशीर्षकहरू दिएर अनुसन्धानात्मकरूपबाट समीक्षण, विश्लेषणसहित प्रस्तुत गरिएको छ । ती उपशीर्षकहरू यस्ता छन्ः- (१) पृष्ठभूमि (२) नवीनप्राप्ति (३) भक्तिरस र यसका प्रकार (४) भक्तिरसका विशेषता (५) भक्तकवि मुकुन्द शर्मा र उहाँको अपराजिता महाकाव्य (६) महाकाव्यको गतिविधि/कथावस्तु (७) कवितारीति र गुणग्रहण (९) सूक्तिसरिताको मिठास र (१०) भक्तिबाट दोहोरो फाइदा ।[१११]

उक्त उपशीर्षकहरूभित्र पसेर महाकाव्यका अन्तर्वस्तुहरूलाई केलाउँदै यसका रचयिता महाकवि मुकुन्द शर्माको मनोभाव भनौं आशय र उद्देश्यलाईसमेत स्पष्ट पारिएको छ । भूमिका लेखकले झण्डै ५० पृष्ठ आयतन भएको यो लामो भूमिकाको प्रारम्भमा एक संस्कृत कविता र अन्त्यमा नेपालीमा दुई कविता रचना गरी उपसंहार गर्दै शुभाशंसासमेत गरेका छन् । ती कविताहरू यहाँ उल्लेख गर्न लायक छन् । जो यी हुन् :-

पहिलो कविताः-

नेपालीजनभाषायाविलसितं काव्यं नवं जाग्रति
साहित्ये सुकुमारकाव्यकलना विद्वज्जनान् नन्दति ।
शक्तौ भक्तिकृतं मधुप्रवचनं चेतःसमाकर्षति
सत्यं शाश्वतभावबोधकमिदं माधुर्यमावर्षति ॥

अन्तिम कविताः

यो भूमिकारूपक ताम्रपात्रमा भरेर काव्यामृत पूर्ण पात्रमा
यो लेखनी-आचमनी प्रकर्षित अचाउने औसरले छ हर्षित ।१।
कवित्व छ-र-साउने सरसिलो झरी झैं गरी
विवेकजलका कुला पनि बगाउ पृथ्वी भरी ।
फिँजाउ कवितावली मनुजफाँटमा धान्यझैं
बगाउ अझ गण्डकीसरह काव्यका भेल नै ॥२॥

---

[१११] लक्ष्मीकान्त पन्थी, **कविवर मुकुन्दशर्माको नवीनप्राप्ति अपराजिता महाकाव्य – एक विवेचना,** अपराजिता महाकाव्यको भूमिका ।

परिच्छेद पाँच

उपसंहार तथा निष्कर्ष

५.१ उपसंहार

प्रस्तुत शोध पत्रलाई मुख्य रूपमा पाँच परिच्छेदमा विभाजित गरी प्रत्येक परिच्छेदमा विभिन्न शीर्षक उपशीर्षक राखी अध्ययन गरिएको छ ।

परिच्छेद एकमा शोधपरिचय दिइएको छ । त्यस्तै परिच्छेद दुईमा लक्ष्मीकान्त पन्थीको जीवनीको चर्चा गरिएको छ भने परिच्छेद तीनमा लक्ष्मीकान्त पन्थीको व्यक्तित्वको उल्लेख गरिएको छ । परिच्छेद चारमा लक्ष्मीकान्त पन्थीको कृतित्वको समिक्षा गरिएको छ भने परिच्छेद पाँचमा शोध निष्कर्ष दिइएको छ भने अन्त्यमा परिशिष्ट र सन्दर्भ सूची समेत राखिएको छ ।

प्रस्तुत शोधपत्रको अग्रभागमा शोध परिचय, मध्य भागमा लक्ष्मीकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्व त्यसैगरी अन्तिम भागमा सन्दर्भ सामग्री सूची पनि प्रस्तुत गरिएको छ ।

५.२ उपसंहार

लक्ष्मीकान्त पन्थीको जन्म वि.सं. २०१० मंसीर ८ गते पश्चिम नेपालको गुल्मी जिल्लाअन्तर्गत तात्कालीन धुर्कोट राज्य अन्तर्गत वाग्ला बडाचौरमा भएको हो । आफ्ना पुर्खाहरू, पितृ पितृभ्यबाट पाएको प्रेरणाबाट नै लक्ष्मीकान्त लेख पढतर्फ आकर्षित भएका हुन् । संस्कृत काव्यकृतितर्फको अभिरुचिले उनलाई सानै उमेरदेखि नै सिर्जनाका लागि उत्प्रेरणा दियो । उनको औपचारिक लेखनको थालनी भने वि.सं. २०२६ सालमा कक्षा १० मा अध्ययन गर्दा श्री तौलेश्वर नाथ संस्कृत पाठशालाको प्रथम प्रकाशन सिद्धार्थमा नववर्ष शीर्षकको कविता छपाएर प्रारम्भ भएको देखिन्छ । त्यसपछि भने उनी लेखपढबाट टाढा भएकै छैनन् । उनका प्रकाशित र प्रकाशोन्मुख कृतिको संख्या एक दर्जन नाघ्दछ । उनी संस्कृत र नेपाली दुवै भाषामा नै कलम चलाउन सिद्धहस्त छन् भने गद्य र पद्य दुवै विधामा सहज ढंगले सिर्जनाभ्यास गर्न सक्छन् ।

आँगने पाठशालाबाट अध्ययन प्रारम्भ गरेका लक्ष्मीकान्त पन्थी अध्ययनका लागि क्रमशः हरिहर पाठशाला अर्घाखाँची, तौलेश्वरनाथ संस्कृत प्रधान पाठशाला तौलिहवा, जनता महाविद्यालय दाङ बाल्मीकि विद्यापीठ काठमाडौं र त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभाग कीर्तिपुरमा समेत अध्ययन गर्दै हाल उनीसँग चारवटा विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका प्रमाणपत्र प्राप्त भएका छन् भने उनी विद्यावारिधि उपाधिबाट समेत सुशोभित छन् ।

संस्कृत साहित्य, नेपाली साहित्य र अनुवाद साहित्यमा समेत कलम चलाइरहने पन्थीको विद्धता, क्षमता र प्रतिभाको कारण उनलाई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, जयतुसंस्कृतम्, कुलचन्द्र स्मृति प्रतिष्ठान, अन्तर्राष्टिय नेपाली साहित्य सम्मेलन लगायत आधा दर्जन भन्दा धेरै संघ संस्थाहरूले उनलाई सम्मानित र पुरस्कृत गरिसकेका छन् । लक्ष्मीकान्त पन्थीले व्यावसायिक दृष्टिले सतही विषयवस्तुको उठान गर्ने, पाठ्यपुस्तक लेख्ने भन्दा पनि गम्भीर शास्त्रीय तथा

दार्शनिक विषयवस्तुको उठान गर्ने र सरल तथा बोधगम्भ तवरले प्रस्तुत गर्ने काममा उनी कलम चलाउँछन् । यसरी लेखपढमा प्रवृत्त भएरै उनको दिनचर्या बितिरहेको छ ।

विहानै उठेर नित्य स्नान गर्नु, पूजा, पाठ, ध्यान गर्नु, सरल र सामान्य जीवन शैलीमा दैनिकी गुजारा गर्नु, क्षणिक र भौतिक रसरङ्ग तथा भोग विलासी नबनी आध्यात्मिक सुखको खोजी गर्दै निस्काम गर्मयोगी बनेर नै लक्ष्मीकान्तले आफ्नो जीवनका ६० भन्दा वसन्त पार गरे । सादा जीवन उच्च विचारको पथमा दृढतापूर्वक उभिएको देखिने लक्ष्मीकान्त अनाहकमा समय फाल्न चाहन्न् । केही न केही कोरिरहनु वा पढिरहनु उनको नशाजस्तै बनेको छ । दार्शनिक छलफल तथा लेखपढमा उनले लगातार लामो समयसम्म आफूलाई लीन गराउन सक्दछन् । २०३७ मंसीर १ गते जीवनवृत्ति सञ्चालनका लागि त्रिभुवन विश्वविद्यालयको प्राध्यापक पदमा नियुक्ति लिएर काम गरिरहेका छन् । ज्योतिष र पुरोहित्याईंतिर विषयको राम्रै ज्ञान भए पनि उनले त्यो ज्ञानलाई व्यावसायिकता दिने रुचि राखेको खासै देखिँदैन । पैत्रिक परम्पराबाट प्राप्त भएको पारांम्पारिक संस्कृत भाषाको ज्ञानले सांस्कारिक कर्म, भक्ति मार्गमा प्रवृत्त आदि स्वभावले गर्दा लक्ष्मीकान्त पन्थीलाई सदाचारी, नैतिक एवम् आदर्शवादी पण्डित व्यक्तिको रूपमा समाजमा उपस्थापित गराएको छ र पितृ परम्पराको निरन्तरता समेत दिएको छ ।

लक्ष्मीकान्तका कृतिहरूलाई नियालेर हेर्दा उनीनेपाली साहित्यका गद्य र पद्य विधामा जति निपुर्ण देखिन्छन् त्यतिनै संस्कृत गद्य र पद्य विधामा पनि देखिन्छन् । नेपाली कृतिहरूलाई तत्समच्छन्दमा रूपान्तरण गर्न सक्नु उनको विशेष प्रतिभा हो । ऋतु विचार, प्राकृत पोखरा जस्ता कृतिको अनुवादले यही कुराको पुष्टि गरेको छ भने हठयोग जस्तो कठिन विषयलाई संस्कृत भाषाबाट नेपाली भाषामा अनुवाद गर्ने काममा पनि उनले सबै जिज्ञासु पाठकको साधुबाट कमाएका छन् । लक्ष्मीकान्तले संस्कृत भाषाले नेपाली भाषालाई लगाएको अलिकति भए पनि गुन तिर्न चाहन्छन् । तसर्थ उनी संस्कृत अनुवादात्मक कृति र संस्कृत काव्य तथा संस्कृत कविता लेख्न बढी मन पराउँछन् । व्यक्ति विशेषको स्मृति विशेषमा लेखिने सस्मरणात्मक लेख, किरण पुस्तकालियाका लागि लेख्ने लेख र कान्तिपुरमा छपाउने लेखहरू उनका फुटकर लेख रचना प्रकाशनका आधार हुन् । कतिपय पुस्तकमा उनले शुभाशंसा तथा भूमिका समेत लेखेका छन् । लक्ष्मीकान्त पन्थीको बाह्य व्यक्ति आकर्षक छ भने बहिर्मुखी स्वभावले उनलाई कहीँ पनि छिट्टै घुलमिलन हुन सहयोग गर्दछ । कुनै पनि विषयलाई सरल र सहज तरिकाले छर्लङ्ग पार्न सक्दछन् । तसर्थ सम्पर्कमा आउने व्यक्तिका लागि उनी स्मरणीय बन्न पुग्दछन् ।

५.३ मुख्य निष्कर्ष

लक्ष्मीकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुशीलनबाट निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् । (१) लक्ष्मीकान्त पन्थी वि.सं. २०१० साल मंसीर ८ गते गुल्मी जिल्लाको मध्यम स्तरीय परिवारमा जन्मिएका हुन् । चारवटा विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी विद्यावारिधि उपाधि प्राप्त पन्थी एक कुशल तथा इमान्दार प्राध्यापक हुन् । (२) आफ्नै पितृपितृभ्य आदिको प्रेरणा र प्रभावबाट संस्कृत साहित्य र अनुवाद साहित्य र नेपाली साहित्यमा थुप्रै लेख, समालोचना, शुभाशंसा, भूमिका तथा कविताहरूको लेखनतर्फ लम्किएका पन्थीले एक

दर्जनभन्दा बढी पुस्तकाकार कृति र थुप्रै लेखरचनाहरू विभिन्न पत्रपत्रिका र पुस्तकमा छपाएका छन् । (३) नेपाल र भारतका विभिन्न ठाउँहरू लगायत थाइल्याण्डसमेतको भ्रमण गरिसकेका लक्ष्मीकान्त पन्थीलाई विभिन्न संघ संस्थाहरूले मानसम्मान, उपाधि, प्रशंसापत्र एवम् पुरस्कारहरू समेत प्रदान गरेका छन् । (४) सरल स्वभाव, हँसिलो चेहरा, स्पष्ट बक्ताका रूपमा चिनिने प्राध्यापक, ज्योतिष, समाजसेवी, पंण्डित, धर्मशास्त्री, व्यक्तित्वका साथै साहित्यमा कवि, समालोचक, भूमिका लेखक जस्ता बहुमुखी प्रतिभाका धनी देखिन्छन् । (५) नेपाली साहित्यको समालोचना र फुटकर कवितामा कलम चलाउने लक्ष्मीकान्थ पन्थी पछिल्लो चरणमा संस्कृत काव्यमा आफ्नो रुचि बढाएको देखिन्छ । (६) गुल्मेली क्षेत्रको साहित्यिक विकासमा समेत सक्रिय लक्ष्मीकान्त पन्थीले विभिन्न अनुसन्धानात्मक लेखहरू र कार्यपत्रहरू समेत प्रकाशमा ल्याई विभिन्न साहित्यिक संघ संस्थाको विकासमा टेवा पुऱ्याउन पहल गरेको पाइन्छ । (७) लक्ष्मीकान्त पन्थीले कृतिपरक समालोचना, काव्यिक कृतिको विशिष्ट्तम लेखन, खोज अनुसन्धानात्मक लेखन गरी नेपाली र संस्कृत साहित्यमा योगदान पुऱ्याएको पाइन्छ । (८) हिन्दु धर्म, संस्कार र संस्कृतिको प्रवर्तन र संरक्षणमा विशेष पहल गर्दै हिन्दु धर्मको दार्शनिक महत्तालाई माथि उठाउन विशेष जोड दिएको पाइन्छ (९) एक कुशल प्राध्यापकका रूपमा स्थापित लक्ष्मीकान्त पन्थी हामीजस्तै थुप्रै विद्यार्थीको प्रेरणाको स्रोतका रूपमा अभिप्रेरक व्यक्तित्व बन्दै आएको पाइन्छ ।

५.४ सम्भावित शोध शीर्षकहरू

प्रस्तुत शोधपत्र लक्ष्मीकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनले लक्ष्मीकान्त पन्थीका बारेमा मोटामोटी रूपमा अध्ययन अनुसन्धान गर्नुका साथै आगामी दिनमा उनका बारेमा थप कार्य गर्नका लागि केही सम्भावित शोध शीर्षकहरू समेत प्रस्तुत गरिएको छ :

(क) संस्कृतक साहित्यमा लक्ष्मीकान्त पन्थीको योगदान

(ख) लक्ष्मीकान्त पन्थी र उनको अनुवादकीयता

(ग) लक्ष्मीकान्त पन्थीका कृतिमा पाइने दार्शनिकता

सन्दर्भ ग्रन्थ सूची

अर्याल, दिनबन्धु 'ऋतुविचारः सानुवादःको म मा परेको प्रभाव' **हाम्रो पुरुषार्थ**, वर्ष ३७, अंक १, पृ. २० ।

आचार्य, जयराज **हाम्रो पुरुषार्थ,** २०...वर्ष, ४० अंक १, पृ. ४० ।

उपाध्याय, गोविन्दराज शर्मा **सम्मति,** चतुरशीतिसिद्धपूजा पद्धति सम्मति पृष्ठ घ-भ ।

उपाध्याय, मुकुन्दशरण **ऋतुविचारः सानुवादः**को भूमिका, २०६२, पृ. ञ-भ ।

खकुरेल, रमेश **अड्गडी कविता,** अडगड यात्रा पद्यसमीक्षा पृष्ठ ६७ ।

चालिसे, मुकुन्दशर्मा **शुभाशंसा,** शुभाशंसा अमृतकलश पृष्ठ ज-भ ।

दवाडी, दुर्गाप्रसाद **हठयोग प्रदीपका**को भूमिकाबाट, पृ. ।

नागरिक आवाज, **नागरिक सरोकार समूह,** वर्ष ३, अंक २, २०६६ पृ. १२ ।

पन्थी, टीकाराम **ऋतुविचारः सानुवादः,** शुभाशंसा, २०६२, काठमाडौं : पृ. ञ ।

पन्थी, लक्ष्मीकान्त **वंशदर्शन काव्य** (अ.प्र.), पृ. २०६ ।

.................., **काव्यमालिका,** (अ.प्र.) पृ. १४८ ।

.................., **नेपाली साहित्यको विकासमा गोरखापत्रको योगदान,** (अ.प्र. शोधग्रन्थ, २०४१) ।

.................., "नयाँवर्ष", तौलिहवा : **सिद्धार्थ,** वर्ष १, अङ्क १, २०२८ ।

.................., **नेपाली सात्यिको विकासमा गोरखापत्रको योगदान,** शोधपत्र, पृ. २०२६ ।

.................., **सजिलो कुण्डलीफल,** २०४१, पृ. १२ ।

.................., **ऋतुविचारः सानुवादको,** अनुवादकीय, २०६२, पृ. ७ ।

.................., **प्राकृत पोखरा,** वर्णनात्मक काव्यम्, २०६७ पृ. २२६ ।

.................., **हठयोग प्रदीपिकाको** नेपाली अनुवादको अनुवादकीयम्, २०६७, पृ. ड ।

.................., 'नववर्ष', तौलिहवा : **सिद्धार्थ,** २०२८ वर्ष १, अंक १ पृ. ४ ।

.................., 'काँचो कता', **खाँचो**, वर्ष ३, अंक ३, २०६८, पृ. ८९ ।

.................., **उद्योगी बनी स्वदेशी वस्तु प्रयोगमा बढाऔं**, कविता महोत्सव पच्चीस, २०४७, पृ. २११ ।

.................., **नीलाम्बर पन्थी,** सम्झना र सिर्जना, २०६६ पृ. २१६ ।

.................., ब्रिलियन्ट दपर्ण, २०६६ अंक २, पृ. ५६ ।

.................., हाम्रो पुरुषार्थ, २०६८, वर्ष ३९, अंक १, पृः ११६

.................., नागरिक आवाज, २०६९, वर्ष १, अंक २, पृः १३ ।

.................., **गोरखापत्रको प्रकाशन हुनभन्दा पहिले नेपाली कविताको परम्परा**, हाम्रो पुरुषार्थ, २०३७, सम्पूर्णाङ्क ११, पृ. २३-२६ ।

.................., **गोरखापत्रको प्रकाशनका लागि भएको पहिलेको व्यवस्था,** हाम्रो पुरुषार्थ, २०३८, सम्पूर्णाङ्क १३, पृ. ५-९ ।

.................., **गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले नेपाली कथाको स्रोत र परम्परा,** हाम्रो पुरुषार्थ,२०३८ सम्पूर्णाङ्क १३-१४, पृः ५-९ ।

………………, **नेपाली साहित्यमा कथाकार विश्वेश्वरप्रसाद कोइराला,** अरुणोदय, २०३९ वर्ष १९, सम्युक्ताङ्क, ४-५, पृ. ३३-३५ ।

………………, **कथाकार भवानी भिक्षु र उनको हारजीत कथा,** हाम्रो पुरुषार्थ, २०३९, वर्ष ९, अंक २, पृ. १६७-१७५ ।

………………, **माध्यमिक नेपाली साहित्यको नाट्यपरम्परामा गोरखापत्रको योगदान,** हाम्रो पुरुषार्थ, २०४० वर्ष १०, अंक २, पृः ३३-३६ ।

………………, **नेपाली साहित्यको विकासमा संवत १९९१ भन्दा पहिलेका पत्रपत्रिका,** हाम्रो पुरुषार्थ,२०४० वर्ष ११, अंक १, पृः ८१-८९ ।

………………, **नेपालमा संगीतकलाको विकास र मास्टर रत्नदास प्रकाश** एक व्यक्ति, अनेक अभिव्यक्ति, २०४१ पृ. ।

………………, **'बसाइँ' उपन्यासको आधारमा नेपाली समाजको चित्रण,** हाम्रो पुरुषार्थ,२०४५ सम्पूर्णाङ्क २९पृ. ४१-४२ ।

………………, **विवाह संस्कार र यसको महत्व,** हाम्रो पुरुषार्थ, २०४६ वर्ष१६, अंक २, पृः ४५-५६ ।

………………, 'धर्मशास्त्र र त्यसको प्रयोजन', **कान्तिपुर,** वर्ष ४, अंक ३४८ कोसेली ग ।

………………, 'संस्कार के हो?", **कान्तिपुर,** २०५३/१२/९, कोसेली क ।

………………, 'हिन्दु धर्मसँग संस्कारको सम्बन्ध र क्षेत्र', **कान्तिपुर,** वर्ष ५, अंक ११६, पृष्ठ ५ ।

………………, 'संस्कारको उत्पत्ति, संख्या र क्रम', **कान्तिपुर,** २०५४/१०/१८, पृष्ठ ४ ।

………………, 'संस्कारको आवश्यकता र वैज्ञानिकता', **कान्तिपुर,** वर्ष ६, अंक १५६, कोसेली ख।

………………, 'प्राग्जन्म संस्कार', **कान्तिपुर**, वर्ष ६, अंक २४६, पृष्ठ ४ ।

………………, **वि.पी. कोइरालाको व्यक्तित्व निर्माणको पृष्ठभूमि** हाम्रो पुरुषार्थ, वर्ष २५, अंक २, पृष्ठ ७४-७५

………………, **ठूलोको छ ?** (पौराणिक कथा), हाम्रो पुरुषार्थ, वर्ष ३६, सम्पूर्णाङ्क ३८, पृ. २ ।

………………, 'बाल्यसंस्कार', **कान्तिपुर,** वर्ष ७, अंक ९२, कोसेली ख ।

………………, 'सोह्र संस्कारमध्ये एक व्रतबन्ध संस्कार', **कान्तिपुर,** २०५७/१२/३०, पृ:७

………………, **पण्डित श्रुतधर,** हाम्रो पुरुषार्थ, वर्ष२७ ,अंक २, पृष्ठ १५१ - १६० ।

………………, **भाषिक समस्या र समाधान** , हाम्रो पुरुषार्थ, वर्ष २८, अंक २, पृष्ठ ११०-१११ ।

………………, **व्रतबन्धसंस्कारको आवश्यकता र उपयोगिता**, हाम्रो पुरुषार्थ, वर्ष २८, अंक २, पृष्ठ ३४-३५ ।

………………, 'ऋषि पञ्चमी व्रत-प्रारम्भ र उध्यापान', **कान्तिपुर,** २०५८/५/७, पृष्ठ ७।

………………, **संस्कारमय जीवन एक विचार,** हाम्रो पुरुषार्थ, वर्ष ३०, अंक १, पृष्ठ ३४-३५ ।

………………, **कालको परिमाण, हाम्रो पुरुषार्थ, २०६०, वर्ष ३०, अंक १, पृ. ३४-३५ ।**

………………, **रामभक्ति परम्परामा रामायणचम्पू,** हाम्रो पुरुषार्थ, २०६० वर्ष३१ , अङ्क २, पृष्ठ २५-२९ ।

………………, **भक्तकवि श्रीदधिराम मरासिनी,** दधिराम मरासिनी स्मृतिग्रन्थ पृष्ठ ४३६-४६७।

.................., **पन्नगा परिकथामा बिहङ्गावलोकन,** हाम्रो पुरुषार्थ,२०६१ वर्ष ३१, अंक २, पृष्ठ ६७-७६

.................., **डा. विष्णुराज आत्रेय, सन्देश काव्यको परम्परामा लाटो साथीको नयाँ मेघदूत : एक अध्ययन,** स्रष्टा र सृजनाका विविध आयाम, २०६१, पृ. ४२१-४३० ।

.................., **नेपाली कविताको परम्परामा कविशिरोमणि लेखनाथ पौड्याल र उनको नैतिक दृष्टान्त,** आँकुरा वर्ष १, अंक १, पृष्ठ ४८-५० ।

.................., **तम्घासतिर फर्केर हेर्दा,** हाम्रो पुरुषार्थ,२०६२ वर्ष ३२, अंक २, पृष्ठ २८६-२७६ ।

.................., **गुल्मी जिल्लाका चार गाउँ : चारथरीका मूल ठाउँ,** गुल्मी परिचय, २०६२ पृष्ठ ४२-४६ ।

.................., **वंशमूल र वंशशाखा,** वाग्ले बन्धु वंशावली २०६२, पृष्ठ २० - २३ ।

.................., **सदाचार,** हाम्रो पुरुषार्थ, २०६३ वर्ष ३४, अंक १, पृष्ठ ३२ - ३९

.................., **श्रीशिवकृपाभिलाषशतकम् का सन्दर्भमा,** धनन्जय मरासिनी स्मृति ग्रन्थ, २०६४ पृष्ठ २०७-२१७ ।

.................., **विद्याशक्ति,** विद्या, रजत जयन्ती विशेषाङ्क, २०६४ पृष्ठ १५-२७ ।

.................., **हिन्दू धर्म र धार्मिक संस्कार : एक वैशिष्ट्य** , अपर्णा वर्ष १, अंक १, पृष्ठ ४१ - ५५ ।

.................., **राहिँलो बुबाको सम्झनामा,** नीलाम्बर पन्थी सम्झना र सिर्जना, वर्ष २०६५ ३२, अंक २, पृष्ठ ३२ - ४० ।

.................., **अनुवाद कलाका धनी- तीर्थराज आचार्य**, तीर्थराज आचार्य स्मृति ग्रन्थ २०६५वर्ष ३२, अंक २, पृष्ठ १८७ - १८८

.................., **हिन्दू संस्कृतिमा नारीको स्थान र कर्तव्य,** गुल्मेली आवाज, २०६५ वर्ष १, अंक १, पृष्ठ २५ - २७ ।

.................., **अमरकोशको स्वयंबोधिनी टीका-एक सिंहावलोकन,** अन्वीक्षिका, २०६६ ३, वर्ष अंक ३, पृष्ठ १९४ - २०५ ।

.................., **हरिश्चन्द्र गुरुको सम्झना,** प्रा. हरिश्चन्द्र न्यौपाने स्मृति ग्रन्थ, २०६२ पृ २६९-२७२ ।

.................., **नेपाली साहित्यका विकासमा वनारसको भूमिका र योगदान**, कार्यपत्र, २०६७ पृष्ठ १ - ४५ ।

.................., **गायत्री मन्त्र के हो ?,** अरुणोदय, २०६७ वर्ष ४१-४६ संयुक्ताङ्क ।

.................., **श्रीभगवती उच्च माध्यमिक विद्यालयको पृष्ठभूमिः-वाग्ला र अजिमिर गाउँ एक संस्मरण,** भगवती सन्देश-२०६७ पृष्ठ २-३ ।

.................., **अनौठो यात्रा,** अनौठो यात्रा बृहत् अन्तर्वार्ता संङ्ग्रह दोस्रो भाग, वि.सं. २०६७, पृष्ठ ५८१ - ६०२ ।

.................., **यज्ञः एक परिचय,** पद्माक्षी२०६७ वर्ष १, अङ्क १ पृष्ठ ।

.................., **डा. टीकाराम पन्थी-व्यक्तित्व र विचार,** हाम्रो पुरुषार्थ, २०६७ सम्पूणाङ्क ५६, पृष्ठ ३१ - ४२ ।

.................., **लोकनाथ दाजुको सम्भनामा,** लोकलीला स्मृति ग्रन्थ२०६९ पृष्ठ ९४-९६ ।

.................., **पं दामोदर कोइराला गुरुः मेरो जानकारीमा,** प्रा. दामोदर कोइराला स्मृतिग्रन्थ २०६९पृष्ठ ११७ - १२२ ।

.................., **पतिव्रता स्त्रीहरूको कर्तव्य एवं सदाचार,** विद्या २०६९, वर्ष २५, अङ्क २२, पृष्ठ ७३ - ८० ।

.................., **अनुसन्धानको फल-ज्योतिषरत्नमाला,** हाम्रो पुरुषार्थ, २०६९ सम्पूर्णाङ्क ५८, पृ ।

.................., **मेरो स्मृतिमा रहेका पं. देवराज अर्ज्याल र उनको आचार व्यवहार,** हाम्रो पुरुषार्थ,२०६९ वर्ष ४० अङ्क१, पृष्ठ २२-२५ ।

.................., **काफ्ले थर एक- तर गोत्र भिन्न,** काफ्लेहरूको वंशावली, २०६९, पृ. ।

.................., **कवि मुकुन्द शर्मा र उहाँको महाभारत चम्पू एक अध्ययन,** अपराजिता महाकाव्य भूमिका, २०६९, पृ. ५० ।

.................., **गण्डकी क्षेत्रमा पाइने शालग्राम शिलाका प्रकार र तिनका विशेषता,** देववाणी २०६९ वर्ष १४ संयुक्ताङ्क ११-१४ ।

.................., **छुटेको साथमा...........भएको याद,** छुटेको साथ, २०६९, पृष्ठ १५ ।

.................., **तीर्थराज प्रयाग र प्रयाग तीर्थका अनेक रूप,** तीर्थराज प्रयाग र प्रयाग तीर्थका अनेक रूप, २०६९, पृष्ठ ११४ - १२६ ।

.................., **जगदम्बिकावैभवम्महाकाव्यस्य कथावस्तुविवेचनम्,** ऋतम्भरा, वर्ष ५, अङ्क ८ पृष्ठ ६० - ६४ ।

.................., **जगदीश्वरवैभवम् महाकाव्यस्य कथावस्तुविवेचनम्,** ऋतम्भरा पत्रिकाको वर्ष ९, अङ्क १२ पृष्ठ ३१ - ३४

.................., **प्रशस्तिप्रसूनम्,** सत्यनारायणकथामृतम् भूमिका पृष्ठ क - ख ।

.................., **सुकृताद् दीर्घजीवनम्,** पं. देवीदत्त पन्थीस्मृति पुस्तिका पृष्ठ १२ - १४ ।

.................., **जीवनदर्शनम्,** उन्मेष, वर्ष ४० अङ्क३ पृष्ठ ६० ।

.................., **लुम्बिन्यञ्चलविद्वत्परम्परायां डा. टीकारामः पन्थी** , हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ५६ ।

.................., **दैवज्ञं प्रति,** प्रेरणापुरुष कवि दैवज्ञस्मृति ग्रन्थ पृ ५६१ - ५६४ ।

.................., **नारायणस्मृतौ,** पं नारायण गौतम स्मृति ग्रन्थ, २०६९ ।

.................., **वैयाकरणस्वरूप,** वैयाकरण नेपाल स्मृति ग्रन्थ ।

.................., **कविवर मुकुन्दशर्माको नवीनप्राप्ति अपराजिता महाकाव्य – एक विवेचना,** अपराजिता महाकाव्यको भूमिका ।

पन्थी, भीमकान्त **प्रकाशकीयम्,** जगदम्बिकावैभवम् प्रकाशकीयम् पृष्ठ ग-घ ।

.................., **प्रकाशकीयम्,** जगदम्बिकावैभवम् प्रकाशकीयम् पृष्ठ ग ।

.................., **प्रकाशकीयम्,** जगदम्बिकावैभवम् प्रकाशकीयम् पृष्ठ ३-५

पन्थी, नीलाम्बर **प्रकाशकीयम्,** जीवनको आशा उपन्याशिका प्रकाशकीय पृष्ठ ग ।

पन्थी, शेखरनाथ **प्रशस्तिशेखर,** श्रीमद्भागवतचन्द्रिका पृ. ज-झ ।

पन्थी, समाज **शुभाशंसा,** हाम्रो चिनारी पृष्ठ ग-घ ।

सिग्देल फणिनारायण **सम्मति,** श्रीमद्भागवतसार, २०६५ पृष्ठ ङ-च ।

संस्कारको प्रचलन, 'परम्परा र प्रयोजन', **कान्तिपुर, कोशेली,** २०५५/१/१९, पृः ख ।

परिशिष्ट-क

लक्ष्मीकान्त पन्थीका अप्राशित कविताहरू

१. परिचय

संसारी सृष्टि चल्दा म पनि त अहिले जन्मिएँ मर्त्यलोक
हो लक्ष्मीकान्त नाउँ सुखकर छ बडाचौर मेरो निवास ।
मान्छे भै जन्मिएको त्यस उपर अभै विप्रको वंश शान्त
माता श्रीनीलमाया बुधजनविदितै हुन् पिता भीमकान्त ॥

२ **साथीलाई चिठी**

'गाएको वन छाहरी मुनि बसी मीठो छ बोली ह कि ?
गलामा पसिना पियार दिलमा पाहाडिया जिन्दगी ''
(उक्त पद्यांशको उत्तरमा)

प्यारा साथीहरू समस्त सँगमा बस्थैं म हाँस्थैं अति
सुन्थैं क्यै भरिला कुरा म बिचमा बोल्थैं र हाँस्थैं कति ।
बिर्सी बिर्सिसकिन्न जिन्दगि भरी त्यो छाप यो देहमा
संभन्छू म सधैं त्यही हरघडी नारायणी घाटमा ॥ १ ॥

दुर्गा ! यो स्थलमा म छू विरहमा साथी सबै छन् त्यहीँ
हो सानो हुन ता बजार पनि यो शून्यै छ, राम्रो त्यहीँ ।
हाम्रो जीवनका मिठा- स-रसिला चल्थे कुरा नै त्यहीँ
यो नारायणघाटबाट रसिला आँखा म ताक्छू त्यहीँ ॥ २ ॥

बस्थ्यौं साथ तथापि कर्कर कती बोल्ने म गर्थैं अति
मेरो हुन्छ कसोरि बोलिमधुरो बोके र खोके कति ?
गाएको वन छाहरी मुनि कहीं त्यै मान्नु पर्ने भए
कालो कोइलीको कुहू सरि मिठो मान्छे त बोल्दैन ए !॥ ३ ॥

पुर्खाको नगरी पहाड वनमा मीठो अवश्यै थियो
त्यस्तो सौम्य प्रशान्त कान्त नगरी संभी नमीठो छ यो ।
यो कोलाहलमा अहो किन यहाँ संसार सर्दैछ ए !
मान्छेले किन कोइलीतिर भुकी कल्पन्न आनन्द ए ! ॥ ४ ॥

वर्षा बित्न गयो तथापि अहिले पर्दैछ पानी यहाँ
मान्छेको अनुहार हाल अति नै दिक्दार देख्छू यहाँ ।
गाउँ खेत विहाल खाल सरि छन् पानी प्रशस्तै भयो

बाटो बन्द छ यो, नदीसित गयो वस्तु महँगो भयो ॥ ५ ॥
डुल्नू बन्द कतै पनि हुन गयो बाटो न घाटो यहाँ
पढ्नू लेख्नु म छोडि हेर्दछु कहाँ ? नारायणी भेलमा ।
यो नारायणघाट सार्थक यहाँ होला कि जस्तै भयो
यो के को गढ हुन्छ मानिस विना आयात निर्यातको ॥ ६ ॥

फाली यो गढलाई गढ्तिर कतै घाटै यहाँ बन्छ कि ?
मानौं सुन्दर यो बजार छ भने माटै सरी हुन्छ कि
वारी पारि म हेर्छु जंगल ठूलो देखिन्छ बाक्लो अति
क्यै कोलाहल नै भए पनि यहाँ सुन्ने छ कस्ले र नि ! ॥ ७ ॥

गालामा पसिना कतातिर ? यहाँ सर्वत्र पानी छ रे !
के होला कसको पियार दिलमा आफ्नै कहाँ पुग्छ रे !
को गर्ला अरुको पियार अहिले धोई पखालिन्छ कि ?
मान्छेले किन बिर्सियो तलझरी पाहाडिया जिन्दगी ॥ ८ ॥

के लेख्नु ?यस ठाउँको अरु कुरा यस्तै छ यै सत्य हो
यै हो सत्य म मान्छु तत्व पनि त्यै जे लेखिएको थियो ।
मान्छेको व्यवहार सत्य कसरी ? मान्छे असत्यै न हो ?
जो हो सत्य असत्य हुन्न कहिले मेटेर मेटिन्न त्यो ॥ ९ ॥

भन्नू पर्छ भने म भन्छु अहिले आवृत्ति गर्दै उही
माया मोह मिठो र बोलि रसिलो लेखेर देखाउँ कि ?

गाएको वन छाहरी बीच बसी मीठो थियो बोलि रे !
गालामा पसिना पियार दिलमा सञ्जीवनी तुल्य रे ! ॥ १० ॥

वर्षा बन्द भए मधेश रसिलो होला अवश्यै यहाँ
याताऽऽयात चलाइ मोटरहरू पूर्वै-अपूर्वै महाँ ।
चल्छन्, सुन्दर हुन्छ त्यो समयमा घुम्दा सबै देखिने
आऊँ घुम्न सकिन्छ हुन्छ सजिलो आफन्त झन् भेटिने ॥ ११ ॥

वस्ती सुन्दर छन् किसानहरूका खेती अझै सुन्दर
तोरी धान मकै गहूँ अझ अरू उद्योगले सुन्दर ।
गाडी चल्छ अपूर्व-पूर्व यसमा यात्रा गरौं सुन्दर

यो अग्लो न पहाड खाडल न ता ठाउँछ झन् सुन्दर ॥ १२ ॥

३ भोजपुर

अलिकति सम्थर
अलिअलि सुन्दर ।
अलिकति डाँडो
अलिअलि जाडो ॥

अलिकति बजार
अलिअलि गुल्जार ।
तलतल खोला
बग्छन् होला ॥

अलिकति माथि
बादल साथी ।
यौटा बाटो
त्यो पनि ठाडो ॥

मान्छे हिड्छन्
आफ्नै धूनमा ।
बाटो खालि
कहिले हुन्न ॥

को को आए
के के खाए ।
बस्ने यौटा
होटेल छैन ॥

बुझ्ने यौटा
मानिस छैन ।
यही त हो - भच्चुर
रमाइलो - भच्चुर
सुन्तलाको - भच्चुर
खुकुरीको - भच्चुर
सुम्निमाको - भच्चुर ॥

यै त हो -भच्चुरको विशेषता ।
यहाँ - निरन्तर मुस्काएर हिंड्ने
प्रत्येक सुम्निमाका अनुहार देख्दा
मलाई पनि किन किन अनेक सोमदत्तको
सम्झना हुन्छ ॥

४ वनदेवी

परबाट हेर्दा अझै हेर्न मनलाग्दी
नगीचमा पुगी हेर्दा धेरै मायाँलाग्दी ।

वसन्तमा वनभित्र गुराँसको फूल
मेरी मायाँ तिम्रै हो कि जवानीको फूल ।

चोली सारी हरिया छन् गुराँसका पात
कालो चुल्ठो कपालको राम्रा गोरा हात ।

राता राता गाला तिम्रा ओँठ अझै राता
हात गोडा देख्छु अझै फूल जस्तै राता ।
अनारका दाना सरी फूलभित्र तिम्रा
ओँठ भित्र दाँत जस्तै मिलेका छन् राम्रा ।

मोतीसरी टल्किएको पसिनाको रस
तप्प-तप्प चुहाएर हाँसी एक्लै बस ।

डरलाग्दो समाजमा वसन्तको फूल
मायालुको जवानी झैं गुराँसको फूल ।

५ मनदेवी

रानी शकुन्तला जस्तै उचाली जलका घडा ।
प्रेमका आँकुरालाई जल सिञ्चन तत्परा ॥

सृष्टिको यै बगैंचामा भमराले सताउँदा ।
दुष्यन्त झैं बनी मैले पहिलो पल्ट देखदा ॥

हेरेको हुँ तिमीलाई सुनेकै छु कुरा पनि ।
सम्झना भैरहेको छ न सकेँ बिर्सनै पनि ॥

तिम्रो स्वरूप झल्कन्छ मनमा जहिले पनि ।
तिम्रो त्यो रूप नाच्दैछ आँखामा अहिले पनि ॥

रचेको एउटै गीत गाइदेऊ सँगै बसी ।
बोकेको एउटै प्रीत लाइदेऊ हुँदै खुशी ॥

जानेको एउटै भाका संगीत भरिद्यौ तिमी ।
बोलेको एउटै भाषा भावना बुझिद्यौ तिमी ॥
दुवै भाका मिलाएर रसिलो गीत गाउँला ।
दुवै आँखा जुधाएर मधुरो प्रीत लाउँला ॥

आकाश मनमा मेरो त्यो तिम्रो केश बादल ।
छाएको छ, छिटो वर्षा गराई पार निर्मल ॥

सृष्टिको मञ्चमा आज नटुवा झैं छ यो मन ।
मिलाई गानमा तान तिमी नै गायिका बन ॥

बिग्रने क्यै कुरा छैन सप्रनै मात्र सक्दछ ।
अनसूया भए देखि अझै सुन्दर बन्दछ ॥

प्रियम्वदा त्यहाँ होलिन् तिमी आफै कुरा गर ।
पठाऊ प्रेमसन्देश मन सन्तोष खातिर ॥

ती तिम्रा हातका भाग्य-रेखा हेर्दछु मै अनि ।
भावी निर्माणका अर्थ रेखा कोर्दछु मै पनि ॥

हामी परोक्षमा ऐले कैले प्रत्यक्ष होउँला ।
तिमी पत्र यहाँ लेख, कुरा अघि बढाउँला ॥

रथी भै रथ हाँक्दैछु मूलबाटो तिमी बन ।
बुद्धि सारथि हो मेरो मन साथी तिमी बन ॥

मैले वसन्तको वैंश कल्पँदै छु अझै पनि ।
पुष्पपल्लवले पूर्ण संझदै मधुजीवनी ॥

६ विहे हुनु अघिको संझना
कोषराजप्रति सुलोचनाको

केही याद थिएन त्यो दिन त्यहाँ नौला कुनै आउलान् ।
केही थाह थिएन भन्नु परने नाता कुनै लाउलान् ॥
आफन्ती कति, पाहुना पनि त्यहीँ बस्ने कुरा चल्न गो ।
'नानी ! गर्नु पर्‍यो तिमी अघिसरी' मात्रै दिदी भन्नु भो ॥

त्यो पैह्लो दिनमा कुनै अतिथि हुन् भन्ने कुरा संझिएँ ।
त्यो दोस्रो दिनमा सुदूर बसने आत्मीय जान्दै गएँ ॥
त्यो तेस्रो दिनमा नबोली रहँदा के संझिएलान् भनें ।
त्यो चौथो दिन 'दाजु भोजन गरौं' मैले भनेकी थिएँ ॥

मेरो काम थियो स्वपाठ पढने हेर्दै नहेरी कतै ।
मेरो काम भएन दृष्टि छरने केटाहरूमा कतै ॥
मेरो यो कमजोर भाव कसरी जानेर संझी दिए ।
पैह्लो भेट हुँदा त शुद्ध 'बहिनी' भन्ने उनी नै थिए ॥

७ नयाँ वर्ष २०३७ सालको शुभकामना
अर्को नयाँ वर्ष अगाडि आयो
वसन्तको सौरभ फेरि छायो ।
समस्त निर्माण कला जगाओस्
दुर्दैवका नीति जती भगाओस् ॥

नेपालका माथि बजाउ मादल
नेपालमा वृष्टि गराउ बादल ।
डाँफे सधै ताल मिलाई राखोस्
मयूरले गीत मिठा सुनाओस् ॥

'नेपाल' यो नित्य बनोस् हराभरा
नेपालको फाँट बनोस् उर्वरा ।
चरी सरी धान्य परी सधै भरी
लीला गरी नाच बनेर किन्नरी ॥

अभावमा क्यै नव सिर्जनाको
अज्ञानतामा जन चेतनाको ।
अमन्द आनन्द सधै फिंजाओस्
उमङ्ग अर्कै यसले फिराओस् ॥

विवेक सद्बुद्धि बढीरहोस्
क्यै आत्मविश्वास अझै बढोस् ।
नेपालमा यै जन भावना छ
मेरो यसैमा शुभकामना छ ॥

८ प्रवासी पतिलाई प्रियाको पत्र

स्वामीका चरणारविन्द मनले संझी बडो प्रेमले
आफ्नो माथ झुकाई स्वामिपदमा राख्दै ठूलो हर्षले ।
'आरामै छ' भनेर गाउँ-घरको लेखी समाचार क्यै
यौटा 'पत्र' पठाई माग्दछु क्षमा मेरो भए भूल क्यै ॥ १

आमा-बाबुसँगै 'घरै बस तिमी' भन्दै मलाई किन ?
बोलाएर खुशी हुँदै हजुरले सप्रेम आलिङ्गन ।
गर्नुभो, अनि भन्नुभो कति मिठो गर्दै ममा चुम्बन
पक्की हात मिलाई छोडि दिनु भो घाँटी सुक्यो बोलिन ॥ २

त्यो वेला म खडा थिएँ त्यस घडी खुट्टा भए थर्थर
आँखा तिर्मिर भै थुचुक्क म बसैं आँसू खसे बर्बर ।
हे प्यारा ! कतिखेर निस्कनु भयो पाईन मैले किन ?
मेरो माथ चढाई स्वामिपदमा आशीष माग्दै रुन ॥ ३

आँखा ट्वाल्ल हुँदा तुरुक्क विचरी 'रुन्छे' भनी हो कि त !
यद्वा हात समाई हिँड्न नदिई 'रोक्छे' भनी हो कि त !
के संझेर सुटुक्क निस्कनु भयो झट्टै हिँडी जानु भो
मैले सुन्न त्यसै रहे हजुरका शिक्षा नदी जानु भो ॥ ४

हे प्यारा ! परदेशमा हजुरकी साथी बनेकी थिएँ
मायाँ प्रीति कपोत झैँ शुरु थियो हाम्रो म खूशी थिएँ ।
ऐले यो घरदेशमा त सबकी दासी समानै म छू
छन् धेरै परिवार तैपनि यहाँ एक्ली भएकी म छू ॥ ५

सन्चो छैन, विरामि छू म बहुतै - दुब्ली छु नातागत
केही ओखति छैन, जाउँ म कहाँ यस्तो छ रे हालत ।
गर्दा काम बिहान-साँझ घरको पाउन्न क्यै फुर्सत
गाला, हात र पाउ पट्पट फुटे भन्ने यहाँ को सित ॥ ६

पत्नी हूँ, सहधर्मिणी हजुरकी साथी बनूँ साथमा
दासी हूँ ,सहकर्मिणी हजुरकै सेवा गरूँ गाथमा ।
खाऊँ खालि पखालि ती हजुरका पाऊ चढुन् माथमा
पाउँ बस्न सधैँ भरी हजुरकी साथी बनी साथमा ॥ ७

संझन्छू कहिले त माइतिहरू, बाबा र आमाहरू
भाइ बैनिहरू, म बालक हुँदा खेल्ने सँगीनीहरू ।
संझन्छू पतिदेवलाई कहिले एक्लै पठाएँ भनी
रुन्छू, विह्वल हुन्छु फेरि कहिले बिग्ग्रो पढाई भनी ॥ ८

'यो यो गर्नु छ काम गर्नु दुलही' भन्छन् सबै भर्खर
के के पर्दछ गर्न काम कसरी संझाउने को छ र !
नारी हुँ, अनजान छू, नववधू बाला म छू, प्रेमले
संझाएर हजूरले कुल-वधू शिक्षा दिनोस् पत्रले ॥ ९

९ तिम्रो संझना (म-तिमी)

गृहिणी दुःख-सुखकी भागी अर्धाङ्गिनी हुँदा ।
माया ! तिमीलाई संझी मायाले दुःख पोख्छु म ॥ १

पैदलै तीन दिनको यात्राले थकितै थिएँ ।
त्यो माथि बसको यात्रा झन् हैरान भएँछु म ॥ २

भोकाएको हिंजो देखि हल्लिँदै र बटारिँदै ।
पुगेँ दौडेर कोठामा के मिल्ला झैँ गरेर म ॥३

ताला खोलेर बिस्तारै-आएँ भन्दै खुशी हुँदै ।
ढोका उघारी हेरेको को होला झैँ गरेर म ॥४

तिम्रो उपस्थिति यहाँ नहुँदा क्यै कसेरको
धूलो बढारी फाल्दै छु बुहारी झैँ भएर म ॥५

भोकले 'अब के खाउँ' भन्दै खोज्दा यताउता ।
तिम्रो 'फोटो' मिल्यो हेरेँ एकोहोरो भएर म ॥६

अलि गम्भीर त्यो तिम्रो-चित्र देखेर हाँसदै ।
कान थापेर सुन्दैछु के भन्ला झैँ गरेर म ॥७

आँखा कत्ति न झिंकाई हेर्ने चित्र टूलू¨ टुलू¨ ।
देख्दा रिसाइछन् भन्दै टुकू ! बोलाउँदैछु म ॥८

त्यहाँ पिली पिली गर्ने टुकी होलान् कठैवरी ।
यहाँ झल्ल हुँदा बत्ती टुकी कै चित्र देख्छु म ॥९

कलिला सागका पात पलाएका हुनन् त्यहाँ ।
साग किन्नु पर्‍यो भन्दै खर्पने ज्यापु खोज्छु म ॥१०

त्यहाँ कुण्टा भरी पानी छ , धारो बन्द भो यहाँ ।
गाग्रो बोकेर विस्तारै पँधेर्नी सरि हिँड्छु म ॥ ११

बत्ती बालेर भान्सामा पकाउनु पर्‍यो भनी ।
धोई चामलका गेडा आगो सल्काउँदै छु म ॥ १२

जस्तो तस्तो पकाएको खानु पर्ने भयो भनी
टुकू ! लौ चाख कस्तो छ ? भनी चाख्न दिंदैछु म ॥ १३

खाने वेला भयो भन्दै भात पस्केर थालमा ।
तिम्रो चित्रसितै सोध्छु 'खाउँ है त ?' भनेर म ॥ १४

केही उत्तर पाउन्न तिम्रो चित्र छ मौन रे ।
बाहिरै छन् टुकू भन्दै छिट्टै खाएर उठ्छु म ॥ १५

परन्तु वनिता छैनौ अनिता पनि मान्दिन ।
पानी तातो बनाएर भाँडा माझ्ने हुँदैछु म ॥ १६

लुगा सबै मैलिएका धूलाले छन् लपक्क नै ।
कुम्लो बोकेर बालाजु धोवी झैँ भोलि जान्छु म ॥ १७

विहे गर्नु अघि केही साथीका साथ बस्दथें ।
विहे गरेर झन् आजदेखि एक्लो हुँदैछु म ॥ १८

तिमीले नगरे मेरो चिन्ता-पीर नली बस ।
घरमा बाबु आमाका काखमा यति भन्छु म ॥ १९

जानेकी छौ तिमी आफै बुझेरै गर्न सक्दछचौ ।
परन्तु मनमा राखे केही लेख्दैछु आज म ॥ २०

ooo

'उठे बिहानै' भै नम्र मान्यका सामुमा पुगी ।
नमस्कार गरी काम-काजमा लागनू तिमी ॥ २१

प्रातः स्नान गरी नित्य जप पाठ गरे अनि ।
पूजासर्जामको काम पहिले नै सके तिमी ॥ २२

अरु के गर्नु पर्नेछ, काम त्यो हेर आफू नै ।
गर्न सक्ने भए आफै अघि सर्नू त्यहाँ तिमी ॥ २३

पानी भरेर गाग्रीमा राख लोटा सफा गर ।
भित्र बाहिरको धूलो बढारी फालनू तिमी ॥ २४

तातो पानी तताएर भैंषीलाई दिने गर ।
अनि क्यै घाँसको गास दिने गर्नू सधैं तिमी ॥ २५

पालेका आफूले पाडा-बाच्छा, गाई र भैंषीको ।
विचार गर्नु राम्रो हो 'पशु हुन् ती' बुझे तिमी ॥ २६

दही जम्मा भए मथ्ने तताई दूध राखने ।
इत्यादि काममा नित्य ध्यान राखी रहे तिमी ॥ २७

आगो सल्काई भान्सामा आटो चामल आदिको ।
गर अड्कल बेसार, नून, भूटनको तिमी ॥ २८

अब के गर्नु पर्नेछ ? मैले के गर्नु पर्दछ ?
भनी सोधेर आज्ञाको पालना गरनू तिमी ॥ २९

यस्तो आफ्नो घरै काम गर्ने वेला यता उता ।
अर्काका घरमा घुम्दै कुरौटे नबने तिमी ॥ ३०

कतै कसैले क्यै वात भने तापनि रीसले ।
भाँडा पधार्ने झर्केर टुमौटे न बने तिमी ॥ ३१

मेरा माइतमा 'यस्तो गर्छन्' भन्दै कुनै कुरा ।
धाक लाएर बोल्नाले सबै हाँस्छन् बुझे तिमी ॥ ३२

'मै जान्नेछु' भनी झट्ट अघि सर्दै न बोलनू ।
सोधेको छ भने केही हाँस्दै उत्तर द्यौ तिमी ॥ ३३

जाडो भए, भोक लागे, विरामी नै भए पनि ।
क्यै नभन्नु कतै अन्त आमा संगै भने तिमी ॥ ३४

बोल्दा मीठा कुरा गर्नू अरु के दिनु पर्छ र ।
कागभन्दा कोइली नै प्यारो हुन्छ बुझे तिमी ॥ ३५

यस्तो लेखेर के साध्य आफ्नो कर्तव्य बुझ्नु है ।
बुहारीले गर्नु पर्ने के के लेखौँ गरे तिमी ॥ ३६

यहाँ तिम्रा साथ बस्दा मैले धेरै अह्राउने ।
जे थियो काम त्यो गर्नू केही फुर्सदमा तिमी ॥ ३७

लेखे केही पढे केही श्रीमद्भागवतादिका ।
कथा ईश्वरका लीला छन् विचित्र बुझे तिमी ॥ ३८

लेखाई र पढाईको काम केही सधैँ गर ।
पढेको पनि पानीमा मिल्न जाला बुझे तिमी ॥ ३९

यस्तै सदाचार बुझी पालना गर है घर ।
शुद्धाचारा बन्नु पर्ने कुलाचार बुझे तिमी ॥ ४०

१० आह्वान: नवयुवतीहरूप्रति
नारी हो ! देशका निम्ति अगाडी बढ्ने गर
प्रजातान्त्रिक आदर्श न बिर्सी हिंड्ने गर ॥

यी गुण्डा हुन् भिरेका छन् मकुण्डा अरु देशका
धतङ्गा हुन् लफङ्गा छन् पशु मानिस-नामका ॥

यस्ताका पछि लागेर अझै दासी रह्चौ किन ?
आफ्नो स्वतन्त्रता छोडी पराधीन भयौं किन ? ॥

गुण्डाका पछि लागेर रखौटी झैं न हौ तिमी
धतङ्गा पछि लाएर लफङ्गी नबन तिमी ॥

सीता तारा सती गार्गी राधिका बन्न सक्दछ्यौ
उच्च आदर्श बोकेर साधिका बन्न सक्दछ्यौ ॥

विश्वमा हेर नारीले ठूलो नेतृत्व ली सके
बाठा बेलायतीले त नारी नेतृत्व दी सके ॥

देख्दा देख्दै तिमी यस्तो अझै के चूप लाग्दछ्यौ
उच्च आदर्श छोडेर पछाडी किन भाग्दछ्यौ ॥

११माटोको सुवास
सवा करोड छौं हामी भावना एकमात्र छ
विकास देशको गर्ने कामना एकमात्र छ ॥ १

कला र सभ्यता भाषा भेष संस्कृति भिन्न छन्
तर नेपालको माया हामीमा एकमात्र छ ॥ २

अनेक फूल हौं हामी तर वृक्ष छ एउटै
अनेक मौरी हौं हामी घार हाम्रो छ एउटै ॥ ३

फुल्छौं फूल सरी नित्य यो नेपाल सजाउन
घुम्छौं मौरी सरी हामी रस-पूर्ण गराउन ॥४

क्रिया कलाप को छेक्छ भिन्न भै पनि गर्दछौं
एकता रोक्न को सक्छ दृढ भैकन मिल्दछौं ॥ ५

कर्णाली गण्डकी कोशी नदी झैं कार्य क्षेत्रमा
डटेर बग्दछौं हामी पुग्छौं एक समुद्रमा ॥ ६

पन्छाई विघ्नबाधादि लाग्छौं हामी विकासमा
सुवास हाम्रो माटोको छाड्छौं गम्काई विश्वमा ॥७

१२ **सुन फलाऊँ**
हामी त कर्मवीर नौजवान,
मात्र विदेशीको कुल्ली बनेर सुहाएन
अब गण्डकी, कोशी र कर्णालीमा
कुलो खन्न सकौं ।

हामी त उद्योगी नेपाली
मात्र विदेशमा लाहुरे बनेर भएन
अब नेपाली खोरियामा
चाँदी फुलाउन सिकौं ।

हामी त बुद्धिमान् कर्णधार,
मात्र बाँचेर सुनौलो जीवन गुमाउन भएन
अब नेपाली फाँटमा
सुन फलाउन लागौं ।

हामी त वीर गोर्खाली,
मात्र विदेशी सेनामा डटेर पुगेन
अब त हामी सवै मिलेर
सुन्दर, शान्त नेपाललाई
उद्योगी र शक्तिसम्पन्न बनाउन
यसरी औंला औंला झैं फुटेर होइन
प्रत्येक हात हात झैं जुटेर,

लाछी, कातर, नामर्द झैं हटेर होइन
बुद्धिमान्, उद्योगी, कर्मवीर झैं डटेर

गल गैँटी, कुटो र कोदालो बोकेर
डोको, नाम्लो र खुर्पेटो भिरेर
स्वदेशको विकास गर्न जुटौँ ।

१३ म ससुराल जान्नँ !

यो नेपाली समाजमा ज्वाइँ बनेको छु
ससुराकी छोरी मैले घर ल्याएको छु ।
ससुराली उतिसारो नराम्रो त छैन
तर मेरो ससुराल जाने मन छैन ।१।

ससुरा छन् भोला भाला सासु अझै जाती
शाला-शाली मायालु छन् भिना भन्छन् जाती
त्यहाँ पुग्ने काम परे अप्ठ्यारो त छैन
तर मेरो ससुराल जाने मन छैन ।२।

स्वास्नीसंग मेरो मायाँ छैन भन्ने हैन
मलाई छोडी स्वास्नी अन्त लागी भन्ने छैन ।
ससुराले दाइजो पनि न दिएको हैन
तर मेरो ससुराल जाने मन छैन ।३।

परेवा कै जोडी सरी मिल्दो हाम्रो जोडी
हामीलाई देख्दा सबै भन्छन् राम्रो जोडी
स्वास्नी मेरी नराम्री छ भन्नु पर्ने छैन
तर मेरो ससुराल जाने मन छैन ।४।

हामी दुवै संगैसंगै कुरा मिलाउँछौँ
मिलीजुली बसेका छौँ बाँडीचुँडी खान्छौँ ।
दुलहीले मनको कुरा न बुझ्ने त हैन
तर मेरो ससुराल जाने मन छैन ।५।

छोराछोरी भित्र बाहिर हाँसी हाँसी खेल्छन्
हाम्रा दुई बाबु नानी पुतली झैँ हुन्छन् ।
सानो सुखी परिवार छैन भन्ने हैन
तर मेरो ससुराल जाने मन छैन ।६।

१४ नववधूसित

वरः-

सुहागरात हो आज घुम्टो खोल्छयौ कि खोलिद्युँ ?
यस्तै चूप रहन्छयौ कि ? तिम्रो बोली म बोलिद्युँ ।१

विहेका दिनमा नौला अनुभूति भए हुनन्
आज यो ठाउँमा सारा तिम्रा निम्ति नवीन छन् ।२

उस्तै छन् दिन वा रात तर नौली बन्यौ तिमी
उस्तै छन् देखिने मान्छे ठान्यौ अर्कै यहाँ तिमी ।३

केही अचम्म लाग्यो कि बताएर कुरा गर
अप्ठ्यारो पनि मान्यौ कि अहिले पतिका घर ।४

के मलाई तिमी नौलो मानेकी छौ अझै पनि
अर्को मानिस हो भन्ने ठान्यौ वा अहिले पनि ।५

नभए मनमा यस्तो हटाऊ रूप नक्कली
घुम्टो खोलेर विस्तारै देखाऊ मुख सक्कली ।६

तिम्रो आत्मीय जो हो त्यो हेर आज अगाडि छ
लागेका मनमा जे छन् तिमीले भन्नु पर्दछ ।७

सल्बलाए दुबै हात के गरौं के गरौं सरी
चल्बलाए दुबै गोडा नयाँ बाटो हिंडौं सरी ।८

रचेको एउटै गीत आऊ गाउँ सँगै बसी
बोकेको एउटै प्रीत लाइदिन्छु हुँदै खुशी ।९

दुबै भाका मिलाएर रसिलो गीत गाइद्यौं
दुबै आँखा जुधाएर मधुरो प्रीत लाइद्यौं ।१०

झिम्काएर परेला ती आँखा चम्काउँदै भन
मिलाई गानमा-तान पार्वती-गायिका बन ।११

सृष्टिको मञ्चमा नाच्न नटुवा झैँ भयो मन
दिगम्बर बनी आजै गर्छु ताण्डव नृत्य म ॥१२
वधू:-
आएँ हजुरका साथ छोडी माइतीको घर
रङ्गाएँ प्रेमका साथ रातो सिन्दूरले शिर ।१३

जन्मेँ हुर्कें बढेँ खेलेँ ती प्यारी जन्मभूमिको
मायाँ चटक्क काटेर लागेँ साथ हजूरको ।१४

काँपेको छ कलेजा यो नयाँ छु अहिले यहाँ
मनमा चल्दछन् उस्तै झन् तरङ्ग नयाँ नयाँ ।१५

यो घुम्टो आजको शोभा लज्जा छोपेर बस्छु रे
विहेको पहिलो दिन्मा दुलही बन्नुपर्छ रे ।१६

नखोले पनि यो घुम्टो खोलेकै तुल्य मान्नुहोस्
आफैले साथ ल्याएर आएकी भनी जान्नुहोस् ।१७

हजुर्का साथ लागेर आएकी हुँ म जान्नुहोस्
आराध्य देव मान्दैछु भक्तिनी सरी ठान्नुहोस् ।१८

गल्ती भए माफ पाउँ दासी हो भनी संझनोस्
केही भूल भए आज मलाई माफ गर्नुहोस् ।१९

दुलही हुँ, नयाँ छु म भाका जान्दिन क्यै पनि
लज्जा-भूषण नारी हुँ घुम्टो खोल्दिन मै पनि ॥२०

झिक्काएर परेला यी आँखा चम्काउँ के गरी
मिलाई गानमा तान गीत गाउँ कसो गरी ॥२१

सृष्टिको मञ्चमा नाच्न एक्लै कसरि मिल्छ र
दिगम्बर बनी आजै नाच्न सुन्दर हुन्छ र ?२२
वर:-
नाच्ने इच्छा भयो आजै कति पर्खेर बस्नु र
सफा, राम्रो भए मञ्च नाच्दा के बिग्रने छ र । २३

गीत गाऊ तिमी यौटा म त्यही ताल टिप्छु र ।
साज सज्जा मिलाएर तिमी साथ दिने गर ॥२४
वधू:-
भोलि खोलेर यो घुम्टो मीठो भाका म गाउँला ।
भोलि नै नाच्नुहोला है राम्रो ताल मिलाउँला ॥२५

सफा राम्रो छ यो मञ्च साजसज्जा मिलाउँला ।
पर्खेरै बस्नुहोस् आज पर्दा राखी सजाउँला ॥२६

१५. शान्ति गीत

शान्ति क्षेत्र हाम्रो देश हुन्छ भन्ने सुन्दा ।
खुशीलाग्छ नेपालमा शान्ति हुन्छ भन्दा ॥

अग्रदूत यहीं जन्मे शान्ति दिने बुद्ध ।
अग्रगीत यहीँ गाए जनकले शुद्ध ॥

नेपालमा शान्तिरूप हिमशिखर छन् ।
युगौँयुगदेखि यहाँ शान्ति छरेका छन् ॥

हिमालले चिसो पानी हामीलाई दिन्छ ।
चिसो पानीबाट शान्ति अभिषेक हुन्छ ॥

लहरा र पहराले शान्ति सुसाउँछन् ।
गुराँस र गोलाइँची शान्ति फुलाउँछन् ॥

मुनाल र डाँफे चरी पंख फिँजाएर ।
खुशी हुँदै नाचेका छन् आफै लोलाएर ॥

१६. शान्ति-दीप

कस्तै हुरी यहाँ आओस् झञ्झावात चले चलोस् ।
निर्मलाकाशमा कालो मेघले गर्जना गरोस् ॥ १

शिव संकल्प बोकेर विश्व कल्याण खोज्नु छ ।
जुटाई सत्यको तेल शान्तिको दीप बाल्नु छ ॥ २

शिवको वास यो हाम्रो स्वच्छ शान्त हिमाल छ ।
मुक्तिको क्षेत्र यो राम्रो यसमा दुःख भाग्दछ ॥ ३

रामझैं कृष्णझैं वीर बन्ने हाम्रो स्वभाव छ ।
बुद्धझैं गान्धिझैं धीर बन्ने हाम्रो विचार छ ॥ ४

ज्ञानको दीप बालेथे राजा जनकले यहाँ ।
शान्तिको गीत गाएथे बुद्धले यस क्षेत्रमा ॥ ५

यता तराइझैं हामी सौम्य शान्त स्वभावका
उता दिव्य सधैं उच्च महिमा छन् हिमालका ॥ ६

राता गुराँसका फूल सेता गोलाइँची पनि
पहेँला सयपत्रीले शान्ति मुस्काउँछन् अनि ॥ ७

लहरा पहरा हाम्रा शान्तिको गीत गाउँछन्
उन्मुक्त भै सधैं नाच्ने हाम्रा डाँफे मयूर छन् ॥ ८

कोशी कर्णाली झैं हामी शान्ति धारा बहाउँछौं
किन्तु भित्र कुनै तेज बिजुली तुल्य राख्दछौं ॥ ९

गण्डकीले सरी मीठो शान्तिधारा वहाउँछौं ।
शालग्राम सरी भित्र दिव्य शक्ति लुकाउँछौं ॥१०
होस्टेमा थप्दछौं हैंसे यै छ हाम्रो विशेषता
लड्दैनौं आफू आफूमा छैन हाम्रो अनेकता ॥ ११

सुन्तला-स्याउ झैं मीठा शान्ति का-फल बाँड्दछौं ।
हिमाल झैं सधै उच्च भावना पोख्न सक्दछौं ॥१२

न हाम्रो छ कुनै फाटो धर्म संस्कृति सभ्यता
मर्यादा र प्रतिष्ठाले बढाएको छ शिष्टता ॥ १३

भाषा भूषा यहाँ हाम्रा चलेका छन् विभिन्न झैं
नेपाली एकता भित्र ती सबै छन् अभिन्न झैं ॥ १४

विश्व व्यक्तित्व भैँ नित्य यो नेपाल छ उन्नत
बुट्टे टोपी सरी चुच्चे छन् हाम्रा हिम पर्वत ॥ १५

सत्यको तेलमा धागो शिवको राख्न जान्नु छ
विश्व सौन्दर्य कै निम्ति शान्तिको दीप बाल्नु छ ॥ १६

१७ गाउँको संझना
डाँडा काँडा वन-बगर ती सम्भदा लाग्छ माया
गाउँ बाटो चउर बीचमा वृक्षको गाढ छाया ।
वस्ती मेरो त्यहिँ छ , म भनूँ मन्द मीठो बतास
चल्थ्यो, बस्थेँ म पनि त्यसमा दुःख बिर्सेर खास ॥ १

छोडेँ मैले किन र कसरी बस्न लागेँ प्रवास
जस्तै बिर्से पनि हृदयमा सम्भदा छु हताश ।
पर्देशी भै सुख शयल यो भोग्दछु हर्ष छैन
पुर्खाको त्यो 'अमरनगरी' चित्तले बिर्सदैन ॥ २

१८ घोराही - एक शब्द चित्र
गर्मीको याम
घोराहीको ठाम
अनियमित लाखेको नाच
आवत जावतको भीड खचाखच ।
गर्मीले पसिनाको गन्ध ठसाठस ।
बठिनियाँको मात्रा अधिक
पर्वतेको जात्रा छ्यास्मिस
काम थोरै, कुरा बढी
यही त हो - घोराही ।
शब्दचित्र-घोरा ही..................।

१९ बठिनियाँ
परम्परागत पोशाक
मात्र परिधान
केवल संरक्षण-स्त्रीत्वको ।

मस्त जवानी
सुडौल शरीर
पुष्ट छाती
थ्याच्च नाक ।

नति हीन
गति हीन
शक्ति विहीन
सौन्दर्य विहीन
आकर्षण शून्य
निरुद्देश्य जीवन ।

लक्ष्य विहीन
मात्र कमलर
केवल पराधीन, मानौं अचेतन ।
पूर्ण स्वामित्व
आज्ञा शिरोपर
तत्पर-हर-वखत-एक वठिनियाँ ।

२० एक विहंगम दृष्टिः प्रकृतिमाथि पुरुषको

१. माथिबाट तल हेर्दा तराइको फाँट
किरिमिरि बुट्टे सारी फेरिएको छाँट ।

२. बाटो देख्छु कतै कतै ठाडा धर्का जस्तै
राजमार्ग लम्पसार तेर्छो धर्को जस्तै ।

३. फेरि कतै नदी देखें भेरी कर्णाली हुन्
सारी फेर्दा प्रकृतिले खुट्टा लुकाइ हुन् ।

५. अलि माथि कुना कोप्चा चुच्चे पहाड छन्
प्रकृतिमा यस्ता चीज हुने स्वभाव छन् ।

६. हरियाली चोली कठै त्यहाँ नहुनाले
पुरुषले माथिबाट द्वि-टा-कुरा देखे ।

७. कपासको पर्दा जस्तै सेता बादलले
लाज मान्ने प्रकृतिका नाङ्गा चुच्चा छोपे ।

८. अभ्र माथि झल्किएको अग्लो हिमाल छ
मेरी प्यारी चन्द्रमुखी भन्न मन खोज्छ ।

९. घर छोडी परदेश लाग्ने मन भित्र
प्रकृति नै प्यारी हुन्छिन् हेर्दा पूर्ण चित्र ।

२१ शोकोद्‌गार

'कान्छो बा !' म भनौँ कि ? शेखर सुधी, सम्मान्य विद्वज्जन
भेट्थेँ तौलिहवा पुगी अब कहाँ पाऊँ म भेट्नै भन ?
यद्वा भेट्न भनेर जाउँ म बडाचौरै पनि को छ र !
आफ्नो क्वै न भए त ठाउँ भरिलो लाग्दैन चारैतिर ॥१

'बाबा, दाजुहरू जतातिर गए जाने उतै हो यहाँ
धेरै काल भयो, बसेँ, अब पुग्यो जान्छू म त्यै लोकमा' ।
भन्ने ता मनमा थियो तर अझै वेला न आईकनै
यद्वा सङ्केत गर्न हो कि किन हो ? पाल्नूभयो शीघ्र नै ॥२

जे जे गर्न सकेँ गरेँ, अघि बढूँ भन्दै पढेँ शास्त्र क्यै
छोरीलाई विहे गरीकन दिएँ, छोरा पढाएँ अझै ।
पाखा-पर्वतमा नबस्न मन भो भन्दै झरेको तलै
थाक्नू भो अथवा कि दिक्क मन भो लाग्नू भयो मास्तिरै ॥३

'रोगी भैकन बाँच्न दुःख हुन गो' भन्ने कुरा सुन्दथेँ
'सक्ने यज्ञ र तीर्थ-धाम गरिए' जाने बुझेको थिएँ ।
बाँकी काल समाधि-योग म भजूँ मुद्राऽऽसनैमा रमूँ
भन्दै प्राण लुकाई चुप्प हुनु भो ! कान्छो बुबा के गरूँ ॥४

पत्नी-पुत्रहरू बुहारि सब थे सेवार्थमा तत्पर
आफ्नै आर्जनको निवास पनि थ्यो कैलासटोलातिर ।
केही दुःख थिएन, नातिनीहरू-नातीहरू सुन्दर
छोरा छन्, सब बिर्सिएर कसरी जानू भयो आखिर ॥५

कस्तो स्वर्ग छ त्यो महाजनहरू छोडेर पृथ्वीतलै
जान्छन् आखिरमा रमाउन उतै केही नली एकलै ।
मेरा बा हुनुहुन्छ त्यैं, अझ अरू विद्वान् मनीषीहरू
नेपाली कवि छन्, सबैसित त्यहाँ बस्नोस् सुखैले बरू ॥६
गर्दै सङ्गत राम्ररी दिन-दिनै इन्द्रादि द्यौतासँग
लुच्चा-चोर-फटाह-दुष्ट-जनको केही नमानी भय ।
लेखी सुन्दर-शिल्प-स्वच्छ-कविता माधुर्यका साथमा
आई स्वप्निल रातमा भनिदिनोस् उस्तै गरी सुन्छु म ॥७

छोड्नू भो त नि ! यो सबै पृथिवि नै आफ्नै कमाई पनि
नाता-पुत्र-कलत्र-बान्धवहरू हुन् घाम-छायाँ भनी ।
पक्कै सुन्दर त्यो सुरेन्द्र-नगरी होला भनी अर्पण
गर्दै यी कविता, म गर्दछु अझै श्रद्धाञ्जली तर्पण ॥८

सुधीरयं शेखरनाथ पन्थी
योऽध्यापयन्मामुपदेशशास्त्रम् ।
काव्यं कवित्वं च, दिवङ्गतोऽसौ
भुञ्जीत भोगान् ससुखं प्रसन्नः ॥९

२२ कृष्णको सम्झना
छोरो कृष्ण थियो उमेर भरिलो मेरो भरोसा थियो
केही काम परे उही अघि सरी पूरा गरी छोड्दथ्यो ।
जान्ने शिल्पकला थियो चतुरता उस्मा मभन्दा पनि
गर्थ्यो उद्यम नित्य अल्छि नबनी केही कमाई पनि ॥१

आठै वर्ष हुँदा मलाई पनि ता छोडेर बाबा गए
के भन्नू अहिले अनाथ म थिएँ बाबा विनाको भएँ ।
सानू भाइ थियो दिदी पनि हुँदा चल्लासरी घुम्दथ्यौं
आमाले कुखुरीसरी गरिगरी माया दिनूभो बढ्यौं ॥२

लागें तैपनि पढ्न केहि कखरा सिक्दै रहें गाउँमा
केही पढ्न सकिन्छ की अझ भनी पर्देशका ठाउँमा ।
धेरै हण्डर दुःख खाई हिंडियो छोडेर जन्मस्थल
बच्चा पुत्र लिएर काख, दुलही आमा र भाइ सित ॥३
आएँ दुःखजिलो गरेर बसुँला भन्दै तिलौरातिर

उड्दो पन्छिसरी थिएँ गुँडसरी यौटा बनाएँ घर ।
छोरो बीस उमेरको भइसक्यो छोरी बिहे गर्दिएँ
सानो जागिरमा भुलें म पनि ता थोरै पढेको थिएँ ॥४

भोगेका कति दुःख छन् अझ अरू बिर्सी सकेको थिएँ
यो छोरो हुनगो ठूलो म त बुढो यस्कै भरोसा लिएँ ।
छन् यस्का परिवार-पुत्र-दुलही बच्चा र कच्चा दुबै
छोडी नाथ गयो अनाथ म भएँ फेरी बुढ्याइँ सँगै ॥५

सानो बालक नाति भो नि टुहुरो मैले अझै पाल्नु छ
बैंसैमा विधवा बुहारी हुनगै त्यस्लाई झन् हेर्नु छ ।
हाँस्छौ मानिस हो ! तिमीहरू यहाँ रोएर बस्दै छु म
के पो पाप गरेछु पूर्वजुनिमा धोएर बस्दैछु म ॥६

यी रोए पनि दुःख लाग्दछ, अहो ! सम्झे नि ! छोरो भनी
यी हाँस्दा पनि सुक्ख हुन्न, किन हो ! बिर्से नि ! छोरा भनी ।
मेरो भित्र छ अन्धकार घरमा बत्ती अझै बाल्नु छ
यी रोलान् भनि धैर्यपूर्वक अझै सम्झाउँदै बस्नु छ ॥७

आमा यो उसकी सधै धुरुधुरू रोएर बस्छे उता
यस्लाई पनि पीर धेर हुनगो छोरो खसेको हुँदा ।
पाके-का-फल खस्दछन् दिन पुगी सुल्टो हुँदो हो नियम्
यो कच्चा फल खस्न गो नियम नै उल्टो भयो के गरम् ? ॥८

बच्चा हुन्छ जबान हुन्छ त्यहि नै बूढो स्वयं बन्दछ
दुब्लो हुन्छ बली गरीब बिचरो श्रीमान् त्यही बन्दछ ।
श्रीमान्ले पनि भीखमागि हिँडनू पर्ने अवस्था भए
कालैका वशमा परे तिनीहरू आखीरमा गै गए ॥९

बाजे-बाबु-बराजु -चेप्चु जति थे सारा पुराना भए
बाँचेनन् यस लोकमा ति सबले बाटो उहीले लिए ।
जोगी होस् कि धनी बनोस् कि त ठूलो राजा कि मन्त्री बनोस्
कालैका वशमा परे सब जना त्यस्लाई को के गरोस् ॥१०

सानो बालक नाति यो पछि ठूलो होला र पढ्ला अनि
येसैले पछि पिण्ड-पानि गरला भन्ने छ आशा पनि ।
भन्छन् मानिसले-रहन्छ टुहुराको भाग्य कर्सा परी
घुम्ला चक्र र फेरि दुःख सुखमा फिर्ला म भन्छू घरी ॥११

भाइ भिन्न भयो जहानहरू छन् आमा बुढी बन्नु भो
ती दीदी घरमा गएर पनि ता झन् दुःखमा पर्नु भो ।
मायामा भुलिएछ सत्य छ भनी कच्चा छ सारा जगत् ।
सच्चा एक छ राम नाम सबको जानू छ एक्लै फगत् ॥१२

कृष्णको सम्झना विष्णुको भावमा
कोरिए यी कुरा दुःखका साथमा ।
मर्त्यमा जन्मियो जानु पर्ने थियो
क्वै अघी क्वै पछी हुन्छ, मान्नै पऱ्यो ॥१३

गै गयौ सुख्खले स्वर्गमा नै बस
हामि ता मर्त्यको दुःखमा छौं अझ ।
कृष्ण ! आत्मा त्यहाँ शान्ति पाओस् भनी
प्रार्थना यै गरी चूप लागौं पनि ॥१४

बृहच्चत्वरान्मण्डपे काष्ठपूर्वे
गतः पाठयन्नमृते शास्त्रपीठे ।
स काशीस्थिते साम्प्रतं हिन्दुपूर्वे
ऽलिखद् विश्वविद्यालये संमृतिं ते ॥१५

काश्यां हिन्दुविश्वविद्यालयान्तर्
नेपालाख्यं पीठमास्तेऽधुनायम्
स्वीयैर्लक्ष्मीकान्त इत्येव नाम्ना
ऽऽख्यातो ज्ञातो नैव जानाति शास्त्रम् ॥१६

२३ चुरोट

मेरो नाम 'चुरोट' काम छ धुवाँ भर्ने सधै पेटमा ।
जस्ले लिन्छ लगाइ अग्नि मुखमा त्यस्को सवै देहमा ॥
मैले छोड्दछु 'राग' क्यै अलि अली त्यै राग बढ्दै गई ।
ठूलो हुन्छ र 'रोग' बन्छ सहजै कालै सरीको भई ॥ १

मान्छेको कति हुन्छ आयु अहिले भन्नै नसक्ने म छु ।
पोली तान्छ मलाई सक्दछु भनी त्यसलाई मै सक्दछु ॥
कस्ले सक्छ मलाई ? झन् पछिपछी धेरै महंगो म छु ।
त्यस्को घट्दछ आयु निश्चयसितै चौथाइ मै हर्दछु ॥ २

२४ बिरामीको औषधि

हाँसेर क्यै कुरा बोल्न कतै घुम्न सखासित ।
लुगा राम्रा लगाएर हिँड्नलाई खुशीसित ॥ १

मीठो वस्तु कुनै खोजी खानलाई मजासित ।
पटक्कै मन लाग्दैन रोगी झैं म भएँ प्रिये ! ॥ २

उदाएदेखि नै शान्त चीसो आनन्द दायक
चन्द्रको चन्द्रिका राती पोल्ला झैं हुन गो प्रिये ! ॥ ३

सुगन्ध फूलको बोकी मन्द मन्द निरन्तर
बग्ने हावा यहाँ ऐले वज्र झैं भैसक्यो प्रिये ! ॥ ४

माला गुलाफको लाए हुन्छ आनन्द भन्दछन्
सीयोले झैं गरी घोँच्छ त्यसले त यहाँ प्रिये ! ॥ ५

कतै चन्दनको गन्ध हुन्छ आनन्द भन्दछन्
झन् आगाको फिलिङ्गो झैं गरी पोल्यो यहाँ प्रिये ! ॥ ६

प्रचण्ड सूर्यका रश्मि दिनमा फैलिए पनि
यो उज्यालो मलाई त अँध्यारो झैं भयो प्रिये ! ॥ ७

यस्तो भएको किन हो जान्नै सक्दिन मै पनि
तिम्रो वियोगले शून्य भार झैं देह भो प्रिये !॥ ८

रोगी तीन थरी हुन्छन् वात, पित्त, कफादिले
तिम्रो संयोगले शान्ति होला झैं ठान्दछु प्रिये ! ॥ ९

वैद्यका घरमा जाउँ ? केही बुझ्दैन त्यो पनि
तिमी हौ वैद्य झैं मेरी टाढा छौ अहिले प्रिये !॥ १०

तिम्रो सामीप्यले मेरा रोग सारा छिटो निको
हुन्छन् कि ? सर्वौषधि झैँ साँच्चै नै छौ तिमी प्रिये ! ॥ ११

वात रोग भए तिम्रा चलाई दुइ-टा-कुरा
मर्दनादि गरे सन्चो होला झैँ मान्दछु प्रिये ! ॥ १२

कतै पित्त भए तिम्रो अधरामृत सेवन
गर्दा निको हुने नै छ यो स्वयं जान्दछचौ प्रिये ! ॥ १३
ठण्डीमा कफको रोग देखिएछ भने पनि
आराम हुन्छ रे ग्राम्य-धर्मबाट बुझे प्रिये ! ॥ १४

रोगीलाई निको लाग्ने खर्च थोरै हुने हुँदा
हितकारी मनोहारी महौषधि बन्यौ प्रिये ! ॥ १५

प्रिये ! तिमीलाई मैले यौटा खवर लेख्दछु
तिम्रो अभावमा झन् झन् तिमीलाई म देख्दछ

परिशिष्ट-ख

लक्ष्मीकान्त पन्थीका छायाँचित्रहरू

१. लक्ष्मीकान्त पन्थीका उपाधि, प्रसंशा पत्र तथा पुरस्कारहरू



Registered Number ... ...

त्रिभुवन विश्वविद्यालय

Tribhuvan University

विद्यावारिधि उपाधि

परीक्षण गर्दा सुयोग्य ठहरिएका लक्ष्मी कान्त पन्थी ... ... लाई ... ... संस्कृत ... ... विषयमा ... २०५३ ... ... सालमा मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थान अन्तर्गत *विद्यावारिधि* उपाधि प्रदान गरिएको व्यहोरा प्रमाणित गरिन्छ ।

Doctor of Philosophy (Ph. D.)

This is to certify that Laxmi Kant Panthi ... ... *having been examined and found qualified has been awarded the degree of* Doctor of Philosophy *in* Sanskrit ... ... *under the Institute of* Humanities and Social Sciences *in 1996* ... ...

Kathmandu dated the 22 NOV 1996

Kamal K. Joshi
Vice-Chancellor

श्रीः

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपाल श्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आगे श्री लक्ष्मीकान्त पन्थी के यथोचित उप्रान्त वि. सं. २०४८ मा महेन्द्र संस्कृत विश्वविद्यालयबाट स्नातकोत्तर तह धर्म शास्त्र विषयमा प्रथम श्रेणीमा प्रथम योग्यता प्राप्त गरे बापत तदनुसारको "महेन्द्र विद्याभूषण पदक" लगाउन योग्य ठह्र्याई सो प्रदान गरिबक्सेका छौं । श्रीसरस्वतीको अनुग्रहले चिरकाल पर्यन्त सुख आनन्दपूर्वक मातृभूमि र निमकको सोझो चिताई यो पदकको मान कायमराखी सर्वाङ्गीण उन्नति गर्न सकोस् ।

श्री ५ महाराजाधिराजका हुकुमले,

प्रमुख निजी सचिव, राजदरबार

मितिः– २०५२।११।१२।७

हाकिम, सचिव

राजकोष सम्पत्ति कोष विभाग, राजदरबार

श्रीः

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपाल श्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आगे श्री लक्ष्मीकान्त पन्थी के यथोचित उप्रान्त वि. सं. २०५२ मा त्रिभुवन विश्वविद्यालयबाट संस्कृत विषयमा पिएच. डी. योग्यता प्राप्त गरे बापत तदनुसारको "महेन्द्र विद्याभूषण पदक" लगाउन योग्य ठहऱ्याई सो प्रदान गरिबक्सेका छौं । श्रीसरस्वतीको अनुग्रहले चिरकाल पर्यन्त सुख आनन्दपूर्वक मातृभूमि र निमकको सोझो चिताई यो पदकको मान कायमराखी सर्वाङ्गीण उन्नति गर्न सकोस् ।

श्री ५ महाराजाधिराजका हुकुमले,

चैतबहादुर कुँवर

प्रमुख निजी सचिव, राजदरबार

हाकिम, सचिव

राजकीय सम्पत्ति कोष विभाग, राजदरबार

मितिः– २०५३।११।१२।१

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

कविता-उत्सव

२०३१

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सातौं जन्म-जयन्तीको उपलक्ष्यमा श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको "उपयोगी बनौं स्वदेशी वस्तु प्रयोगमा ल्याऔं" विषयमा भएको कविता-उत्सवको कविता-प्रतियोगितामा

श्री लक्ष्मीकान्त पन्थी लाई द्वितीय हुनुभएकोले

रजत पदक र नगद रु. १०००– सहित यो प्रमाणपत्र प्रदान गरिएको छ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

कविता- महोत्सव

२०४३

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट २०४३ सालको कविता-महोत्सवका लागि बक्सेको

"स्वदेशको माया"

विषयमा भएको कविता-प्रतियोगितामा

तृतीय हुनुभएका श्री लक्ष्मीकान्त पन्थी लाई नगद पुरस्कार रु.१०००।- र कांस्य पदकसहित यो प्रमाण-पत्र प्रदान गरिन्छ।

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल ।

उपकुलपतिको कार्यालय

१५ वैशाख, २०६८

सिफारिश पत्र

नेपाली साहित्यमा संरचना गरिएका काव्यकृतिहरूको परम्परालाई हेर्दा कविशिरोमणि लेखनाथ पौड्यालको अमरकृति "ऋतुविचार" खण्डकाव्य (१९७१) तथा कविवर मुकुन्दशरण उपाध्यायको सुन्दरकृति "प्राकृतपोखरा" वर्णनात्मक खण्डकाव्य (२०२१) रचनाको उत्कर्ष एवं आफ्नै मौलिकता, नेपाली जनजीवन र प्रकृतिचित्रणमा आधारित अत्यन्त उत्कृष्ट एवं अतुलनीय छन् ।

डा. लक्ष्मीकान्त पन्थीलाई संस्कृत र नेपाली भाषाका विद्वान् र दुवै भाषाका कविका रूपमा मैले चिनेको धेरै भयो । नेपाली साहित्यका अनुपम उक्त दुवै काव्यकृतिहरू त्रिभुवन विश्वविद्यालयका सह प्राध्यापक एवं काशीहिन्दुविश्वविद्यालयको नेपाल चेयरमा अतिथि प्राध्यापक भई प्राध्यापन कार्य गर्नु भएका कवि डा. लक्ष्मीकान्त पन्थीले तत्समच्छन्दमा संस्कृत भाषामा सुन्दर अनुवाद गर्नु भएको छ । डा. पन्थीको अनुवादकला अत्यन्त सुन्दर हुनुका साथै सरल, सुमधुर एवं प्रभावकारी छ । अहिले यी दुवै काव्यकृतिहरू प्रकाशित भइसकेका छन् ।

हालसम्म नेपाल देश र नेपाली पाठकहरूमा मात्र सीमित उक्त काव्यकृतिहरूलाई संस्कृतपद्यमा अनुवाद गरी डा. लक्ष्मीकान्त पन्थीले अबदेखि भारतीय विद्वान्हरू एवं अन्यदेशीय विद्वान्हरू समक्ष पठनीय बनाएर नेपाली साहित्यको लोकप्रियता बढाउने काम गर्नु भएकोमा म उहाँको योग्यता, परिश्रम र सफलताको हार्दिक प्रशंसा गर्दछु । यसका साथै यी दुवै अनूदित काव्यकृतिहरूका आधारमा उहाँलाई राष्ट्रिय एवं अन्तराष्ट्रिय क्षेत्रबाट विशिष्ट पुरस्कारहरू प्राप्त हुनसकुन् भन्ने सिफारिश सहित डा. पन्थीजीको उत्तरोत्तर उन्नति, प्रगति र समृद्धिको शुभकामना समेत गर्दछु ।

प्रा.डा. माधवप्रसाद शर्मा
उपकुलपति

फोन: ४३३०४३३/४३३०४३४, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: vcoffice@healthnet.org.np पोष्ट बक्स नं. ८२१२

फोन नं. २-४४०४७

त्रिभुवन विश्वविद्यालय

त्रि-चन्द्र बहुमखी क्याम्पस

(स्थापित १९७५ वि.सं.)

क्याम्पस प्रमुखको कार्यालय
सरस्वती सदन, काठमान्डौ ।

पत्र संख्या :- ०६८ । ०६९

मिति :- २०६९/०२/०१

विषय– **जोसंग यसको सम्बन्ध छ ।**

उपर्युक्त सम्बन्धमा यस त्रिचन्द्र बहुमुखी क्याम्पसमा प्राध्यापनरत सह-प्राध्यापक पदका डा.लक्ष्मीकान्त पन्थी काशी हिन्दूविश्वविद्यालयको नेपाली विषय पठनपाठन र अनुसन्धान समेत हुने नेपालचेयर सिटमा नेपालसरकारको तर्फबाट पठाइने अतिथि प्राध्यापक पदमा जान इच्छुक हुनुभएको हुँदा उहाँको माग अनुसार आगामी समयका लागि उहाँलाई नेपालचेयरमा पठाउन मुनासीव देख्दछु र त्यस काममा उहाँलाई सिफारिस समेत गर्दछु ।

उहाँ स्पस्टवक्ता एवं गम्भीर अध्ययनशील व्यक्ति हुनुहुन्छ । उहाँले मिति २०३७ साल मंसिर १ गतेदेखि त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयको प्राध्यापन गर्दै आउनु भएको छ । उहाँ आफ्नो विषयमा प्रतिबद्धित् हुनुहुन्छ । साथै उहाँले विगत २०५४ सालदेखि यता त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाली विषयका शोधार्थी विद्यार्थीहरूलाई शोधकार्यको निर्देशन पनि गर्दै आउनुभएको छ ।

डा.लक्ष्मीकान्त पन्थीले नेपाली साहित्यका दुई प्रसिद्ध काव्य (कविशिरोमणि लेखनाथ पौड्याल विरचित ऋतुविचार तथा कवि मुकुन्दशरण उपाध्याय विरचित प्राकृतपोखरा)लाई संस्कृत समच्छन्दमा सफलतापूर्वक छायानुवाद गर्नुभएको हुँदा उहाँलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थान, मान, पद, प्रतिष्ठा एवं पुरस्कार दिन योग्य हुने कुरासमेत विदित गराउँदछु । अहिले सम्म नेपाली भाषाभाषीमा सीमित रहेका यी दुवै काव्य अब अन्तर्राष्ट्रिय जगत्मा समेत पुग्नसक्ने भएकाले यसले नेपाली साहित्यको प्रतिष्ठा र गौरवसमेत बढाएको छ भन्ने अनुभव गरेको छु ।

डा.पन्थी नेपाली, संस्कृत, हिन्दी, भाषा, साहित्य, धर्म, संस्कृति, कला लगायतका विषयमा गहन अध्ययन–अनुसन्धान कार्यमा निरन्तर संलग्न रहने व्यक्ति भएकाले उहाँलाई विगत २०६५सालमा काशी हिन्दूविश्वविद्यालयको उक्त नेपालचेयरमा पठाइएको थियो । त्यसबेला उहाँ नेपालचेयरमा रहँदा पनि उहाँले राम्रो काम गर्नुभएको थियो भन्ने सिफारिसपत्र काशी हिन्दूविश्वविद्यालयको कलासंकायका डीनबाटसमेत प्राप्त भएको हुँदा अब आगामी समयका लागि पनि सो पदमा उहाँलाई नै पठाउन उपयुक्त हुने र त्यसो भएमा यस त्रिचन्द्र बहुमुखी क्याम्पसमा कुनै असजिलो नहुने व्यहोरासमेत जानकारी गराउँदछु ।

म उहाँको जीवनमा उत्तरोत्तर सौभाग्य, सफलता र प्रगति एवं उन्नतिको समेत कामना गर्दछु ।

प्रा.डा. हरिप्रसाद पराजुली
क्याम्पस प्रमुख

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
संस्कृत केन्द्रीय विभाग
CENTRAL DEPARTMENT OF SANSKRIT

मानविकी तथा सामाजिक शास्त्र संकाय
FACULTY OF HUMANITIES AND SOCIAL SCIENCES

विभागीय प्रमुखको कार्यालय
Office of the Head of Department
कीर्तिपुर, काठमाडौं, नेपाल
Kirtipur, Kathmandu, Nepal

पत्र संख्या / Ref. No.

मिति / Date:.................................

मिति–२०६८।१।५

विषय / Subject:- अनुशंसापत्र

नेपालीसाहित्यमा संरचना गरिएका काव्यकृतिहरूको परम्परालाई हेर्दा कविशिरोमणि लेखनाथ पौड्यालको अमरकृति 'ऋतुविचार' काव्य तथा कविवर मुकुन्दशरण उपाध्यायको सुन्दरकृति 'प्राकृतपोखरा' काव्य रचनाको उत्कर्ष एवं आफ्नै मौलिकता, नेपाली जनजीवन र प्रकृतिचित्रणमा आधारित अत्यन्त उत्कृष्ट एवं अतुलनीय छन्।

नेपालीसाहित्यका अनुपम उक्त दुवै काव्यकृतिहरू त्रिभुवनविश्वविद्यालयका सहप्राध्यापक एवं काशीहिन्दूविश्वविद्यालयको नेपालचेयरमा अतिथिप्राध्यापक भई प्रध्यापनकार्य गर्नुभएका कवि डा. लक्ष्मीकान्त पन्थीले तत्समच्छन्दमा संस्कृतभाषामा सुन्दर अनुवाद गर्नुभएको छ। डा.पन्थीको अनुवादकला अत्यन्त सुन्दर हुनुका साथै सरल सुमधुर एवं प्रभावकारी छ। अहिले यी दुवै काव्यकृतिहरू प्रकाशित भइसकेका छन्।

हालसम्म नेपालदेश र नेपालीपाठकहरूमा मात्र सीमित उक्त काव्यकृतिहरूलाई संस्कृतपद्यमा अनुवाद गरी डा.लक्ष्मीकान्त पन्थीले अबदेखि भारतीय विद्वान्हरू एवं अन्यदेशीय विद्वान्हरू समक्ष पठनीय बनाएर नेपालीसाहित्यको लोकप्रियता बढाउने काम गर्नुभएकोमा म उहाँको योग्यता, परिश्रम र सफलताको हार्दिक प्रशंसा गर्दछु। यसका साथै यी दुवै अनूदित काव्यकृतिहरूका आधारमा उहाँलाई राष्टिय एवं अन्ताराष्टिय क्षेत्रबाट विशिष्ट पुरस्कारहरू प्राप्त हुनसकुन् भन्ने शुभकामना सहित सिफरिस समेत गर्दछु।

प्राध्यापक

डा. रामचन्द्र झा 'शास्त्री'
प्रमुख
संस्कृत केन्द्रीय विभाग
त्रिभुवनविश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौ

श्री:
"प्रज्ञानेत्रो लोक: प्रज्ञा प्रतिष्ठा प्रज्ञानं ब्रह्म"
त्रिभुवन विश्वविद्यालय
पद्मकन्या बहुमुखी क्याम्पस
(मानविकी तथा सामाजिकशास्त्र, व्यवस्थापन संकाय एवं विज्ञान तथा प्रविधि अध्ययन संस्थान)

टेलिफोन नं.: ४२२१७१२, ४२२४१४९, ४२५८११४, ४२४१७५८
फ्याक्स: ९७७-१-४२५८११३
E-mail: pkcampus@wlink.com.np
रत्नदीप भवन
बागबजार
काठमाडौं, नेपाल

पत्र संख्या :..........................

चलानी नं. :..........................

मिति :..........................

विभागीय प्रमुखको कार्यालय
नेपाली विभाग

सिफारिस पत्र

नेपाली साहित्यमा संरचना गरिएका काव्यकृतिहरूको परम्परालाई हेर्दा कवि शिरोमणि लेखनाथ पौड्यालको अमरकृति 'ऋतुविचार' काव्य (१९७१) तथा कविवर मुकुन्दशरण उपाध्यायको सुन्दरकृति 'प्राकृतपोखरा' काव्य (२०२१) रचनाको उत्कर्ष एवं आफ्नै मौलिकता, नेपाली जनजीवन र प्रकृतिचित्रणमा आधारित अत्यन्त उत्कृष्ट एवं अतुलनीय छन् ।

नेपाली साहित्यका अनुपम उक्त दुवै काव्यकृतिहरू त्रिभुवन विश्वविद्यालयका सह प्राध्यापक एवं काशीहिन्दुविश्वविद्यालयको नेपाल चेयरमा अतिथि प्राध्यापक भई प्राध्यापन कार्य गर्नु भएका कवि डा.लक्ष्मीकान्त पन्थीले तत्समच्छन्दमा संस्कृत भाषामा सुन्दर अनुवाद गर्नु भएको छ । डा.पन्थीको अनुवादकला अत्यन्त सुन्दर हुनुका साथै सरल, सुमधुर एवं प्रभावकारी छ । अहिले यी दुवै काव्यकृतिहरू प्रकाशित भइसकेका छन् ।

हालसम्म नेपाल देश र नेपाली पाठकहरूमा मात्र सीमित उक्त काव्यकृतिहरूलाई संस्कृतपद्यमा अनुवाद गरी डा.लक्ष्मीकान्त पन्थीले अबदेखि भारतीय विद्वान्हरू एवं अन्यदेशीय विद्वान्हरू समक्ष पठनीय बनाएर नेपाली साहित्यको लोकप्रियता बढाउने काम गर्नु भएकोमा म उहाँको योग्यता, परिश्रम र सफलताको हार्दिक प्रशंसा गर्दछु । यसका साथै यी दुवै अनूदित काव्यकृतिहरूका आधारमा उहाँलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रबाट विशिष्ट पुरस्कारहरू प्राप्त हुनसकुन् भन्ने सिफारिस सहित डा.पन्थीजीको उत्तरोत्तर उन्नति, प्रगति र समृद्धिको शुभकामना समेत गर्दछु ।

प्राध्यापक

हेमचन्द्र नेपाल
प्रमुख
नेपाली विभाग
पद्मकन्या बहुमुखी क्याम्पस

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान

अमृत क्याम्पस

पो.ब.नं. १०२, ठमेल, काठमाडौं, नेपाल ।
ई - मेल: amritcampus@ntc.net.np

☎ ४४११६३७ | ४४१०४०८

पत्र संख्या:- अ.क्या.च.नं.

मितिः २०६७।१२।२२

जो संग यसको सम्वन्ध छ ।

आजसँम देखापरेको नेपाली साहित्यको संरचना, अध्ययन, अध्यापनको परम्परा र वस्तुस्थितिलाई हेर्दा नेपाली जनजीवन र प्रकृतिको यथार्थ चित्रण गर्दै सुन्दर शैलीमा लेखिएका दुई काव्य (ऋतुविचार तथा प्राकृतपोखरा) अत्यन्त उत्कृष्ट हुनुका साथै अनुपम कृतिहरु हुन् ।

यी दुवै काव्यकृतिलाई त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयका सह-प्राध्यापक भई प्राध्यापनकार्य गर्नु भएका र काशी हिन्दूविश्वविद्यालयको नेपालचेयरमा अतिथिप्राध्यापक समेत रही प्राध्यापन कार्य गर्नुभएका डा.लक्ष्मीकान्त पन्थीले तत्समच्छन्दमा संस्कृत भाषामा सुन्दर अनुवाद गर्नु भएको छ । अहिले उक्त दुवै काव्य सानुवाद प्रकाशित पनि भइसकेका छन् ।

हालसँम नेपाल देश र नेपाली पाठकहरूमा मात्र सीमित रहेका उक्त दुवै काव्यकृतिहरू अबदेखि भारतीय विद्वान्हरू एवं अन्यदेशीय विद्वान्हरू समक्ष पुऱ्याएर नेपाली साहित्यलाई देशान्तरमा समेत लोकप्रिय बनाउन सफल हुनुभएकोमा म सह-प्राध्यापक डा. लक्ष्मीकान्त पन्थीजीको योग्यता, परिश्रम र सफलताको हार्दिक प्रशंसा गर्दछु । साथै यी दुवै अनुदित काव्यकृतिका आधारमा उहाँलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशिष्ट पुरस्कार प्राप्त हुन सकोस् भन्ने कामना समेत गर्दछु ।

(नारायण ब. खड्का)
क्याम्पस प्रमुख

शिक्षाध्यक्षको कार्यालय
OFFICE OF THE RECTOR

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौ,
नेपाल ।

Tribhuvan University
Kirtipur, Kathmandu,
Nepal.

Ref.No./ पत्र संख्या: रे.का.च.नं. १०६४।०६५

Date/ मिति: २०६५।२।३१

जोसँग यसको सम्बन्ध छ ।

डा. लक्ष्मीकान्त पन्थी यस त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयका सह-प्राध्यापक हुनुहुन्छ । उहाँले अमृत क्याम्पसमा मिति २०३७ साल मार्ग १ गतेदेखि निरन्तर प्राध्यापन, लेखन र अनुसन्धान कार्यमा संलग्न रहँदै आउनुभएको छ ।

उहाँले बनारस हिन्दू विश्वविद्यालयको नेपाली विषय पठनपाठन हुने नेपाल चेयर सिटमा रहेर प्राध्यापन गर्नेका लागि जान इच्छुक हुनु भएको हुँदा उहाँको मागअनुसार आगामी ५ वर्षका लागि उहाँलाई त्यहाँ पठाउन उपयुक्त हुने देख्दछु ।

डा. पन्थी आफ्नो काममा लगनशील हुनुका साथै नेपाली, संस्कृत, हिन्दी, भाषा, साहित्य, धर्म, कला, संस्कृतिलगायतका विषयमा गहन अध्ययन-अनुसन्धान कार्यमा निरन्तर संलग्न रहने व्यक्ति भएकाले उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

प्रा.डा. सूर्य लाल अमात्य
शिक्षाध्यक्ष

फोन: ४३३०३३६, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: vcoffice@healthnet.org.np पोष्ट बक्स नं. ८२१२

काशी हिन्दू विश्वविद्यालय
कला संकाय

प्रो० कमल शील
संकाय प्रमुख

वाराणसी – 221 005

दिनांक: 05.02.2011

जिससे इसका सम्बन्ध है।

डा. लक्ष्मीकान्त पन्थी जी को नेपाल सरकार शिक्षा मन्त्रालय से अतिथि प्राध्यापक के रूप में सन् 2008 के सेप्टेम्बर महीने से सन् 2010 के सेप्टेम्बर महीने तक दो साल के लिए यहाँ नेपाल चेयर में रहकर अध्यापन कार्य करने के लिये भेजा गया था। आपने यहाँ रहते समय में अच्छा व्यवहार किया है। अच्छी तरह से प्राध्यापन कार्य करते हुये शोध छात्रों को भी निर्देशित किया है, साथ ही साथ आपने संस्कृत भाषा में कविता काव्य लिखकर काशी हिन्दू विश्वविद्यालय के प्रकाशन विभाग में प्रकाशनार्थ भी दिया है। आशा है – वह शीघ्र प्रकाशित हों।

यह तो बहुत ही अच्छा संयोग रहा है कि आप जैसे धर्मशास्त्र, ज्योतिष, संस्कृत साहित्य और नेपाली साहित्य के भी विद्वान् प्राध्यापक काशी हिन्दू विश्वविद्यालय में आ गये और यहाँ रहकर प्राध्यापन कार्य कर देने की सौभाग्य मिला है। इससे नेपाल और भारत के बीच में प्राचीन काल से चला आ रहा ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भाषिक सम्बन्ध और मैत्री सम्बन्ध को बढ़ाने में भी अधिक सहयोग मिला है।

हम आपके जीवन में उत्तरोत्तर सफलता, प्रगति और सौभाग्य की कामना करते हैं।

संकाय प्रमुख

डा. लक्ष्मीकान्त पन्थी
अतिथि प्राध्यापक
नेपाल चेयर, नेपाली प्रभाग, भारतीय भाषा विभाग,
कला संकाय, काशी हिन्दू विश्वविद्यालय।

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग

विभागीय प्रमुखको कार्यालय
कीर्तिपुर,काठमाडौं
फोन नं.०१४३३११३२

पत्र.च.नं. ३४०-०६४/०६५

मिति :२०६५।०२।१

श्रीमान् सचिवज्यू
शिक्षा तथा खेलकुद मन्त्रालय
केशरमहल,काठमाडौं ।

विषय : सिफारिस गरिएको बारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा, काठमाडौं अमृत साइन्स क्याम्पसमा प्राध्यापनरत सहप्राध्यापक पदका डा. लक्ष्मीकान्त पन्थी बनारस हिन्दु विश्वविद्यालयको नेपाली विषय पठनपाठन हुने 'नेपाल चेयर' सिटमा नेपाल सरकारको तर्फबाट पठाइने प्राध्यापक पदमा जान इच्छुक भएको हुँदा उहाँलाई पठाउन मुनासिब देखिएको बेहोरा सिफारिस गरिएको छ ।

डा. पन्थी नेपाली,संस्कृत,हिन्दी भाषा,साहित्य कलासंस्कृति लगायतका विषयमा गहन र जिम्मेदारीपूर्वक अध्ययन अनुसन्धान लेखन जस्ता कार्यमा निरन्तर जुटिरहने व्यक्तित्व भएकाले निज पन्थीलाई सो पदमा पठाउनु उपयुक्त हुने देखिन्छ ।

(प्रा.राजेन्द्र सुवेदी)
विभागीय प्रमुख

"जयतु संस्कृतं धर्मभूतये जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये जयतु संस्कृतं विश्वभूतये ॥"

जयतु संस्कृतम्

सपुरस्कारमभिनन्दनपत्रम् (२०६३)

लब्धानेकस्नातकोत्तरोपाधीनां वेद-वेदान्त-धर्मशास्त्र-साहित्याद्यनेकविषयमहार्णवावगाहिनां संस्कृत-नेपाली-हिन्दी-प्रभृतिभाषाविज्ञानां कविताकामिनीविलासव्यसनिनां विविधपुरस्कार-विद्याभूषण-भूषितानां सततं सुरभारतीसेवा-समासक्तानां परमास्तिकानां सत्यधर्मदृढव्रतानां परमनैष्ठिकानां पन्थिवंशविभूषणानां विद्वद्धौरेयमहाकवि भीमकान्तनीलमायाङ्कजनुषां विद्वन्मण्डलप्रसृतयशसां कविशिरोमणि-लेखनाथ-विरचितसुप्रसिद्ध-ऋतुविचार-काव्यस्यानुवादकानां श्रीमल्लक्ष्मीकान्तपन्थीमहाभागानां करकमलयोर्जयतु संस्कृतं नाम्नीयं संस्था 'जयतुसंस्कृतपुरस्कार'सहितं सादर

सममिनन्दति

१- गुल्मीमण्डलविश्रुते सुखकरे सस्याढ्यशैलावृते
धुर्कोटस्थलमध्यभागविततै वाग्लाबड्डाचौरके ।
जन्मासाद्य हि भीमकान्ततनयाः श्रीनीलमायासुता
लक्ष्मीकान्तबुधोत्तमाः सुकवयः शोभायमाना इह ॥

२- विद्याऽऽलोकविभासिताः सहृदयाः संस्कारवह्न्युज्ज्वलाः
शास्त्राध्यापनलेखचिन्तनपराः सत्काव्यसेवारताः ।
काव्यानामनुवादकर्मकुशला विश्लेषणे तत्पराः
शास्त्रानेकविचक्षणाः कुशलिनः प्राध्यापकाः सूरयः ॥

३- विद्यावारिधयः स्मिताननधनाः सद्धर्मनिष्ठाव्रताः
विद्याभूषणभूषिताः सुकृतिनः सम्मानिताः सत्कृताः ।
पन्थीवंश-सुदीपकाः सुचरिताः सैद्धान्तिका नैष्ठिकाः
श्रद्धेयाः कविपण्डिताः प्रतिपदं वः संस्मरामो वयम् ॥

४- नानाग्रन्थमहोदधिप्रणयिनो वैदान्ति-साहित्यिकाः
वन्द्याः शास्त्रविचारकाव्यकवितालेखादिचिन्तारताः ।
नैपाल्याः सुरवाचि वर्णनविधौ पारङ्गताः कोविदाः
सत्काव्यैर्विविधैः सतां नयनयोर्नृत्यन्ति नित्यं हि-ते ॥

५- काव्ये संस्कृतशुभ्रभावभरिते वो मानसं मोदते
काव्यानामनुवादकर्मकुशला वो लेखनी शोभते ।
वार-वारमनेकलेखरचनैः सम्पूरिताः पत्रिका
युष्माकं धिषणाऽमला सुविशदाऽस्माभिस्सदाऽऽकर्णिता ॥

६- ग्रन्थानामनुवादकर्मसु यदा सम्प्रेषिता लेखनी
रम्या 'प्राकृतपोखरा' समभवद् गीर्वाणवाणीमयी ।
नैपाल्यामृतुवर्णनात्मकतया ख्यातिङ्गतं सुन्दरं
काव्यं चापि विनिर्मितं सुरगवि प्रेम्णा यशोवर्द्धकम् ॥

७- 'ऋतुविचार'काव्यस्य सुन्दरं सुमनोहरम् ।
समवृत्तादिसम्पूर्णमनुवादं सलक्षणम् ॥

८- प्रसमीक्ष्य मुदाऽस्माभिर्भवतामभिनन्दनम् ।
पारितोषिकसंयुक्तं भवद्भ्योऽत्र समर्प्यते ॥

नवराजकट्टेल		हेमराज न्यौपाने
नवराजकट्टेलः	विदुरः पौडेल	हेमराजो ज्ञवाली
सचिवः	उपकुलपतिः	अध्यक्षः
जयतु संस्कृतम्	प्रमुखातिथिः	जयतु संस्कृतम्

दिनाङ्कः संवत् २०६४ आषाढस्य प्रथमदिवसे शुक्रवासरे शुभं भूयात् ।

CERTIFICATE

Banaras Hindu University
Faculty of Arts
Department of Indian Languages
&
B.P. Koirala Foundation, Embassy of Nepal, New Delhi-110001
International Seminar
on
Nepali Language and Literature : Development & Trends
(21-22 February 2010)

This is to certify that Mr./Ms./Mrs./Dr. L. K. Panthi *has participated in the* ***International Seminar*** *organized by the* ***Department of Indian Languages, Faculty of Arts*** ***on the theme "Nepali Language and Literature : Development and Trends"****. He/She presented a paper on* Nepālī Sāhityako Vikāsamā Banārasako Bhūmikā.

Prof. Kamal Sheel Dean, Faculty of Arts Banaras Hindu University	H.E. Mr. Rakesh Shumsher Rana Ambassador of Nepal to India Co-chairperson, BPKF, Embassy of Nepal New Delhi	Mr. H. B. Oli First Secretary & Secretary BPKF, Embassy of Nepal New Delhi	Dr. Sanjay Rai Head & Organizing Secretary Deptt. of Indian Languages Banaras Hindu University

नेपाल सरकार
सिंहदरबार, काठमाडौं।
फोन नं [illegible]
फ्याक्स नं [illegible]

मुख्यसचिव

प्रशंसापत्र

डा. लक्ष्मीकान्त पन्थी (उप सहप्राध्यापक, त्रिचन्द्र बहुमुखी क्याम्पस) लाई मैले राम्ररी चिनेको र जानेको छु । उहाँ संस्कृतसाहित्य एवं धर्मशास्त्र र वेदान्तदर्शन विषयका ज्ञाता हुनुहुन्छ । नेपाली विषयमा त उहाँले धेरै वर्ष पहिलेदेखि प्राध्यापन कार्य गर्दैआउनुभएको छ । उहाँ योग्य कवि पनि हुनुहुन्छ ।

नेपाली साहित्यमा रचना गरिएका कविशिरोमणि लेखनाथ पौड्यालको अमरकृति ऋतुविचार नामक खण्डकाव्य तथा कविवर मुकुन्दशरण उपाध्यायद्वारा रचित प्राकृतपोखरा नामक खण्डकाव्य दुवैलाई डा. लक्ष्मीकान्त पन्थीले संस्कृत कवितामा जस्ताको तस्तै पारेर छायानुवाद गर्नुभएको छ । डा. पन्थीको अनुवाद कला अत्यन्त सुन्दर हुनुका साथै सरल, सुमधुर एवं प्रभावकारी छ । अहिले यी दुवै काव्यकृतिहरू प्रकाशित भइसकेका छन् । आजसम्म नेपाली भाषाभाषीहरूमा मात्र सीमित उक्त दुवै रचनालाई भारतीय विद्वान् तथा देशान्तरीय विद्वान्हरूले समेत सहज रूपमा पढ्नसक्ने बनाएर नेपाली साहित्य र नेपाल देशकै गौरव बढाउने काम गर्नुभएकोमा म उहाँको योग्यता र परिश्रमको हार्दिक प्रशंसा गर्दछु ।

यसका साथै, यी दुवै काव्यकृतिहरूका आधारमा उहाँलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रबाट मिल्नसक्ने मान, सम्मान, पदप्रतिष्ठा र पुरस्कारहरू प्राप्त हुन सकुन् भन्ने शुभेच्छासहित डा. पन्थीजीको उत्तरोत्तर प्रगति र समृद्धिको कामना समेत गर्दछु ।

(लीलामणि पौड्याल)

२. लक्ष्मीकान्त पन्थीका हस्तलिखित अक्षरहरू



परिचयः

भारद्वाज सगोत्र विप्रकुलजो ज्योतिर्विदामग्रगो
दत्तात्रेय इति स्वनामविदितो नेपालभूमध्यगः ।
आसीन्मे प्रपितामहः कुलमणिर्नेपाल पालाश्रितो
होरासागर पारगः श्रुतवतां कालत्रयोद्भासकः ॥
(१)

तत्पुत्रः श्रुति शास्त्रविद् बहुमतो देवीप्रसादोऽभवत्
सोऽयं पितृपथाश्रितो बहुजनैः सम्मानितः सादरम् ।
यत्पुत्रा वसुसंख्यका दिशि दिशि स्वाधीत विद्यागुणैः
सम्मान्याः कुलधर्म नीति निपुणा आचारवन्तोऽभवन् ॥
(२)

तन्मध्यो निगमागमेऽपि निपुणः शास्त्रज्ञ एको महान्
विद्याध्यापनधर्म निर्णयविधौ वक्ता पुराणेष्वपि ।
यो रामायण भारतादिषु तथा प्रश्नोत्तरादौ श्रुतो
यत्ने यज्ञविधौ च काव्यकलने श्रीभीमकान्तः कविः ॥
(३)

भारद्वाजकुले चरित्रधवले विद्यार्जने वर्द्धितः
ख्यातो यस्य बुधाग्रणीः समभवत् श्रीभीमकान्तः पिता ।
माता चापि सती शिरोमणिसमा श्रीनीलमायाभिधा
पुत्रोऽसौ न सुधीः कविर्न न गुणी लक्ष्म्यादि कान्तोऽबुधः ॥
(४)

मूढःसोऽयमतीव चञ्चलमतिः शास्त्रे न काचिद्गतिः
युक्तोऽध्यापनवृत्तिनिर्भरगतिः खादन् श्वसन् मन्दधीः ।
लक्ष्मीः पूर्वपदं तदुत्तरपदं कान्तः समासान्तयोर्
लक्ष्मीकान्त इमं विदन्तु विबुधास्तेषां विधेयं जनम् ॥
(५)

७/ नायं शब्दसमीक्षको न गणको योगेऽप्ययुक्तो जन-
स्तर्के कर्कशवाचने न हि रुचिः साङ्ख्ये न सख्यं क्वचित् ।
नो वेदान्तविचारको न विबुधो मीमांसनेऽप्यक्षमो
धर्मे नास्तिगतिर्भयादुपरतः शास्त्राब्धिकल्लोलतः ॥
(६)

१०/ गुल्मीमण्डलमालिकाद्रितनया या निम्नगा पन्नगा
तस्याः प्राक्तटमाश्रितास्ति वसतिर्ग्रामो बृहच्चत्वरः ।
भारद्वाजकुलेऽमले जनिरभूत् श्रीनीलमायाङ्गजो
लक्ष्मीकान्त इतीह नाम कथितं श्रीभीमकान्तात्मजः ॥+
(७)

६/ यो विद्याध्ययनार्थमागत इह श्रीराजधान्यां स्वयं
शास्त्राण्यध्ययनाय संस्कृतमहाविद्यालये सङ्गतः ।
तत्र श्रीगुरुभिः सहैकनियमाद् वेदान्तविद्यां तथा
साहित्यद्वितयं समं पठितवान् श्रीधर्मशास्त्रं पुनः ॥
(८)

५/ यो दैनन्दिनकर्म कर्तुमलगत् शिक्षाविकासादिमे
किञ्चित्कालमितस्ततोऽभ्रमदयं केन्द्रेऽनुसन्धानके ।
हित्वा तत्पदमात्मनो रुचितया प्राध्यापनार्थं पुनर्
विद्यापीठमवाप्तवान् त्रिभुवने विश्वाख्यविद्यालये ॥
(९)

३/ यत्काव्यं रुचिरं न दृष्टमपरैर्नाद्य प्रकाशं गतं
छन्दोऽलङ्कृतिरीतिवृत्तिभणितिध्वन्यादिभिर्नीरसम् ।
आख्यानं रुचिरं न भावमधुरं नो लक्षणैः सङ्गतम्
नैतिह्येन युतं न वा सद्दलकं नैतत्प्रशंसाकृतम् ॥
(१०) +

३. डा. जयराज आचार्यका दृष्टिमा लक्ष्मीकान्त पन्थी

डा. लक्ष्मीकान्त पन्थीबारे

प्रश्न: तपाईंको डा. लक्ष्मीकान्त पन्थीसित कसरी चिनजान भयो, अथवा मित्रता भयो ?

उत्तर: डा. लक्ष्मीकान्त पन्थी मेरो अनन्य बालसखा हुनुहुन्छ। हामी दुबै संस्कृत छात्रावास काठमाडौंमा बसेर पढ्यौं। वहाँ बडो स्पष्टवादी, सत्यवादी, सज्जन, चरित्रवान् हुनुहुन्थ्यो र संस्कृतका विद्वान् र कवित्वक्षमतावान् पनि हुनुहुन्थ्यो। सन् १९७४ को वसन्त-पञ्चमीमा बनारसको साधुबेला संस्कृत महाविद्यालयले आयोजना गरेको संस्कृत व्याख्यानमालामा भाग लिन हामी दुई र अन्य केही साथीहरूले काठमाडौंबाट यात्रा शुरु गर्यौं। त्यो मेरो प्रथम विदेशयात्रा थियो। मलाई डर लागिरहेथ्यो। तर लक्ष्मीकान्त पन्थी मेरो अभिभावक जस्तो भैदिनुभयो। भारतको रेलयात्रा यस्तो हुन्छ, र यस्तो होशियारी अपनाउनुपर्छ भन्ने सिकाउँदै मलाई साथ लिएर जानुभयो। म मात्र व्याख्यान प्रतियोगितामा सहभागी हुनुथियो, सहभागी भएँ, पुरस्कृत पनि भएँ। पन्थीजीले मलाई बनारस घुमाउनुभयो, काशी विश्वनाथको दर्शन गराउनुभयो। साथै बनारस हिन्दु विश्वविद्यालय पनि लैजानुभयो। हामी सारनाथ पनि गयौं। म कृतज्ञ भएँ।

प्रश्न: तपाईं वहाँको विद्वत्ताबारे के भन्नुहुन्छ ?

उत्तर: गुल्मी विद्वान्हरूको बसोबास क्षेत्र रहेछ। दधिराम मरासिनी त प्रसिद्ध विद्वान् हुनुभयो नै। वहाँका शिष्यहरू उस्तै विद्वान्। डा. लक्ष्मीकान्त पन्थीका पिताजी स्व. भीमकान्त पन्थी पनि ठूला विद्वान् हुनुहुँदोरहेछ। लक्ष्मीकान्त पन्थीमा आफ्ना पिताजीको विद्वत्ता प्रशस्त मात्रामा आएको देखें। मैले पिता, पुत्र दुबैका संस्कृत कृतिहरू पढेको छु। वहाँहरूको विद्वत्ता, खास गरी संस्कृत-काव्य-क्षमता प्रति म नतमस्तक छु। नेपाल राष्ट्र नै वहाँहरू प्रति ऋणी हुनुपर्छ। त्यस्ता विद्वान् सहसा पैदा हुँदैनन्। त्यो विद्वत् परम्परा लोप हुँदै गएको देख्ता चिन्ता लाग्छ।

जयराज आचार्य

४. शशी पन्थीका दृष्टिमा लक्ष्मीकान्त पन्थी

३५ वर्षभन्दा पहिलेदेखि मैले डा. लक्ष्मीकान्त पन्थीलाई चिन्दै आइरहेको छु। उहाँ अत्यन्त सरल मिजासका, सादा, छलकपटरहित र जोसँग पनि कुरा गरिहाल्ने स्वभावको व्यक्ति हुनुहुन्छ। उहाँका पिताजी पं. भीमकान्त पन्थी र उहाँका पितृव्यहरू फणाधर, देवकीनन्दन, नीलाम्बर र शेखर पन्थीलाई त मैले अझै पहिलेदेखि चिनेको थिएँ। एउटा सचेत कुलघरानाका पण्डित व्यक्तिहरू भएको कारणले उहाँहरूसँग मेरो सम्पर्क बढ्दै गयो।

खास गरेर लक्ष्मीकान्त पन्थीजी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको कविता महोत्सवमा २०३१ र २०४३ मा पुरस्कृत भएपछि उहाँसँग 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाको नातो अझ गहिरो बन्दै गयो।

'हाम्रो पुरुषार्थ'का लागि राजधानीबाट सहयोग गर्ने २-४ जना व्यक्तिहरूको आवश्यकता थियो। त्यसमा लक्ष्मीकान्त पन्थी एउटा मुख्य सहयोगी बन्नुभयो। उहाँ हाम्रो पुरुषार्थको आजीवन ग्राहक बनी नियमित रूपमा पत्रिका पढ्ने, सुझाव दिने, लेख-रचना उपलब्ध गराउने, पत्रिका वितरणमा मद्दत गर्ने र अन्तर्वार्ता लिन लेखक कविहरूकहाँ धाइरहेको देखेपछि उहाँलाई किरण पुस्तकालयले 'हाम्रो पुरुषार्थ'को काठमाडौं प्रतिनिधिको रूपमा नियुक्ति दिएको थियो। काठमाडौं प्रतिनिधिको रूपमा उहाँले अद्यापि सहयोग गरिरहनु भएको छ।

यस अतिरिक्त मैले उहाँलाई एउटा निरन्तर अध्ययनशील, परिश्रमी, कवि, लेखक, संस्कृतका विद्वान् व्यक्तिको रूपमा चिनेको छु। उहाँले गोरखापत्रको इतिहास छाप्नुका साथै आफ्ना पिताजीका ३ वटा कृतिहरू सम्पादन गरी प्रकाशित गर्नुभयो, आफैले लेखेका पुस्तकहरू छपाउनुभयो, प्राकृत पोखरा, ऋतुविचार जस्ता नेपाली खण्डकाव्यहरूलाई संस्कृत भाषामा पद्यानुवाद गर्नुभयो। उहाँले 'हठयोग प्रदीपिका'को नेपालीमा अनुवाद गर्नुभयो। यी सबै कार्यहरूबाट उहाँ संस्कृत भाषाको सुयोग्य विद्वान् हुनुहुन्छ भन्ने सिद्ध हुन्छ।

(२)

वाग्देवीका उपासक डा. लक्ष्मीकान्त पन्थी जतिबेला पनि शास्त्र-चिन्तन गरिरहनुहुन्छ। जतिबेला म उहाँलाई भेट्न घरमा जान्छु त्यतिबेला उहाँ कुनै न कुनै पुस्तक पल्टाएर या केही लेखेर बसिरहेको पाउँछु। उहाँसँग बस्दा शास्त्रचर्चाबाहेक अरू केही हुँदैन।

मैले उहाँलाई केही दिन अगाडि भेट्दा पनि उहाँले मुकुन्द शर्मा चालिसेद्वारा लिखित 'अपराजिता' महाकाव्यको ५४ पृष्ठ लामो भूमिका लेखेको थाहा पाएँ। कुरा गर्दै जाँदा उहाँले 'काव्यमालिका' भन्ने संस्कृतको ठूलो काव्यसङ्ग्रह तयार गरेको जानकारी पाएँ। यसको महत्त्व बुझ्ने नेपाल संस्कृत विश्वविद्यालय वा अन्य कुनै संस्कृतभाषाप्रेमी संस्था वा व्यक्तिहरू नेपालमा छन् कि छैनन् भनेर मैले उहाँलाई प्रश्न गरें। उहाँले यसको उत्तर तपाईंहरूले नै खोज्नुपर्छ भन्नुभयो। मैले त लक्ष्मीकान्त पन्थीलाई संस्कृतका विद्वान् कविको रूपमा चिनें। खै हाम्रो देशले उहाँलाई चिन्छ कि चिन्दैन, कसलाई सोधौं?

(ऋषि पन्थी)
प्राध्यापक
रेसुङ्गा बहुमुखी क्याम्पस
सम्पादक
हाम्रो पुरुषार्थ
किरण पुस्तकालय
तम्घास, गुल्मी

मिति २०६९।११।२४